हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।








राष्ट्रिय संस्करण | विचार | खाँचो निर्मम समीक्षा अनि सङ्कल्प | सुधारतर्फ अर्थतन्त्र वृद्धिदर ५.१ प्रतिशत १८



वर्ष १२४ | अङ्क ३१९ | २०८१ साल चैत १५ गते शुक्रबार | चैत कृष्ण चतुर्दशी | नेपाल संवत् ११४५ चिल्लागा १४ | 2025 March 28 Friday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


# नेपाली बिर्सन चाहन्छन् द्वन्द्वको घाउ : प्रधानमन्त्री



तस्बिर : रासस

**प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' 'नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रिया तथा द्वन्द्वपीडितहरूको सत्य, न्याय र परिपूरणीय अधिकारसम्बन्धी राष्ट्रिय सम्मेलन' को बिहीबार काठमाडौँमा उद्घाटन गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूले सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी कामलाई यथाशीघ्र सफल बनाउनुपर्नेमा जोड दिनुभएको छ । नेकपा (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन आफूहरू प्रयत्नशील रहेको बताउनुभयो।

जवाफदेहिता निगरानी समिति र द्वन्द्वपीडित सङ्गठनहरूद्वारा बिहीबार राजधानीमा आयोजित सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उहाँहरूले त्यस्तो बताउनुभएको हो। प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन सरकार प्रयत्नशील रहेको बताउँदै सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका कामलाई सफल बनाउन सरकारका तर्फबाट आवश्यक सबै सहजीकरण हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्री ओलीले जनताको सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेकाले मुलुक पछाडि फर्कन नसक्ने बताउँदै गम्भीर मानव अधिकारको उल्लङ्घन गर्नेलाई कारबाही हुने स्पष्ट पार्नुभयो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगका काम किन सफल भएनन् भन्ने समीक्षा गरी आगामी दिनका कामलाई सफल बनाउन सबै लाग्नुपर्नेमा जोड दिँदै उहाँले पीडितलाई न्याय र परिपूरण दिन सरकार सक्रिय रहने विश्वाससमेत दिलाउनुभयो।

उहाँले सङ्क्रमणकालीन न्यायसम्बन्धी काम र सरकारको कुनै निकायको कर्मचारी हटाएको विषय तुलनायोग्य नभएकाले त्यस्ता अनावश्यक विषयलाई जोडेर प्रस्तुत नहुन सम्बन्धित सबैसँग आग्रहसमेत गर्नुभयो। सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग र साथ प्राप्त भइरहनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले यस प्रक्रियालाई मौलिक तरिकाले समाधान निकाल्न नेपालले प्रयास गरिरहेको बताउनुभयो।

एमाले अध्यक्ष ओलीले भन्नुभयो, "सबै नेपाली जनता द्वन्द्वका घाउलाई बिर्सन चाहन्छन् । हिंसाको बाटो हामीले छोडिसकेका छौँ। अब उप्रान्त त्यस्ता काम नहोऊन्, पीडितलाई न्याय दिन सकौँ। अठार वर्षसम्म शान्ति प्रक्रियाले पूर्णता प्राप्त नगर्दा हामीलाई अन्तर्राष्ट्रियस्तरमा मुख देखाउन लाज लाग्ने स्थिति भएको छ, त्यस कारण अब हामी काम पूरा गर्न गम्भीर हुनु पर्छ।"

जनयुद्धलाई अहिले पनि उत्सव मनाउने वा सार्वजनिक बिदा दिएर मनाउन खोज्ने कुरा गरिरहन आवश्यक नरहेको धारणा व्यक्त गर्दै उहाँले यस्ता कुराले पीडितलाई झन् पीडित बनाउन सक्ने जिकिर गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

## 'नचाहिएको विषयमा विपक्षीको अत्तो'

**गोरखापत्र समाचारदाता**
*ललितपुर, चैत १४ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले नचाहिएको विषयमा अत्तो थापेर विपक्षीबाट सदन अवरुद्ध गरिएको आरोप लगाउनुभएको छ । उहाँले गैरविषयलाई विषय बनाएर एक निकायको कर्मचारी हेरफेरको सवालमा सदन अवरुद्ध गर्न नहुने स्पष्ट पार्नुभयो।

महिला उद्यमी महासङ्घको आठौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलाको बिहीबार उद्घाटन गर्दै उहाँले यही चैत १८ गतेभित्र अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयक पारित गर्ने स्थितिमा त्यसलाई प्रभावित पार्न सदन अवरुद्ध गरिएकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "बसौँसम्म त्यही निकायमा काम गरेको मान्छेलाई जिम्मेवारी दिइँदा प्रशंसा गर्नुपर्नेमा त्यो नगरी प्रशंसा नगर्नुपर्नेलाई झुटो प्रशंसा गरिएको छ । गाली नगर्नुपर्नेलाई झुटो गाली गरिएको छ।"

"आन्दोलनका नाममा के के हुँदै छ भनेर आतङ्क सिर्जना गर्न खोजिएको छ। चैत १५ गते काठमाडौँका दुई स्थानमा हुने जुलुस र सभा हुन्छ, सकिन्छ, हुने त्यत्ति हो। तिललाई पहाड बनाउनुपर्ने केही छैन," उहाँले भन्नुभयो।

प्रधानमन्त्री ओलीले औपनिवेशिक र सामन्तवादी स्थितिले सिङ्गै नेपाली समाज पछाडि परेको र त्यसमा पनि महिलाहरूलाई झन् पछाडि पारिएको स्थितिमा सङ्घर्ष र बलिदानको परिणामबाट समाज परिवर्तन र विकासको यात्रामा अघि बढेको बताउनुभयो । उहाँले पञ्चायतकालमा निकै पछाडि परेको मुलुक अहिले चौतर्फी विकासको क्रममा अघि बढेको र खास गरी आफूले सरकारको नेतृत्व गरेका समयमा ठूला र रणनीतिक महत्त्वका आयोजना अघि बढेकाले निराश हुनुपर्ने अवस्था नरहेको स्पष्ट गर्नुभयो।

कार्यक्रममा वरिष्ठ समाजसेवी अनुराधा कोइरालालगायतलाई प्रधानमन्त्रीबाट सम्मान गरिएको थियो । बिहीबारदेखि यही चैत १८ गतेसम्म चल्ने मेलामा महिला उद्यमीद्वारा उत्पादित नेपाली वस्तुहरूको प्रदर्शन गरिएको छ।

### सङ्घीय निजामती विधेयक

# बिउँतिँदै अतिरिक्त सचिवको व्यवस्था

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*




दुई दशकपछि अतिरिक्त सचिवको व्यवस्था बिउँताउने गरी राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले प्रतिवेदन तयार पारेको हो ।

अतिरिक्त सचिवको दरबन्दी रहने गरी सङ्घीय निजामती सेवासम्बन्धी विधेयक प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको उपसमितिले तयार पारेको छ। फागुन १२ गतेदेखिको गोप्य छलफलपछि उपसमितिले विधेयकको प्रतिवेदन समितिमा पेस गरेको हो। कुलिङ परियड, ट्रेड युनियनको व्यवस्थालगायतका केही विषयमा थप छलफल गर्ने गरी उपसमितिले प्रतिवेदन समितिमा बुझाएको छ।

मुलुक सङ्घीय संरचनामा गएको झन्डै दशकपछि सङ्घीय संरचना अनुकूल कर्मचारी कानुन संसदीय उपसमितिमा सहमति भएको हो । दुवै सदनबाट पारित भएपछि कानुन कार्यान्वयनमा आउने छ । प्रतिनिधि सभाको २०७४-०७९ को कार्यकालमा समितिले प्रतिवेदन पारित गरिसकेको अवस्थामा विधेयक फिर्ता भएको थियो।

उपसमितिले अतिरिक्त सचिवमा सहमति गरे पनि दरबन्दी सङ्ख्या यकिन गरेको छैन। २०५९ पछि पुनः अतिरिक्त सचिवको व्यवस्था बिउँत्याइएको हो । पटक पटक परीक्षण भई खारेज गरिएको व्यवस्था पुनः लागु गर्न लागिएको हो। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा तीन महिनामा सङ्ख्या यकिन गर्ने सैद्धान्तिक सहमति भने उपसमितिले गरेको छ।

उपसमिति संयोजक दिलेन्द्रप्रसाद बडूले तीन महिनामा सङ्ख्यालगायतका अन्य व्यवस्थापकीय विषयमा गृहकार्य हुने गरी सैद्धान्तिक समझदारी बनेको बताउनुभयो। बडूले भन्नुभयो, "अतिरिक्त सचिव रहने सहमति भएको छ । हामीले केही कार्यालय र विभागमा अतिरिक्त सचिव राख्ने सहमति गरेका छौँ तर कति र कहाँ भन्ने विषय सर्वेक्षणबाटै टुङ्गो लाग्ने छ।"

बडूका अनुसार तथ्याङ्क कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल ट्रस्ट, जल तथा ऊर्जा आयोगको सचिवालय जस्ता कार्यालय तथा निकायमा अतिरिक्त सचिव रहने छन् । यस्तै सङ्घीय सरकारका विभिन्न विभागमा पनि अतिरिक्त सचिव रहने छन्।

अतिरिक्त सचिव प्रदेशमा पठाउने वा नपठाउने विषय भने उपसमितिले समितिमा थप छलफल गर्ने गरी प्रतिवेदन बुझाएको छ। उक्त विषयमा नेकपा (एकीकृत समाजवादी) का राजेन्द्र पाण्डे र सङ्घीय समाजवादी पार्टीका प्रकाश अधिकारीको फरक मत छ। प्रदेशमा मन्त्रालयको सङ्ख्या फेरबदल भइरहने भएकाले अतिरिक्त सचिव प्रदेश पठाउन उपयुक्त नहुने तर्क अन्य दलहरूको छ। सरकारले प्रस्ताव गरेको मूल विधेयकमा भने अतिरिक्त सचिवको व्यवस्था राखिएको थिएन।

यस्तै प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित सेवाकै हुने छन् तर पदपूर्तिलगायतका व्यवस्था नहुँदासम्म दस वर्षका लागि सङ्घबाटै कर्मचारी खटिन सक्ने व्यवस्था उपसमितिले गरेको छ। प्रदेश लोक सेवा आयोगका अध्यक्षको दबाबपछि उपसमितिले उक्त व्यवस्थामा सहमति गरेको हो। सङ्घीय लोक सेवा आयोगले भने प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सङ्घकै हुनुपर्ने सुझाव दिएको थियो।

### कुलिङ पिरियडको निर्णय समितिबाटै

अवकाश प्राप्त कर्मचारी सरकार तथा गैरसरकारी सेवामा जानका लागि न्यूनतम समयसीमा तोक्नुपर्ने उपसमितिमा सहमति भएको छ तर फरक फरक राय प्राप्त भएको भन्दै उपसमितिले उक्त विषयलाई थप छलफलका लागि समितिमा पठाएको छ।

उपसमितिले संवैधानिक आयोगलगायतका सरकारी नियुक्तिमा एक वर्षको समयसीमा तोक्न प्रस्ताव गरेको छ । विदेशी सङ्घसंस्थाको जागिरको हकमा दुई वर्षको समयसीमा प्रस्तावित छ । यस्तै उपसमितिले सङ्घीय निजामती सेवामा सहसचिवको खुला प्रतिस्पर्धा हटाएको छ।

» बाँकी पृष्ठ २ मा

## 'लोकतन्त्रको विकल्प निरङ्कुशता हुन सक्दैन'



गृहमन्त्री रमेश लेखक

**भैरहवा समाचारदाता**
*भैरहवा, चैत १४ गते*

गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प निरङ्कुशता हुनै नसक्ने बताउनुभएको छ। उहाँले मुलुक निरङ्कुशतातर्फ जान सक्दैन भन्नेमा आफू प्रस्ट रहेको बताउनुभयो । नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ३ रूपन्देहीले बिहीबार भैरहवामा आयोजना गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा गृहमन्त्री लेखकले नेपाली समाज अब पछाडि फर्कन नसक्ने दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "नेपाली जनता लोकतन्त्रमा विश्वास गर्छन्, लोकतन्त्रको मार्गमा अगाडि बढिसकेका छन्, त्यहाँबाट समाज फर्किँदैन । सरकार परिवर्तन हुने कुरा लोकतन्त्रमा हुन्छ तर लोकतान्त्रिक मूल्य र मान्यतामा अभ्यस्त भइसकेको समाज निरङ्कुशतातर्फ जाला भन्ने मलाई लाग्दैन।"

गृहमन्त्री लेखकले नेपाली राजनीतिमा केही कमीकमजोरीहरू रहेको र जति काम हुनुपर्ने त्यो हुन नसक्दा आमनागरिकमा केही चिन्ता र पीडा रहेको स्वीकार गर्दै त्यो चिन्ता र पीडालाई आक्रोशमा बदलेर व्यवस्थाकै विरुद्धमा प्रयोग गर्ने प्रयत्न भइरहेको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

# कुवाको पानी क्या छ दामी

**कविराज घिमिरे**
*हिले (धनकुटा), चैत १४ गते*



**धनकुटाको सहिदभूमिस्थित एक कुवामा पानी लिन भेला भएका स्थानीय ।**

बजार क्षेत्रका सम्पूर्ण घरमा खानेपानीको धारा पुगेको छ । धारामा पानी पनि आउँछ तर नगर क्षेत्रका अधिकांश बासिन्दा तथा घरभाडामा बस्नेहरू खानेपानीका लागि कुवामै भर पर्ने गरेका छन् ।

धनकुटाको धनकुटा नगरपालिका-६ स्थित आयुर्वेद अस्पतालमुनि एक कुवा छ । अधिकांश समय यो कुवामा पानी लिन आउनेको भिडभाड देख्न सकिन्छ । धनकुटा गौँडाको रूपमा स्थापना भएदेखि हालसम्म खानेपानीको एक स्रोत हो यो कुवा।

विसं १९८६ मा स्थापित आयुर्वेद औषधालय परिसरमा रहेकाले यसको नाम डाक्टर कुवा रह्यो। यो कुवालाई अहिले पनि भीमनारायण चोक, सरस्वती चोक तथा सिरानका धेरै व्यक्तिले खानेपानीको स्रोतको रूपमा प्रयोग गर्दै आएको स्थानीय नरेश श्रेष्ठ बताउनु हुन्छ । पहिलेदेखि नै खाँदै आएकाले यो पानी स्वादिलो रहेकाले अन्य पानी खान प्रयोग नगरिने श्रेष्ठ बताउनु हुन्छ । धनकुटा नगरपालिकाले सङ्कलन गरेको तथ्याङ्क अनुसार करिब दुई सय परिवार यो कुवामा पिउने पानीका लागि आश्रित छन् । योबाहेक सो क्षेत्रमा कोठाभाडामा बस्नेहरूले पनि यही कुवा प्रयोग गर्ने गरेका छन्।

धनकुटा नगरपालिकाकै वडा नम्बर ७ स्थित जिरोप्वाइन्टमा रहेको जिरोप्वाइन्ट कुवामा पनि अधिकांश समय पानी लिन आउने स्थानीयको भिडभाड हुन्छ । जिरोप्वाइन्ट, बसपार्क तथा बजारका अन्य क्षेत्रका गरी करिब दैनिक २५० भन्दा बढी परिवारले यो कुवा प्रयोग गर्दै आएका छन् । नजिकै अर्को कुवा पनि छ । सो कुवालाई कपडा धुन तथा अन्य काममा प्रयोग गरिँदै आएको भए पनि यो कुवालाई भने पानी मिठो भएका कारण खान मात्र प्रयोग गरिँदै आएको स्थानीय उर्गेन शाक्य बताउनु हुन्छ । "यहाँ तल्लो र माथिल्लो गरी दुई कुवा छन् । यो कुवाको पानी मिठो छ । बजारका धेरै व्यक्ति यही कुवामा आश्रित छन् । त्यसैले टोल, बस्ती, सङ्गठनले निर्णय नै गरेर यो कुवाको पानी खान मात्र प्रयोग गरिँदै आएको छ," शाक्य भन्नु हुन्छ।

नगरपालिकाकै वडा नम्बर ४ देब्रेबासमा मात्रै गणेश धारा, जनकल्याण, वाग्ले कुवा गरी तीन वटा कुवा छन् । यी तीन वटै कुवामा पानी लिन आउने स्थानीयको भिडभाड हुन्छ। नगरपालिकाको वडा नम्बर ५ स्थित बिहीबारे हटियामा अर्को कुवा छ । बिहीबारे हटिया तथा कोप्चे आसपासका बासिन्दाको खानेपानीको मुख्य स्रोत यो कुवा हो। धनकुटा बजार क्षेत्रमा मात्रै तीन दर्जनभन्दा बढी कुवा छन्। यी कुवा अहिले पनि पानी खानकै लागि प्रयोग हुँदै आएका छन् ।

धनकुटामा घर घरमा धारा नपुग्दासम्म यी कुवा खानेपानीको मुख्य स्रोतका रूपमा प्रयोग हुँदै आएका थिए तर अहिले अवस्था फेरिएको छ। धनकुटा नगरपालिकाको बजार क्षेत्रका सम्पूर्ण घरमा खानेपानीको धारा पुगेको छ। धारामा पानी पनि आउँछ। पानी प्रशोधनका लागि विभिन्न प्रविधिसमेत प्रयोग हुने गरेको छ तर नगर क्षेत्रका अधिकांश बासिन्दा तथा घरभाडामा बस्नेहरू खानेपानीका लागि यी कुवामै भर पर्ने गरेका छन्।

धनकुटा नगरपालिकाको तथ्याङ्क अनुसार करिब १० प्रतिशत घरधुरी मात्र खानेपानीका लागि कुवामै भर पर्नुपर्ने र ९० प्रतिशत घरमा धारा पुगेको जनाइएको छ तर ५० प्रतिशतभन्दा बढी धनकुटेलीहरूले पिउने पानीका लागि कुवाको पानी प्रयोग गर्दै आएका छन् । घरको धारामा आउने पानी अन्य कामका लागि प्रयोग हुन्छ । खानका लागि भने कुवाकै पानी प्रयोग गर्ने गरिएको धनकुटा नगरपालिका-४ का स्थानीय विनोद सुवेदी बताउनु हुन्छ। प्रविधि प्रयोग गरी सिर्जित गरिएको पानीभन्दा मूलबाट आएको पानी पिउन स्वास्थ्यवर्धक हुने भएकाले कुवाको पानी प्रयोग गर्दै आएको सुवेदीको भनाइ छ। धनकुटाले कुवालाई संस्कृतिकै रूपमा जोगाइरहेको स्थानीय बताउँछन्।

### कुवामा नगरपालिकाको चासो

यो नगर क्षेत्रमा पानीको स्रोत कुल ४१० रहेको नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख विकास अधिकारी बताउनु हुन्छ। पिउने पानीका लागि धनकुटेली कुवामै भर परिरहेको पाएपछि धनकुटा नगरपालिकाले समेत कुवा संरक्षण तथा गुणस्तर मापनमा चासो देखाउँदै आएको छ।

» बाँकी पृष्ठ २ मा

## उपत्यकाको सुरक्षा व्यवस्था बलियो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

काठमाडौँमा शुक्रबार दुई वटा छुट्टाछुट्टै समूहले आयोजना गर्न लागेको विरोध प्रदर्शनलाई मध्यनजर गरी सुरक्षा व्यवस्था बलियो पारिएको छ।

गणतन्त्र पक्षधर र विरोधी राजावादी समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन स्थानीय प्रशासनले दुई छुट्टाछुट्टै स्थान तोकी सही अनुसारको सुरक्षा व्यवस्थापन मिलाएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले गणतन्त्र पक्षधरलाई प्रदर्शनीमार्ग-भृकुटीमण्डप र राजतन्त्र पक्षधर समूहलाई तीनकुनेमा विरोध सभा गर्न अनुमति दिएको छ। दुई प्रदर्शनको सुरक्षा मजबुत बनाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँ, ललितपुर र भक्तपुरले संयुक्त सुरक्षा संयन्त्र तयार पारी आवश्यक सुरक्षा सतर्कतासहितको तयारी गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जानकारी दिनुभयो।

तिवारीले भन्नुभयो, "दुई फरक समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन आवश्यक सुरक्षाकर्मी परिचालन गरी कार्यक्रम स्थल, र्‍यालीका लागि प्रयोग गरिने रुट फरक पारी सभास्थलको सुरक्षा व्यवस्था चुस्त पारिएको छ।"

उहाँले सुरक्षा व्यवस्थालाई मध्यनजर गरी दुवै समूहबिच छुट्टाछुट्टै छलफल र समन्वय भइरहेको र दुवै पक्षको प्रदर्शन शान्तिपूर्ण हुने प्रतिबद्धता व्यक्त गरेको पनि जानकारी दिनुभयो। समाजवादी मोर्चामा आबद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेकपा विप्लव समूहले गणतन्त्रका पक्षमा प्रदर्शन गर्दै छन्। त्यस्तै राजतन्त्रसहितको हिन्दुराज्यको माग राखी राप्रपासहित विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' नामबाट प्रदर्शनको तयारी गरिएको छ।

» बाँकी पृष्ठ २ मा

# प्रेस चौतारीको नयाँ नेतृत्वलाई बधाई

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रेस चौतारी नेपालको नवनिर्वाचित नेतृत्वलाई बधाई तथा शुभकामना दिनुभएको छ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा बिहीबार भएको भेटमा प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष ओलीले चौतारीको केन्द्रीय कमिटी सर्वसम्मत रूपमा चयन हुनुले राम्रो सन्देश दिएको बताउँदै अब व्यावसायिक, वैचारिक र साङ्गठनिक काममा सक्रिय हुन आग्रह गर्नुभयो। यही चैत १० देखि १२ गतेसम्म विराटनगरमा भएको चौतारीको दसौँ राष्ट्रिय महाधिवेशनबाट गणेश पाण्डेको नेतृत्वमा नयाँ केन्द्रीय कमिटी चयन भएको थियो।

अध्यक्ष ओलीले चौतारीको नेतृत्व चयनका सन्दर्भमा आकाङ्क्षीले आफूसँग भेट गरे पनि आफूले कसैलाई कुनै पदमा राख्नु भनेर नतोकेको स्पष्ट गर्दै महाधिवेशनले सहमतिसाथ नेतृत्व चयन गरोस् भन्ने कामना मात्रै राखेको स्मरण गराउनुभयो।

प्रधानमन्त्री ओलीले झुटबाहेक केही नबोल्ने र अरूलाई आरोप लगाउनेबाट बचेर देशको समृद्धि र सामाजिक सद्भाव एवं एकताका लागि सञ्चार क्षेत्रबाट योगदान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले सामाजिक सञ्जालको सही सदुपयोग गर्दै साम्प्रदायिक, जातीय, भाषिक, क्षेत्रीय र लैङ्गिकताका नाममा सङ्गठनभित्र कुनै पनि प्रकारको रोग (भाइरस) छिर्न नदिनेतर्फ सचेत गराउनुभयो।

# संसद् अवरोध जारी

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई पदमुक्त गर्ने सरकारको निर्णयको विरोधमा संसद् दुई दिनदेखि बन्धक बनेको छ। बुधबार दुई चरणसम्मका बैठक अवरुद्ध भएकोमा बिहीबार प्रतिनिधि सभाको बैठकै नबसी स्थगित भएको छ। बैठक शुक्रबारका लागि पुनः बोलाइएको छ।

घिसिङलाई पदमुक्त गर्ने सरकारको निर्णयविरुद्ध प्रमुख प्रतिपक्ष दल नेकपा (माओवादी केन्द्र) र प्रतिपक्षमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले विरोध गरिरहेका छन्। सङ्घीय संसद्का दुवै सदनमा प्रतिपक्ष दलले प्रधानमन्त्रीको जवाफ माग गर्दै अवरोध गरिरहेका छन्।

संसद्को अवरोध हटाउन सभामुख देवराज घिमिरेले बिहीबार पनि दलका प्रमुख सचेतकसँग परामर्श गर्नुभए पनि निकास निस्कन सकेन। जसकारण बिहान ११ बजे बोलाइएको बैठक सूचना टाँसेर दिउँसो २ बजेसम्म स्थगित गरिएको थियो। दिउँसो २ बजेको बैठक पनि बस्न नसकेपछि शुक्रबार बिहान ११ बजेसम्मका लागि बैठक स्थगित गरिएको छ।

यसै गरी प्रमुख प्रतिपक्षीसहितका दलको अवरोधले राष्ट्रिय सभाको बैठक कार्यसूचीमा प्रवेश नगर्दै लगातार दोस्रो दिन स्थगित भएको छ। सभाको अर्को बैठक चैत १५ गते शुक्रबार दिउँसो १ बजेर १५ मिनेटमा बस्ने तय भएको छ। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई पदबाट हटाइएकोमा प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) सहितका दलले राष्ट्रिय सभामा अवरोध गरेका हुन्।

सभाको बिहीबारका लागि निर्धारित बैठकमा सभाका अध्यक्ष नारायणप्रसाद दाहालले यस विषयमा सभाको गम्भीर रूपमा ध्यानाकर्षण भएको बताउनुभयो। उहाँले आ–आफ्नो स्थानमा बसेर सभाको कारबाही सञ्चालनका लागि विशेष आग्रह गर्नुभएको थियो।

त्यसअघि सभाको बैठक सुरु हुनेबित्तिकै उठेर विरोध जनाएका प्रतिपक्षी बेन्चका सदस्यहरूको तर्फबाट नेकपा (एकीकृत समाजवादी) संसदीय दलका नेता डा. वेदुराम भुसाललाई आफ्नो धारणा राख्न अध्यक्ष दाहालले आग्रह गर्नुभयो। भुसालले विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट कुलमान घिसिङलाई हटाउने सरकारको निर्णय आमजनसरोकारको चासोको विषय भएको र जनताले पनि विरोध गरेकाले सोसम्बन्धमा प्रधानमन्त्रीले सदनमा आएर सो निर्णय किन गर्नुपर्‍यो भन्नेसम्बन्धमा जवाफ दिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

बैठकमा उहाँले संविधानको धारा ७६ ले प्रधानमन्त्री सङ्घीय संसद्प्रति जवाफदेही हुनुपर्ने व्यवस्था गरेकाले संसद्मा उठेका विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "प्रमुख प्रतिपक्षीसहित विपक्षी सबै दलको तर्फबाट प्रधानमन्त्रीले संसद्मा आएर जवाफ नदिएसम्म संसद्को कारबाही अगाडि नबढाइयोस् भन्ने आग्रह गर्न चाहन्छु।"

प्रतिपक्षीसहितका दलका सदस्यले उठेर विरोध जनाइरहँदा सत्तापक्षको प्रतिनिधित्व गर्दै नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले धारणा राख्न माग गर्नुभयो। सभाका अध्यक्ष दाहालले आफ्नो अनुकूलतामा संसदीय मूल्यमान्यता र अभ्यास तोडिरहेका छौँ कि मनन गर्न सुझाव गर्नुभयो।

उहाँले सदनमा धारणा राख्नलाई आग्रह गरिरहँदा भोलिका दिनमा सो नजिर आफैँतिर फर्किन सक्ने भन्नुहुँदै त्यसप्रति सचेत रहन आग्रह गर्नुभयो। अध्यक्ष दाहालले भन्नुभयो, "संसद्मा अहिले भइरहेका गतिविधि सकेसम्म कम गर्न र सत्तापक्ष र प्रतिपक्षबिचको दुरी कम गर्न मद्दत पुग्ने हिसाबले धारणा राख्नुहुने विश्वास व्यक्त गर्छु।"

नेता सिटौलाले सरकारले संसद्मा पेस गरेको अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक समयसीमाभित्र निर्णयार्थ पेस गर्नु राष्ट्रिय सभाको साझा विषय भएकाले सो प्रक्रियालाई अवरुद्ध गर्न नहुने जिकिर गर्नुभयो। उहाँले भन्नुभयो, "समयसीमाभित्र प्रतिस्थापन विधेयक टुङ्गोमा नपुगे राष्ट्रिय सभाले आफ्नो दायित्व पूरा नगरेको ठहरिन्छ। प्रक्रियालाई अवरुद्ध नगर्न सत्तापक्षबाट आग्रह गर्न चाहन्छु।"

सभाका अध्यक्ष दाहालले सहमतिका लागि प्रयास भइरहेको बताउनुहुँदै उठेर विरोध जनाउनुहुने सदस्यलाई बसेर संसद्को कारबाही सञ्चालनमा सघाउन आग्रह गर्नुभएको थियो। अवरोध जनाएका सदस्यले बस्न अस्वीकार गरेपछि सभाका अध्यक्ष दाहालले १ बजेपछि पुनः बस्ने गरी बैठक स्थगित गर्नुभएको हो।

# शाक्य र घिसिङबाट रिट दर्ता

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई पदमुक्त गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ। घिसिङले कानुन व्यवसायीमार्फत रिट दर्ता गर्नुभएको हो।

यस्तै नवनियुक्त प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्यले पनि यसअघि आफूलाई बर्खास्त गर्ने तत्कालीन सरकारको निर्णयविरुद्ध सर्वोच्चमै विचाराधीन रिटको सुनुवाइका लागि पनि निवेदन दर्ता गर्नुभएको छ। घिसिङ र शाक्य दुवैको रिटको पेसी शुक्रबारका लागि तोकिएको छ।

सर्वोच्च अदालतका सहायक प्रवक्ता निराजन पाण्डेले दुवै रिट दर्ता भई शुक्रबारका लागि पेसी तोकिएको जानकारी दिनुभयो। घिसिङले आफूलाई हटाउने सरकारको निर्णय गैरकानुनी र बदनियतपूर्ण भएको जिकिर रिटमा गर्नुभएको छ। सरकारको निर्णय बदर गरी पुनः पदमै फर्कने आदेशको माग घिसिङले गर्नुभएको छ।

यस्तै शाक्यले २०७८ भदौ १ गते दायर आफ्नो रिटको सुनुवाइ गरिदिन निवेदन दर्ता गर्नुभएको छ। शाक्यले तत्कालीन सरकारको निर्णय बदर गरी आफूलाई प्रबन्ध निर्देशकमा पुनर्बहालीको माग गर्नुभएको थियो। शाक्यलाई हटाएर तत्कालीन सरकारले घिसिङलाई नियुक्त गरेको थियो।

२०७८ मा दर्ता रिटमा पछिल्लो पटक माघ २१ गतेको पेसी तोकिएको थियो। उक्त पेसीमा मुद्दा हेर्न नभ्याइनेमा परेको थियो। २०७८ चैत १ गतेयता शाक्यको मुद्दा हेर्न नभ्याइने सूचीमा पर्दै आएको छ। मुद्दामा आउँदो पेसी २०८२ असार १० गतेका लागि दिइएको छ। तर शाक्यले आफूलाई न्यायमा विलम्ब भएको भन्दै सुनुवाइको मागसहित निवेदन दर्ता गर्नुभएको हो।

# घुससहित खड्का पक्राउ

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रहरी चौकी, हाटी बनगाई दुगौलियामा कार्यरत प्रहरी नायब निरीक्षक खिमबहादुर खड्कालाई घुससहित पक्राउ गरेको छ। भारतबाट रुपन्देही जिल्लाको दुगौलिया नाका हुँदै भन्सार छली अवैध रूपमा घरायसी प्रयोजनका सामान ल्याउन सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलले पक्राउ गरेको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले बिहीबार प्रेस विज्ञप्तिमार्फत जानकारी गराउनुभएको छ। निज खड्कालाई सेवाग्राहीबाट ३० हजार रुपियाँ घुस लिएको अवस्थामा पक्राउ गरिएको हो।

# काउन्सिलमा स्पष्टीकरण पेस

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

मेडिकल विद्यार्थीलाई आत्महत्या दुरुत्साहन आरोप लागेका दुई चिकित्सकले नेपाल मेडिकल काउन्सिलमा स्पष्टीकरण पेस गर्नुभएको छ।

काठमाडौँ विश्वविद्यालय स्कुल अफ मेडिकल साइन्स (धुलिखेल अस्पताल) का मानसिक रोग विभागका दुई चिकित्सकले नेपाल मेडिकल काउन्सिललाई स्पष्टीकरण पठाउनुभएको हो। अस्पतालका मानसिक रोग विभागका प्रमुख डा. अजय रिसाल र डा. दीपक कुँवरले मेडिकल काउन्सिलमा स्पष्टीकरण पठाउनुभएको हो।

गत ४ फागुनमा एमडी पहिलो वर्षकी विद्यार्थीले आत्महत्याको प्रयास गरेको घटनामा उहाँहरूलाई काउन्सिलले स्पष्टीकरण सोधेको थियो। गत ३ चैतमा बसेको काउन्सिल पूर्ण बैठकले दुई चिकित्सकमाथि कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधेको थियो। काउन्सिलका प्रवक्ता डा. सतीश देवले चिकित्सकको स्पष्टीकरणको जवाफ आएको जानकारी दिनुभयो। उहाँले जवाफ अध्ययन गरी काउन्सिल पूर्ण बैठकबाटै आवश्यक निर्णय लिइने जानकारी गराउनुभयो।

एमडी पहिलो वर्षकी ती विद्यार्थीले विभागीय प्रमुखसहितका शिक्षकले मानसिक दबाब दिँदा आफूले आत्महत्या प्रयास गरेको बताउनुभएको थियो। घटनापछि विद्यार्थीले आन्दोलन गरेका थिए। आन्दोलन चर्किँदै जाँदा काउन्सिलले घटनाको अध्ययन गर्न दुई सदस्यीय टोली धुलिखेल पठाएको थियो।

टोलीको प्रारम्भिक प्रतिवेदनका आधारमा काउन्सिलले डा. रिसाल र डा. कुँवरसहित डा. वर्षा श्रेष्ठ र डा. रिका रिजाललाई समेत बयानका लागि बोलाएको थियो। त्यसबेला उहाँहरूलाई एक साताका लागि निलम्बनसमेत गरिएको थियो।

काउन्सिलले डा. विश्व दवाडीको संयोजकत्वमा डा. आनन्द शर्मा र डा. कुन्जाङ शेर्पा सदस्य रहने गरी छानबिन समिति बनाएको थियो। सो समितिले डा. अजय र डा. दीपकलाई मात्रै स्पष्टीकरण सोधेको हो।

## 'लोकतन्त्रको...

उहाँले भन्नुभयो, "यो व्यवस्थाको पक्षमा उभिन जरुरी छ। हामीले सुशासन दिनु पर्छ, आर्थिक समृद्धितर्फ अगाडि बढ्नु पर्छ। नागरिकलाई सुविधा दिनु पर्छ, सेवा प्रवाहमा सहजता ल्याउनु पर्छ।

जनताका पीडा र समस्या छन् । ती पीडा र समस्याको समाधान निरङ्कुशता होइन, लोकतन्त्रमार्फत गर्ने हो ।" कांग्रेसका केन्द्रीय सदस्यसमेत रहनुभएका गृहमन्त्री लेखकले कांग्रेसको नेतृत्वमा यो संविधान बनेको दाबी गर्दै संविधान र यो व्यवस्था जोगाउन सबैभन्दा ठुलो दायित्व कांग्रेसको नै भएको धारणा राख्नुभयो।

## बिउँतिँदै...

कुल दरबन्दीको दस प्रतिशत खुलाबाट पदपूर्तिको प्रस्ताव सरकारले गरेको थियो। संसदीय समितिले उक्त व्यवस्था हटाएको हो । उपसचिवसम्मको दस प्रतिशत खुला प्रतिस्पर्धा यथावत् राखिएको छ। अन्तर तह प्रतिस्पर्धा सबैका लागि खुला गरिएको छ।

### ट्रेड युनियन यथावत्

कर्मचारीको आधिकारिक ट्रेड युनियनको व्यवस्था यथावत् राख्न उपसमितिमा सहमति भएको छ। सरकारले गरेको प्रस्ताव अनुसार नै उपसमितिले पनि विधेयक अघि बढाएको हो। उपसमितिले उक्त विषय थप छलफल गर्न समितिलाई सुझाव पनि दिएको छ। निजामती सेवामा तह र श्रेणी दुवै प्रणाली रहने भएको छ। प्रदेश र स्थानीय सेवामा अहिले तहगत प्रणाली कायम छ। सङ्घमा भने दुवै प्रणाली प्रचलनमा रहने भएको हो।

कर्मचारी अवकाशको उमेर अब ६० वर्ष हुने गरी उपसमितिले प्रतिवेदन बुझाएको छ तर कार्यान्वयनको मोडालिटीबारे भने समितिमा थप छलफल हुने छ । उपसमितिमा लोक सेवा आयोगले समेत लिखित र मौखिक रूपमा फरक फरक राय दिएपछि समितिमा थप छलफलको सुझाव उपसमितिले दिएको हो।

मुख्य सचिव र सचिवको कार्यकाल एक/एक वर्ष घटाउने गरी प्रतिवेदन तयार भएको छ, जस अनुसार अब मुख्य सचिवको कार्यकाल दुई र सचिवको चार वर्षमा सहमति भएको छ । सेवा प्रवेशमा महिलाको उमेरलाई घटाइएको छ । सरकारले प्रस्ताव गरेको ४० वर्षलाई उपसमितिले ३९ वर्ष बनाएको छ।

समावेशी आरक्षण अब ४९ प्रतिशत पुर्‍याउने प्रस्ताव गरिएको छ । अहिलेको ४५ प्रतिशतलाई ४९ प्रतिशत पुर्‍याइएको हो । कुल समावेशी कोटाको ५० प्रतिशत महिलाका लागि छुट्याइने छ । थारू र मुस्लिमलाई संवैधानिक व्यवस्था अनुसार मधेशी क्लस्टरबाट फरक गरिएको छ। सरुवा र बढुवालाई भौगोलिक क्षेत्र अनुकूल हुने गरी अनिवार्य र चक्रीय गर्ने प्रस्ताव उपसमितिको छ।

## उपत्यकाको...

### 'सुरक्षा व्यवस्था चुस्त रहोस्'

राष्ट्रिय मानव अधिकार आयोगले दुई छुट्टाछुट्टै प्रदर्शनको सुरक्षा व्यवस्था चुस्त बनाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँ र सुरक्षा निकायका प्रमुखलाई निर्देश दिएको छ।

आयोगले बिहीबार एक विज्ञप्ति जारी गरी उपत्यकाको सुरक्षा व्यवस्थाको सम्बन्धमा काठमाडौँ र ललितपुरका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख र नेपाल प्रहरीको मानव अधिकार सेलका प्रतिनिधिसँग छलफल भएको जनाएको छ।

आयोगका प्रवक्ता एवं सहसचिव टीकाराम पोखरेलले छलफलमा सुरक्षा अधिकारीहरूले शान्ति सुरक्षाको अवस्थालाई व्यवस्थित गर्न उपत्यकाका सबै सुरक्षा निकाय र प्रदर्शनकारीका प्रतिनिधिसँग समेत छलफल गरेर सुरक्षा योजना तयार पारिएको जानकारी आफूहरूलाई गराएको उल्लेख गर्नुभएको छ।

आयोगका अध्यक्ष तपबहादुर मगरले प्रदर्शनमा शान्तिसुरक्षालाई व्यवस्थित गर्न आवश्यक सम्पूर्ण सुरक्षा सतर्कता अपनाई मानव अधिकारको मूल्य मान्यतालाई आत्मसात् गर्न स्थानीय प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ।

प्रदर्शनीका क्रममा दुवै पक्ष आमनेसामने हुने स्थिति सिर्जना भएमा त्यसबाट उत्पन्न हुन सक्ने परिस्थितिले शान्तिसुरक्षामा समेत चुनौती थप्न सक्ने अवस्थाप्रति आयोगले चासो व्यक्त गरेको हो।

प्रदर्शनमा आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा देशको संविधान र राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनमा उल्लेखित प्रावधानहरूको पालनामा संवेदनशील हुँदै अरूको अधिकारमा बाधा पर्नेतर्फ सचेत रहन र आफ्ना प्रदर्शनका कार्यलाई शान्तिपूर्ण बनाउन प्रदर्शनरत पक्षलाई अपिल गर्दै आयोगका विभिन्न टोलीमार्फत मानव अधिकारको अनुगमन गर्ने पनि जनाएको छ।

### सुरक्षा व्यवस्था बलियो

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता दिनेश आचार्यले सुरक्षा व्यवस्था मजबुत बनाइएको बताउनुभयो । दुवै पक्षले आयोजना गर्ने प्रदर्शन स्थल, ज्यालीमा प्रयोग हुने रुटको सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि आवश्यक प्रहरी परिचालन गरिने पनि उहाँले बताउनुभयो।

आचार्यले भन्नुभयो, "दुई समूहका छुट्टाछुट्टै प्रदर्शन शान्तिपूर्ण हुने प्रतिबद्धता जनाइसकेका छन् । यद्यपि फरक समूहका ज्यालीबिच जम्काभेट र मुडभेड नहोस् भनेर आवश्यक सुरक्षा तयारी अपनाइएको छ।"

त्यसै गरी शुक्रबारका दुई फरक प्रदर्शनको सुरक्षाका लागि सशस्त्र प्रहरीले सशस्त्र प्रहरी नायब महानिरीक्षकको कमान्डमा झन्डै दुई हजार पाँच सय सुरक्षाकर्मी परिचालन गर्ने जनाएको छ।

सशस्त्र प्रहरीका प्रवक्ता कुमार न्यौपानेले प्रदर्शनको सुरक्षार्थ ५० वटा पल्टनका दुई हजारभन्दा बढी सशस्त्र प्रहरी प्रदर्शनी स्थल र ज्याली हुने रुटमा परिचालन गरिएको बताउनुभयो।

उहाँले १० वटा पल्टनबाट झन्डै ३५० जना सशस्त्रलाई आवश्यक परे परिचालन गर्ने गरी पूर्वतयारी (रिजर्व) मा राखिएको पनि बताउनुभयो। त्यस्तै राष्ट्रिय अनुसन्धान विभागले पनि सादा पोसाकमा आवश्यक जनशक्ति परिचालन गरिसकेको जनाएको छ।

# श्रवण दृष्टिविहीन भएकालाई समाजमा घुलमिल गराउनुपर्ने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

साइन शेर्पाले आफ्नो बाबालाई छुनेबित्तिकै बाबाको हातमा सुँघ्न थाल्नुभयो। एक पटक सुँघेर नचिनेझैँ गर्नुभयो। उहाँले फेरि दोहोर्‍याएर सुँघेपछि चिनेर अँगालो हाल्नुभयो। साइन आँखा पनि देख्नुहुन्न, कान पनि सुन्नुहुन्न।

अपाङ्गताको १० प्रकारको वर्गीकरणमध्ये साइन श्रवण दृष्टिविहीनमा पर्नुहुन्छ। श्रवण दृष्टिविहीन भएका व्यक्तिले सुँघेर, छामेर व्यक्ति तथा बस्तुलाई चिन्नुहुन्छ।

ललितपुर सुनाकोठीनिवासी विधाता थापा र सविना तामाङले पनि हरेक बस्तु तथा आफ्नो आफन्त, शिक्षकलाई साइनले जस्तै गरी चिन्नुहुन्छ।

श्रवण दृष्टिविहीन अभिभावक समाजका अध्यक्ष लाक्पानुरू शेर्पाले अपाङ्गता भएका बालबालिकालाई घरबाहिर लिएर हिँड्दा नयाँ वातावरणमा सम्हाल्न गाह्रो मान्दै अभिभावकले बाहिर ननिकाल्ने प्रवृत्तिले साइन जस्तै प्रकृतिका व्यक्तिलाई बाहिर कमै देखिने बताउनुभयो। विधाता, सविना र साइन हाल श्रवण दृष्टिविहीन बालबालिका, श्रवण दृष्टिविहीन अभिभावक समाज, काठमाडौँ महानगर र सिनामङ्गलस्थित बालापीठ आधारभूत विद्यालयको स्रोत कक्षामा दैनिक जीवनशैली तथा सामान्य खेल, शिक्षाका गतिविधि सिकिरहनुभएको छ।

श्रवण दृष्टिविहीन अभिभावक समाजका अध्यक्ष लाक्पानुरू शेर्पाका अनुसार उहाँहरूलाई मध्यबानेश्वरस्थित दिवा हेरचाह केन्द्रबाट विगत दुई वर्षदेखि सो बालापीठमा गएर सामान्य दैनिक गतिविधि, सञ्चार र समाजमा घुलमिल हुन वातावरण मिलाइएको हो।

अध्यक्ष शेर्पाले काठमाडौँ महानगरपालिका, श्रवण दृष्टिविहीन अभिभावक सङ्घ र बालापीठ आधारभूत विद्यालयसँगको त्रिपक्षीय सम्झौतापछि सञ्चालित स्रोत कक्षाका लागि सरकारले १८ जना श्रवण दृष्टिविहीन बालबालिकाका लागि प्रतिव्यक्ति चार हजार रुपियाँका दरले छात्रवृत्ति उपलब्ध गराएको र खाजा, यातायात, दुई जना स्पेसल एजुकेटर, फिजियो थेरापिस्ट व्यवस्थापन भने समाजको तर्फबाट गरिएको बताउनुभयो। उहाँले आगामी शैक्षिक सत्रदेखि सो छात्रवृत्ति पाँच हजार रुपियाँको दरले प्राप्त हुने पनि बताउनुभयो।

समाजका अध्यक्ष एवं साइनका बाबा लाक्पानुरू शेर्पाले विभिन्न रोगका कारण, जन्मेपछि स्वास्थ्योपचारका क्रममा र दुर्घटनामा परेर पनि कानको सुन्ने शक्ति र आँखाको देख्ने शक्ति गुम्न सक्ने बताउनुहुन्छ।

आँखा/कानमा समस्या भएपछि उनीहरूले अरूले जस्तै गरी खानेकुरा खान, सामान, व्यक्ति, चिन्न, पढ्न/लेख्न र विभिन्न कुरा सिक्न सक्दैनन् तर अभिभावक र अपाङ्गता भएका बालबालिका वा व्यक्तिको हेरचाह गर्नेसम्बन्धी अध्ययन गर्नुभएका स्पेसल एजुकेटरले निरन्तर सिकाएपछि दैनिक जीवनमा गर्नुपर्ने काम सिक्न सक्छन्।

श्रवण दृष्टिविहीन अभिभावक समाजले त्यस्तै समस्यामा रहेका बालबालिकाको हेरचाहका लागि काठमाडौँ, रुपन्देही, मोरङ र पोखरामा दिवा स्याहार केन्द्र सञ्चालन गर्दै आएको छ।

समाजले सो विद्यापीठसम्म पनि ल्याउने स्रोत र साधन नभएका ललितपुर, भक्तपुर र काठमाडौँका श्रवण दृष्टिविहीनका लागि दैनिक जीवनमा आवश्यक तालिम घरघरमा पुगेरसमेत दिँदै आएको छ।

विक्रम संवत् २०६२ देखि समाजले घरभित्रै थुनिएर बस्न बाध्य श्रवण दृष्टिविहीन, अपाङ्गता भएका बालबालिका र अभिभावकको समेत तालिमका लागि दिवा सेवा केन्द्र सञ्चालन गर्दै आएको बताउनुभयो। विद्यापीठमा हाल स्पेसल एजुकेटर करुणा महर्जन र शैलु खरेलले श्रवण दृष्टिविहीन बालबालिकालाई सञ्चार, खाना खान, खेल्न, छोएर, पामराइटिङ विधिबाट जीवनशैलीका अभ्यास गराइरहनुभएको छ।

स्पेसल एजुकेटर महर्जनले बालबालिकालाई मायाले सिकाएमा ढिलो सिक्छन् तर सामान्य जीवनमा गर्नुपर्ने सबैखालको काम सिक्ने बताउनुभयो। साइनकी आमा चन्दना गुरुङले अपाङ्गता भएका बालबालिकालाई घरभित्रै राख्नुको साटो घरबाहिर आफन्त तथा बजारमा समेत लैजाने गरेपछि सञ्चार गर्न जानेका छन् भने साथी, शिक्षक चिन्नेलगायतका कला सिकेको अनुभव सुनाउनुभयो।

नेपालमा पनि अपाङ्गता भएका व्यक्तिका लागि परिचयपत्र, ऐन, नीति पनि बनाएका छन् तर कार्यान्वयन फितलो छ। साइन शेर्पा जस्तै बालबालिका वा व्यक्तिलाई सरकारले जारी गरेको अपाङ्गता ऐन–२०७४ ले श्रवण दृष्टिविहीन अपाङ्गता भएका वा दुई वटा इन्द्रियसम्बन्धी अपाङ्गताको संयुक्त अन्तर्क्रिया रहेको व्यक्ति भनेर परिभाषित गरेको छ। समाजले काठमाडौँ, मोरङ, रुपन्देही र पोखरामा रहेको दिवा स्याहार केन्द्रमा श्रवण दृष्टिविहीन स्रोत कक्षा, घरमा आधारित शिक्षा र थेरापी सेवा करिब १५० जना श्रवण दृष्टिविहीन बालबालिकाले पाइरहेको जनाएको छ।

## कुवाको...

नगरपालिकाले विभिन्न चरणमा गरी पालिकाभित्र रहेका मुहानको पानी परीक्षण गरेको छ । पछिल्लो समय पानीको मूल संरक्षण तथा सरसफाइका लागि इसिमोड, मेटामेटलगायत सङ्घसंस्थासँग मिलेर काम गरिरहेको धनकुटा नगरपालिकाका प्रमुख चिन्तन तामाङ बताउनु हुन्छ।

धनकुटाको सबै खानेपानी मूलमै निर्भर रहेको तथा जमिनमुनिबाट आउने पानी आफैँ छानिएर आउने भएकाले राम्रो हुने धनकुटाका मूल तथा कुवाको पानीको गुणस्तर मापनमा सहभागी हुनुभएका भूगर्भ विज्ञ गुणनिधि पोखरेल बताउनु हुन्छ। बाहिरी सतहमा आएपछि हुने फोहोरबाहेक जमिनभित्रबाट आउँदा पानीमा नुनको मात्र, तापक्रम, पोटासियम, सल्फर क्लोरिनलगायत २० भन्दा बढी तत्त्वको मापन गर्ने गरिएको छ। ती सबै औसत हुँदा पानी राम्रो मानिन्छ र धनकुटाको प्रायः सबै मूलको पानीमा सबै तत्त्व औसतमा रहेको पोखरेलको भनाइ छ।

## नेपाली...

विगतमा भएको अनावश्यक र अनुचित हिंसालाई अब उप्रान्त यस्तो नहुने सुनिश्चित गर्दै शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनलाई संसद्बाट सहमतिमा पारित गराइएको स्मरणसमेत गर्नुभयो।

संसद्बाट सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी कानुन बनेपछि ती आयोगका पदाधिकारी नियुक्तिका लागि यसअघि गठित सिफारिस समितिमा सहमति नभई त्यस समितिको अवधि सकिएपछि सरकारले प्रमुख दलको परामर्शमा फेरि अर्को सिफारिस समिति गठन गरेको प्रधानमन्त्री ओलीको भनाइ थियो।

नेपाली कांग्रेसका सभापति देउवाले वर्तमान सरकार शान्ति सम्झौताका बाँकी काम पूरा गर्न अगाडि बढिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "वर्तमान सरकार शान्ति सम्झौताका बाँकी काम पूरा गर्न अगाडि बढिरहेको छ। सङ्क्रमणकालीन न्यायका लागि नै सरकारले भर्खरै सत्य निरूपण तथा मेलमिलाप तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारी नियुक्तिका लागि सिफारिस समिति गठन गरेको छ। अब छिट्टै यी आयोगहरूले पूर्णता पाउने छन्।"

"आयोगले शान्ति सम्झौताको मर्म अनुसार सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकार उल्लङ्घनका विषयमा सत्य अनुसन्धान गरेर न्याय दिलाउने नै छ। वर्तमान सरकार र राजनीतिक दलहरू पीडितलाई न्याय दिलाउने विषयमा स्पष्ट छौँ," उहाँले भन्नुभयो, "सरोकारवाला पक्षहरूसँग पनि छलफल गरेर सत्य निरूपण हुने हो। यस विषयमा तपाईंहरू सबैलाई विश्वास दिलाउन चाहन्छु। चाँडै गठन हुन लागेको दुवै आयोगहरू स्वायत्त, विश्वसनीय र सक्षम हुनुपर्ने सन्दर्भमा द्वन्द्वपीडित एवं मानव अधिकार समुदायको चिन्ता र चासो अवश्य समाधान हुने छ ।" माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सबै राजनीतिक दलहरूबिच शान्ति प्रक्रिया टुङ्ग्याउन विमति नरहेको स्पष्ट पार्दै भन्नुभयो, "अब फेरि झमेलामा नजाऔँ, टुङ्ग्याउनेतिर जाऔँ । सर्वोच्चको फैसलालाई सम्मान गरेर विधेयक टुङ्ग्याऔँ। म राजनीतिक तहमा तिक्तता बढोस् भन्ने चाहन्न । यस्तो राम्रो कामलाई निष्कर्षमा पुर्‍याउन हामी सबै एक हुनुको विकल्प छैन ।" पीडितहरूलाई न्याय दिने प्रक्रियालाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने उहाँको भनाइ थियो।

मुलुकको शान्ति प्रक्रिया कहिले कानुनी, कहिले प्राविधिक र कहिले राजनीतिक उतारचढावले ढिलो भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "नेपालको शान्ति प्रक्रिया मौलिक छ । यहाँसम्म आउँदा धेरै जटिल विषयहरू कार्यसम्पादन हुँदै आएका छन् । सेना समायोजन या संविधान निर्माणसँग सम्बन्धित होस्, यी दुवै सफलतापूर्वक सम्पन्न भएको हो।"

**Nepal Electricity Authority**
**Engineering Services Directorate**
**Central Workshop, Hetauda**
**Bhairav Road, Hetauda, Makawanpur.**

**TENDER NOTICE**

| Contract No. | Name | Selected Bidder | Amount | Remark |
|---|---|---|---|---|
| CW-ST-2081/82-13 | Supply & Delivery of Super Enameled Copper Wires and Paper Insulated Copper Strips | Annapurna Winding Wires Pvt.Ltd. | NRs. 42,698,180.00 (Inclusive of VAT) | LOI |

**Public Entity : NEA, Central Workshop.**
**Date of Publication :** 28th March, 2025.
**Please visit official website of PPMO**
(**www.bolpatra.gov.np/egp**) for more details.

**नेपाल विद्युत प्राधिकरण**
**(नेपाल सरकारको पूर्ण स्वामित्व)**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरिया**

**सूचना प्रकाशन मिति संशोधन गरिएको सूचना**

**सूचना प्रकाशित मिति : २०८१।१२।१५**

यस धनगढी वितरण केन्द्रको **11 KV line extension and Conductor upgrading work** कार्यका लागि मिति २०८१/१२/१३ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सिलबन्दी दरभाउपत्र नं. NEA-DDC-2081/082-SQ-07 प्राविधिक कारणले PPMO मा अपलोड गर्न नसकिएकोले प्रकाशन मिति २०८१।१२।१५ गते हुनेगरी संशोधन गरिएको व्यहोरा अनुरोध छ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, नुवाकोट**
**बढुवा समितिको सचिवालय, नुवाकोट**
**मिति : २०८१/१२/१५**

लोक सेवा आयोगको बढुवा सूचना नं. ३३०/०८१–८२ ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा बमोजिम नेपाल इन्जिनियरिङ सेवा, सर्भे समूह रा.प.अनं. प्रथम श्रेणी, सर्भेक्षक पदको रिक्त पदमा यस बढुवा समितिको मिति २०८१/१२/१४ को निर्णय अनुसार देहाय बमोजिम योग्यता क्रमका उम्मेदवारलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २० (४) र दफा २४च. को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बढुवा सूचना नं. | योग्यता क्रम | कर्मचारी सङ्केत नं. | उम्मेदवारको नाम, थर | सिफारिस गरिएको निकाय |
|---|---|---|---|---|
| ३३०/०८१–८२ | १ | २०१४१५ | महादेव पनेरु | नापी कार्यालय, नुवाकोट |

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय, नुवाकोट**
**बढुवा समितिको सचिवालय, नुवाकोट**
**मिति : २०८१/१२/१५**

लोक सेवा आयोगको बढुवा सूचना नं. २७३/०८१–८२ कार्यक्षमताको मूल्याङ्कनबाट हुने बढुवा बमोजिम नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह रा.प.अनं. प्रथम श्रेणी, नायब सुब्बा पदको रिक्त पदमा यस बढुवा समितिको मिति २०८१/१२/१४ को निर्णय अनुसार देहाय बमोजिम योग्यता क्रमका उम्मेदवारलाई बढुवाका लागि सिफारिस गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २० (४) र दफा २४च. को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बढुवा सूचना नं. | योग्यता क्रम | कर्मचारी सङ्केत नं. | उम्मेदवारको नाम, थर | प्राप्ताङ्क | सिफारिस गरिएको निकाय |
|---|---|---|---|---|---|
| २७३/०८१–८२ | १ | २०३४८० | नरेन्द्र कुमार थेगुवा | १०० | जिल्ला प्रशासन कार्यालय, नुवाकोट |

# स्वार्थमा प्रयोग हुँदै मन्थली विमानस्थल

**नवराज श्रेष्ठ**
*रामेछाप, चैत १४ गते*



**रामेछाप सदरमुकाम मन्थलीस्थित मन्थली विमानस्थल ।**

रामेछापस्थित मन्थली विमानस्थल यतिबेला सुनसान बनेको छ। अबको केही दिनपछि भने यो विमानस्थलमा उडान र अवतरण गर्न विमान कम्पनीले पालो पर्खनुपर्ने हुन्छ। सरकारले सगरमाथा क्षेत्र भ्रमणका लागि नेपाल आएका विदेशी पर्यटकलाई मन्थली विमानस्थलबाट लुक्ला पुऱ्याउने र ल्याउने व्यवस्था गरेको छ। नागरिक उड्डयन प्राधिकरणले (वसन्त ऋतु) को चैतदेखि जेठ महिनासम्म र शरद ऋतुको असोज पहिलो सातादेखि मङ्सिर १५ गतेसम्म मन्थली विमानस्थल भएर लुक्ला विमानस्थलमा पर्यटक लैजाने र ल्याउने व्यवस्था गरेको छ। दुई सिजन गरी वर्षमा छ महिना अति व्यस्त रहने मन्थली विमानस्थल बाँकी छ महिना भने सुनसान बन्ने गरेको छ।

मन्थली विमानस्थललाई प्रयोग गरी सीता, तारा र समिट एयरका जहाजले सगरमाथा क्षेत्रको भ्रमणमा आएका विदेशी पर्यटकलाई लुक्ला पुऱ्याउने र ल्याउने गरेका छन्। एउटा उडानमा १४ देखि १८ जनासम्म पर्यटक मन्थली विमानस्थलबाट लुक्ला पुग्ने गरेका छन्। नागरिक उड्डयन कार्यालय मन्थलीका अनुसार दुई सिजनमा मौसम खुलेको समयमा दैनिक ६० वटा उडानमार्फत ८५० जना पर्यटक लुक्ला पुग्ने गरेका छन्।

### रामेछाप–काठमाडौँ उडान अवरुद्ध

रामेछापका राजनीतिक दल, प्रशासक, स्थानीय सरकार र नागरिक समाजलगायत विभिन्न क्षेत्रबाट रामेछाप–काठमाडौँ नियमित उडानको माग हुँदै आएको छ। लुक्लाका लागि व्यावसायिक उडान गर्ने विमान कम्पनीलाई सामाजिक उत्तरदायित्वका लागि भए पनि रामेछाप–काठमाडौँ उडान गर्न रामेछापवासीले लामो समयदेखि माग गर्दै आएका छन्। विमान कम्पनीले रामेछाप–काठमाडौँ उडानका लागि यात्रु नहुने भन्दै अटेर गर्दै आएका छन्।

सिजनमा ट्याक्टर पार्किङ गरे जसरी मन्थली विमानस्थलमा विमान लाइन लगाउने विमान कम्पनीहरू रामेछाप–काठमाडौँ उडान गर्न भने अटेर गरिरहेको नेपाल बार एसोसिएसन रामेछापका अध्यक्ष पाण्डव प्रसाईं बताउनहुन्छ। उहाँले भन्नुभयो, "रामेछाप–काठमाडौँ उडान नहुँदा बिरामी, सुत्केरी, अशक्त, वृद्धवृद्धा, उच्च राजनीतिज्ञ र प्रशासक तथा व्यवसायीहरू सुविधासम्पन्न यात्रा गर्नबाट वञ्चित छन्। मन्थली विमानस्थल रामेछापवासीका लागि 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात' जस्तै भएको छ।"

प्रसाईंका अनुसार स्थानीयले यो विमानस्थलबाट धुवाँ, धुलो, फोहोर र ध्वनि प्रदूषणबाहेक केही पाएका छैनन्। मन्थली विमानस्थल सेवामा भन्दा स्वार्थमा प्रयोग हुँदै आएको उहाँले बताउनुभयो।

गत असोज दोस्रो साताको अविरल वर्षासँगैको बाढीपहिरोले सडकमार्ग बन्द हुँदा केही दिन रामेछाप–काठमाडौँ उडान राखेका विमान कम्पनीले तुरुन्तै उडान बन्द गरेका थिए। सर्वसाधारणमा अब उडान नियमित हुने भन्दै हल्ला फैलाएका राजनीतिक दलका नेता तथा नागरिक समाजका अगुवाले फेरि रामेछाप–काठमाडौँ उडानका लागि पहल गरेका छैनन्। सातामा कम्तीमा दुई पटक रामेछाप–काठमाडौँ उडान हुनुपर्ने रामेछापवासीले माग गर्दै आएका छन्।

यात्रु नभएकै कारण रामेछाप–काठमाडौँ नियमित उडान हुन नसकेको नागरिक उड्डयन प्राधिकरण मन्थलीका उपप्रबन्धक हिरण साह बताउनुहुन्छ। बाढीपहिरोले सडकमार्ग बन्द भएको समयदेखि उडान तालिका राखेर रामेछाप–काठमाडौँ उडान गरिए पनि यात्रु नभएकै कारण केही दिनमै बन्द गर्नु परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "विमान कम्पनीले रामेछाप–काठमाडौँ उडान नगरेको होइन तर उडान तालिका राखेर उडान सुरु गर्दा यात्रु नभएकै कारणले उडान बन्द भएको हो।"

# कांग्रेसको सदस्यता नवीकरण अभियान

**चितवन समाचारदाता**
*चितवन, चैत १४ गते*

नेपाली कांग्रेस चितवनले सदस्यता नवीकरण अभियानको दोस्रो संस्करण सञ्चालन गर्ने भएको छ। जिल्लाका ९८ वटै वडामा चैत १६ गतेदेखि २६ गतेसम्म अभियान सञ्चालन हुने नेपाली कांग्रेस चितवनका सचिव ध्रुवराज पोखरेलले जानकारी दिनुभयो। पार्टीको फागुन १८ गतेको बैठकको निर्णय अनुसार सचिव पोखरेलको संयोजकत्वमा सात सदस्यीय क्रियाशील सदस्यता नवीकरण समिति गठन गरेर अभियानको तयारी गरिएको हो।

१५ औँ महाधिवेशन प्रयोजनका लागि आधारस्तम्भका रूपमा रहेको सदस्यता नवीकरणका क्रममा तीन प्रकारका सदस्य विद्यमान रहेको चितवन कांग्रेसले जानकारी दिएको छ। अघिल्लो पटकको अभियानमा नवीकरण गराएका करिब अठार हजार सदस्य, नवीकरण छुट भएका चौधौँ महाधिवेशनका क्रियाशील सदस्य र त्यसभन्दा पहिलाका क्रियाशील नवीकरण छुट भएका सबै सदस्यलाई एकैसाथ नवीकरणका लागि आह्वान गरिएको छ। पुरानो सदस्यता नवीकरण सकिएपछि आवश्यकताका आधारमा नयाँ क्रियाशील सदस्यता वितरण गरिने जिल्ला सभापति राजेश्वर खनालले बताउनुभयो।

नवीकरण अभियानलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि जिल्ला समितिले क्षेत्रगत रूपमा अभिमुखीकरण कार्यक्रमसमेत आयोजना गरेको छ। नवीकरण अभियानका संयोजक पोखरेलका अनुसार तीन वटै क्षेत्रमा वडा सभापति, पालिका सभापति, प्रदेश सभा सभापति र क्षेत्रीय सभापतिको उपस्थितिमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ।

## Invitation for Expression of Interest

**Date of First publication: 28 March 2025**

**Islamic Relief Worldwide**, IRW is a UK based, international humanitarian organization that provides development programs and humanitarian relief around the globe.

Islamic Relief Worldwide, Nepal Office invites NGOs registered in **Madhesh Province** to submit an **Expression of Interest (EOI)** for a potential partnership in implementing integrated development and humanitarian projects. These projects will focus on Food Security & Livelihood, Education, WASH, and Protection, with inclusion and resilience as cross-cutting themes.

**Proposed Districts: Bara, Rautahat, Sarlahai, Mohattari, Siraha & Saptari.**

**Link to download the application form (QR Code):**

Interested and eligible organizations should submit their EOI, using the prescribed form with supporting documents, via email to **info.nepal@islamic-relief.org.np** by **17th April 2025.**
Late submissions will not be considered. Islamic Relief Nepal reserves all rights to make decision and/or cancel the EOI without any information.

# समितिमै थन्कियो विधेयक

**मकवानपुर समाचारदाता**
*हेटौँडा, चैत १४ गते*

बागमती प्रदेश सभाले छलफलका लागि पठाएका विधेयक समितिमा अलपत्र बनेर थन्किएका छन्। प्रदेश सभाबाट दफावार छलफलका लागि समितिमा पठाइएका विधेयक समितिको प्राथमिकतामा नपर्दा अलपत्र बनेका हुन्। प्रदेश सभाको गत माघ २६ गते बसेको बैठकले चार वटा विधेयकमाथि सैद्धान्तिक छलफल गरी दफावार छलफलका लागि पठाउने सर्वसम्मतिले स्वीकृति प्रदान गरेको थियो।

समिति र प्रदेश सभाका सदस्यको समितिमा पठाइएको विधेयकमाथि छलफलभन्दा भ्रमण, गोष्ठी र दाताको सहयोगका कायक्रम प्राथमिकतामा पर्दा विधेयकमाथिको छलफल ओझेलमा परेको हो।

प्रदेश सभाको उद्योग, वाणिज्य तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले समितिमा दफावार छलफलका लागि आएका विधेयकमाथिको छलफल यही चैत १७ र १८ गते गर्ने गरी तय गरिएको जानकारी दिनुभयो। उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री सुकमाया तामाङले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन, २०७६ संशोधन गर्न बनेको विधेयक प्रदेश सभाको उद्योग, वाणिज्य तथा वातावरण समितिमा दफावार छलफलका लागि आएको छ।

समितिमा आएका विधेयकमाथिको छलफलमा ढिलाइ किन भएको भन्ने प्रश्नमा सभापति श्रेष्ठले भन्नुभयो, "चैत १० र ११ गते महिला प्रदेश सभा सदस्यका लागि तालिम र १५ गते समाजवादी मोर्चाको काठमाडौँ केन्द्रित कार्यक्रमका कारण विधेयकमाथिको छलफल पर सरेको हो। उहाँले दुई दिन छलफल गरेर दुवै विधेयक प्रतिवेदनसहित प्रदेश सभामा पेस गरिने बताउनुभयो। यस्तै शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा दफावार छलफलका लागि प्रदेश सभाले सर्वसम्मतिले स्वीकृति प्रदान गरी पठाइएको दुई वटा विधेयकमाथि समितिमा आएको डेढ महिनापछि बल्ल बुधबारबाट छलफल सुरु भएको छ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक र कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठले प्रदेश कृषि विकाससम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा सैद्धान्तिक छलफलपछि समितिमा दफावार छलफलका लागि आएको हो।

समिति सचिव हेमा न्यौपानेले ती विधेयकमाथि छलफल गर्ने तय भए अनुसार प्रदेश कृषि विकाससम्बन्धी व्यवस्था गर्न बनेको विधेयकमाथि बुधबार छलफल गरिएको छ। समितिले प्रतिवेदन तयार गर्न निर्देशनसमेत दिएको जानकारी उहाँले दिनुभयो। उहाँका अनुसार बिहीबार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमाथि छलफल भएको छ। दुवै विधेयकको प्रतिवेदन तयार भएपछि प्रदेश सभामा पेस गरिने उहाँले बताउनुभयो। प्रदेश कृषि विकाससम्बन्धीमा व्यवस्था गर्न बनेको विधेयक यसअघि बागमती प्रदेशका प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले पुनर्विचार हुन आवश्यक रहेको सन्देशसहित फिर्ता पठाउनुभएको थियो। गत माघ २६ गते नै प्रदेश सभा बैठकबाट स्वीकृत भएको प्रदेश खेलकुद विकास ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेको छ।

# कृषि क्षेत्रको प्रगति न्यून

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, चैत १४ गते*

बागमती प्रदेशका कृषिमन्त्री प्रकाश श्रेष्ठले कृषि क्षेत्रको समग्र विकास उपलब्धिमूलक नरहेको बताउनुभएको छ ।

कृषि विकास निर्देशनालय हेटौँडामा आयोजित अर्धवार्षिक समीक्षा गोष्ठी कार्यक्रममा कृषिको उपलब्धि न्यून भएको बताउनुभएको हो। उहाँले भन्नुभयो, "बागमती प्रदेश सरकारले कृषि क्षेत्रको विकास व्यावसायिक प्रवर्धनका साथै रोजगारसँग जोडिएर उत्पादन वृद्धि गर्ने र निर्यातलाई व्यावसायिक रूपमा प्रवर्धन गर्ने अपेक्षा गरिएकोमा सन्तोषजनक देखिएको छैन।"

सूचना प्रकाशित भएका र सम्झौता भएर कार्यान्वयन गर्न बाँकी कार्यक्रमलाई योजनाबद्ध ढङ्गले सम्पादन गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो। चालु आर्थिक वर्षको अन्त्यसम्म कार्यसम्पादनलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनसमेत उहाँले सरोकारवालालाई निर्देशन दिनुभएको छ ।

"आगामी आवदेखि बजेट कार्यान्वयनदेखि लिएर लक्षित वर्गसम्म कृषि मन्त्रालयको सेवा प्रवाहलाई व्यवस्थापन गर्ने छौँ। पुँजीगत खर्चको सीमा बढाउँदै, चालु बजेटलाई व्यवस्थित रूपमा खर्च गर्ने संरचनामा असमानता आएको देखिएको छ," उहाँले भन्नुभयो। आगामी आवमा प्रदेशमा थप चार वटा कृषि कार्यालय र दुई वटा पशु सेवा कार्यालयको संरचना थप्ने योजना रहेको उहाँले बताउनुभयो। मन्त्रालयले बजेट विनियोजन गरे अनुरूपको नतिजा सन्तोषजनक आएको छैन, उहाँले भन्नुभयो, "किसान वर्गीकरण, परिचयपत्र वितरण र उत्पादनमा आधारित कृषि अनुदानको व्यवस्था गर्नुपर्ने नीति चाँडै ल्याउन आवश्यक छ।"

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयको आव २०८१/८२ को अर्धवार्षिक वित्तीय प्रगति १५.५ प्रतिशत मात्र रहेको छ। आवमा चालु र पुँजीगततर्फ १८५.५ प्रतिशत खर्च भएको छ।

कार्यालयले यो अवधिमा कृषि ज्ञानरत्न प्रवर्धन कार्यक्रम, कृषि क्षेत्रमा नवप्रवर्तन कार्यक्रम, समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम, विद्युतीय प्रणालीमा आधारित लिफ्ट सिँचाइ सहयोग कार्यक्रम, कलमी चिउरी बगैँचा स्थापना कार्यक्रम, 'एक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल कारखाना स्थापना' लगायतका कार्यक्रम आयोजना गरेको छ ।

समीक्षा गोष्ठी कार्यक्रममा निर्देशनालयमा तह तहका पशुपन्छी तथा मत्स्य विकास निर्देशनाल, कृषि तालिम केन्द्र भण्डारा, प्रदेश दुग्ध विकास बोर्ड, प्रदेश बिउबिजन गुणस्तर नियन्त्रण केन्द्र कार्यालयले प्रस्तुतीकरण राखेका थिए। समीक्षा गोष्ठी निर्देशनालयका निर्देशक सुधीर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको थियो।

## नेपाल विद्युत प्राधिकरण
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**मधेश प्रदेश, प्रादेशिक कार्यालय, जनकपुर**

### सिलबन्दी दरभाउपत्र/बोलपत्र आह्वान सम्बन्धी सूचनाहरू

(सूचना प्रकाशित मिति २०८१/१२/१५)

१. **धनुषाधाम वितरण केन्द्र** (**Email: dhanusadham@nea.org.np**, **फोन नं.** ९८५४०२३०५६)

| S.No. | Tender/SQ No. | Description of Works |
|---|---|---|
| 1 | NEA-DDDC-2081/082-01 only e-bidding | HT/LT Line Shifting & Construction work from Dhalkebar to Kamala River in Dhanusha District. |

१. **मौलापुर वितरण केन्द्र** (**Email: maulapur@nea.org.np**, **फोन नं.** ९८५५०४४४५२)

| S.No. | Tender/SQ No. | Description of Works |
|---|---|---|
| 1 | NEA/MDC/2081/082-SQ-2 | Supply & Delivery of Stationary Items. |
| 2 | NEA/MDC/2081/082-SQ-3 | Pcc, Brickwork & Truss Works. |

For Details, Please visit : **http://www.bolpatra.gov.np.**

## नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**
**सार्वजनिक खरिद अनुगमन कार्यालय**
**केशरमहल, काठमाडौँ**

### लिखित स्पष्टीकरण पेश गर्ने सूचना

(सूचना प्रकाशित मिति २०८१।१२।१५ गते)

तपसिलका निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूलाई कालो सूचीमा राख्न तपसिलका सार्वजनिक निकायहरूबाट लेखी आएकोले कालो सूचीमा राख्न नपर्ने आधार प्रमाण भए सूचना प्राप्त भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालयमा लिखित स्पष्टीकरण पेश गर्नु भनी निजहरूको ठेगानामा सूचना पठाइएकोमा निजहरू फेला नपरी पत्र फिर्ता आएकोले यो सूचना प्रकाशन गरिएको छ। तसर्थ, यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र लिखित स्पष्टीकरण पेश गर्न हुन सम्बन्धित निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूको जानकारीका लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (४क) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

**तपसिलः**

| क्र. सं. | कालो सूचीमा राख्न लेखी पठाउने सार्वजनिक निकायहरूको नाम, ठेगाना | कालो सूचीमा राख्न लेखी पठाइएका निर्माण व्यवसायी/आपूर्तिकर्ताहरूको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड यू.एन.आई शान्तिमार्ग, काठमाडौँ | श्री जालपा निर्माण सेवा एण्ड सप्लायर्स, टोखा–३, काठमाडौँ (मुख्य व्यक्तिः श्री सिताराम श्रेष्ठ) |
| २. | श्री चौदण्डीगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेल्टार, उदयपुर | श्री डि.आर.एम कन्स्ट्रक्सन एण्ड कम्पनी प्रा. लि. सुखिपुर न. पा. ८, सिराहा (मुख्य व्यक्तिः श्री धनिराम महतो) |
| ३. | श्री पर्सागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हरपुर, पर्सा | श्री शिव निर्माण सेवा, वीरगञ्ज–१६, पर्सा (मुख्य व्यक्तिः श्री अरुण कुमार झा) |
| ४. | श्री लिसंखु पाखर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अत्तरपुर, सिन्धुपाल्चोक | श्री जलेश्वरी महादेव यासवि कन्स्ट्रक्सन प्रा. लि. (मुख्य व्यक्तिः श्री सुन्दर श्रेष्ठ) |

## नेपाल आयल निगम लिमिटेडको
### ४३औँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८१।१२।१५ गते)

**आदरणीय शेयरधनी महानुभावहरू,**
निगमको मिति २०८१/१२/०४ गते बसेको सञ्चालक समितिको बैठक नं. २४१९औँ को निर्णयानुसार निगमको आर्थिक वर्ष २०८०/८१ को ४३औँ वार्षिक साधारण सभा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**सभा बस्ने मिति, समय र स्थान :**
**मिति : २०८१।१२।२९ गते शुक्रबार (अप्रिल ११, २०२५)**
**समय : अपराह्न १:०० बजे**
**स्थान : श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सभाकक्ष, सिंहदरबार, काठमाडौँ।**

**साधारण प्रस्तावहरू :**
१) **अध्यक्षज्यूको मन्तव्य र ४३औँ वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने।**
२) **लेखा परीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८०/८१ को वासलात, नाफा/नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल र पारित गर्ने।**
३) **आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षकको नियुक्ति, पारिश्रमिक एवं खर्च अनुमोदन गर्ने।**
४) **आर्थिक वर्ष २०८१/८२ को लेखा परीक्षण गर्न श्री महालेखा परीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।**
५) **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरूलाई चुक्ता पुँजीको १० (दस) प्रतिशतले हुन आउने रकम बराबरको नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृत गर्ने।**
६) **४३औँ वार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरू तथा सञ्चालकहरूको तर्फबाट एक–एक जना प्रतिनिधि तोक्ने।**
७) **विविध।**

**विशेष प्रस्ताव**
**नेपाल आयल निगम लिमिटेडको प्रवन्ध पत्र तथा नियमावलीको संशोधन कम्पनी ऐन २०६३ को दफा २१ बमोजिम स्वीकृत गर्ने सम्बन्धमा।**

## महाराजगञ्ज नर्सिङ क्याम्पस
**महाराजगञ्ज, काठमाडौँ, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८१।१२।१५**

महाराजगञ्ज नर्सिङ क्याम्पसको मिति २०८१।११।०४ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरूमध्ये देहाय बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित बोलपत्र दातालाई जानकारीको लागि यो आशयपत्रको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल गरेको रकम रु. (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| १ | MNC/SQ/WORKS/ 2081-82/01 | Construction of Guard House with Toilet behind Academic Building | Jambadevi Metal & Construction Pvt. Ltd. | ८,२४,२७३।४१ |
| २ | MNC/SQ/WORKS/ 2081-82/02 | Construction of Guard House behind Hostel Building | Malikarjun Construction | ७,२२,७७२।८६ |
| ३ | MMC/NCB/WORKS/ 2081-82/01 | Exterior Color Work of Hostel Building | Royal Bling Construction Pvt. Ltd. | १४,२१,४८३।- |

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको
### प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।१२।१५)

यस कम्पनीमा रिक्त हुने प्रमुख कार्यकारी अधिकृत कम्पनीको नियमावली, २०६८ बमोजिम खुला प्रतिस्पर्धाद्वारा पूर्ति गर्नुपर्ने भएकोले देहायका शैक्षिक योग्यता, उमेर र अनुभव हासिल गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाडौँमा तोकिएको ढाँचामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. **न्यूनतम शैक्षिक योग्यता र कार्य अनुभव :**
   (क) मान्यता प्राप्त विश्वविद्यालयबाट जनप्रशासन वा व्यवस्थापन वा व्यापार वा वित्त वा अर्थशास्त्र वा इन्जिनियरिङ वा कानूनमा वाणिज्य वा कम्पनी कानून विषय लिई प्रथम श्रेणीमा स्नातकोत्तर गरेको र बैंकिङ वा वित्तीय वा कोष व्यवस्थापन वा इन्जिनियरिङका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय वा वरिष्ठ प्रबन्धक तहमा वा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको, वा
   (ख) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रथम श्रेणीमा स्नातक उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरेको र नेपाल सरकारको वा सङ्गठित संस्थाको अधिकृत स्तरको पदमा चार्टर्ड एकाउन्टेन्सी सम्बन्धी काममा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको।
२. **उमेर** : दरखास्त दिने अन्तिम मितिमा पैँतीस वर्ष उमेर पूरा भएको र पचपन्न वर्ष ननाघेको।
३. **दरखास्त दस्तुर** : उम्मेदवारले दरखास्तसाथ दरखास्त दस्तुर बापत रु. २,५०० (दुई हजार पाँच सय मात्र) कम्पनीको एभरेस्ट बैंक लिमिटेड, सिंहदरबार शाखामा रहेको खाता नं. ००१००१०५२०१०९८ मा बुझाएको भौचर पेश गर्नुपर्नेछ।
४. **अयोग्यता** : उम्मेदवारको अयोग्यता प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ।
५. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरू :**
   (क) **कागजातः** नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र व्यावसायिक कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरूको प्रत्येक पानामा उम्मेदवार आफैँले सक्कल बमोजिम नक्कल ठीक छ भनी प्रमाणित गरी प्रतिलिपि पेश गर्नुपर्नेछ।
   (ख) **विवरणः** शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाइल नम्बर, घर र कार्यालय भए सोको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (बायोडेटा), सूचनाको बुँदा नं. ४ मा उल्लेख भए बमोजिम कुनै पनि अयोग्यता आफूमा नरहेको भनी उम्मेदवार स्वयंले घोषणा गरी हस्ताक्षर गरेको स्वघोषणा कागज।
६. **व्यावसायिक कार्ययोजना :**
   (क) उम्मेदवारले आफ्नो दरखास्त साथ प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी कार्यविधि, २०७७ को दफा ५ बमोजिम तयार गरिएको कम्पनीको व्यावसायिक रणनीति सहितको कार्ययोजना (Business Plan) नेपाली वा अङ्ग्रेजी भाषामा तयार गरी सोको तीन प्रति अलग अलग खाममा सिलबन्दी गरी बन्द बन्दमा सहीछाप गरी पेश गर्नुपर्नेछ।
   (ख) व्यावसायिक कार्ययोजना अङ्ग्रेजी टाईम्स न्यू रोमन फन्ट भए दश वा नेपाली युनिकोड फन्ट भए बाह्र साइजमा तयार गर्नुपर्नेछ। व्यावसायिक कार्ययोजनाको प्रत्येक प्रतिको कभरपृष्ठ पछिको पहिलो पृष्ठमा उम्मेदवारको नाम, थर, ठेगाना मात्र लेखी अन्य कुनै पनि पृष्ठमा आफ्नो पहिचान खुल्ने अक्षर, अङ्क वा सङ्केत कुनै कुरा लेख्नुहुँदैन। त्यसरी लेखेको पाइएमा त्यस्तो कार्ययोजना मूल्याङ्कनमा समावेश गरिनेछैन।
७. **दरखास्त स्वीकृत नगरिनेः** सूचनाको बुँदा नं. ५ बमोजिम पेश गर्नुपर्ने कागजातमध्ये कुनै कागजात पेश नगरेको वा रीतपूर्वक नरहेको दरखास्त स्वीकृत गरिनेछैन।
८. **छनोट प्रक्रिया** : प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७७ को दफा ६ मा उल्लिखित अङ्क भारलाई छनोटको आधार मानिनेछ। यसका लागि सोही कार्यविधिको दफा ७ अनुसारको प्रक्रिया अवलम्बन गरिनेछ।
९. **पदावधि** : प्रमुख कार्यकारी अधिकृतको पदावधि निजसँग गरिने कार्यसम्पादन सम्झौताको अधीनमा रही बढीमा चार वर्षको हुनेछ।
१०. **कार्यक्षेत्रगत शर्तहरू** : प्रमुख कार्यकारी अधिकृतको कार्यक्षेत्रगत शर्तहरू कम्पनीको नियमावली, प्रबन्ध पत्र, कम्पनी सञ्चालनका नीतिगत आधारहरू तथा कम्पनीको विभिन्न विनियमावली र नियुक्ति पश्चात् निजसँग गरिने कार्यसम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ। अन्य कार्यक्षेत्रगत शर्तहरू सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ।
११. **पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू** : प्रमुख कार्यकारी अधिकृतले पाउने मासिक पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू कम्पनीको प्रचलित नीति, नियम तथा र कार्यसम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
१२. "प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७७" र दरखास्त फारामको ढाँचा कम्पनीको वेबसाइट www.hidcl.org.np बाट डाउनलोड गर्न सकिनेछ।
१३. यस सम्बन्धी थप जानकारी आवश्यक भएमा कम्पनीको फोन न. ०१–४५९५०१६/१७/१८ मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख कार्यकारी अधिकृत छनोट समिति**
**हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड**

जसको जस्तो भावना हुन्छ,
त्यस्तै सिद्धि प्राप्त हुन्छ।
- भगवान् श्रीकृष्ण



## सम्पादकीय

# जापानी सहयोगको अपेक्षा

**लामो समयसम्म गरिबीको चपेटामा परेको नेपाल स्तरोन्नतिको गृहकार्यमा जुटेको छ। आगामी वर्ष सन् २०२६ देखि नेपाल अति कम विकसित मुलुक (एलडिसी) बाट विकासशील मुलुकमा स्तरोन्नति हुँदै छ। यो नेपालका लागि अवसर र चुनौती दुवै हो। विकासशील मुलुकमा स्तरोन्नति भएपछि अति कम विकसित मुलुकका रूपमा पाउँदै आएको कोटा र भन्सार सुविधामा केही कमी आउने छ भने अन्तर्राष्ट्रिय सहयोगका नयाँ विकल्प खुला हुने छन्। नयाँ सुविधा र अन्तर्राष्ट्रिय आर्थिक तथा प्राविधिक सहयोगका लागि भने अथक प्रयास गर्नुपर्ने हुन्छ।**

**यसै सन्दर्भमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपालको विकासको प्राथमिकता क्षेत्रमा जापानी लगानी आकर्षित गर्ने ठुलो सम्भावना रहेको बताउनुभएको छ। मन्त्री गुरुङसँग नेपालका लागि जापानका राजदूत तोरु मायदाले बुधबार गर्नुभएको शिष्टाचार भेटमा नेपालमा लगानी गर्न जापानका लगानीकर्तालाई थप प्रोत्साहन गर्न अनुरोध गर्नुभएको हो। उहाँले सन् २०२६ देखि नेपाल अतिकम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति भएपछि पनि नेपालले जापानबाट थप विकास सहायता प्राप्त गर्ने विश्वास लिनुभएको छ। नेपालमा जापानले गरेको निःस्वार्थ आर्थिक, सामाजिक, प्राविधिक र विकासका सहयोग प्रशंसनीय रहँदै आएको छ। नेपालले पूर्वाधार विकास, औद्योगिक विकास, कृषि, जलविद्युत्लगायत धेरै क्षेत्रमा जापानको अनुभव, ज्ञान, सिप र प्रविधिबाट लाभान्वित हुन चाहेको छ। नेपाल र जापानबिचको जनस्तरको सम्बन्ध पनि अत्यन्त सुमधुर छ। जापानमा नेपाली समुदायको उपस्थिति हुनु द्विपक्षीय सम्बन्धको उल्लेखनीय पक्ष हो। नेपालका लागि जापानी राजदूत तोरुले नेपाल विकासशील मुलुकमा स्तरोन्नति भएपछि पनि जापानी सहयोगमा कमी नआउने विश्वास दिलाउनुभएको छ।**

**नेपाल सरकारले मुलुकलाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्न आन्तरिक र बाह्य गृहकार्य गर्दै आएको छ। यसका लागि सरकारले संसदीय अध्ययनसमेत गराएको छ। हाल मुलुकमा करिब २० वटा कानुनका व्यवस्था संशोधन र खारेजी आवश्यक रहेको संसदीय अध्ययनले देखाएको छ। राष्ट्रिय सभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको दिगो विकास उपसमितिले पाँच कानुनका केही व्यवस्था खारेज र १४ वटा कानुनमा संशोधन आवश्यक रहेको औँल्याएको छ। सांसद डा. अञ्जान शाक्य नेतृत्वको उपसमितिले यससम्बन्धी अध्ययन गरेको हो।**

**उपसमितिले स्तरोन्नतिका लागि खारेजी र संशोधनसँगै नयाँ कानुन तर्जुमा हुनुपर्ने विषयलाई पनि पहिचान गरेको छ। अध्ययन प्रतिवेदन अनुसार उपसमितिले विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१; क्षतिपूर्ति ऐन, २०१९; कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२; नेपाल एजेन्सी ऐन, २०१४ र पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२ का केही व्यवस्था खारेज गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरेको छ। यस्तै १४ वटा कानुन संशोधनको सुझाव उपसमितिले दिएको छ। विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, सार्वजनिक–निजी साझेदारी तथा लगानी ऐन, सार्वजनिक–निजी साझेदारी तथा लगानी नियमावली, नेपाल राष्ट्र बैङ्क विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावलीका व्यवस्था संशोधन गर्नुपर्ने भएको छ।**

**यस्तै औद्योगिक व्यवसाय ऐन, औद्योगिक व्यवसाय नियमावली, विशेष आर्थिक क्षेत्र ऐन, राजस्व न्यायाधीकरण ऐन, राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, मूल्य अभिवृद्धि कर ऐन, मूल्य अभिवृद्धि कर नियमावली, आयकर ऐन, कम्पनी ऐन र भूमिसम्बन्धी ऐनका विभिन्न व्यवस्था संशोधनको आवश्यकता रहेको प्रतिवेदनमा उल्लेख छ। उपसमितिले स्तरोन्नतिका सकारात्मक र नकारात्मक दुवै पक्षको विश्लेषण गरेको छ। स्तरोन्नतिले मुलुकको साख र अन्तर्राष्ट्रिय छविमा सुधार हुने, वैदेशिक लगानी बढाउने र कूटनीतिक प्रभावसमेत बलियो हुने विश्लेषण गरेको छ। एलडिसीबाट स्तरोन्नति भएपछि विशिष्ट सुविधा गुम्ने, विदेशी सहायता कमी हुने, एलडिसीका रूपमा पाएका ऋण तथा अनुदान कटौती भए पनि द्विपक्षीय सम्झौताबाट पाइरहेका अनुदानमा फरक नपर्ने प्रतिवेदनमा उल्लेख छ। अतः स्तरोन्नतिले नेपालको इज्जत र प्रतिष्ठा बढाई आमनेपालीमा नयाँ उत्साह थप्ने भएकाले सबै मिलेर देशको विकास र समृद्धिका लागि काम गर्नु वाञ्छनीय छ।**

## १०० वर्ष अधिको

गोर्खापत्र

सम्बत १९७० साल आषाढ १७ गते सोमबार



### चार बालक.

"ट्रावंकोर टाइम्‌स" मा प्रकाश भयाको भनि बङ्गबासीको क्रोड्‌पत्र लेखत छकि, हालमा यौटी स्त्रीले एकै दिनमा चार बालक पैदा गरी. बालक भने धेरै बेर बाचेनन्, जन्मदैमर्दैगरे.

### चिन्तन

संक्लिष्ट
कर्माणामतिप्रमादंनित्यानृतं
चादृढभक्तिकं च ॥
विसृष्टरागं पटुमानिनं चा–प्येतानङ्ग
न सेवेत नराधमानङ्ग षट् ॥

क्लेशप्रद कर्म गर्नेवाला, अत्यन्त प्रमादी,
सदा झुठो बोल्ने, अस्थिर भक्ति भएको,
स्नेहरहित, आफूलाई चलाख सम्झने यी
६ प्रकारका अधम व्यक्तिको सेवा नगर्नू !

**- विदुर नीति**

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# खाँचो निर्मम समीक्षा अनि सङ्कल्प



विपुल पोखेल




लोकतन्त्र गतिशील राजनीतिक प्रणाली हो। यो गतिशीलताले उत्पन्न समस्या समाधान गर्दै अगाडि बढ्ने सामर्थ्य राख्छ। त्यसैले लोकतन्त्रको विकल्प अझ सुदृढ लोकतन्त्र हो भन्ने गरिन्छ। यो मान्यतामा संसारभरका राजनीतिकशास्त्रीका बिचमा एक मत पाइन्छ। अहिले नेपाली राजनीतिक परिदृश्य हेर्दा जुन तरलता महसुस हुन्छ, यसको सही व्यवस्थापन र निकास पनि लोकतान्त्रिक विधिबाट मात्र सम्भव छ। यो विधिभन्दा बाहिर गएर निकास खोज्न थालियो भने मुलुक अझै नराम्रोसँग समस्यामा फस्ने निश्चित छ। त्यस कारण यतिबेला लोकतान्त्रिक मूल्यहरूमाथि चर्चा, त्यसका विशेषताको विश्लेषण ती चर्चा र विश्लेषणको आधारमा टेकेर अगाडि बढ्ने विषयमा प्रतिबद्ध हुनुको विकल्प छैन। यसतर्फ अझै पनि आवश्यकता अनुसारको गाम्भीर्यता देखिएको छैन।

पृथ्वी उत्पन्न भएपछि यहाँ मानिसको उत्पत्ति भयो र उनीहरूको विकासक्रमको यात्रा सुरु भयो। मानव विकासको यात्राको हजारौँ वर्षपछिबाट उनीहरूको विकाससँगै व्यवस्थापनको विषय पनि सँगसँगै जोडिएर आउन थाल्यो। परिवारका मानिस पहिचान हुन थाले। परिवारमा बस्ने सभ्यता खोजी हुन थाल्यो। परिवारसँगै साना साना समाज निर्माण हुन थाले। सहकार्यको संस्कृति बस्न थाल्यो। साना साना समाजबिचको सम्बन्ध निर्माण हुनु थाल्यो। उनीहरूका बिचको सम्बन्धलाई कसिलो बनाउने क्रममा केही आचारसंहिता बने। एवंरीतले समाज सञ्चालनका वा भनौँ व्यवस्थापनका नियम बन्न थाले। निर्मित नियम कार्यान्वयनका शैली पनि बन्दै गए। यो ढङ्गले समाज अहिलेको अवस्थासम्म आइपुगेको छ। यो लामो अनुभवपछि नै लोकतान्त्रिक संस्कृति निर्माण हुँदै आएको हो। त्यो संस्कृतिलाई अझ उन्नत बनाउने अभिभारा नयाँ पुस्तालाई दिँदै एउटा पुस्ताले त्यसको अभ्यास गर्दै आउँदा आज हामी यहाँसम्म आइपुगेका छौँ। यो शृङ्खलाको निरन्तरता सुनिश्चित गर्ने भनेकै यसको गतिशील र उदार चरित्रले हो। लोकतन्त्रको गतिशीलताले सधैँ सापेक्षित बहसको अपेक्षा गरिरहेको हुन्छ। बहसबाटै थप परिस्कृत बन्न सकिन्छ भन्ने बलियो विश्वास लोकतन्त्रले बोकेको हुन्छ। दुःखद पक्ष हाम्रो समाजमा लोकतन्त्रका पक्षमा जति बहस हुनुपर्ने हो, त्यति हुन सकिरहेको छैन। संसद्‌देखि जनस्तरका जमघट, अझ भनौँ चियाचमेना पसलमा यस्तो बहस हुनु पर्छ भन्ने मान्यता राखिन्छ। अहिलेको इन्टरनेटको पहुँच सहज बनेको बेलामा त्यो बहस त इन्टरनेटमा आधारित प्लेटफर्ममा अझ घनीभूत रूपमा हुन सक्नुपर्ने हो। हामी दुःखका साथ भन्न पर्ने अवस्थामा छौँ कि लोकतन्त्रमाथिको बहस, लोकतान्त्रिक अभ्यासको निर्मम समीक्षा र त्यस आधारमा सुधारको बाटोमा हिँड्ने सङ्कल्पलाई निकै कमजोर बनाउँदै जाँदै छौँ।

लोकतन्त्रले अपेक्षा गर्ने यसखालको अन्तर्क्रियात्मक संस्कृति कमजोर हुँदा राज्य सञ्चालक जवाफदेही बन्न सक्दैनन्। राज्य सञ्चालक जवाफदेही नहुँदा शासक र जनताबिचको सम्बन्धमा समस्या आउँछ, आशंका, अविश्वास जाग्छ। 'शङ्काले लङ्का जलाउँछ' भन्ने भनाइ त्यसै भाष्य बनेको पक्कै हैन, राज्य सञ्चालकलाई शंका गर्ने अवस्थामा पुगेका नागरिक विरोध अझ भनौ विद्रोहमा जान्छन्। यो विषयमा सबै प्रस्ट हुन जरुरी छ। यहाँ पुग्दासम्म पनि त्यसको समाधानको खोजी भनेको लोकतन्त्रीय विधिबाट मात्रै हो। हामीले हाम्रो नेपालले अभ्यास गरेको एउटा सन्दर्भ हेरौँ, यहाँ २०४ वर्षको राजसंस्था ढल्यो। ढल्नका लागि वातावरण ०८ सालदेखि बन्दै आयो। त्यसक्रममा थुप्रैको साहदत पनि भयो। राजाको बहिर्गमन लोकतान्त्रिक विधिबाटै भयो, बिना रक्तपात राजा बिदाइ हुने अवस्थाको निर्माण गर्ने ताकत पनि लोकतन्त्रले राख्छ भन्ने कुरालाई हामी आफैँले प्रमाणित गरिदिएका छौँ। त्यस कारण लोकतन्त्रमा अन्तरनिहित त्यो बलवान् ताकत हाम्रो समुन्नतिका लागि कसरी सदुपयोग गर्न सकिन्छ भन्ने तर्फ सोच्नु आजको आवश्यकता हो।

संसद्‌को बहस लोकतन्त्रले अपेक्षा गरेको जस्तो बन्न सकेको छैन। गाली, कुण्ठा, प्रतिशोध, धाकधम्की, मभन्दा त चोर भन्ने भावको प्रकट स्वर, सङ्कीर्णता, अस्वीकार्यता, कित्ताकाटका आवाज मात्र सुनिन्छन् संसद्‌मा। लोकतन्त्रिक सभ्यताले यस्ता तुच्छ बहसलाई बेवास्ता गर्दै समुन्नत बहसको अपेक्षा गरिरहेको हुन्छ। हामी लोकतन्त्रको उच्चतम बहस र उच्चतम अभ्यासलाई प्रेरित मात्र हैन, निर्देश गन सक्ने थलोलाई त्यसरी हावामा कटि–पतङ्कका रूपमा छाडिदिएका छौँ। त्यहाँको उपस्थिति र बहसका विषयले यस्तै भन्छ। संसद् नै त्यस्तो बनाइदा समाज (सामाजिक सञ्जालसमेत) कस्तो होला ? तसर्थ समाजलाई दोष दिएर मात्र हुँदैन। सरकारलगायतका राज्य संरचना जवाफदेही बन्न छाड्दै छन्। नागरिक भावना निर्णयको आधार हुनु पर्छ। त्यो कुरा राज्य सञ्चालकको मनोविज्ञानमा हरेक क्षण जीवित रहिरहनुपर्ने हो। सरकारले एउटा कर्मचारी हटाउँदा वा राख्दासमेत प्रश्न गर्ने अवस्थामा नागरिक किन पुगे त ? त्यसको हेक्का सरोकारवालामा हुनु पर्छ। ती प्रश्नको यथोचित जवाफ दिने दक्षता राख्न सक्नु पर्छ। आफ्नो कामको प्राथमिता निर्धारण नगरेरै हिँड्दा ठेस लाग्ने मात्र होइन, गम्भीर मुद्दा ओझेलमा पर्छन्। बाटो बिराएको भनेको यिनै कुराहरूको आधारमा हो। सरकार सञ्चालनको तौरतरिकामा व्यापक हेरफेर हुन पनि आवश्यक देखियो। अलमलमा पर्दा स्वार्थसमूह हाबी हुन्छन् भन्ने हेक्का पनि हरक्षण राख्न आवश्यक पर्छ सरकार सञ्चालकले।

> नागरिकमा निराशा छ, त्यसलाई आशामा रूपान्तरणको अभियान र लोकतन्त्रमाथिको चर्चा र बहस अनि समीक्षा सँगसँगै अगाडि बढाउनु नै अहिलेको निकास हुन्छ। त्यस कार्यमा विलम्ब हुन गयो भने प्रतिक्रियावादी त्यही निराशाको आगोमा घिउ थप्न सक्रिय हुन्छन्। दन्किरहेको आगोले राम्रो नराम्रो नभने झैँ लोकतन्त्र र नागरिक अधिकार पनि भन्दैन।

लोकतन्त्र त माथि भनेको झैँ गतिशील राजनीतिक व्यवस्था हो, यसको अभ्यासको लाभ नागरिकले दिनानुदिन प्रत्यक्ष रूपमा अनुभूति गर्ने गरी आइरहनुपर्ने हो निरन्तर। असल अभ्यासको अभावमा त्यो असम्भव हुन्छ। त्यसैले राजनीतिशास्त्रीले यसलाई कला र विज्ञानको समुच्य मानेका छन्। विज्ञानले तत्काल परिणाम दिन्छ, कलाले विज्ञानलाई परिणाम दिन सक्ने बनाउँछ। हाम्रो लोकतन्त्रको अभ्यासमा कलापक्ष कमजोर देखिँदै आएको छ। यो विषयमा पनि निर्मम समीक्षा अनी सुधारको सङ्कल्प अहिलको आवश्यकता हो।

लोकतन्त्रको सुदृढ अभ्यास नै हाम्रो लक्ष्य हुनु पर्छ। लोकतन्त्रमा शासकीय स्वरूप कस्तो हुने भन्ने बहस सामान्य कुरा हो। राजतन्त्र कि लोकतन्त्र भन्ने बहसको अर्थ हुँदैन। स्वरूप जस्तो भए पनि लोकतन्त्रको अभ्यास कस्तो छ भन्ने कुरा महत्त्वपूर्ण हो। नेपालको लोकतान्त्रिक आन्दोलनले सधैँ राजालाई अबसर दिँदै आएको हो। २००७ को जनक्रान्तिले राजालाई अस्तित्वमा ल्याएकै हो, ०१७ को 'कु' पछि पनि राजासहितको प्रजातन्त्रकै माग हो, ०३६ सालमा पनि राजासहितको सुधारिएको व्यवस्थाको पक्षमा मत मागिएकै हो, ०४६ को आन्दोलनको सफलताले पनि राजालाई स्थान दिएकै हो। त्यति मात्र पनि होइन, २०६२/६३ को आन्दोलनपछि पनि विभिन्न स्वरूपका राजसंस्थाका बारेमा बहस भएकै हो। तत्कालीन सशस्त्र विद्रोही माओवादी र राजाका बिचमा सहमति भएर अगाडि बढ्ने भन्ने छलफल चल्दै गर्दा राजाले अस्वीकार गरी निरङ्कुश बनेकाले परिस्थिति बिग्रेकै हो। जनता र जनताका आन्दोलनले राजालाई लोकतन्त्रको छाताभित्र बसेर सहकार्य गरौँ भनेकै हो। त्यत्रो अवसरलाई पनि छाडेर निरङ्कुश बन्छु भनेपछि त्यस्तो निरङ्कुशतालाई लोकतन्त्रले स्वीकार गर्न सक्दैनथ्यो, अनि राजसंस्था सकियो। अब त्यो बहसको विषय नै रहेन। त्यो विषयलाई इतिहासको अध्ययनको विषयमा सीमित राखिदिएर लोकतन्त्र धेरै अगाडि बढिसकेको छ।

फेरि अहिलेको संविधान भनेको सहमतिको दस्ताबेज हो। युद्धमा परेको देशलाई मौलिक प्रयासद्वारा शान्तिपूर्ण यात्रामा हिँडाउन बनाइएको संविधान हो–२०७२ को संविधान। यो संविधानको प्रतिकूलको कुरा गर्दा, संविधानलाई कमजोर बनाउँदा एउटा मूल शक्ति फेरि पनि हिंसामा जान्छ, त्यतिबेला अहिले राजा चाहियो भन्नेहरू विलुप्त हुन्छन् र गाउँघर हिंसाले आक्रान्त हुन्छ। यस्तो बाटोमा हिँड्ने कुरा उचित पनि होइन, सम्भव पनि छैन। यति मात्र भनेर अहिलेको तरल राजनीतिक अवस्थाले निश्चित आकार लिएर स्थिर बन्छ भन्ने पनि छैन। त्यसका लागि शासकीय सुधार, लोकतन्त्रको असल अभ्यासको मार्ग प्रशस्त हुन आवश्यक छ। यो मार्ग पहिचान गर्ने सर्तमा राजनीतिक शक्तिले आफूभित्र निर्मम समीक्षासमेत गर्न सक्नु पर्छ, राजनीतिक कार्यभार हस्तान्तरणको तहसम्म पुग्ने गरी लोकतन्त्रलाई सघाउन प्रतिबद्ध हुन सक्नु पर्छ।

नेपालको सन्दर्भमा कुरा गर्दा त, नेपाली कांग्रेस, जसले आफूलाई लोकतन्त्रको बलियो र एक मात्र पक्षधर शक्ति ठान्छ, उसले लोकतन्त्र बलियो बनाउने अभियानको अग्रसरता लिन आवश्यक छ। नागरिकमा निराशा देखिएको छ, त्यसलाई आशामा रूपान्तरणको अभियान र लोकतन्त्रमाथिको चर्चा र बहस अनि समीक्षा सँगसँगै अगाडि बढाउनु नै अहिलेको निकास हुन्छ। त्यस कार्यमा विलम्ब हुनगयो भने प्रतिक्रियावादी त्यही निराशाको आगोमा घिउ थप्न सक्रिय हुन्छन्। दन्किरहेको आगोले राम्रो नराम्रो नभनेको झैँ लोकतन्त्र र नागरिक अधिकार पनि भन्दैन। त्यतिबेला हात लाग्ने भनेको भद्रगोल हो, अराजकता हो। तसर्थ लोकतन्त्रको मार्ग पछ्याउन सक्ने जनमत निर्माणका लागि पनि यतिबेला चर्चा परिचर्चा जरुरी हुन्छ। यसको सुरुवात संसद्‌बाटै हुनु पर्छ। संसद्‌लाई असंसदीय बहसबाट जोगाउन, लोकतान्त्रिक सभ्यतायुक्त बनाउनतर्फ सरोकारवाला गम्भीर बनुन्।

# नसर्ने रोगका कारक मदिरा



अर्जुन पौडेल

मदिरा र मदिराजन्य पेय पदार्थमा इथानोल नामक रसायन हुन्छ, जसमा निर्भरता बढाउने गुणहरू हुनुका साथै त्यो एक साइकोएक्टिभ र विषाक्त पदार्थ हो। शताब्दीयौँदेखि धेरै समाज तथा संस्कृतिमा रक्सीको प्रयोग गरिँदैआएको छ तर यसको अत्यन्त न्यून प्रयोगले पनि भयानक स्वास्थ्य जोखिम र हानि निम्त्याउँछ। नसर्ने रोगको मुख्य चार कारक तत्त्वमध्ये मदिराको सेवन एक मुख्य कारकको रूपमा रहेको छ। अमेरिकाको प्रतिष्ठित संस्था सेन्टर फर डिजिज कन्ट्रोल (सिडिसी) का अनुसार रक्सीको सेवनले क्यान्सर, उच्च रक्तचाप तथा मुटुरोगहरू, पक्षघात, कलेजोको रोग, पेट रोग, डिप्रेसन तथा मानसिक रोग निम्त्याउनुका साथै दुर्घटनाबाट हुने चोटपटक एवं मृत्यु, सामाजिक तथा पारिवारिक सम्बन्धमा खटपट जस्ता समस्या सिर्जना गर्ने जनाएको छ।

एडिक्सन नामक वैज्ञानिक जर्नलमा प्रकाशित लेख अनुसार रक्सी सेवन एक्लैको कारणले नसर्ने रोगबाट विश्वमा हुने कुल मृत्युको चार प्रतिशत हिस्सा ओगट्ने जनाएको छ भने बिएमसी पब्लिक हेल्थ नामक जर्नलमा सन् २०१५ मा प्रकाशित लेखले रक्सी सेवन नगर्नेको दाँजोमा सेवन गर्नेमा नसर्ने रोग लाग्ने सम्भावना कम्तीमा दुई गुणा बढी हुने देखाएको छ। विश्वभर गरिएको अनुसन्धान 'बर्डेन अफ डिजिज' को प्रतिवेदन २०१९ का अनुसार पछिल्ला केही दशकमा नेपालमा नसर्नेरोगबाट हुने मृत्युदर भयावह तवरले बढेको देखिन्छ। सन् १९९० मा नेपालमा नसर्ने रोगका कारण हुने मृत्युदर ३१.३ प्रतिशत रहेकोमा सन् २००० मा उक्त दर बढेर ४३.२ प्रतिशत पुगेको थियो भने सन् २०१० मा ५९.१ प्रतिशत हुँदै सन् २०१९ मा आइपुग्दा ७१.१ प्रतिशत मृत्युको कारण नसर्ने रोग हुन गएको छ।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार विश्वमा करिब ४० करोड पन्ध्र वर्षमाथिका वयस्कले रक्सी सेवन गर्छन्। जसमध्ये लगभग २१ करोड (विश्वका चार प्रतिशत वयस्क जनसङ्ख्या) वयस्क मानिस रक्सीको कुलतमा फसेका छन्। नेपालमा सन् २०१९ मा गरिएको स्टेप सर्भे अनुसार २४ प्रतिशत मानिसले रक्सी सेवन गर्दथे जसमा सबैभन्दा बढी न्यून आय भएका (३० प्रतिशत) ले सेवन गरेका थिए। अझ उक्त सर्भेको मननयोग्य पक्ष त के छ भने रक्सी सेवन कर्तामध्ये करिब ५१ प्रतिशतले घर पालुवा रक्सी सेवन गर्दथे जबकि बियर, वाइन, भोड्का खाने २३ प्रतिशत मात्र थिए।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्‌ले सन् २०१३ मा गरेको स्टेप्स सर्भे अनुसार २८ प्रतिशत पुरुष तथा ७.१ प्रतिशत महिलाले रक्सी सेवन गर्ने गरेकोमा सन् २०१९ मा आइपुग्दा उक्त दर बढेर ३४.४ प्रतिशत पुरुष र ८.८ प्रतिशत महिलाले रक्सी सेवन गरेको पाइयो। अझ सन् २०२२ मा गरिएको नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण अनुसार मदिरा सेवनकर्ताको दरमा फराकिलो बढोत्तरी हुँदै ४२ प्रतिशत पुरुष र ११ प्रतिशत महिलाले रक्सी सेवन गर्ने गरेको तथ्य रहेको छ। उक्त तथ्यलाई केलाउँदा गत नौ वर्षको अन्तरालमा रक्सी सेवन गर्ने पुरुषको दरमा ५० प्रतिशत र महिलाको दरमा ५४.९ प्रतिशतले बढेको डरलाग्दो तथ्य सार्वजनिक भएको छ। यी अध्ययनहरूले प्रस्टसँग नेपालमा मदिराजन्य पदार्थ सेवन गर्नेको दर दिनानुदिन बढ्दै गरेको प्रस्ट पार्छ, जसलाई पुष्टि गर्ने गरी ग्लोबल इस्टाटस रिपोर्ट अन अल्कोहल एन्ड हेल्थ २०१८ को प्रतिवेदन अनुसार नेपालमा सन् १९९० देखि २०१६ को बिचमा मदिरा सेवनको कारणले हुने मृत्युदर ३७.५ प्रतिशतले बढेको देखाएको छ।

प्राप्त तथ्याङ्क अनुसार नेपालमा अझै पनि जम्मा एक चौथाइले मात्र बजारमा पाइने मदिरा तथा मदिराजन्य पदार्थ सेवन गरेको देखिन्छ। नेपालका तीन चौथाइभन्दा बढी रक्सी सेवनकर्ताले कर कारोबारमा प्रत्यक्ष समावेश नहुने घरायसी रक्सी सेवन गरेको तथ्य रहेको छ। अर्कोतर्फ मदिरा तथा मदिराजन्य पदार्थ नेपालमा उत्पादन भई अन्य देशमा ठुलो मात्रामा निकासी नभएको अवस्थामा समेत पनि विगत वर्षमा मदिराजन्य वस्तु उत्पादन एवं वितरण गर्ने कम्पनीले नेपाल सरकारलाई सबैभन्दा बढी कर तिरेर पुरस्कृत भएको तथ्य छ। यसले नेपालमा रक्सी र रक्सीजन्य पदार्थको प्रयोग निकै भयावह अवस्थामा रहेको तथ्य उजागर गर्छ। जबकि नेपालका छिमेकी देशहरू भारत, बङ्गलादेश, पाकिस्तान, माल्दिभ्समा प्रमुख करदातामा मदिरा कम्पनी परेको देखिँदैन। अझ रोचक विषय के पनि छ भने नसर्ने रोगको प्रमुख कारक तत्त्व मानिने चुरोट उत्पादन गर्ने नेपालका चुरोट कम्पनीहरू पनि विगतदेखि नै प्रमुख करदाताभित्रै पर्छन्।

नेपालमा मदिराको उत्पादन, वितरणलाई नियमन एवं नियन्त्रण गर्न मदिरा ऐन, २०३१, तथा नियमावली, २०३३, मदिराजन्य पदार्थको प्रवर्धन एवं विज्ञापनमा रोक लगाउन जनस्वास्थ्य ऐन, २०७५ तथा राष्ट्रिय प्रसारण ऐन, २०४९, उपभोक्ता संरक्षण ऐन, २०७५, मदिरा बिक्री तथा वितरण नियामक निर्देशिका, २०६५, सेफर इनिसियटिभलगायतका नीतिगत, कानुनी तथा कार्यक्रमगत प्रयास भएका छन्। तथापि तिनीहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा मदिरा तथा मदिराजन्य उत्पादन, प्रवर्धन, विज्ञापन, वितरण, व्यापार तथा प्रयोगमा सहजता रहेकाले धेरै मानिस यसको कुलतमा परी आर्थिक, शारीरिक, मानसिक तथा सामाजिक समस्यामा परेको कारुणिक अवस्था जगजाहेर छ।

नेपालमा धेरै पहिले विसं २०३१ मा आएको मदिरा ऐन हालको अवस्थामा समयसापेक्ष नरहेको तथा अहिलेको समयमा मदिरा सेवनको रोकथाम, नियमन, विज्ञापन तथा प्रवर्धनमा प्रतिबन्ध गर्नसमेत पर्याप्त नभएको अवस्थालाई ध्यानमा राखी सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले केही वर्षदेखि मदिराजन्य पदार्थ रोकथाम तथा नियमनसम्बन्धी ऐन ल्याउन प्रयास गरे तापनि सम्भव भइनसकेको अवस्था रहेको छ। तथापि देशका केही स्थानीय तहले आफ्नो संवैधानिक अधिकार प्रयोग गर्दै आफ्नो क्षेत्रभित्र मदिराजन्य पदार्थ रोकथाम र नियमनमा कानुनी प्रबन्ध तथा व्यवहारगत अभ्यासमार्फत अनुकरणीय कार्य गर्दै आइरहेका छन्। सामाजिक सङ्घसंस्था, आमनागरिक समाज, जनस्वास्थ्य एवं उपभोक्ता हितमा काम गर्ने अधिकारकर्मीहरू, पत्रकार तथा सञ्चारकर्मीहरूले आआफ्नो क्षेत्रबाट मदिराजन्य पदार्थको खुलमखुला व्यापार, सहज पहुँच, तथा खुला सेवनमा आवश्यक रोकथाम र नियमन गरी आमनागरिकको स्वास्थ्य प्रवर्धन गर्न सार्वजनिक खबरदारीलाई सशक्त बनाउनुपर्ने आवश्यकता रहेको छ। मदिराजन्य पदार्थलाई नियन्त्रण, नियमन गरी हाल रहेको उच्च दरको मदिराजन्य पदार्थको सेवनको दरलाई घटाउनका लागि तिनै तहका सरकारले नीतिगत तथा कानुनी प्रबन्ध गर्ने, कर वृद्धि र बजार नियमन गरी सहज पहुँचमा निरुत्साहन गर्ने, समुदाय सहभागितामा आधारित सामाजिक परिचालनमार्फत स्वास्थ्य साक्षरता बढाउँदै सामाजिक व्यवहार तथा जीवनशैलीमा परिवर्तन गरी हालको प्रयोगको दरलाई नियन्त्रण गर्न सकिन्छ। साथै हाल रहेका मदिराजन्य पदार्थ सेवनकर्तालाई समेत वैज्ञानिक स्वास्थ्य परामर्श तथा भरपर्दो उपचारको सेवामार्फत सहयोग गरी कुलतबाट छुटकारा गराउन सम्बद्ध सरोकारवालाले भूमिका खेल्न सक्छन्।

अहिलेको एक्काइसौँ शताब्दीको युगमा विकासको केन्द्रमा मानव हुनु पर्छ, मानव हितबिनाको विकासको फाइदा कसलाई हुने हो ? तसर्थ नेपालमा हाल भुसको आगो जसरी फैलिरहेको नसर्ने रोगको प्रमुख कारक तत्त्वका रूपमा रहेका मदिरा तथा सुर्तीजन्य पदार्थबाट उठ्ने करले देशको सामाजिक, आर्थिक तथा भौतिक प्रगति गरी देशलाई समृद्ध गर्ने सोचलाई बदल्ने समय आएको छ। तिनै तहका सरकारले बिस्तारै उद्योग, पर्यटन, सूचना प्रविधि, व्यापार तथा रोजगारका अन्य उपायहरूको विकास एवं विस्तारमार्फत करको दायरा बढाउँदै वर्तमान समयमा मानव मृत्युको प्रमुख कारक बनेको नसर्ने रोगका प्रमुख जोखिम तत्त्वलाई नियन्त्रण, नियमन, प्रतिबन्ध तथा उच्च कर वृद्धि गरी सही तवरले रोकथाम र नियन्त्रण गर्ने अभियानको नेतृत्व लिन ढिला गर्नु हुँदैन।

# यो अशान्ति मच्चाउने बेला होइन




आज यो कार्यक्रम आयोजना गरेर बहुतै महत्त्वपूर्ण काम भएको छ। यसमा लामो समय लाग्यो। लामो समय नलाग्नुपर्ने तर लाग्यो। पीडितका पीडा यति लामो समयसम्म सम्बोधन नगरिनु किमार्थ उचित थिएन। तर समय लागि नै सक्यो। अब हामीले ऐन बनाएका छौँ। यो एउटा उपलब्धि भयो र यस ऐनबाट हामी अगाडि जान सक्छौँ भन्ने मलाई विश्वास छ।

मैले यस पटक प्रधानमन्त्री भएपछि, यो कामलाई निष्कर्षमा लैजान पहल गरेँ। यस अगाडि पनि आयोगहरू थिए, हामीले आयोगहरू माथि कामका लागि दबाब दिएका हौँ, त्यसमा म अहिले जान चाहन्नँ। आयोगहरू सफल हुन सकेनन्, दुर्भाग्यको कुरा हो। के के आइपऱ्यो आयोगहरू जानुन् तर सफल भएन। यो साह्रै नराम्रो कुरा भयो। यस पटक जुन आयोग निर्मित हुने छ अथवा हुने छन् दुई वटा आयोग टिआरसी र बेपत्तासम्बन्धी सफल हुने छन् मैले विश्वास लिएको छु।

यस क्रममा पनि ढिला भयो। दुई दुई वटा छनोट समिति हामीले बनायौँ ती छनोट समिति सफल भएनन्। किन सफल भएनन्, त्यसको पनि बेग्लै कुरा होला तर हामीले आफैँले बनाएका छनोट समितिलाई असफल हुन दिनु हुँदैन र छनोट समितिले निष्पक्ष ढङ्गले खोज्ने, सिफारिस गर्ने काम र यस सन्दर्भमा नियुक्तिको काम पनि यस कामको उद्देश्य, मर्म, यससँग नेचर मिल्ने खालका व्यक्तिहरू, कमिटमेन्ट भएका र क्षमता भएका व्यक्तिहरू खोजेर यस कामको जिम्मा दिनु पर्छ र उहाँहरूलाई पूराका पूरा सहयोग सबैतिरबाट हुनु पर्छ। सफल हुन्छ भन्ने मैले विश्वास लिएको छु। सफल बनाउनका लागि प्रधानमन्त्रीको हैसियतमा म भन्न चाहन्छु, मेरो पूराका पूरा सकारात्मक क्रियाकलाप, व्यवहार र सहयोग रहने छ। सरकारको तर्फबाट आयोगहरूलाई सफल बनाउन अर्थात् पीडितहरूलाई न्याय दिन परिपूरण दिन हामी सफल हुने छौँ।

> न्याय दिने कुरा, परिपूरण दिने कुरा र अशान्तिका कारण, अरू परिस्थितिभन्दा पनि राजनीतिक कारण थियो। त्यो राजनीतिक कारण त सम्बोधन भइसक्यो। जसले त्यो अभियान चलाएको थियो, त्यो अभियानकर्ता अब शान्ति प्रक्रियामा आइसक्नुभएको छ, मूलधारमा आइसक्नुभएको छ, मेनस्ट्रिम पोलिटिक्समा आइसक्नुभएको छ भने अब ब्ल्याङ्केट एम्नेस्टी होइन, अमानवीय, जे काम गर्नु पर्दथ्यो, जुनसुकै नाममा होस्, अमानवीय, मानवताको विरुद्धको गम्भीर अपराध गर्नेलाई कारबाही हुन्छ नै।

विगतमा नेपालले भोग्न नपर्ने अनावश्यक र अनुचित हिंसा भोग्यो। एउटा कुरामा अलिकति शङ्का लाग्छ, अहिले पनि त्यस हिंसालाई फेरि 'ग्लोरिफाइ' गर्ने कुरा, त्यसमा छुट्टी मनाउने कुरा, बाजा बजाउने, धुमधाम गर्ने कुरा किन भइराखेको छ ! हामी यो बेठिक भयो भनेर शान्ति प्रक्रियामा आएका छौँ, शान्ति प्रक्रियालाई टुङ्गो लगाउने भन्दै छौँ। हामी देखिराखेका छौँ, ती क्रियाकलापले देशभरिका मान्छे 'भिक्टिम' भएका छन्। हजारौँको सङ्ख्यामा मान्छेहरूको पीडा छ, आँसु छ, हजारौँको सङ्ख्यामा ज्यान गयो, हजारौँ अङ्गभङ्ग भए, हजारौँले वैदव्य बेहोर्नु पऱ्यो, हजारौँ टुहुराटुहुरी भए, अहिले पनि अपाङ्गताको स्थिति बेहोर्नु परिराखेको छ। एउटा क्रन्दन छ, पीडा छ। त्यसमा मलम लगाउनुपर्ने ठाउँमा अहिले फेरि हामी किन ग्लोरिफाइ गरिराखेका छौँ कि त्यसलाई हामीले उधुम गरेका थियौँ, राम्रो गरेका थियौँ भनेर, यही हो राम्रो ? यस भ्रमबाट मुक्त हुनु पर्छ। आफ्नै काम पनि हिजो बेठिक भए भने हामीले बेठिक गरिएछ भनेर जनताका अगाडि आत्मालोचक भएर पेस हुन सक्नु पर्छ। त्यो एउटा राष्ट्रिय गल्ती थियो, त्रुटि थियो र असमायिक कुरा थियो। त्यसलाई सच्याउनु पर्छ र अब उप्रान्त त्यस्तो नहुने कुरा गर्नु पर्छ। अलिकति रिस उठ्यो भने फेरि फेरि जाउँ त (घुर्काउने) यस्तो खालको हुनु हुँदैन। यो कुनै चानचुने कुरा होइन, ख्याल ख्यालमा भन्ने कुरा होइन। हतियार बिसाएका हौँ, छोडेका छैनौँ यस्तो खालको कुरा (घुर्काएर) ! शान्ति प्रक्रिया मलाई यसै डर छ, विलम्ब यसै मनोदशाले पनि भएको होला सायद विगतमा। हामीले यो मनोदशा त्याग्न पर्छ। फेरि यस्तो हुँदैन। नेपालमा फेरि यस्तो हुँदैन भन्ने प्रत्याभूति दिनु पर्छ। अरूलाई पीडा भएन भने पनि पीडितलाई त तिनै दिन सम्झना आएर ऐठन हुने स्थिति हुन्छ। त्यो स्थिति नेपालमा हुन दिनु हुँदैन।

हामीले आफ्नै एउटा शान्ति प्रक्रिया आफैँले सुरु गरेका छौँ। हामी आफैँले अगाडि बढाएका छौं। कसले श्रेय लिने हो भन्ने कुरा छोड्दिऔँ। म यसलाई सफल मात्रै पार्न चाहन्छु, श्रेय जति मबाहेक अरू सबैलाई दिन चाहन्छु। मलाई श्रेयको भोक होइन, श्रेय चाहिएन। यसलाई सफल पारौँ र पीडितका घाउमा मलम लगाऔँ, उहाँहरूका आँसु पुछौँ र नेपाली जनतालाई निश्चिन्त बनाऔँ–अब नेपालमा शान्ति हुने छ, अब उप्रान्त नेपालमा यस्तो 'भ्वाइलेन्स' हुने छैन, यसरी मान्छे पीडित हुनुपर्ने छैन। आखिर यो बिचमै बस्ने (शीर्ष दल) को त कुरा होला यो। एक जना (प्रचण्ड) हिँड्नुभयो, म तल ओर्लिएँ, एक जना (शेरबहादुर देउवा) हुँदै हुनुहुन्छ। यो हाम्रैबिचको कुरा होला नि। हामीले सङ्कल्प गऱ्यौँ भने हिंसालाई रोक्न नसक्ने कुरा छैन, यसलाई टुङ्ग्याउन नसक्ने कुरा छैन, पीडितलाई न्याय दिन नसकिने कुरा छैन, सकिन्छ, सक्नु पर्छ र हामी सक्छौँ। त्यही विश्वासका साथ अहिले प्रधानमन्त्रीको हैसियतमा म लागेको छु, यो साथीहरूलाई विश्वास दिलाउन चाहन्छु। त्यसै कारण म प्रधानमन्त्री हुनेबित्तिकै लामो समयदेखि अड्किएको ऐन पास गर्न मैले सबै पक्षलाई आग्रह गरेँ।

अनावश्यक अर्गेला कुरा निकाल्ने, ननइस्युलाई इस्यु बनाउने, वातावरणलाई बिगार्ने यस्तो खालको तरिका हामीले अपनाउनु हुँदैन। हामी हरेकले वातावरणलाई सकारात्मक ढङ्गले अगाडि बढाउन योगदान गर्नु पर्छ। मेरो आग्रह छ, हामी सबैले अगाडि बढाऔँ। सम्पूर्ण नेपाली जनता यही चाहन्छन्–शान्ति होस्, द्वन्द्वका घाउ, खत मेटिउन्, पीडितले न्याय पाउन्। अब उप्रान्त यस्तो हुँदैन भन्ने कुराको प्रत्याभूति नेपाली जनताले पाउन्। यस प्रसङ्गमा नेपाली जनताको आकाङ्क्षा यही हो। यसलाई सम्बोधन गरौँ।

हामीले हिंसाको बाटो छोडिसकेका छौँ, १८ वर्ष भयो, भनिराखेका छौँ। १८ वर्षदेखि हामीले त्यो बाटो छोडेका छौँ भने, त्यो राम्रै काम गरेका थियौँ भने पनि त्यसको दुष्परिणाम देखियो, त्यसका दुष्परिणामलाई सम्बोधन गरौँ। मान्छेले भोगेका पीडा, आँसु तिनलाई पुछेर अगाडि बढौँ।

यसका निम्ति म अन्तर्राष्ट्रिय समुदायलाई धन्यवाद भन्न चाहन्छु। अन्तर्राष्ट्रिय समुदायले हामीलाई धेरै मद्दत गरेको छ र धेरै सहयोग पुऱ्याएको छ। अन्तर्राष्ट्रिय समुदायले हामीलाई घच्घच्याइरहन्छ, लौन तपाईंहरू केही गर्नुस्, अगाडि बढ्नुस्, यसलाई टुङ्ग्याउनुस् भनिरहेको छ, हामी सहयोग गर्छौं भनिरहेको छ। त्यस सहयोगलाई र त्यस भावनालाई अत्यन्तै सम्मान र प्रशंसा गर्न चाहन्छु। म भन्न चाहन्छु, परिपूरणको प्रसङ्गमा हाम्रो मात्रै बुताको कुरा अलिक हुँदैन कि, त्यस कारण म अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्न चाहन्छु, उहाँहरूले यस परिस्थितिको सिर्जना गरेको होइन, परिस्थिति यहीँ सिर्जना भयो तर यस परिस्थितिको वास्तविक अन्त्य गर्नका निम्ति उहाँहरूको साथ र सहयोग हामीलाई जरुरी छ, हामी आग्रह गर्दछौँ। हामीलाई अन्तर्राष्ट्रिय समुदायले दिल खोलेर साथ देओस्। हामी यस प्रक्रियालाई एकदमै इमानदारीका साथ अगाडि बढाउँछौँ र त्यस्तै गरेर तपाईंहरूलाई आग्रह गर्दछौँ, तपाईंहरूको साउ पाउ र तपाईंहरूले साथ दिन्छौँ भन्नुभएको छ, म त्यसका लागि धन्यवाद भन्न चाहन्छु। अब यसलाई हामीले अगाडि बढाउनु पर्ने छ।

आयोगहरू बनेपछि हाम्रो आवश्यकता के हो अथवा के हुन सक्छ भनेर हामी भन्ने छौँ र यहाँहरूसँग पनि परामर्श गरेर भन्ने छौँ। हामीले पनि विभिन्न देशका द्वन्द्व हेरेका छौँ, द्वन्द्वको व्यवस्थापन हेरेका छौँ। कहीँ सफलताका दृष्टान्त देखेका छौँ, कहीँ असफलताका, कहीँ सफल हुने प्रक्रियाका निरन्तरता देखेका छौँ र हामी कहीँबाट पनि नक्कल गर्न सक्दैनौँ। हाम्रो आफ्नो मौलिक तरिका छ र त्यही मौलिक तरिकाका साथ हामी सम्बोधन गर्छौं।

पीडितका कुरा मैले पनि सुनेको छु तर मैले कुरा त सुनेको छु, तर जबसम्म उहाँहरूका कुरालाई, पीडालाई सम्बोधन गरिँदैन तबसम्म कुरा सुनेको छु भनेर सुनेर मात्रै के हुन्छ ? मैले सुनेर के उहाँहरूको घाउ चहऱ्याउन छोड्छ ? घाउ त चऱ्याउन छोड्दैन। त्यस कारण यसको

- यस पटक बन्ने टिआरसी र बेपत्तासम्बन्धी आयोग सफल हुने छन्।
- कामको उद्देश्य, मर्म, यससँग नेचर मिल्ने खालका व्यक्ति, कमिटमेन्ट भएका र क्षमता भएका व्यक्ति खोजेर कामको जिम्मा दिनु पर्छ।
- आयोगलाई सफल बनाउन प्रधानमन्त्रीको हैसियतमा मेरो पूराका पूरा सहयोग रहने छ। सरकारको तर्फबाट आयोगहरूलाई सफल बनाउन अर्थात् पीडितलाई न्याय दिन परिपूरण दिन हामी सफल हुने छौँ।
- एउटा क्रन्दन छ, पीडा छ। त्यसमा मलम लगाउनुपर्ने ठाउँमा अहिले फेरि हामी किन ग्लोरिफाई गरिराखेका छौँ कि त्यसलाई हामीले उधुम गरेका थियौँ, राम्रो गरेका थियौँ भनेर, यही हो राम्रो ?
- हतियार बिसाएका हौँ, छोडेका छैनौँ यस्तो खालको कुरा (घुर्क्याएर) ! शान्ति प्रक्रिया मलाई यसै डर छ, विलम्ब यसै मनोदशाले पनि भएको होला सायद विगतमा। हामीले यो मनोदशा त्याग्नु पर्छ।
- अनावश्यक अर्गेला कुरा निकाल्ने, ननइस्युलाई इस्यु बनाउने, वातावरण बिगार्ने खालको तरिका हामीले अपनाउनु हुँदैन।
- सम्पूर्ण नेपाली जनता चाहन्छन्– शान्ति होस्, द्वन्द्वका घाउ, खत मेटिऊन्, पीडितले न्याय पाऊन्। अब उप्रान्त यस्तो हुँदैन भन्ने कुराको प्रत्याभूति नेपाली जनताले पाऊन्।
- शान्ति प्रक्रिया बेग्लै कुरा हो, कहीँ एउटा कर्मचारीले राम्रो काम गरेन भनेर कारबाही गरेछ सरकारले, अनि योसँग कसरी जोडिन आयो भनेको ? त्यो पनि ठुलठुला नेताबाट !
- हामीले अगाडि बढाउनुपर्ने दुई वटा कुरा छन् : पहिलो– शान्ति प्रक्रियालाई टुङ्गो लगाउने, दोस्रो– सुशासन र विकासको कामलाई अगाडि बढाउने।
- २०६५ सालमा ज्ञानेन्द्र शाहजी घर जानुभयो। ठिकै हो नि त, हामी दुई चार महिनामा दुई चार महिनामा घर फर्किने गरेका छौँ, उहाँहरू त २५० वर्षपछि घर फर्किनुभएको छ। ठुलो कुरै भएन नि।
- आज अधिनायकवादी होइन, आज लोकतान्त्रिक सरकार छ।
- आलोचनालाई स्वागत गर्छु तर वातावरण नबिथोलौँ, समाज नभाँडौँ, शान्ति प्रक्रिया नबिथोलौँ।
- हाम्रो मुख्य उद्देश्य पीडितले निर्भर, सम्मानपूर्ण, परिपूर्ण न्याय पाउनु पर्छ, दोषीले दण्ड पाउनु पर्छ।

औषधी चाहियो, उसको 'ट्रिटमेन्ट' चाहियो, यसलाई सम्बोधन गर्नु पऱ्यो, मेरो रुचि यसमा छ।

हिजो पनि मैले सुनेँ, अस्ति पनि मैले सुनेँ, शान्ति प्रक्रियामा सिफारिस समिति बनाऔँ भनेर बोलाए, सिफारिस समिति बनाएपछि फेरि एक जना कर्मचारीले ठिक काम गरेन भनेर निकाल्दिएछन्, यस्तो धोका भयो भन्ने। यो कहाँबाट जोडियो ? खेतमा पानी लगाउने कुरा र बाख्रो किनेको कुरा कहाँबाट जोडियो ? यो त अर्कै अर्कै कुरा हो त ! शान्ति प्रक्रिया बेग्लै कुरा हो, कहीँ एउटा कर्मचारीले राम्रो काम गरेन भनेर कारबाही गरेछ सरकारले, अनि योसँग कसरी जोडिन आयो भनेको ? त्यो पनि ठुलठुला नेताबाट ! म यस्ता कुरामा अल्झिनु हुँदैन भन्छु र यस्ता कुराबाट हामी माथि उठेर यस विषयलाई गम्भीरताका साथ लिनु पऱ्यो र सर्वाधिक महत्त्वका साथ यस विषयलाई लिनु पऱ्यो। अहिले नेपालमा हामीले अगाडि बढाउनुपर्ने दुई वटा कुरा छन् :

पहिलो–शान्ति प्रक्रियालाई टुङ्गो लगाउने, दोस्रो–सुशासन र विकासको कामलाई अगाडि बढाउने।

सुशासन र विकासको कामलाई अगाडि बढाउन सरकार दत्तचित्त भएर लागेको छ। ननइस्यु के र कसरी निकालेको हो ! २०६५ सालमा ज्ञानेन्द्र शाहजी घर जानुभयो। ठिकै हो नि त, हामी दुई चार महिनामा दुई चार महिनामा घर फर्किने गरेका छौँ, उहाँहरू त २५० वर्षपछि घर फर्किनुभएको छ। ठुलो कुरै भएन नि। अहिले यति वर्षपछि फेरि कहाँबाट 'ननइस्यु,' पोखराबाट आउनु भयो अरे ! कहाँको दरबार लान्छु भनेको हो ! यस्तो खालका कुरामा अब नेपालीहरू अल्झिने होइन, कुनै सेन्टिमेन्टमा जाने होइन। यस्तै कुराले जनतामा असन्तुष्टि बढ्छ। जनतालाई असन्तुष्टि बनाउने होइन, जनतालाई सन्तुष्ट बनाएर जाने हामीले बाटो लिनु पर्छ। अनि काम हुन नदिने, असन्तुष्टि बढाउने र अरू प्रकारका असन्तुष्टि बढाउनेभन्दा हामीले जनतालाई काममार्फत सेवा दिन सक्नु पर्छ। सत्तापक्ष प्रतिपक्ष कि देशमा यस्तो अवस्था कि हामीले दिगो विकास लक्ष्य पूरा गर्नुपर्ने छ।

अहिले २० प्रतिशत जनता गरिबीको रेखामुनि छन्, कसरी पूरा गर्ने होला दिगो विकास लक्ष्य ? गरिबीको प्यारामिटर हामीले कसरी सम्बोधन गर्ने होला ? हामी त्यस कुरामा केन्द्रित हुनु पर्छ। सामाजिक पीडा कसरी सम्बोधन गर्ने होला, त्यस कुरामा हामी जानु पर्छ। देशमा २० प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि छन् भने गरिबका छोराछोरी धेरै हुन्छन्, बालबालिका जो गरिबीको रेखामुनि छन्, तिनीहरूको सङ्ख्या २५/३० प्रतिशतभन्दा माथि होला। भनेको त्यति बालबालिका निरपेक्ष गरिबीको रेखामुनि भएको अभिभावकका सन्तान छन् र तिनीहरूको त्यो गरिबीको पीडा सबैभन्दा नराम्ररी गर्भमै हुँदादेखि, जन्मिनेबित्तिकैदेखि भोग्नु परेको छ। यसलाई सम्बोधन गर्नुपर्ने आजको आवश्यकता होइन ? त्यस कारण पीडितका पीडालाई सम्बोधन गरौँ र गरिबका भोकलाई सम्बोधन गरौँ।

समाजमा शान्ति स्थापना गरौँ, कसरी अशान्ति भड्काउन सकिन्छ भनेर अहिले दौडिने बेला होइन। म सबै साथीहरूलाई र देशका सबैलाई भन्न चाहन्छु, सबै राजनीतिक पार्टीहरूलाई भन्न चाहन्छु–हामी जवाफदेही बनौँ। सरकार अधिनायकवादी भयो रे, निषेधाज्ञा तोड्दा पनि अधिनायकवादी हुँदैन ? प्रहरीले लाठी खाएको छ, प्रहरीले केही गर्दैन, त्यही पनि अधिनायकवाद ? कि त हिजो अधिनायकवाद हुँदा अधिनायकवादको पक्षमा भएका कि त्यसभन्दा यता जन्मिएका अधिनायकवाद नै नदेखेका मान्छेको कुरा हो यो। आज अधिनायकवादी होइन, आज लोकतान्त्रिक सरकार छ। म सधैँ खुला छु, प्रधानमन्त्रीको हैसियतले पनि सबैका समस्या के छन्, पीडा के छन् तिनलाई सुन्नका लागि पनि र तिनलाई सम्बोधन गर्नका लागि। केही केही कुरा मैले एक्लै गर्दा नहुने, सरकारले मात्रै गर्दा नहुने पनि छन् शान्ति प्रक्रियाका जस्ता कुरा। देश निर्माण गर्ने कुरा पनि र गरिबी हटाउने कुरा पनि सरकार एक्लैको मात्रै दायित्वको कुरा होइन।

सबैको आआफ्नो खालको रचनात्मक भूमिका चाहिन्छ तर भूमिका चाहिँ रचनात्मक हुनु पर्छ। आलोचनालाई स्वागत गर्छु तर वातावरण नबिथोलौँ, समाज नभाडौँ, शान्ति प्रक्रिया नबिथोलौँ। अरू कुन कुन बाहना लिएर पनि शान्ति प्रक्रिया नबिथोलौँ। शान्ति प्रक्रियालाई सफल बनाऔँ, हामी सबैको कर्तव्य हो। १८ वर्ष भइसक्यो, इन्टरनेसनल्ली हामीलाई मुख देखाउन अप्ठ्यारो भइसक्यो। सन् २०१८ मा मैले संयुक्त राष्ट्रसङ्घमा गएर बोल्दा नेपालको शान्ति प्रक्रिया हाम्रो आफ्नै होमग्रोन, यो मौलिक प्रक्रिया हो, हामी यसलाई सफल पार्छौं भनेर भनेको थिएँ। अहिले सात वर्ष भइसक्यो। यी सात वर्षमा फेरि त्यतिबेला आयोग थिए, अहिले त आयोग पनि छैन। त्यो विन्दुमा पुगेका छौँ। हामी सिरियस हुनु पर्दैन ? त्यस कारण हामीले यो प्रगति गऱ्यौँ, यो उन्नति गऱ्यौँ, यति बिग्रिएका ठाउँमा सपायौँ भन्ने गरी हामी अगाडि बढ्नु पर्छ। त्यस कारण नेपालबाट हिंसाको अन्त्य गरिएको छ। हिंसाका घाउ सम्बोधन गर्नुपर्ने छ। फेरि त्यस्तो हिंसा नहोस्, त्यसको प्रत्याभूति गर्नुपर्ने छ। पीडितले न्याय पाएँ भन्ने एउटा अनुभूति उहाँहरूमा त्यो हुनु पर्छ र अब उप्रान्त हाम्रा सन्ततिले यस्तो भोग्नुपर्ने छैन भन्ने कुराको ग्यारेन्टी हुनु पर्छ।

अहिले हामीले आयोगका लागि सिफारिस समिति बनाएका छौँ र सिफारिस समितिले काम थालिसकेको छ। दुई महिना त्यसको समय लाग्छ। त्यसपछि हामी त्यस सिफारिसका आधारमा आयोग गठन हुन्छ र आयोगले गतिका साथ काम अगाडि लाने छ। न्याय दिने कुरा, परिपूरण दिने कुरा र अशान्तिका कारण, अरू परिस्थितिभन्दा पनि राजनीतिक कारण थियो। त्यो राजनीतिक कारण त सम्बोधन भइसक्यो। जसले त्यो अभियान चलाएको थियो, त्यो अभियानकर्ता अब शान्ति प्रक्रियामा आइसक्नुभएको छ, मूलधारमा आइसक्नुभएको छ, मेनस्ट्रिम पोलिटिक्समा आइसक्नुभएको छ भने अब ब्ल्याङ्केट एम्नेस्टी होइन, अमानवीय, जे काम गर्नु पर्दथ्यो, जुनसुकै नाममा होस्, अमानवीय, मानवताको विरुद्धको गम्भीर अपराध गर्नेलाई कारबाही हुन्छ नै। हाम्रो सर्वोच्च अदालतले फैसला गरेर केही मार्गदर्शन गरेको छ, युएनको विश्व मानव अधिकार काउन्सिलले केही भनेको छ, केही संयुक्त राष्ट्र सङ्घले भनेको छ। गत वर्ष मात्रै संयुक्त राष्ट्रसङ्घका महासचिव आएर हाम्रो संसद्को रोष्ट्रमबाट चार वटा आधारभूत कुराहरू बोल्नुभएको छ। ती कुरालाई पनि हामीले ध्यानमा राखेका छौँ। यी सबै कुरालाई ध्यानमा राखेर न्यायपीडितलाई प्राप्त हुने गरी बिनादबाब, बिनाकरकाप सत्य निरूपण तथा मेलमिलाप भनेको छ, सत्य निरूपण गर्दा पनि दबाब र बिनाकरकाप र मेलमिलाप गर्दा पनि पीडितलाई दबाब दिएर होइन, कतिपय ठाउँमा विगतमा यस्ता कुरा पनि घटेका छन्।

बाहिरभन्दा नभनिए पनि पीडितले न्याय पाउनेभन्दा पनि थप पीडा पाउने, दबाब पाउने खालका, दबाब सहनुपर्ने खालका कुरा भएका छन्। यसले गर्दा कतिलाई साह्रै बढी मानसिक दबाब परेको छ। यी सबै कुरालाई हामीले देखेका छौँ र यी कुरालाई हामीले सम्बोधन गर्छौं/गरिनु पर्छ। मुख्य हाम्रो उद्देश्य र यस सन्दर्भमा हाम्रो मुख्य उद्देश्य मैले अघि नै भनेँ, पीडितले निर्भर, सम्मानपूर्ण, परिपूर्ण न्याय पाउनु पर्छ र दोषीले दण्ड पाउनु पर्छ। सबै दोषको कुरा हामीले द्वन्द्वकाल भनेर शान्ति प्रक्रियामार्फत कतिपय कुरालाई 'फर्गेट एन्ड फरगिभ' पनि भनेका हौँला तर सबै गम्भीर अपराधलाई फर्गेट एन्ड फरगिभ भनेर 'फरगिभ' गर्न सकिँदैन। त्यो मैले अघि नै पनि भनेँ।

यी कुराको सन्दर्भमा विभिन्न पक्षमा यहाँहरूले छलफल गर्न यो कार्यक्रम आयोजना गर्नुभएको छ। यसमा सुरुमा हामीलाई बोलाएर र सुरुमा बोल्न लगाएर हाम्रो प्रतिबद्धता पनि लिन खोज्नुभएको छ। हाम्रो प्रतिबद्धता तपाईंहरूले अलमलमा नपरीकन, त्यसलाई यता उता कुराको वरतिर परतिर सार्न नदिइकन, कुरा वरको पर परको वर सार्ने चलन हुन्छ, त्यसो गर्न नदिइकन हाम्रा 'कमिटमेन्ट'लाई तपाईंहरूले आगामी दिनमा समाउनु पर्छ, तपाईंको कमिटमेन्ट यो हो भनेर। मैले बोलेका कुरा मैसँग पनि रेकर्डेड छन्। तपाईंहरूलाई चाहियो भने कुनै पनि समय अहिले मैले बोलेका कुरा म उपलब्ध गराउँछु। तपाईंहरूले त्यसै गरी हरेकको कुरा समाउनु पर्छ र त्यसलाई भाषण गऱ्यो सिद्धियो होइन, फरदर 'एक्सन' का लागि तिनलाई प्रयोग गरिनु पर्छ। मेरो आग्रह यही हो। थिमेटिक सत्रमा बसिदिनु पर्छ भनेर आग्रह पनि गर्नुभएको थियो। 'थिमेटिक' सत्रमा बस्नुपर्ने खास एकजना मान्छे हिँडिसक्नु भयो, बस्नै पर्ने मान्छे। म फेरि सधैँ तटस्थ मान्छे हुँ किनभने द्वन्द्वको यो पक्ष पनि होइन, त्यो पक्ष पनि होइन। त्यस कारण म निष्पक्ष, तटस्थ भएको हुनाले मलाई सजिलो पनि छ। म थप बस्न नसके पनि मैले सारमा कुरा भनिसकेको छु। म यहाँहरू सबैमा शुभकामना भन्न चाहन्छु।

*(प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रिया तथा द्वन्द्वपीडितको सत्य, न्याय र परिपूरणीय अधिकारसम्बन्धी राष्ट्रिय सम्मेलनलाई बिहीबार गर्नुभएको सम्बोधनको पूर्णपाठ)*

---

# पिशाच चतुर्दशी (पाँचह्रे) पर्व



शरद श्रेष्ठ

> साधारणतया आधुनिक दृष्टिकोणबाट मनन गर्दा यो चाडलाई पहिले पहिलेका विद्वान्ले अरू चाडलाई झैँ आफ्नो कृषिप्रधान देश नेपालका जनतालाई केही दिन विश्राम गराउन दिई हरबखत काममा व्यस्त रहेको दिमागलाई विश्राम दिन यो चाड मनाउने प्रचलन राखेको पाइन्छ।

पिशाच चतुर्दशी नेवार समुदायको एक विशेष पर्व हो। यो पर्व पाँचह्रे नामले पनि प्रख्यात छ। यस पर्वलाई चैत्र कृष्ण चतुर्दशीका दिन मनाइन्छ। यो चाडको दिनमा खाइने मुख्य मुख्य वस्तुमध्ये प्रमुख लसुन भएकाले त्यसैको नामबाट यस चाडलाई 'लाउने चाड' भनी अर्को नामले पनि पुकार्छन्। काठमाडौँ उपत्यकाका निवासीमध्ये धेरैजसोले यस चाडलाई दसैँ र तिहार झैँ मनाउने गरेका छन्।

यो चाडको दिन बाल–बालिका, युवक–युवती, बुढाबुढी आदि सबैले बिहान सबेरै सूर्योदयभन्दा अघिदेखि नै उठी त्यसै बेलादेखि मध्याह्नकालसम्म ठुलो हर्षोल्लासका साथ भद्रकाली, रक्तकाली, श्वेतकाली, कङ्केश्वरी आदि आआफ्ना पीठका देवी र भैरव, गणेश आदि देवताको दर्शन, पूजन गर्न जाने गर्दछन्। दिउँसो मध्याह्नकालदेखि बेलुकी सायङ्कालसम्म आआफ्नो घरमा मानिसले आफ्ना परिवारसँग बसी विविध प्रकारका खानेकुरा खाई चाड मनाउँछन्। अनि सायङ्कालदेखि मध्यरातसम्म पनि लाग्ने मानिसमध्ये धेरैजसो घरघरबाट निस्की भद्रकाली, कङ्केश्वरी लुमडी रक्तकाली तथा अन्य देवदेवीको खटयात्राका साथ सहर परिक्रमा गरे हिँड्छन्। कोही व्यक्ति यसै चाडको बखत बजाइने बजाइने नाच खिंचा नामक बाजा बजाएर ती जात्रा गरिएका देवदेवीका खटयात्राको साथमा र त्यसै पनि डुलेर हिँड्ने गर्छन्।

बालबालिका, युवकयुवती र बुढाबुढीले सूर्यास्त भएदेखि मध्य रातसम्मको समयसम्म पनि बसेर लुकुमहाद्य नामक महादेवको एक रूपलाई जाँड, रक्सी, लसुन, मासु तथा अन्य विभिन्न प्रकारका तामसिक खाने कुरो राखी पूजा गर्छन्, रायोको सागमा र मूलाको सागमा फुल्ने लुँ बुँ, वहबुँ नामक फूल चढाउँछन्। उक्त महादेवकहाँ बालिएका बत्तीबाट उत्पन्न भएको ध्वाँसोबाट गाजल बनाई आँखामा लगाउँछन्। उक्त महादेव कहाँ बालिएका बत्तीको ध्वासोबाट बनाइएका गाजल लगाउनाले आँखाको रोग निको भई आँखा तेजिला हुन्छन् भन्ने कथन छ। त्यसकारण केटाकेटीहरूले "बाघको आँखा कानो सानो मुसाको आँखा तेजिलो" भन्ने नारालाई दोहऱ्याइ कराउँदै अनुहारै ख्याकको जस्तो देखिने गरी गाजल लाएर हिँड्ने गर्छन्।

यो दिन पूजा गरिने उक्त लुकुमहाद्य नामक शिवलिङ्ग खाल्डामा स्थापना गरी माटोले पुरेर राखेका हुन्छन् र शिवरात्रिको दिन एक दिन र यही पाँचह्रे चाडको दिन एक दिन खाल्डामा रहेका माटो झिकी उक्त लुकुमाद्यलाई पूजा गरिन्छ। त्यसपछि घरघरमा राती आधा रातसम्म आमा र बुढी बज्यैहरूले आफ्ना नातिनातिनालाई यही चाडसँग सम्बन्धित दन्त्यकथा र पौराणिक कथा सुनाउने गर्छन्। आजकल आधुनिक युगमा उपरोक्त अनुसार चाड मनाउने गरेको कमै मात्रामा देखिन्छ। यसको मुख्य कारण आजकलका युवकयुवती चाँडै विदेश पलायन हुनु हो। यस चाडको बखत जात्रा गरिने भद्रकाली, कङ्केश्वरी देवीकोबारे आमा तथा बुढी बज्यैहरूले सुनाएको कुरा अनुसार इन्द्रायणीको जात्रा पिशाच चतुर्दशीको दिनमा नभई बालाचतुर्दशीको दिनमा भएको भन्ने बारेमा यस प्रकारको कुरा सुनिन्छ। कङ्केश्वरी, भद्रकाली, श्वेतकाली, रक्तकाली, इन्द्रायणी, मैतीदेवी, टङ्केश्वरी आदि देवीका जम्मा आठ जना दिदी बहिनी छन्। जसमध्ये लुतीमरु अजिमा (इन्द्रायणी) सबभन्दा गरिब र धेरै छोराछोरी भएकी थिइन्। यही कारणले गर्दा लुतिमरु देवीले सुख पाएकी थिइनन्। एक समय यही चाडको दिन एक ठाउँमा भोज निम्तो गरेको बखत ती देवीका दिदी बहिनीमध्ये सबैलाई अनेक सम्मानका साथ स्वागत सत्कार गरेको तर इन्द्रायणी एउटीलाई गरिब भएकी हुनाले कसैले पनि एक लवजसम्म पनि बोलेन। त्यसै बखत उक्त अजिमाका केटाकेटीले भोक लाग्यो भनी कराउँदै हल्ला मचाउँदा उनीहरूलाई निम्ता गर्ने घरपतिलाई कराएको सुन्न मन नलागेकाले रिसले चुरमुरिई टाढाबाट 'लौखा' भन्दै साह्रो भइसकेका रोटी छुट्याउन लगाएछन्।

तीमध्ये एउटा रोटीले लुतिमरु अजिमाको एक जना बालकको टाउकोमा चोट लागि रगत निस्के छ। रगत जम्मै सुनमा परिणत भएछ। अपमान गरेको सहन नसकी अपशोच गर्दै भोजै नखाई फर्केपछि फेरि त्यही पहिले भोज डाक्ने व्यक्तिले पहिले झैँ सबै उपर्युक्त देवीका दिदी बहिनीलाई भोजको निम्तो गरे। त्यस बखत इन्द्रायणी देवी आफ्ना छोराछोरी जम्मैलाई अनेक गहना र पोशाक लगाउन दिई भोजको निम्तोमा गइन्। त्यसबेला भोज बोलाउने उक्त घरपतिले उनीहरूलाई खुब सम्मानपूर्वक स्वागत सत्कार गरेर भोज खुवाउन ल्याएछ। यी भोजन हामीलाई खुवाएको होइन गहना र पोसाकलाई खुवाएको हो भन्दै यसबेला पनि केही नखाई पहिले झैँ लगत्तै घर फर्केर आए। त्यसबेलादेखी इन्द्रायणी एउटीको जात्रा पिशाच चतुर्दशीको दिन नभई बाला चतुर्दशीको दिन गर्ने गरेको हो भन्ने मान्यता छ।

वंशावलीको कथन अनुसार यो चाडको बखत खटयात्रा गरिने भद्रकाली, कङ्केश्वरी, इन्द्रायणी (लुती) आदि देवीको स्थापना कलिगत ३८२५ मा राजा गुणकामदेवले 'यैँ' नाम गरिएको पहिलेको काठमाडौँ सहरको क्षेत्र बढाई कान्तिपुर सहर भनी नामकरण गरेको देश रक्षार्थ विभिन्न दिशामा स्थापना गरेको प्रमाण छ। फेरि ती देवहरूको खटयात्रा गर्ने र १२ वर्षमा एक पटक ती देवीमध्ये धेरैजसोको नाच नचाउने प्रथा राजा अमर मल्लले नेपाल संवत् ८५० मा चलाएका हुन् भन्ने प्रचलन छ।

त्यसकारण यी कुराबारे राम्रो ज्ञान प्राप्त गर्न धेरै समय लाग्छ। अहिलेलाई भूमिका मात्र भए पनि प्रस्तुत गर्नु उचित लाग्यो। साधारणतया आधुनिक दृष्टिकोणबाट मनन गर्दा यो चाडलाई पहिले पहिलेका विद्वान्ले अरू चाडलाई झैँ आफ्नो कृषिप्रधान देश नेपालका जनतालाई केही दिन आराम विश्राम गराउन दिई हरबखत काममा व्यस्त रहेको दिमागलाई विश्राम दिन यो चाड मनाउने प्रचलन राखेको पाइन्छ। यस चाडको गतिविधि हेर्दा पनि मानिसको स्वास्थ्य रक्षा र आमोद–प्रमोदका लागि नै धार्मिक तथा तान्त्रिक रङ्गमा रङ्गाई यस चाडलाई मनाउने दिइराखेका हुन् कि भन्ने भान हुन्छ। यो चाडबारे अलि गहिरिएर मनन गर्दा अनेक शिक्षाप्रद कुरा दृष्टिगोचर हुन्छ। यो चाडको बखत सफासुग्घर, लिपघस तथा नुहाउने नगर्ने व्यक्तिले पनि नुहाई धुवाई गरिने कार्यबाट स्वास्थ्य–रक्षा तथा सफा सुग्घरको कार्यमा बानी लगाउने शिक्षा ग्रहण गर्न सकिन्छ।

यी कुराका अतिरिक्त यस चाडको बखत टुँडिखेलमा र असनमा खट जुधाउने भनी क्रमैसँग बढी उमेरका देवीलाई कम उमेरका देवीले ढोगाई परिक्रमा गराउने प्रचलन पनि छ। जुनसुकै बेलामा र जहाँतहीँ पनि तल्लो दर्जाका र कम उमेरका व्यक्तिले माथिल्लो दर्जाका र बढी उमेरका व्यक्तिलाई मान मर्यादा, आदर सत्कार तथा सम्मान गर्नु पर्दो रहेछ भन्ने अनुशासन पालक विषयक व्यावहारिक ज्ञान हासिल गर्न सकिन्छ। यी कारणले गर्दा यो चाडको आफ्नै विशेषता छ। तसर्थ हामीले यो चाडलाई आफ्नो देश, काल र परिस्थिति अनुसार आफ्नो आस्थासँग मिल्ने गरी मनाउँदै जान सके संस्कृतिको संरक्षणमा टेवा पुग्ने छ।

नयाँ नेपाल

गोरखापत्र
gorkhapatraonline.com

समावेशीकरणको दिशामा एउटा फड्को : गोरखापत्रद्वारा प्रकाशित

बान्तावा भाषा पृष्ठ

# नारदमुनि थुलुङओ नङ्दा छाप्लाहान टिकट



नारदमनि थुलुङओ नङ्दा छाप्लाहान टिकट लोन्मा लिसायुङ्सा। हुलाक सेवा विभागआ खाराओ हाक्यि २७ लेन्टा मो १० कायाङ्ओ टिकट लोन्मा लिसाओ युङाङा।

सावानाम कि यङ्थङ लाम हाङ्युङ्लाओ हाङ्यङ्मि पृथ्विसुब्बा गुरुङ, हाङ्युङ्लाओ छाप्कामि राधिका अर्याल कि विभागओ महानिर्देसक मनमाया भट्टराइआ मो टिकटादा टाँचा ढाप्मा लिसाओ युङाङा। मो योक्दा थुलुङनेन चिनियाँलाल सिंहओ नङ्दा छाङ टिकटा लोन्मा लिसाओ युङाङा। हवाङ्माङ्ओ नङ्दा ५/५ सुपि कातेत टिकटा लोन्मा लिसाओ दुम मो टाँचा ढाप्मा लेन्टा खा एत्मा लिसाओ युङाङा। मो बुया हुलाक टिकट लोन्मा निकि दोङ २०८१ हाक्यि १५ लेन्टा सावानाम कि यङ्थङ लाम हाङ्युङ्लाआ अछङ मुओ युङाङा।

यलाखोमओ बबरमहलदा लिसाओ टाँचा ढाप्मा काचिपेनदा हाङ्यङ्मि पृथ्विसुब्बा गुरुङआ नारदमुनि, चिनियाँलाल सिंह वाको टोप्पाङ्चिओ नङ्दा टिकट लोन्मायु काचिआ इदेङ ङा नुछाङ खोचिओ कि खिम्पाङ्चिओ माना मेत्मा लिसाओ दुम खा लुमा लिसाओ युङाङा। मो योक्दा छुइमिपा हेमराज राइआ छाङ नारदमुनिओ दुमदा आप्पिओ मिचिनङ खा लुमा लिसाओ युङाङा। हेमराज नारदमुनिओ छोक्छा युङ्याङ। मो योक्दा नारदमुनि थुलुङ मित्मायु परिसद्दाङ्का युवराज राइ कि थुलुङओ सिम्मा मेछाछा छा सुधा थुलुङआ चेप्मायु लिसाओ युङाङा।

नारदमुनि थुलुङओ पुक्खा भोजपुराओ नउलेगाउँ छिनामखु (आइमित टेम्के मइयुङ २) दा दोङ १९६५ हाक्युङ २७ लेन्टा लिसाओ युङाङा। खोसाआ डिएभि तायाखिम देहरादुन भारतदा सन् १९१६ दाङ्का १९२१ तारि बुसित ताया कि सन् १९२१ दाङ्का १९२४ तारि सरस्वति हाइस्कुल दरभङ्गा भारतदा धाउ छान ताया खिप्टाओ युङाङा। खो सन् १९२५ दाङ्का १९३० कि १९३४ दाङ्का १९४६ तारि ह्वा खेपि बेलायति गोरखादा भोर्तिवाले लिसाओ युङाङा।

थुलुङआ दोङ २००४ दा भोजपुरादा उदय प्राइमरि तायाखिम एम्मा लिसाओ युङाङा। दोङ २००८ दा भोजपुराओ तक्सारदा विद्योदय तायाखिम एम्मा लिसाओ युङाङा। आइमित मो तायाखिम्चि विद्योदय तायाखिमदा ङा चोक्टाचि कि चिन्मायु काचि लियाङ्ओ युङ्याङ। नारदमुनि थुलुङआ दोङ २०२६ दा उदयपुराओ बसाहादा नारद आदर्स हाइस्कुल एम्मा लिसाओ युङाङा। भोजपुरा कि उदयपुरादा थुलुङआ नुत्नुवा कि तायाकाचिदा बड्ढे काचि मुवाओसा उदयपुराओ बसाहा कि भोजपुराओ खिइन्लादा खोसोओ मान्चेप्लुङ एम्मा लिसाओ युङ्याङ।

खो दोङ २००७ दा लिसाओ हाङ्छामिखालोङ लिसाङा हेदा हाङ्छामिचिओ लाम्पा बुसित मुसा हाङ्छाकान तात्मादा फामा लिसाओ युङाङा। मो योक्दा रामप्रसाद राइ कि नारदमनि थुलुङ मतोङाकि भोजपुरा रानाचिओ छुकदाङ्का हाङ्छामिचिओ छुकदा हाङ्काचिहाङ तात्मा लिसाओ युङाङा। दोङ २००७ चासुम्ला २४ लेन्टा ह मान्धान्माङ हाङ्छामिखालोङ मुमादा खोचिओ अचु छुक याआङा। नारदमुनि थुलुङ दोङ २००८ दाङ्का २०११ तारि हाङ्कोपओ हाङ्यङ्मि छाङ मलिसाओ युङ्याङ। खो दोङ २००८ दा यायोक्काप्मि सभा सालुम्सङ मलिसाओ युङाङा। खो दोङ २०१९ दाङ्का २०४७ तारि राजसभा सालुम्सङ मलिसाओ युङाङा। खो दोङ २०४७ नाङ्चुङ २२ लेन्टा म्स्वादाओ याआङा।

**नारदमुनि थुलुङ मित्मायुदा परिसद्दा युवराज**

नारदमनि थुलुङ मित्मायु परिसद्ओ तुकाउ हाङ्होन टुप्खालादाङ्का ढुवाटाङदा युवराज राइ छेन्मा मलिसायुङ्सा। नाङ्चुङ १६ लेन्टा यलाखोमदा लिसाओ मो टुप्खालादाङ्का चुक ढुवाटाङदा मुगा बान्तावा, ढिछाप्कामिदा नविनकुमार राइ, छाप्कामिदा जयन्ति राइ कि छेन्बिहाङ्मादा वेदना राइ मलिसायुङ्सा। सालुम्सङ्चिदा पुरन्जन मुकारुङ राइ, केदार केसि, छबि मगर, ग्यानमनि अधिकारि, बलराम राइ, चन्द्रविक्रम राइ, थामानसिं राइ, सहरमान तामाङ, सुधा थुलुङ जोसि कि अन्जलि राइ मलिसायुङ्सा।

# सिरिफा हायाङ्सा पुक्खाटेन घोडेटारादा



■ चङ्मायुमा दुब्देङ्मा राइ





भोजपुरा ढिटेनओ हतुवागढि टेन्टुवादा दोङ २०८१ हाक्यि २७ कि २८ ह्वालेन सिरि सगरमाथा तायाखिम घोडेटारा खात्मा लिसा। मोदा पापा-मामाचिओ मित्मायुदा युङ्मा लिसाउ छेन्बिभुङदाङ्का खालाक्ओ सिरिफाचि हामा काचिपेन लिसाओ युङाङा। भाराक्आ आप्पिओ पापा-मामा कि छाचिओ नङ्दा युङ्मा लिसाओ छेन्बिभुङ्चि आइदोङ १७ कातेत मलिसाओ सिन्मा लिसा।

मोदा आन्काउ मामा 'जनकमाया मित्मायु छेन्बिभुङ- २०४९' दा एम्मायङओ बुदाउ युङ्याङ। मोदाङ्का ह्वाङ तायामा छाचि सिरिफा प्सा ताराओ रेकाउ दुङ्दा काखिप लेसामि अक्पाङ कि दुङ पउदाङ्का लेसामि अक्पाङ ह्वाङ तायामि छाचिआ फेक्वा सिरिफा छुक भुङ छुक बोम (५,५००) कि सिन्छाप प्याङ्सा ताराओ युङ्याङ। मो सिरिफा कातोक सगरमाथा तायाखिमदा काखिप ह्वाङ मेछाछा तायाछाचि निम्पाङ अदोङ्कोन प्याङ्सा ताराओ युङ्याङ। दोङ २०७५ दोङ्दा एम्मा लिसाओ मामा-पापाचिओ मित्मायुदा 'जनकमाया-भुइँदल राइ फाउन्डेसन'ओ तुक्वादा हतुवागढि टेन्टुवाहुत्दा पउसुम (१३) पुङ तायाखिमचि मयुङ्याङ। मोदाङ्का अक्छा दुवाछा कि अक्छा मेछाछा तायाछाचि निम्पाङ प्मा लियाङ।

| १ | ०१/०८१/८२ | निर्देशक | ११ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | X | २ |
| २ | ०२/०८१/८२ | निर्देशक | ११ | प्राविधिक | ई. एण्ड टे. कम.इन्जिनियरिङ | X | १ |
| ३ | ०३/०८१/८२ | निर्देशक | ११ | प्राविधिक | एयरवर्दिनेश/फ्ला.अ.स. | X | १ |
| ४ | ०४/०८१/८२ | निर्देशक | ११ | प्राविधिक | ई. एण्ड टे.कम. इन्जिनियरिङ/ एयर ट्राफिक सर्भिसेस | X | १ |
| ५ | ०५/०८१/८२ | उपनिर्देशक | १० | प्रशासन | समूहिकृत नहुने | X | १ |
| ६ | ०६/०८१/८२ | उपनिर्देशक | १० | प्रशासन | आर्थिक प्रशासन | उपसमूहिकृत नहुने | १ |
| ७ | ०७/०८१/८२ | उपनिर्देशक | १० | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | X | ३ |
| ८ | ०८/०८१/८२ | उपनिर्देशक | १० | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | १ |
| ९ | ०९/०८१/८२ | उपनिर्देशक | १० | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | १ |
| १० | १०/०८१/८२ | उपनिर्देशक | १० | प्राविधिक | फ्ला.अ.स. | X | १ |
| ११ | ११/०८१/८२ | उपनिर्देशक | १० | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ / मेकानिकल इन्जिनियरिङ | X | १ |
| १२ | १२/०८१/८२ | प्रबन्धक | ९ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| १३ | १३/०८१/८२ | प्रबन्धक | ९ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ |
| १४ | १४/०८१/८२ | प्रबन्धक | ९ | प्रशासन | आ.प्रशासन | लेखा | १ |
| १५ | १५/०८१/८२ | प्रबन्धक | ९ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | X | ४ |
| १६ | १६/०८१/८२ | प्रबन्धक | ९ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | २ |
| १७ | १७/०८१/८२ | प्रबन्धक | ९ | प्राविधिक | ई. एण्ड टे. कम.इन्जिनियरिङ | X | २ |
| १८ | १८/०८१/८२ | प्रबन्धक | ९ | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | २ |
| १९ | १९/०८१/८२ | प्रबन्धक | ९ | प्राविधिक | एयरवर्दिनेश | X | १ |
| २० | २०/०८१/८२ | प्रबन्धक | ९ | प्राविधिक | आई.टि | X | १ |
| २१ | २१/०८१/८२ | उपप्रबन्धक | ८ | प्रशासन | प्रशासन | प्रशासन | ४ |
| २२ | २२/०८१/८२ | उपप्रबन्धक | ८ | प्रशासन | प्रशासन | व्यापार प्रशासन | १ |
| २३ | २३/०८१/८२ | उपप्रबन्धक | ८ | प्रशासन | आर्थिक प्रशासन | लेखा | २ |
| २४ | २४/०८१/८२ | उपप्रबन्धक | ८ | प्राविधिक | एयर ट्राफिक सर्भिसेस | X | ५ |
| २५ | २५/०८१/८२ | उपप्रबन्धक | ८ | प्राविधिक | ई. एण्ड टे. कम.इन्जिनियरिङ | X | ३ |
| २६ | २६/०८१/८२ | उपप्रबन्धक | ८ | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | २ |
| २७ | २७/०८१/८२ | उपप्रबन्धक | ८ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | X | १ |
| २८ | २८/०८१/८२ | उपप्रबन्धक | ८ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | X | २ |
| २९ | २९/०८१/८२ | उपप्रबन्धक | ८ | प्राविधिक | एयरवर्दिनेश | X | १ |
| ३० | ३०/०८१/८२ | उपप्रबन्धक | ८ | विविध | X | X | ३ |
| ३१ | ३१/०८१/८२ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | प्रशासन | प्रशासन | ३ |
| ३२ | ३२/०८१/८२ | वरिष्ठ अधिकृत | ७ | प्रशासन | आर्थिक प्रशासन | लेखा | ३ |
| ३३ | ३३/०८१/८२ | वरिष्ठ अधिकृत | ७ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | X | १ |
| ३४ | ३४/०८१/८२ | अधिकृत | ६ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| ३५ | ३५/०८१/८२ | अधिकृत | ६ | प्रशासन | आर्थिक प्रशासन | राजश्व | १ |
| ३६ | ३६/०८१/८२ | अधिकृत | ६ | प्राविधिक | एभिएशन फायर सर्भिसेस | X | २ |
| ३७ | ३७/०८१/८२ | अधिकृत | ६ | प्राविधिक | ई. एण्ड टे. कम. इन्जिनियरिङ | X | २ |
| ३८ | ३८/०८१/८२ | अधिकृत | ६ | प्राविधिक | सिभिल इन्जिनियरिङ | X | १ |
| ३९ | ३९/०८१/८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | प्रशासन | प्रशासन | १ |
| ४० | ४०/०८१/८२ | वरिष्ठ सहायक | ५ | प्रशासन | आर्थिक प्रशासन | लेखा | २ |
| ४१ | ४१/०८१/८२ | वरिष्ठ सहायक | ५ | प्राविधिक | ईलेक्ट्रिकल इन्जिनियरिङ | X | १ |
| ४२ | ४२/०८१/८२ | वरिष्ठ सहायक | ५ | प्राविधिक | मेकानिकल इन्जिनियरिङ | X | १ |

**द्रष्टव्य**

१. दरखास्त दिने स्थानः नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालय, प्रशासन विभाग।
२. दरखास्त दस्तुरः दरखास्त दस्तुर वापत तह ११ र १० को लागि रू.२०००।-, तह ९ र ८ को लागि रू.१६००।-, तह ७ र ६ को लागि रू.१२००।- र तह ५ को लागि रू.६००।- लाग्नेछ।
३. दरखास्त दस्तुर बुझाउने तरिकाः एन. एम. बी. बैंकमा रहेको यस प्राधिकरणको खाता नं.००१००१२६११५०००४३ मा आबेदनकर्ताको नाम स्पष्ट उल्लेख गरी उल्लेखित शुल्क जम्मा गरेको सक्कल भौचर पेश गरी यस कार्यालयबाट दरखास्त फाराम प्राप्त गर्न सकिनेछ।
४. दरखास्त दिने अन्तिम मितिः २०८२/०१/०४ गते। दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट समेत तोकिएको दस्तूर तिरी दरखास्त फाराम भर्न सकिनेछ।
५. आवश्यक सेवा अवधि र शैक्षिक योग्यताः सेवाको पदमा हुने बढुवामा सम्भाव्य उम्मेदवार हुनको लागि बढुवा हुने पदको सेवा, समूह र उपसमूहको एक तह मुनिको पदमा सहायक स्तरबाट अधिकृत स्तरमा र अधिकृत स्तरबाट अधिकृत स्तरमा बढुवाको लागि चार बर्ष तथा सहायक स्तरबाट सहायक स्तरमा बढुवाको लागि तीन वर्ष स्थायी सेवा अवधि पूरा भएको र नियमावलीको अनुसूची-६ बमोजिमको न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ।
६. दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरुः हालको पदको नियुक्ति पत्र, नागरिकताको प्रमाणपत्र, आवश्यक न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र तालिमका प्रमाणित प्रतिलिपिहरु तथा विज्ञापनसँग सम्बन्धित पदको दरखास्त दस्तुर बुझाएको नगदी रसिद समेत पेश गर्नुपर्नेछ। साथै समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
७. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द गरिनेछ। यसरी रद्द हुन गएका दरखास्तहरुको दस्तुर फिर्ता गर्न प्राधिकरण बाध्य हुनेछैन।
८. यस सम्बन्धमा थप जानकारी चाहिएमा प्राधिकरण प्रधान कार्यालयको प्रशासन विभागको टेलिफोन नं.०१५३६२४१६ को Ext. ३०९ मा बुझ्न सकिनेछ।

## नेपाल विद्युत प्राधिकरण
**प्रधान कार्यालय**
**(गोरखापत्रमा सूचना प्रकाशित मिति : २०८१।१२।१५)**

### लिखित परीक्षाको नतिजा प्रकाशन र अन्तर्वार्ता परीक्षा कार्यक्रम सम्बन्धी सूचना

नेपाल विद्युत प्राधिकरणबाट २०८०।०७।२४ मा प्रकाशित निम्नलिखित विज्ञापन नम्बर अनुसार सहायक स्तरका पदहरूमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको अन्तर्वार्ता परीक्षा कार्यक्रम मिति २०८१।१२।२२ गते शुक्रबारदेखि सञ्चालन हुने भएकोले सो परीक्षा कार्यक्रमको विस्तृत विवरण प्राधिकरणको सूचना पाटी तथा वेबसाइट **www.nea.org.np** मा प्रकाशित गरिएको छ। अन्तर्वार्ता परीक्षाका लागि प्रवेश पत्र र सक्कल प्रमाणपत्रका साथ पासपोर्ट साइजको फोटो दुई प्रति, आवेदन गर्दा पेश गरेका प्रमाणपत्रहरूको प्रतिलिपि एक/एक प्रति उम्मेदवार स्वयंले प्रमाणित गरी तोकिएको दरखास्त फाराम भरी अन्तर्वार्ता परीक्षाको दिन आधा घण्टा अगाडि पदपूर्ति विभागमा उपस्थित भई रुजु गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह/उपसमूह | किसिम |
|---|---|---|---|---|---|---|
| १. | २०८०/८१, प्र.५/१०१, (कोशी प्रदेश) | ५ | मिटर रिडिङ सुपरभाइजर | प्रशासन | प्रशासन/प्रशासन | खुला तथा समावेशी |
| २. | २०८०/८१, प्र.५/१०२, (कोशी प्रदेश) | ५ | लेखापाल | प्रशासन | लेखा/लेखा | |
| ३. | २०८०/८१, प्र.५/२०१, (मधेश प्रदेश) | ५ | मिटर रिडिङ सुपरभाइजर | प्रशासन | प्रशासन/प्रशासन | |
| ४. | २०८०/८१, प्र.५/२०२, (मधेश प्रदेश) | ५ | लेखापाल | प्रशासन | लेखा/लेखा | |
| ५. | २०८०/८१, प्र.५/४०१, (बागमती प्रदेश) | ५ | मिटर रिडिङ सुपरभाइजर | प्रशासन | प्रशासन/प्रशासन | |
| ६. | २०८०/८१,प्र.५/४०२, (बागमती प्रदेश) | ५ | लेखापाल | प्रशासन | लेखा/लेखा | |

**सदस्य सचिव**
**पदपूर्ति समिति**

## नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
**प्रधान कार्यालय**
**मानव स्रोत व्यवस्थापन विभाग**
**मिति : २०८१/१२/१५**

### आन्तरिक प्रतियोगितात्मक परीक्षाको Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

श्री लोक सेवा आयोगको सहमति अनुसार यस बैंकको आ.व. २०८१/८२ को स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेका विभिन्न पदहरूमा नेपाल बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७९ को व्यवस्था बमोजिम आ.व. २०८१/८२ असार मसान्त सम्मको रिक्त पद गणनाको आधारमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नुपर्ने निम्न पदहरूका लागि २०८१ असार मसान्त सम्ममा विनियम ८१ बमोजिमको योग्यता पूरा गरेका र विनियम ८३ बमोजिम बढुवाका लागि अयोग्य नरहेका सम्भावित उम्मेदवारहरूले अनलाइन दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी दरखास्त दिने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र सहित देहाय बमोजिमको शुल्क तिरी मिति २०८२/०१/०४ सम्म अनलाइन दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन। झुट्टा विवरण उल्लेख गरी अनलाइन दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नम्बर | तह | पद | रिक्त पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | १४/२०८१–८२ | ९ | वरिष्ठ प्रबन्धक | १ |
| २ | १५/२०८१–८२ | ८ | प्रबन्धक | १ |
| ३ | १६/२०८१–८२ | ७ | उप प्रबन्धक | ३ |
| ४ | १७/२०८१–८२ | ७ | उप प्रबन्धक (IT) | १ |
| ५ | १८/२०८१–८२ | ६ | सहायक प्रबन्धक | ८ |
| ६ | १९/२०८१–८२ | ५ | वरिष्ठ सहायक | ८ |
| ७ | २०/२०८१–८२ | ५ | वरिष्ठ सहायक (IT) | २ |
| ८ | २१/२०८१–८२ | ४ | सहायक | २१ |

**पुनश्चः**

- Online दरखास्त फाराम नेपाल बैंक लिमिटेडको वेबसाईट वा INTRANET को Apply Job Vacancy Online मा Click गरी त्यहाँ राखिएको निर्देशन बमोजिम भर्न सकिनेछ।
- Online आवेदन पेश गरे पश्चात प्राप्त हुने निर्देशन बमोजिम दरखास्त दस्तुर रु. २५।- नेपाल बैंक लिमिटेड मोबाइल बैंकिङ वा ConnectIPS वा eSewa वा FonePay वा Khalti मार्फत भुक्तानी गर्नुपर्नेछ। यसरी दरखास्त दस्तुर भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंले नै व्यहोर्नुपर्नेछ।
- तोकिएको कुनै पनि भुक्तानी माध्यमबाट दरखास्त दस्तुर भुक्तानी गरिसकेपछि Online Recruitment Portal मा **"Payment Successful"** र **"Submitted"** भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ। दरखास्त दिने अन्तिम दिनसम्म **"Payment Successful"** र **"Submitted"** नभएको आवेदन स्वीकृत गरिनेछैन।
- उपरोक्त पदहरूको लिखित परीक्षा **लोक सेवा आयोग**बाट सञ्चालन हुनेछ। लिखित परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ।
- लिखित परीक्षाको पाठ्यक्रम यस बैंकको INTRANET मा हेर्न र Download गर्न सकिनेछ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

## नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
**प्रधान कार्यालय**
**मानव स्रोत व्यवस्थापन विभाग**
**मिति : २०८१/१२/१५**

### कार्यक्षमता मूल्याङ्कनका आधारमा हुने बढुवाका लागि अनलाइन (Online) दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

श्री लोक सेवा आयोगको सहमति अनुसार यस बैंकको आ.व. २०८१/८२ को स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेका विभिन्न पदहरूमा नेपाल बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७९ को व्यवस्था बमोजिम आ.व. २०८१/८२ असार मसान्त सम्मको रिक्त पदको गणनाको आधारमा कार्यक्षमता मूल्याङ्कनबाट हुने बढुवाद्वारा पूर्ति गर्नुपर्ने निम्न पदहरूका लागि २०८१ असार मसान्त सम्ममा विनियम ८१ बमोजिमको योग्यता पूरा गरेका र विनियम ८३ बमोजिम बढुवाका लागि अयोग्य नरहेका सम्भावित उम्मेदवारहरूले देहाय बमोजिमको शुल्क तिरी मिति २०८२/०१/१३ सम्म अनलाइन दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन। झुट्टा विवरण उल्लेख गरी अनलाइन दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ।

| क्र.सं. | विज्ञापन नम्बर | तह | पद | रिक्त पद सङ्ख्या |
|---|---|---|---|---|
| १ | १/२०८१–८२ | १० | मुख्य प्रबन्धक | २ |
| २ | २/२०८१–८२ | ९ | वरिष्ठ प्रबन्धक | २ |
| ३ | ३/२०८१–८२ | ८ | प्रबन्धक | १ |
| ४ | ४/२०८१–८२ | ८ | प्रबन्धक (IT) | १ |
| ५ | ५/२०८१–८२ | ७ | उप प्रबन्धक | ६ |
| ६ | ६/२०८१–८२ | ७ | उप प्रबन्धक (IT) | १ |
| ७ | ७/२०८१–८२ | ७ | उप प्रबन्धक (CA) | १ |
| ८ | ८/२०८१–८२ | ७ | उप प्रबन्धक (सिभिल इन्जिनियर/हाइड्रो) | १ |
| ९ | ९/२०८१–८२ | ६ | सहायक प्रबन्धक | ८ |
| १० | १०/२०८१–८२ | ६ | सहायक प्रबन्धक (IT) | १ |
| ११ | ११/२०८१–८२ | ५ | वरिष्ठ सहायक | २० |
| १२ | १२/२०८१–८२ | ५ | वरिष्ठ सहायक (IT) | ४ |
| १३ | १३/२०८१–८२ | ४ | सहायक | २० |

**पुनश्चः**

- Online दरखास्त फाराम नेपाल बैंक लिमिटेडको वेबसाइट तथा INTRANET को Apply Job Vacancy Online मा Click गरी त्यहाँ राखिएको निर्देशन बमोजिम भर्न सकिनेछ।
- Online आवेदन भरे पश्चात् प्राप्त हुने निर्देशन बमोजिम दरखास्त दस्तुर रु. २५।- नेपाल बैंक लिमिटेड मोबाइल बैंकिङ वा ConnectIPS वा eSewa वा FonePay वा Khalti मार्फत भुक्तानी गर्नुपर्नेछ। यसरी दरखास्त दस्तुर भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंले नै व्यहोर्नुपर्नेछ।
- तोकिएको कुनै पनि भुक्तानी माध्यमबाट दरखास्त दस्तुर भुक्तानी गरिसकेपछि Online Recruitment Portal मा **"Payment Successful"** र **"Submitted"** भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ। दरखास्त दिने अन्तिम दिनसम्म **"Payment Successful"** र **"Submitted"** नभएको आवेदन स्वीकृत गरिनेछैन।
- Online दरखास्त फाराम नभरेका कर्मचारीलाई पदोन्नति प्रक्रियामा सामेल गराइने छैन।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# बुढापाका गाउँमा, युवाजति परदेशमा



तस्बिर : शेरबहादुर सार्की

**युवाविहीन बनेका गाउँबस्ती ।**

**बाजुरा समाचारदाता**
*बाजुरा, चैत १४ गते*

बाजुराका अधिकांश गाउँबस्तीमा अहिले बुढापाका मात्र घरमा देखिने गरेका छन् । गाउँमा गरिखाने केही उपाए नभएपछि यहाँका सबै युवकयुवती धन कमाउन परदेशिन थालेपछि अहिले यहाँका गाउँबस्तीमा बुढापाका मात्र देखिन थालेका हुन् ।

यहाँका युवकयुवतीका लागि गाउँमै बस्ने केही वातावरण नभएकाले उनीहरू परदेशिन बाध्य भएका छन् । यहाँका युवा भारत जाने प्रचलन छ । पहिला गाउँमा सडक, शिक्षा, स्वास्थ्य, खोनपानीलगायतका केही विकास भएका थिएन । अहिले यहाँका अधिकांश गाउँबस्ती सडक सञ्जालले छोएका छन् तर पनि यहाँका युवा भने कामको खोजीका लागि भारत जान भने छाडेका छैनन् ।

गाउँमा केही गरी खाने केही वातावरण नमिलेपछि परिवार पाल्नकै लागि कामको खोजीमा परदेशिने गरेको बुढीगङ्गा नगरपालिका–१, अम्कोटका स्थानीय बादुरे नेपाली बताउनुभयो । उहाँले भन्नुभयो, "पढेलेखेका युवाका लागि त गाउँमा केही काम छैन । म नपढेकोलाई के काम मिल्नु । भोकै गाउँमा बस्न सकिँदैन । त्यसैले पेट पाल्नकै लागि भारतमा जान बाध्य छु ।"

पहिला गाउँमा विकास थिएन । एक पालिकादेखि अर्को पालिकासम्म पुग्न दुई/चार दिन पैदल हिंड्नु पर्थ्यो । अहिले त्यो समस्या छैन । यहाँका प्रत्येक गाउँबस्ती सडक सञ्जालको पहुँचमा छन् । गाउँमै यातायातको सुविधा छ तर पनि यहाँका अधिकांश युवा भारतमा जाने क्रम भने अहिलेसम्म रोकिएको छैन ।

यहाँका हिमाली, जगन्नाथ, स्वामीकार्तिक, बुढीनन्दा, गौमूल, त्रिवेणी, बुढीगङ्गा र खप्तड छेडेदहलगायका स्थानीय तहदेखि प्रत्येक दिन झन्डै पाँच सय युवकयुवती जिल्लादेखि बाहिरिने गरेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रमले यहाँका अधिकांश बेरोजगारी युवाले गाउँमै रोजगारी पाउने गरेको त्रिवेणी नगरपालिकाका रोजगार सहायक गोरख अयडीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रूपान्तरण पहल कार्यक्रम छ । यो कार्यक्रमले यहाँका ४० जना युवालाई ५० दिने सिपमूलक तथा क्षमता विकास तालिम दिने गरेका छौँ ।"

# अटोरिक्सा नियन्त्रणमा चुनौती

**छिन्चु समाचारदाता**
*सुर्खेत, चैत १४ गते*

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका–४ की वसन्ती थापा मङ्गलगढी चोकदेखि यरिचोक हुँदै घरतर्फ आउँदै हुनुहुन्थ्यो । उहाँले मङ्गलगढी चोकमा अटोलाई सोध्नुभयो–यरिचोकभन्दा थोरै माथि हो, कति रुपियाँ लिनुहुन्छ ? अटोचालकले भने, सय रुपियाँ लाग्छ । उहाँले अचम्म मान्दै भन्नुभयो, "अस्ति त ३० रुपियाँमा लगेको हो, अहिले कसरी सय रुपियाँ ?" अटोचालकले सय रुपियाँ दिने भए लिने, नभए नलिने भनेर जवाफ फर्काउनुभएको थियो । बेलुकापख ७ बजिसकेकाले खासै अटो थिएनन् । उहाँ बाध्य भएर ३० रुपियाँ लाग्ने दुरीमा सय रुपियाँ तिर्नु पर्‍यो ।

अटोचालकले बेलुकातिर अन्य अटोरिक्सा नभएको मौका छोपेर मनलाग्दी भाडा तोकेका हुन् । मङ्गलगढी चोकदेखि यरिचोकको दुरी बढीमा एक किलोमिटर छ । नगरपालिकाको मापदण्ड अनुसार प्रतिकिलोमिटर पक्की सडकको भाडा २० रुपियाँ तोकेको छ । यस्तै पक्की सडकमा बढीमा आठ र कच्चीमा १२ रुपियाँसम्म थप्न मिल्ने छ तर वीरेन्द्रनगरका अटोचालकले मनलाग्दी रूपमा यात्रुबाट भाडा असुल्ने गरेका छन् । विशेष गरी प्रदेश अस्पताल वरपरका क्षेत्रमा अटोचालकबाट यात्रु ठगिने गरेका छन् । वसन्ती जस्तै दैलेखका हरेन्द्र शाहीसँग पनि यस्तै स्मरण छ । उहाँले पनि २० रुपियाँको ठाउँमा सय रुपियाँ भाडा तिर्नुभएको छ ।

वीरेन्द्रनगरमा अटोरिक्सा चढ्ने सबैको अवस्था उस्तै हो । यद्यपि नियमन निकाय भने मूकदर्शक बन्ने गरेको छ । सहरमा अटोको सहायता लिने भनेका कमजोर वर्ग नै हुन् तर उनीहरूबाट नै अटोचालकले मनोमानी रकम उठाउँदै फाइदा लिने गरेका छन् । यदि वीरेन्द्रनगरमा नगरबस सेवा भएको भए यस्तो अवस्था नआउने स्थानीय बताउँछन् ।

गाउँका स्थानीय तहले नगरबस सेवा सञ्चालनमा ल्याउँदा वीरेन्द्रनगर नगरपालिकाले भने कुनै चासो लिएको छैन । वीरेन्द्रनगर नगरपालिकाले अहिलेसम्म नगरबस सञ्चालनबारे कुनै योजना बनाएको देखिँदैन । यसअघि निजी क्षेत्रले नगरबस सञ्चालनमा ल्याए पनि अहिले बन्द भइसकेका छन् । विसं २०८० असारमा निजी क्षेत्रले नगरको समन्वयमा निजी गाडीलाई नगरबसका रूपमा चलाए । पहिलो चरणमा १० वटा फोर्स गाडीबाट सेवा सुरु गरे पनि वर्षदिन पनि चल्न सकेनन् ।

काँक्रेविहार यातायात प्रालिका अध्यक्ष रमेशकुमार सापकोटा तेलमा लगातार मूल्यवृद्धि हुँदा भाडा बढाइएको र त्यसपछि गाडीमा चढ्ने यात्रुमा कमी आउनुलगायतका कारण बन्द गर्नु परेको बताउनुहुन्छ । "सुरुमा तेलको मूल्य कमै थियो, पछि बिस्तारै बढ्दै गयो, अनि भाडाबाट आएको पैसाले तेल खर्च पनि धान्न नसक्ने अवस्था आयो," उहाँ भन्नुहुन्छ, "सुरुमा भाडादर २० तोकिएकोमा पछि ३० बनाइयो । गाडीले ३० लिन थालेपछि अटोवाला सस्तोमा भनेर प्रचार गर्न थाले । अनि गाडीमा मान्छे चढ्न सकेनन् ।

नगरबस र अटोको भाडा बराबर भएपछि यात्रु सहज र छिटोका लागि अटोरिक्सा नै चढ्न थाले । जब नगरबस बन्द भए फेरि अटोरिक्साले मनलाग्दी भाडा उठाउने गरेको गुनासो भइरहेको छ । वीरेन्द्रनगर नगरपालिकाले भने नगरबस सञ्चालनका लागि कुनै योजना नबनाएको नगरपालिकाका सूचना अधिकारी टङ्कप्रकाश लामिछानेले बताउनुभयो ।

यता जिल्ला ट्राफिक कार्यालयका प्रमुख, प्रहरी निरीक्षक वकिल सुनार वीरेन्द्रनगरमा सबैभन्दा ठुलो समस्याका रूपमा नै अटोरिक्सा व्यवस्थापन रहेको बताउनुभयो । अटोरिक्सा नगरपालिकामा दर्ता हुने र उनीहरूलाई नियमन गर्न बलियो कानुन आवश्यक रहेको उहाँको भनाइ छ ।

# भारतीय बजारमा नेपाली मुद्राको अवमूल्यन

**खलङ्गा समाचारदाता**
*दार्चुला, चैत १४ गते*

भारतसँग सीमा जोडिएको दार्चुला जिल्लामा पैसा सटही काउन्टर नहुँदा दैनिक जसो नेपाली मुद्राको भारतीय बजार धारचुलामा अवमूल्यन भइरहेको छ ।

यहाँका स्थानीयले दैनिक उपभोग्य वस्तु, स्वास्थ्य उपचार गराउन सीमावर्ती बजार धारचुला जाँदा नेपाली मुद्राको दैनिक अवमूल्यन भइरहेको पाइन्छ । नेपालको तुलनामा भारतमा केही सस्तो सामान पाइने भएका कारण नेपाली नागरिक किनमेलका लागि बर्सौंदेखि सीमावर्ती बजार भारतको धारचुला जाने गरेका छन् ।

विगतदेखि नै किनमेलका लागि भारतीय बजार जाने गरेका स्थानीयले सदरमुकाम खलङ्गामा सटही काउन्टर हुनुपर्ने आवाज उठाइरहेका छन् । "दैनिक जसो भारतमा नेपाली मुद्राको अवमूल्यन भइरहेको छ, सरकारले सटही काउन्टर स्थापना गरेर स्थानीयलाई सहजता दिलाउँदै नेपाली मुद्रा अवमूल्यन हुनबाट जोगाउनु पर्छ," महाकाली नगरपालिका–४, खलङ्गाका व्यापारी गणेशदत्त बडूले भन्नुभयो । दैनिक जसो नेपाली मुद्राको भारतमा अवमूल्यन भइरहेको छ, नेपाल सरकारले सटही काउन्टर स्थापना गर्न जरुरी छ, उहाँले थप्नुभयो । सटही काउन्टर नहुँदा भारतीय बजार जाने स्थानीयले बिहानैदेखि नेपाली व्यापारीसँग नेपाली रुपियाँ भारतीय रुपियाँसँग साटिदिन आग्रह गर्ने गरेका छन् । व्यापारीसँग पनि भारतीय रुपियाँ नहुँदा उनीहरू नेपाली मुद्रामै समान किन्न बाध्य छन्, नेपाली मुद्रा अवमूल्यन भइरहेकै छ ।

दार्चुलाका स्थानीय नेपाली एक हजारलाई छ सय भारतीय रुपियाँमा साट्न बाध्य छन् । एक हजारलाई छ सयमा साट्दा ४० रुपियाँ घाटा भइरहेको पाइएको छ । सटही काउन्टर नहुँदा नेपाली रुपियाँमा किनमेल गर्नु पर्दा दैनिक ४० रुपियाँका दरले लाखौँ घाटा भइरहेको तथा सरकारले यथाशीघ्र सटही काउन्टर स्थापना गर्नुपर्ने नागरिक समाज दार्चुलाका अध्यक्ष महेशदत्त भट्टको पनि जोड छ ।

राष्ट्रिय वाणिज्य बैङ्कक दार्चुला शाखाका प्रबन्धक पुरुषोत्तम लेखकका अनुसार तत्काल सटही काउन्टर स्थापना गर्ने माथिल्लो निकायबाट कुनै किसिमको जानकारी प्राप्त भएको छैन् । सटही काउन्टर नभए पनि वाणिज्य बैङ्कले दैनिक पाँचदेखि १० हजारसम्म भारतीय रुपियाँ सटही गर्न सक्ने उहाँले जानकारी दिनुभयो ।

"हामीसँग एक सय रुपियाँ अङ्कित मूल्यका भारतीय नोट हुन्छन्, ठुला दरका नोट राख्न मिल्दैन निवेदनका आधारमा नेपालीसँग भारतीय रुपियाँ साट्ने गरेका छौँ, उहाँले भन्नुभयो," तर पैसा साट्न जाँदा बैङ्कले भारतीय रुपियाँ नभएको भन्दै फिर्ता पठाउने गरेको स्थानीयले गुनासो गरेका छन् ।

# प्राथमिक तहमा नयाँ शिक्षक

**खलङ्गा समाचारदाता**
*दार्चुला, चैत १४ गते*

शिक्षक सेवा आयोगबाट प्राथमिक तह तृतीय श्रेणी शिक्षक पदका लागि छनोट भएका तीस जना नयाँ शिक्षकलाई शिक्षा विकास तथा समन्वय एकाइ दार्चुलाले नियुक्ति वितरण गरेको छ ।

नयाँ शिक्षकमा १८ जना महिला र १२ जना पुरुष रहेका छन् । आयोगले लिएको परीक्षामा उत्तीर्ण हुनुभएका शिक्षकहरूलाई नियुक्ति वितरण गरी सम्बन्धित स्थानीय तहमा पठाइएको शिक्षा विकास तथा समन्वय एकाइ दार्चुलाका कार्यालय प्रमुख जयराज पन्तले जानकारी दिनुभयो ।

उहाँले शिक्षकलाई उनीहरूको योग्यता क्रम अनुसार स्थानीय तहमा पठाइएको बताउनुभयो । विद्यालयमा शिक्षक दरबन्दी सङ्ख्याका आधारमा जिल्लाका नौ वटै स्थानीय तहमा पठाइएको हो ।

समन्वय एकाइले जिल्लाको महाकाली नगरपालिकामा छ जना, शैल्यशिखर नगरपालिकामा तीन जना, मालिकार्जुन गाउँपालिकामा एक जना, नौगाड गाउँपालिकामा दुई जना, मार्मा गाउँपालिकामा तीन जना, अपिहिमाल गाउँपालिकामा पाँच जना, व्यास गाउँपालिकामा चार जना, दुहुँ गाउँपालिकामा एक र लेकम गाउँपालिकामा पाँच जना नयाँ शिक्षक पठाएको छ ।


नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**
**मानव स्रोत व्यवस्थापन विभाग**

**Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/१५)**

श्री लोक सेवा आयोगको सहमति अनुसार यस बैंकको आ.व. २०८१/८२ को स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेका निम्न पदहरूमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट मिति २०८१/१२/१५ देखि Online दरखास्त फारम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी सोको साथ नागरिकता प्रमाणपत्र र दरखास्त दिने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, समावेशी समूहका लागि तोकिएको प्रमाणपत्र, अनुभव चाहिने पदका लागि तोकिएको अनुभवको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो र दस्तखत Scan/Attach गरी तोकिएको शुल्क तिरी मिति २०८२/०१/०४ सम्म र मिति २०८२/०१/११ सम्म दोब्बर दस्तुर तिरी Online दरखास्त पेश गर्नुपर्नेछ । म्यादभित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| सि. नं. | विज्ञापन नं. | पद | तह | समूह | माग पद सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|---|
| १ | २२/२०८१-८२ | प्रबन्धक (CA) | ८ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सीको प्रमाण पत्र प्राप्त गरी नेपाल सरकारको निजामती सेवा, सरकारी सेवा वा बैंक तथा वित्तीय संस्था वा विश्वविद्यालय वा शिक्षक सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएका सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा पाँच वर्ष सेवा गरेको । विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा न्यूनतम ३ वर्षको अनुभव । |
| | | | | महिला | १ | |
| २ | २३/२०८१-८२ | उप प्रबन्धक | ७ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातकोत्तर उत्तीर्ण वा चार्टर्ड एकाउन्टेन्सीको प्रमाणपत्र प्राप्त गरी नेपाल सरकारको निजामती सेवा, सरकारी सेवा वा बैंक तथा वित्तीय संस्था वा विश्वविद्यालय वा शिक्षक सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएका सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा २ वर्ष सेवा गरेको । |
| ३ | २४/२०८१-८२ | सहायक प्रबन्धक | ६ | खुला | १९ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातकोत्तर उत्तीर्ण । |
| | | | | महिला | ५ | |
| | | | | आ.ज. | ५ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | २ | |
| | | | | अपाङ्ग | १ | |
| ४ | २५/२०८१-८२ | सहायक प्रबन्धक (CA) | ६ | खुला | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सी.ए./ए.सी.सी.ए. उत्तीर्ण । |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |

**प्रदेशगत विज्ञापन (सहायक पदका लागि) :**

| सि.नं. | सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | कोशी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | २६/२०८१-८२ | सहायक | ४ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम स्नातक उत्तीर्ण गरेको । |
| | | | | | महिला | १ | |
| | | | | | मधेशी | १ | |
| | | | | | अपाङ्ग | १ | |
| | | | | | पि.क्षे. | १ | |
| २ | मधेश प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | २७/२०८१-८२ | सहायक | ४ | खुला | ९ | |
| | | | | | महिला | २ | |
| | | | | | आ.ज. | २ | |
| | | | | | मधेशी | २ | |
| | | | | | दलित | १ | |
| ३ | बागमती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | २८/२०८१-८२ | सहायक | ४ | खुला | १३ | |
| | | | | | महिला | ३ | |
| | | | | | आ.ज. | ३ | |
| | | | | | मधेशी | २ | |
| | | | | | दलित | १ | |
| | | | | | पि.क्षे. | १ | |
| ४ | गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | २९/२०८१-८२ | सहायक | ४ | खुला | ६ | |
| | | | | | महिला | २ | |
| | | | | | आ.ज. | २ | |
| | | | | | मधेशी | १ | |
| ५ | लुम्बिनी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | ३०/२०८१-८२ | सहायक | ४ | खुला | ९ | |
| | | | | | महिला | ३ | |
| | | | | | आ.ज. | २ | |
| | | | | | मधेशी | २ | |
| | | | | | अपाङ्ग | १ | |
| ६ | कर्णाली प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | ३१/२०८१-८२ | सहायक | ४ | खुला | ९ | |
| | | | | | महिला | ३ | |
| | | | | | आ.ज. | २ | |
| | | | | | मधेशी | १ | |
| | | | | | अपाङ्ग | १ | |
| | | | | | पि.क्षे. | १ | |
| ७ | सुदूर पश्चिम प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | ३२/२०८१-८२ | सहायक | ४ | खुला | ३ | |
| | | | | | महिला | १ | |
| | | | | | आ.ज. | १ | |
| | | | | | मधेशी | १ | |

**प्रदेशगत विज्ञापन (सहायक–IT पदका लागि) :**

| सि.नं. | सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | बागमती प्रदेश | ३३/२०८१-८२ | सहायक (IT) | ४ | महिला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधिमा न्यूनतम स्नातक उत्तीर्ण गरेको । |

**प्रदेशगत विज्ञापन (कनिष्ठ सहायक (Gold Tester) पदका लागि) :**

| सि.नं. | सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | बागमती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | ३४/२०८१-८२ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र/१०+२ उत्तीर्ण । |
| | | | | | महिला | १ | |
| | | | | | मधेशी | १ | |
| | | | | | पि.क्षे. | १ | |
| २ | गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | ३५/२०८१-८२ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र/१०+२ उत्तीर्ण । |
| | | | | | महिला | १ | |
| | | | | | मधेशी | १ | |
| ३ | लुम्बिनी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | ३६/२०८१-८२ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ३ | |
| | | | | | महिला | १ | |
| | | | | | आ.ज. | १ | |
| | | | | | दलित | १ | |
| ४ | कर्णाली प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | ३७/२०८१-८२ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | २ | |
| | | | | | महिला | १ | |
| | | | | | मधेशी | १ | |

**विज्ञापन सम्बन्धी विशेष सूचना:** सम्मानित सर्वोच्च अदालतबाट रिट नं ०७८–W0–६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

(१) समावेशी समूहका लागि छुट्याइएको पदमा देहाय बमोजिम हुने गरी Online दरखास्त दिनुपर्नेछ ।
- क) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।
- ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।
- (ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमूखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।
- (घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ४ को उपदफा ३ बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।
- (ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको तीन महिना ननाघेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(२) **सेवाको किसिम** : स्थायी ।

(३) **तलब तथा अन्य सुविधा** : बैंकको प्रचलित नियम अनुसार ।

(४) **उम्मेदवारको उमेर** : Online दरखास्त दिने अन्तिम मिति (अर्थात् २०८२/०१/०४ गते) सम्ममा प्रबन्धक (CA) पदमा एक्काइस वर्ष पुगेको र पैंतालीस वर्ष ननाघेको । उप प्रबन्धक, सहायक प्रबन्धक र सहायक प्रबन्धक (CA) पदमा एक्काइस वर्ष पुगेको र पैंतीस वर्ष ननाघेको । सहायक, सहायक (IT) र कनिष्ठ सहायक (Gold Tester) पदमा अठार वर्ष पुगेको र पैंतीस वर्ष ननाघेको । महिला तथा अपाङ्ग उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको । बैंकको बहालवाला स्थायी कर्मचारीलाई उल्लिखित उमेरको हद लाग्ने छैन ।

(५) **उम्मेदवारको छनोट विधि** : लिखित परीक्षा तथा अन्तर्वार्ता । तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको हकमा प्रयोगात्मक परीक्षा समेत सञ्चालन हुनेछ ।

(६) **अन्य सेवा शर्त** : नेपाल बैंक लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७९ बमोजिम ।

(७) **परीक्षणकाल अवधि** : १ वर्ष (महिला कर्मचारीलाई ६ महिना) ।

(८) **परीक्षा दस्तुर** : प्रबन्धक (CA), उप प्रबन्धक, सहायक प्रबन्धक र सहायक प्रबन्धक (CA) पदको खुला समूहका लागि रु. १,०००/– (एक हजार) र उक्त पदको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. ४००/– (चार सय) ।
सहायक, सहायक (IT) र कनिष्ठ सहायक (Gold Tester) पदको खुला समूहका लागि रु. ८००/– (आठ सय) र उक्त पदहरूको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. २००/– (दुई सय) ।
(रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरूको परीक्षा दस्तुर फिर्ता हुनेछैन ।)

(९) **परीक्षा दस्तुर बुझाउने प्रक्रिया** : Online आवेदन भरे पश्चात् प्राप्त हुने निर्देशन बमोजिम नेपाल बैंक लिमिटेड मोबाइल बैंकिङ वा ConnectIPS वा eSewa वा FonePay वा Khalti मार्फत दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ । यसरी दरखास्त दस्तुर भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंले नै व्यहोर्नुपर्नेछ ।
तोकिएको कुनै पनि भुक्तानी माध्यमबाट दरखास्त दस्तुर भुक्तानी गरिसकेपछि Online Recruitment Portal मा "Payment Successful" र "Submitted" भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिनसम्म "Payment Successful" र "Submitted" नभएको खण्डमा थप सात दिनसम्म दोब्बर दस्तुर लाग्नेछ र दोब्बर दस्तुरको म्याद समाप्त हुँदासम्म पनि दरखास्त दस्तुर भुक्तानी नगरेमा वा Online दरखास्त फाराम submit नगरेमा आवेदन स्वीकृत गरिनेछैन ।

(१०) उपरोक्त पदहरूको **लिखित परीक्षा लोक सेवा आयोगबाट** सञ्चालन हुनेछ । लिखित परीक्षा कार्यक्रम र परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ ।

(११) छनोट भई नियुक्ति गरिएका कर्मचारीहरूले बैंकले खटाएको जुनसुकै कार्यालय/शाखामा गई काम गर्नुपर्नेछ ।

(१२) सहायक र कनिष्ठ सहायक (Gold Tester) पदको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरूलाई अन्तर्वार्ताको समयमा सम्वन्धित प्रदेश अन्तरगतका शाखाहरूको शाखागत छनोट सूची प्रदान गरिनेछ । उम्मेदवारले प्राथमिकताको आधारमा छनोट गरेका शाखा/कार्यालयहरूमा निजको अन्तिम योग्यता क्रमका आधारमा क्रमशः नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा/कार्यालयमा नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली २०७९ को विनियम ७ को उपविनियम (४) बमोजिम निम्न अवधि वा पदोन्नति नहुँदासम्म जुन कम हुन्छ सो समयसम्म सेवा गर्नुपर्नेछ ।
- ➢ क र ख समूहका शाखा/कार्यालयमा – न्यूनतम ३ वर्ष
- ➢ ग समूहका शाखा/कार्यालयमा – न्यूनतम ४ वर्ष
- ➢ घ र ङ समूहका शाखा/कार्यालयमा – न्यूनतम ५ वर्ष

(१३) एकभन्दा बढी विज्ञापनमा Online दरखास्त फाराम भर्दा प्रत्येक विज्ञापनका लागि अलग अलग नै दरखास्त दस्तुर भुक्तानी गर्नुपर्नेछ ।

(१४) दरखास्त फाराम भर्न नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Careers मा Apply for Vacancy बटनमा Click गरी त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१५) लिखित परीक्षाको पाठ्यक्रम नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Career Tab मा राखिएको छ ।

(१६) आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरूलाई मात्र परीक्षामा सामेल गराइनेछ ।

(१७) प्रदेशगत विज्ञापनको हकमा कुनै एक पदका लगि उम्मेदवारले आफूले चाहेको कुनै एक प्रदेशमा मात्र दरखास्त पेश गर्नुपर्नेछ ।

(१८) एउटा पदको लिखित परीक्षा सबै प्रदेशमा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

(१९) दरखास्त सम्बन्धी कुनै जानकारी लिनुपरेमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानव स्रोत व्यवस्थापन विभागको email: exam.hrd@nepalbank.com.np तथा फोन नम्बर ०१५३४७९९९ एक्स्टेन्सन नं. २१० र ४०७ मा सम्पर्क राख्न सकिनेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

# अमेरिकी नागरिक अपहरणमुक्त

**मकवानपुर समाचारदाता**
*हेटौँडा, चैत १४ गते*

हेटौँडा उपमहानगरपालिका–१९ स्थित नेवारपानीबाट अमेरिकी नागरिकलाई प्रहरीले अपहरणमुक्त गरेको छ। पोखरा महानगरपालिका–६, लेकसाइडस्थित एक होटेलबाट सोमबार अमेरिकी राहदानीवाहक ७० वर्षीय वृद्धा अपहरणमा पर्नुभएको थियो। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो र जिल्ला प्रहरी कार्यालय मकवानपुरको सहकार्यमा ती वृद्धालाई अपहरणमुक्त गरिएको हो। वृद्धालाई अपहरण गरेको आरोपमा प्रहरीले एक जना महिलालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले जानकारी गराएपछि ती महिलासहित अपहरणमा संलग्न एक महिलालाई नियन्त्रणमा लिएको जानकारी दिनुभयो।

आफ्नो साथीसँग मुक्तिनाथ मन्दिर भ्रमणका लागि नेपाल आएकी ती वृद्धा अपहरणमा पर्नुभएको हो। अपहरणकर्ताले तीन लाख युरो फिरौती माग गरेको नेपालस्थित अमेरिकी दूतावासले जानकारी गराएपछि प्रहरीले खोजी गर्ने क्रममा नेवारपानीबाट सकुशल उद्धार गरेको थियो। प्रहरीले अपहरणमा संलग्न भएको अभियोगमा नुवाकोटको बेलकोटगढी नगरपालिका–४ बस्ने वर्ष ३७ की सरिता लामालाई पक्राउ गरेको छ। प्रहरीका अनुसार प्रहरी हिरासतमा रहेकी सरिता लामाविरुद्ध अपहरण तथा शरीर बन्धक कसुरमा मुद्दा चलाउने गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ।

# छुवाछुत मुक्त नगरपालिका बनाइँदै

**तनहुँ समाचारदाता**
*तनहुँ, चैत १४ गते*

तनहुँको व्यास नगरपालिकाले आफ्नो पालिकाभित्रका सबै वडालाई छुवाछुत बनाउन अभियान सञ्चालन गरेको छ। नगरपालिकाले अभियन्ता तयार पारी छुवाछुत मुक्त बनाउन अभियान थालेको हो। छुवाछुत मुक्त पालिका बनाउन एक वडामा ४६ जना समावेश गरी १४ वडाका १४४ जनालाई प्रशिक्षण दिइएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो। अभियानका लागि दलित समन्वय समिति व्यास नगर समितिसँग सहकार्य गरिएको उहाँले जानकारी दिनुभयो।

नगरप्रमुख न्यौपानेका अनुसार सबै वडामा अन्तरघुलन कार्यक्रम गरिसकिएको छ। दलित र गैरदलित बिच जातीय विभेद एवं छुवाछुत अन्त्यका लागि अन्तरघुलन कार्यक्रम गरिएको हो। कानुनी रूपमा भेदभाव गर्न नपाइने भए पनि व्यावहारिक रूपमा छुवाछुतको अन्त्य अझै नभएकाले अभियान सञ्चालन गर्नु परेको नगरप्रमुख न्यौपानेले बताउनुभयो।

समाजमा अन्तरजातीय विवाहलाई परिवारबाट अस्वीकार गर्ने गरेको, गाउँघरमा यदाकदा अझै पनि दुई वटा भोजभतेर लगाउने र सामूहिक कार्यमा पनि टीका र प्रसाद ग्रहणमा विभेद हुने गरेको पाइएकाले यसको अन्त्यका लागि टेवा पुर्‍याउन अन्तरघुलन कार्यक्रम गरिएको व्यास नगरपालिका कार्यपालिका सदस्य चन्द्रमाया परियारले बताउनुभयो।


## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८१/१२/१५**

राष्ट्रिय बाली बिज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरबाट मिति २०८१/१०/२० गते आह्वान भएको बोलपत्रको सुचना अनुसार तपसिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं | कामको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १ | NAgRC/NCB/Goods/01-2081/82 | Supply, Delivery and Testing of Seed Grading Machine and It's additional Items | Palika Agro Concern Pvt. Ltd., Swichatar, Kathmandu | १२,१४,०००/- |

*राष्ट्रिय बाली बिज्ञान अनुसन्धान केन्द्र*
*खुमलटार, ललितपुर*

## त्रिभुवन विश्वविद्यालय, इ.अ.सं., पुल्चोक क्याम्पस

### दरभाउपत्र रद्द गरिएको सूचना

यस क्याम्पसद्धारा मिति २०८१/०९/१९ गतेको गोरखापत्रमा सिलबन्दी दरभाउपत्र आब्हान गरेकोमा रितपूर्वक दर्ताहुन आएका दरभाउपत्रहरुको परीक्षण र मुल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ९(क) (छैठौं संसोधन) बमोजिम तपशिल बमोजिमको दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही नदेखिएकाले रद्द गरिएको सूचना सम्बन्धीत दरभाउपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरीएको छ।

| सि.नं. | दरभाउपत्रको नाम | कैफियत |
|---|---|---|
| १. | DGPS Lab Equipment | |

## राष्ट्रिय प्रकृति संरक्षण कोष
केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर

NTNC

### सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति : २०८१।१२।१५)

यस कोषबाट DI Project र Badimalika-Ramaroshan Highlands Project का लागि आ.व. २०८१।०८२ मा १४० थान Camera Trap र ६ थान GPS बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म/कम्पनीहरूबाट मिति २०८२।०१।१५ (२८ अप्रिल २०२५) भित्र रीतपूर्वकको बोलपत्र आह्वान गरिएको छ। PPMO को website **www.bolpatra.gov.np** बाट बोलपत्र डाउनलोड गरी अन्य आवश्यक जानकारी लिन सकिनेछ। आवश्यक कागजात सहित बोलपत्र दस्तुर रु. ३,०००।- (रु. तीन हजार मात्र) फिर्ता नहुने गरी तिरी PPMO को website **www.bolpatra.gov.np** बाट बिड पेश गर्न सकिनेछ। बोलपत्रहरू सोही website बाट अनलाइन बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। पेश हुन आएका सिलबन्दी बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कोषमा निहित रहनेछ। खरिद गरिने Camera Trap र GPS को प्राविधिक विवरण तथा बोलपत्र जमानत बोलपत्र फाराममा उल्लेख गरिएको छ। यस सम्बन्धी विस्तृत सूचना कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुरको सूचना पाटीमा टाँसिएको तथा कोषको वेबसाइट **www.ntnc.org.np** मा राखिएको छ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
## शिक्षा विकास निर्देशनालय
हेटौँडा, नेपाल

### माध्यमिक तह (कक्षा ११–१२) सञ्चालन भई शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयलाई शिक्षण सिकाइ सहयोग अनुदानका लागि

### प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति : २०८१।१२।१५

यस निर्देशनालयको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माध्यमिक तह (कक्षा ११ र १२) मा स्थायी/अस्थायी/राहत कुनै पनि दरबन्दी नपाई शून्य दरबन्दीमा सञ्चालन भएका माध्यमिक विद्यालयहरूलाई शिक्षण सिकाइ सहयोग अनुदान उपलब्ध गराउने कार्यक्रम भएको हुँदा "**शिक्षण सिकाइ सहयोग अनुदान सम्बन्धी कार्यविधि २०८१**" को दफा ४ बमोजिमका सर्त पूरा गरेका विद्यालयहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र उल्लिखित मापदण्डको अनुसूची १ को ढाँचामा प्रस्ताव तयार गरी संलग्न गर्नुपर्ने कागजातहरूको PDF file बनाई यस निर्देशनालयको इमेल ठेगाना **edd.bagamati@gmail.com** मा प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। "शिक्षण सिकाइ सहयोग अनुदान सम्बन्धी कार्यविधि २०८१" शिक्षा विकास निर्देशनालयको वेबसाइट edd.bagamati.gov.np मा उपलब्ध छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
## विद्युत विकास विभाग
सानो गौचरन, काठमाडौँ, नेपाल

### दुहबी सोलार फार्म, मोरङ (८ मेगावाट) सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८१।१२।१५)

कोशी प्रदेशको मोरङ जिल्लाको बूढीगंगा गाउँपालिकामा ८ मेगावाट क्षमताको दुहबी सोलार फार्म, मोरङको निर्माण गर्न प्रवर्द्धक श्री ग्लोबल इनर्जी एण्ड कन्स्ट्रक्सन प्रा.लि.ले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मिति २०८१/११/०२ मा स्वीकृत यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination, IEE), आयोजनाको Feasibility Report for 8 MW Solar PV Project at Duhabi, Nepal, January 2025 अनुसार आयोजना सम्बन्धी तपसिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावित दुहबी सोलार फार्म, मोरङको निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र विद्युत विकास विभाग, सानो गौचरन, काठमाडौँ वा उक्त कम्पनीको तल उल्लिखित कार्यालय समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू**

१. श्री ग्लोबल इनर्जी एण्ड कन्स्ट्रक्सन प्रा. लि., कम्पनी ऐन, २०६३ अनुसार (दर्ता नं. १५२७७५/०७३/०७४) वि.सं. २०७३ मा प्रा. लि को रुपमा दर्ता भएको संस्था हो।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ।
अक्षांशः उत्तर २६° ३६' १५" N देखि दक्षिण २६° ३६' ०५" N सम्म
देशान्तरः पूर्व ८७° २०' १५" E देखि पश्चिम ८७° २०' ००" E सम्म
३. दुहबी सोलार फार्म, मोरङको जडित क्षमता ८ मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर १४.१६४ गिगावाट घण्टा विद्युत उत्पादन हुनेछ।
४. आयोजनाको मुख्य संरचनाहरू कोशी प्रदेशको मोरङ जिल्लाको बूढीगंगा गाउँपालिका वडा नं. ७ मा करिब ६.०९ हेक्टर जग्गामा प्रस्ताव गरिएको छ।
५. आयोजनाका सोलार फोटोभोल्टाइक प्यानलहरूबाट DC विद्युत निकाली सो लाई २७५ किलोवाट क्षमताका २९ वटा स्ट्रिङ इन्भर्टर मार्फत ८ मे.वा. विद्युत उत्पादन गरिनेछ। यसरी उत्पादित विद्युतलाई ३३ के.भी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको दुहवी सब–स्टेसनमा जोडिनेछ।
६. यो आयोजना २०८२ मङ्सिरभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू–क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लिखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार गर्न लगाइनेछ।

यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।

| प्रवर्द्धक | सरकारी निकाय |
|---|---|
| **श्री ग्लोबल इनर्जी एण्ड कन्स्ट्रक्सन प्रा.लि.**<br>कमलपोखरी, काठमाडौँ<br>सम्पर्क नं. : ०१–४५१७८९८<br>इमेलः gecpl.np@gmail.com | **विद्युत विकास विभाग**<br>सानो गौचरन, काठमाडौँ, फोन नं.: ०१–४५१९५०१<br>पो.ब.नं.: २५०७, फ्याक्स नंः ०१–५२४४२५७<br>इमेल : info@doed.gov.np/nabinrajch@gmail.com |

नेपाल सरकार
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्व विभाग

### बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना नं १०

मिति २०८१।१२।१५

यस विभागबाट गोरखापत्रमा मिति २०८१।११।१५ मा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागि रीतपूर्वक दर्ता हुनआएका बोलपत्र/शिलबन्दी दरभाउपत्रमध्ये न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्र/शिलबन्दी दरभाउपत्र विभागीय निर्णयानुसार स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं | ठेक्का नं. | कामको विवरण | छनौट भई आएका बोलपत्रदाताको नाम | मु.अ.कर बाहेको कवोल अंक |
|---|---|---|---|---|
| १ | DOA/SQ - Re 12/MASCP-081/82 | कपिलवस्तु जिल्ला प्रशासन कार्यालयको राणाकालिन भवन संरक्षण कार्य, कपिलवस्तु | रद्ध गरिएको | |
| २ | DOA/SQ- Re 34/PDRF-081/82 | चुचुरे गुम्बा संरक्षण कार्य,गोकुलगंगा १-रामेछाप | श्री गणेश निर्माण सेवा, रामेछाप | ९,७७,९९३.३५ |
| ३ | DOA/SQ- Re 37/PDRF-081/82 | साम्लिङ गवा गुम्बा (छत्रेवास) संरक्षण कार्य, नमोबुद्ध-९, काभ्रेपलाञ्चोक | श्री कोञ्ज्यो निर्माण सेवा/सप्लायर्स, काभ्रे | ११,२०,६२०.६० |
| ४ | DOA/SQ - Re 38/PDRF-081/82 | टासी दर्गोलिङ गुम्बा संरक्षण कार्य, तेमाल-५, काभ्रेपलाञ्चोक | श्री बुजन देवी निर्माण सेवा, सिन्धुपाल्चोक | १३,१८,४३७.४० |
| ५ | DOA/SQ - Re 39/PDRF-081/82 | नुवाकोट दरवार परिसरको नारायण पूजारीघर संरक्षण गर्ने कार्य | श्री शिवशक्ति कन्स्ट्रक्सन, नुवाकोट | ९,११,२७२.४५ |
| ६ | DOA/SQ- Re 46/PDRF-081/82 | रोल्बालिङ दातज्यम टासी छयोलिङ गुम्बा, गोरीशंकर-९, दोलखा | श्री कालिनाग कन्स्ट्रक्सन प्रा लि, काठमाण्डौं | १६,५४,१८५.०० |
| ७ | DOA/SQ - Re 47/PDRF-081/82 | गोरखा जिल्ला मिरकोट गा वि स वडा न ३ स्थित विश्वेश्वर महादेव मन्दिर सरक्षण गर्ने कार्य | श्री जनक निर्माण सेवा, गोरखा | १३,१३,८७०.५२ |
| ८ | DOA/SQ - Re 48/PDRF-081/82 | गसाङ्ग डोल्मा गुम्वा संरक्षण कार्य, रूवी भ्याल्ली-४, धादिङ्ग | श्री प्यालदोर हिमाल निर्माण सेवा, धादिङ्ग | १३,१४,८३३.२० |
| ९ | DOA/SQ- Re 54/PDRF-081/82 | वाङगाङ छोइलिङ गुम्वा संरक्षण कार्य, रूवी भ्याली -५, धादिङ्ग | रद्ध गरिएको | |
| १० | DOA/SQ- Re 58/PDRF-081/82 | ह्ययोल्मोङ् ङ्गाग्छ्याङ्ग शाक्य साङ्गपो नोप्रा गुम्वा गोकुलगंगा गा.पा.-५ रामेछाप | श्री गणेश निर्माण सेवा, रामेछाप | ९,२२,९७२.३० |

Government of Nepal
**Ministry of Urban Development**
## High Powered Committee for Integrated Development of the Bagmati Civilization (HPCIDBC)
Guheshwori, Nepal

### Invitation for Electronic Bids and Seal Quotations

**Date of Publication: 2081/12/15 (28th March, 2025)**

The **High-Powered Committee for Integrated Development of the Bagmati Civilization (HPCIDBC)** invites electronic bids from eligible bidders under **Open Competitive Bidding (OCB); Single Stage Double Envelope** Bidding Procedures & Seal Quotation for Request **for Quotation for Goods (RFQG)** for the following goods.

| IFB No | Description of Goods | Procurement Method / Submission Type | Bid Document Fee (NRs.) | Estimated amount NRs. (without VAT & Contingencies) | Minimum Bid Security Amount (NRs.) | Deadline for Submission of Bid |
|---|---|---|---|---|---|---|
| BRBIP/Goods/OCB/RCE-01-081/082 | Supply and Delivery of Wheeled Hydraulic Excavator. | OCB e-GP | 5,000 | | 585,000 | 27th April 2025, 12:00 Hours |
| BRBIP/Goods/OCB/RCE-02-081/082 | Supply and Delivery of Truck Mounted Jetting, Grabbing and Rodding Machine. | OCB e-GP | 5,000 | | 753,000 | |
| BRBIP/Goods/RFQG/RCE-01-081/082 | Supply and Delivery of Tipper Truck of Capacity 7.5 Cum. | RFQG Hard Copy | 3,000 | 4,952,212.38 | 140,000 | 13th April 2025, 12:00 Hours |
| BRBIP/Goods/RFQG/RCE-02-081/082 | Supply and Delivery of Tipper Truck of Capacity 12 Cum. | RFQG Hard Copy | 3,000 | 6,952,802.35 | 197,000 | |
| BRBIP/Goods/RFQG/RCE-03-081/082 | Supply and Delivery of High-Capacity Self Priming Pump. | RFQG Hard Copy | 3,000 | 7,461,209.43 | 211,000 | |
| BRBIP/Goods/RFQG/RCE-04-081/082 | Supply and Delivery of Truck Mounted High Pressure Jetting Machine. | RFQG Hard Copy | 3,000 | 12,157,079.64 | 344,000 | |
| BRBIP/Goods/RFQG/RCE-05-081/082 | Supply and Delivery of FRP (Fiber Reinforced Plastic) made Water Boat. | RFQG Hard Copy | 1,000 | 1,408,812.66 | 40,000 | |
| BRBIP/Goods/RFQG/RCE-06-081/082 | Supply, Delivery and Installation of Trash Barriers in River. | RFQG Hard Copy | 3,000 | 6,983,716.79 | 198,000 | |

**Information to deposit the cost of bidding document/RFQG in Bank**
Bank Name : **Rastriya Banijya Bank Ltd. Gaushala, Kathmandu;**
Name of Office: **High Powered Committee for Integrated Development of Bagmati Civilization**
Office Code no: **347003502;** Office Account no: **Ka.1.01**; Rajaswa (Revenue head no.) Shirshak no: **14229**
If the bidder wishes to submit the Cash Security, the cash should be deposited in the name of District Treasury Office, Babarmahal, Kathmandu in Retention Account No. 1201200001002524 and submit the receipt of the deposited amount of cash along with the Electronic Bid.
A complete set of Bidding Document for OCB can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. Bidding document of RFQG can be downloaded from office website www.bagmati.gov.np or from HPCIDBC, Guheshwori, Kathmandu in office time. Bidders may obtain further information from the office of HPCIDBC, Guheshwori, Kathmandu, Tel:01-4479703, Fax:01-4498619 or visit HPCIDBC website www.bagmati.gov.np

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
## विद्युत विकास विभाग
सानो गौचरन, काठमाडौँ, नेपाल

### गण्डक सौर्य विद्युत आयोजना (५.८ मेगावाट) सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१५)

लुम्बिनी प्रदेश अन्तर्गत नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला प्रतापपुर गाउँपालिकामा ५.८ मेगावाट क्षमताको गण्डक सौर्य विद्युत आयोजनाको निर्माण गर्न प्रवर्द्धक श्री नेपाल विद्युत प्राधिकरणले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मिति २०८०/०७/१६ मा स्वीकृत यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination, IEE), आयोजनाको Detailed Project Report for 6.960 MWp Solar Project at Gandak, November 2024 अनुसार आयोजना सम्बन्धी तपसिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावित गण्डक सौर्य विद्युत आयोजनाको निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र विद्युत विकास विभाग, सानो गौचरन, काठमाडौँ वा उक्त कम्पनीको तल उल्लिखित कार्यालय समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू :**

१. श्री नेपाल विद्युत प्राधिकरण, नेपाल विद्युत प्राधिकरण ऐन , २०४१ अनुसार गठन भएको निकाय हो।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ।
पूर्वः 2७° २५' ३९" N र ८३° ४७' ४२" E को साझा विन्दु
पश्चिम : 2७° २५' २१" N र ८३° ४७' १२" E को साझा विन्दु
उत्तरः 2७° २५' ४६" N र ८३° ४७' ३१" E को साझा विन्दु
दक्षिणः 2७° २५' १६" N र ८३° ४७' २५" E को साझा विन्दु
३. गण्डक सौर्य विद्युत आयोजनाको जडित क्षमता ५.८ मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर ९.८०१ गिगा वाट घण्टा विद्युत उत्पादन हुनेछ।
४. आयोजनाको मुख्य संरचनाहरू नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लाको प्रतापपुर गाउँपालिका वडा नं. ७ मा करिब ६.५७ हेक्टर जग्गामा प्रस्ताव गरिएको छ।
५. आयोजनाका सोलार फोटोभोल्टाइक प्यानलहरूबाट DC विद्युत निकाली सोलाई २०० किलोवाट क्षमताका २९ वटा स्ट्रिङ इन्भर्टर मार्फत ५.८ मे.वा. विद्युत उत्पादन गरिनेछ। यसरी उत्पादित विद्युतलाई ३३ केभी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको गण्डक सब–स्टेसनमा जोडिनेछ।
६. यो आयोजना २०८३ भदौभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू–क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लिखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार गर्न लगाइनेछ।

**यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।**

| प्रवर्द्धकः | सरकारी निकायः |
|---|---|
| **श्री नेपाल विद्युत प्राधिकरण**<br>**प्रधान कार्यालय , दरबार मार्ग, काठमाडौँ।**<br>**सम्पर्क नं. : ०१-४१५३००७ , ०१-४१५३१९३**<br>**इमेल : neamd@nea.org.np** | **विद्युत विकास विभाग**<br>**सानो गौचरन, काठमाडौँ , फोन नं. : ०१–४५१९५०१**<br>**पो.ब.नं.: २५०७ , फ्याक्स नं. : ०१-५२४४२५७**<br>**इमेल : info@doed.gov.np/nabinrajch@gmail.com** |

## नाङ्गो तार हटाउँदै प्राधिकरण

**कञ्चनपुर समाचारदाता**
*बेलौरी (कञ्चनपुर), चैत १४ गते*

कञ्चनपुरको दक्षिणी क्षेत्रका विभिन्न स्थानमा 'कभर कन्डक्टर' जडान कार्य अगाडि बढाइएको छ। नेपाल विद्युत् प्राधिकरण बेलौरी वितरण केन्द्रले विद्युत् प्रवाह अवरुद्ध नहोस् भनी विभिन्न स्थानको नाङ्गो तार हटाउँदै कभरसहितको तार जडानको कार्य थालेको छ। डोकेबजार हुँदै बेलौरी, पुनर्वास र बेलडाँडी क्षेत्रका 'हाइटेन्सन लाइन' मा कभरसहितको तार जडानको कार्य भइरहेको सो कार्यालयका प्रमुख टेकराज गिरीले जानकारी दिनुभयो।

कार्यालय प्रमुख गिरीले बेलौरी बजार क्षेत्रमा पुरानो पोल र तारलाई हटाएर नयाँ योजना अनुसार प्रणाली शुद्धीकरणको कार्य भइरहेको बताउनुभयो। पछिल्लो समय विद्युत् प्रवाहमा अवरोध बढेपछि खुला तारबाट विद्युत् प्रसारण अन्त्य गर्न कभर भएको तार प्रयोग हुन थालेको हो। गत वर्ष प्रणाली शुद्धीकरणका लागि प्राधिकरणले साढे दुई करोड रुपियाँमा टेन्डर भएको जनाएको छ। जस अनुरूप कभरसहितको तार जडानको कार्य अन्तिम चरणमा रहेको कार्यालय प्रमुख गिरीले बताउनुभयो।

खुला तारबाट विद्युत् विस्तार हुँदा हावाहुरीका कारण बाँस र रुखमा ट्रिपिङ बढेर विद्युत् अवरुद्ध हुने क्रम बढेपछि प्राधिकरणले कभरसहितको तार प्रयोग गरेको छ। विद्युत् प्रसारण लाइन विस्तार र मर्मतमा कभर कन्डक्टर तारको प्रयोग भएपछि विद्युत् अवरुद्ध कम हुने अपेक्षा स्थानीयको छ। विद्युत् प्राधिकरण बेलौरी वितरण केन्द्रले बेलौरी शान्तिपुर क्षेत्रमा एक हजार १०० मिटर नाङ्गो तार हटाएर कभर भएको तार जडान गरेको जनाएको छ। वितरण केन्द्रले बेलडाँडी सिहपाल टोल, बेलौरी वडा नम्बर १०, शिवनगर–बन्दाजाला, पुनर्वास नगरपालिका–५ पशुपति टोल क्षेत्रमा विस्तार गरिएको कार्यालय प्रमुख गिरीले बताउनुभयो।

# पुलछेउको भ्वाङ टालिँदै



तस्बिर : अविनाश चौधरी

**पुल किनारमा परेको भ्वाङ ।**

**धनगढी समाचारदाता**
*धनगढी, चैत १४ गते*

कैलालीको घुरहा नदीस्थित पक्की पुल किनारमा परेको भ्वाङ टाल्ने कार्य सुरु भएको छ।

प्रदेश सरकारको बजेटले पुल किनारको भ्वाङ टाल्न थालिएको हो। कैलारी गाउँपालिका–४ र ६ जोड्ने सो पुलको पूर्वतर्फको किनार भासिएर भ्वाङ परेको थियो। सडक भासिएर भ्वाङ परेका कारण ठुला सवारीसाधन ओहोरदोहोर हुन सक्दैनन्। जोखिम मोलेर मोटरसाइकल, साइकल र पैदलयात्रीले मात्रै ओहोरदोहोर गर्ने गरेका छन्।

पुल किनारको भ्वाङका कारण दुर्घटनाको जोखिम रहेकाले प्रदेश सरकारले मर्मतको काम अगाडि बढाएको कैलारी गाउँपालिकाका अध्यक्ष राजसमझ चौधरीले बताउनुभयो। प्रदेश सरकारले भ्वाङ टाल्न ५० लाख बजेट छुट्याएको थियो। "तत्काललाई भ्वाङ मर्मतको काम मात्रै हुन्छ," अध्यक्ष चौधरीले भन्नुभयो।

घुरहा नदीले पूर्वतिर बहाव परिवर्तन गर्दा केही वर्षअगाडि नै पुल किनारमा भ्वाङ परेको थियो। परेको भ्वाङलाई यसअघि पनि कैयौँ पटक टालटुल पारेर काम चलाइएको थियो। यस पटक आरसिसी गरेर भ्वाङ टालिने वडा नम्बर ४ का वडाध्यक्ष ठागुराम चौधरीले बताउनुभयो।

### बाँदरले पनि खाँदैन जङ्गली फल
## बाँदरका कारण किसान विस्थापित

**बैतडी समाचारदाता**
*बैतडी, चैत १४ गते*

वनमा यतिखेर काफल, कोइरालो, बेडु, तिमिलो, ऐँसेलु, चुत्रो, मछाइनोलगायत दर्जनौँ जङ्गली फल लटरम्म फलेका छन् तर बाँदर ग्रामीण किसानको बारीमा गहुँ, केराउ, मुसुरो खान पल्केको छ। जङ्गलमा रहेको फल खान छाडेर बाँदरले किसानको बारीमा रहेको अन्नबाली तथा तरकारी खान थालेपछि किसान हैरान भएका छन्।

बाँदरले खेतीपाती नाश गरेर गाउँमा आतङ्क मच्चाउन थालेपछि किसान जमिन बाँझो छाड्न बाध्य छन्। भारतपारिबाट महाकाली नदी तरेर आएका बाँदरका कारण दशरथ चन्द नगरपालिका–४, ५, ६, ८ र १० नम्बर वडाका सयौँ परिवार विस्थापित भएका छन्।

बाँदरकै कारण दशरथ चन्द नगरपालिकाका ११ वटा वडाको एक हजार ६२० हेक्टर खेतीयोग्य जमिन बाँझो रहेको छ। नगरको कुल दुई हजार ५९५ हेक्टर खेतीयोग्य जमिनमध्ये ९७२ हेक्टरमा मात्रै खेती हुने गरेको नगरपालिकाका कृषि शाखा प्रमुख दीपक कार्कीले बताउनुभयो। उहाँका अनुसार कुल खेतीयोग्य जमिनको ३७ प्रतिशत हिस्सामा मात्रै खेती हुने गरेको छ। त्यो पनि बाँदरका कारण किसानले अन्नबाली भित्र्याउन नपाउने उहाँले बताउनुभयो।

भारतपारिबाट झुलाघाट पुल तरेर बैतडी आउने बाँदर राति झुलाघाट बसपार्कमा बास बस्ने गरेका छन्। बिहानपख बाँदरको झुन्ड दशरथ चन्द नगरपालिका ५, ६, ८ र १० नम्बर वडाका धौल्याली, साङ्डी, पुजरगाउँ, त्रिपुरा, पल्लाचौडाली, बाडीलेक, देवलहाट, आइत, भटाला, झाका, बुड्डा, खडेनीलगायत गाउँमा पस्ने गरेको छ।

बाँदरले बारीमा लगाएको खेतीपाती मात्र होइन भान्सा कोठामा पकाएको खानासमेत छिनेर खान थालेका छन्।

बारीमा लगाएको खेती र भान्सामा पकाएको खानेकुरा बाँदरले छिनेर खान थालेपछि गाउँमा आतङ्क सिर्जना भएको दशरथ चन्द नगरपालिका–४ का युवा किसान दीपक ठगुन्नाले बताउनुभयो।

बाँदर आतङ्कका बारेमा किसानले गुनासो लिएर नगरपालिका आउने गरेको दशरथ चन्द नगरपालिकाका प्रमुख पुष्करराज जोशी (लख्खाभाइ) ले बताउनुभयो। बाँदर मार्ने ऐन कानुन नभएकाले नगरपालिकाले केही गर्न नसक्ने उहाँले बताउनुभयो। किसानलाई वैकल्पिक खेतीका रूपमा टिमुर, कागती, मौरीपालन जस्ता अन्य व्यवसाय गर्न नगरपालिकाले सहयोग गरिरहेको उहाँले बताउनुभयो।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञाप्रतिष्ठान (नास्ट) को तथ्याङ्क अनुसार नेपालमा २५६ वटा जङ्गली खाद्य फल रहेका छन्। तीमध्ये सुदूरपश्चिमको बैतडीलगायतका पहाडी जिल्लामा आधाभन्दा बढी खाद्य फल पाइने नास्टका वैज्ञानिक डा. लोकरञ्जन भट्टले बताउनुभयो।

उहाँले खोज अनुसन्धान गरेर लेख्नुभएको 'नेपालका जङ्गली खाद्य फल' पुस्तकमा २५६ वटा जङ्गली खाद्य फलको विशेषता उल्लेख गरिएको छ। यद्यपि जङ्गली खाद्य फलको उपयोग हुन सकेको छैन। भारतबाट आएका बाँदरलेसमेत यी फलमा रुचि नदेखाएको उहाँले बताउनुभयो।


**जानकारी गराईएको बारे**

यस हेल्थ केयर फाउण्डेशन नेपाल/राष्ट्रिय मिर्गौला उपचार केन्द्र वनस्थली, काठमाडौँमा विगतमा कार्यरत निम्न लिखित कर्मचारीहरुको यस संस्थासँग कुनै पनि सम्बन्ध नरहेको तथा उक्त कर्मचारीको कुनै पनि गतिविधि प्रति संस्था जिम्मेबार नरहने जानकारी गराउँदछौँ।

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १. | तोयनाथ दवाडी | वनस्थली–१६, काठमाडौँ |
| २. | सुमन राउत | गोदामौचर–३, ललितपुर |
| ३. | बिमल बराल | कमलामाई–५, सिन्धुली |
| ४. | श्रीराम राई | काठमाडौँ–८, काठमाडौँ |
| ५. | विष्णु कुमार श्रेष्ठ | गोठगाउँ–४, रामेछाप |

राष्ट्रिय मिगौला उपचार केन्द्र
वनस्थली, काठमाडौँ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१।१२।१५

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट मिति २०८१।९।११ र मिति २०८१।१०।२९ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार PPMO को वेबसाइट **www.bolpatra.gov.np/egp** मार्फत प्राप्त हुन आएका बोलपत्रहरूमध्ये निम्न उल्लिखित बोलपत्र दाताको प्रस्ताव न्यूनतम मूल्याङ्कित भई सारभूत रूपमा प्रभावग्राही रही स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|
| JEMC/NCB/Goods/ 16-2081/082 | Procurement of 120 GSM Maplitho Paper | श्री हिमालय भिस्टा इन्टरनेसनल ट्रेडिङ, प्रा.लि., त्रिपुरेश्वर, काठमाडौँ। | रु. ३८,०५,३०९।७३ |
| JEMC/NCB/Works/ 13-2081/082 | Procurement of Construction of Bike Parking Shed | Srijana Gautam Construction and Suppliers Pvt.Ltd., Kathmandu. | रु. १०,६९,४६३।३३ |

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर, फोन नं. ०१६६३०७८७

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
प्राप्ती शाखा, गौचर, काठमाडौं।

**सिलवन्दी वोलपत्र (e-bid) आव्हानको सूचना !**

प्रकाशित मिति : २०८१।१२।१५ (28th Mar., 2025)

यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमका सामान/सेवा खरिद गर्ने सम्बन्धमा e-bid को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण तथा बोलपत्र सम्बन्धि सम्पूर्ण काम/कारवाहीको लागि PPMO को website www.bolpatra.gov.np/egp मा Login गर्नुहुन अनुरोध छ ।

| S.N. | Description of Work |
|---|---|
| 1. | Two Source STS for UPS Redundancy and Accessories at TIACAO, NCB/30/ PROSEC/2081/82 |
| 2. | Supply and Delivery of General Electrical Spare Parts/Goods for TIACAO, NCB/31/PROSEC/2081/82 |

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, मिर्चैया

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१।१२।१५)

सिराहा जिल्ला, मिर्चैया न.पा.–५ (साविक रामनगर मिर्चैया ३, सिराहा) बस्ने संजित नायक र ववि देवी नायकमध्ये बवि देवी नायकको मिति २०८१/११/०८ मा मृत्यु भएकोले यस बैंकमा रहेको निजहरूको संयुक्त बचत खाता तथा संयुक्त मुद्दती खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पति नाता पर्ने मिर्चैया न.पा. ५, सिराहा बस्ने संजित नायकले बैंकमा मिति २०८१/११/२६ मा निवेदन दिएको हुँदा निज संयुक्त खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय मिर्चैयामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

Government of Nepal
*Ministry of Finance*
*Financial Comptroller General Office*
*Anamnagar, Kathmandu*

**Invitation for Bids for The Procurement of Fire Suppression System**

IFB No: 02/081/82 Contract Identification No: FCGO/36500108/GO/SQ/02/081/82
Date of publication:2081/12/15

1. The Government of Nepal, Financial Comptroller General Office invites sealed quotations from registered Suppliers for the Procurement of **Fire Suppression System.**
2. A complete *set* of Bidding Documents may be purchased from the Financial Comptroller General Office, Anamnagar, Kathmandu by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration, VAT registration and Tax Clearance Certificate for the F/Y 080/081, and upon payment of a non-refundable fee of NRs 1000 within 2081/12/29 on office hour.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Financial Comptroller General Office, Anamnagar, Kathmandu, Nepal, Telephone: 014770340 Website: www.fcgo.gov.np

**Procurement Unit**

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

काठमाडौँ जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. १ बस्ने संगे लामा समेतले बाबु कृष्ण बहादुर तामाङ भन्ने कृष्ण बहादुर तामाङ लामाको नाममा नाप नक्सा भई निज नापीवालाकै नाममा हालसम्मै दर्ता बाँकी स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गाका नापिवाला कृष्ण बहादुर तामाङ भन्ने कृष्ण बहादुर तामाङ लामाको मिति २०६८।०८।१० मा र निजकी पत्नी कान्छी लामाको मिति २०७८।०२।१३ मा र अर्की पत्नी काईली तामाङको मिति २०६५।०६।२७ मा आ–आफ्नै कालगतिले मृत्यु भई हकदारहरूमा छोराहरू बुद्ध लामा–१, संगे लामा–१, जिर राम लामा–१, शंकर लामा–१, वीर राम लामा–१, शुक राम लामा–१, सुमन लामा–१, बुद्धि बहादुर लामा १ र शेर बहादुर लामा १ समेत जना ९ भएकोमा हकदारमध्येका छोरा बुद्धि बहादुर लामाको मिति २०७८।११।१४ मा मृत्यु भई निजको हकदारमा निजकी पत्नी फुलमाया तामाङ मात्र भई अरू हकदार नभएको हुँदा तपसिल बमोजिमको जग्गा साबिक घुमारीचोक मौजा लगत नं. १६८ कृष्ण बहादुरको नाउँबाट भिडी हामी जीवित हकदारहरूको नाउँमा दर्ता/नामसारी गरिपाऊँ भनी माग निवेदन गरेको, साथै उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको विवरण तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| साल्खा | ८/ट | छ | २–१०–१–० | कृष्ण बहादुर तामाङ का.ई. साँखु घुमारचोक | मेरै हक भोगको हो |

**पुनश्चः** मि.नं. ३६ मिति २०६८।६९ भिडेको देखिन्छ। स्रेस्तामा भूलबाट देखिन्छ।

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, मिर्चैया

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१।१२।१५)

सिराहा जिल्ला, मिर्चैया न.पा.–१ (साविक रामपुर ७, सिराहा) बस्ने वौये लाल साहको मिति २०८१/१०/०४ मा मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी पत्नी नाता पर्ने मिर्चैया न.पा. १, सिराहा बस्ने पलास देवी साहले बैंकमा मिति २०८१/१२/०४ मा निवेदन दिएको हुँदा निज संयुक्त खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय मिर्चैयामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
विद्युत विकास विभाग
सानो गौचरन, काठमाडौँ, नेपाल

**मध्यमर्स्याङ्दी सौर्य विद्युत आयोजना (१.६ मेगावाट) सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१५)

गण्डकी प्रदेश अन्तर्गत लमजुङ जिल्ला, बेसीसहर नगरपालिकामा १.६ मेगावाट क्षमताको मध्यमर्स्याङ्दी सौर्य विद्युत आयोजनाको निर्माण गर्न प्रवर्द्धक श्री नेपाल विद्युत प्राधिकरणले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मिति २०८१/१०/०९ मा स्वीकृत यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination, IEE), आयोजनाको Detailed Project Report for 1.92 MWp Solar Project at MHEP, November 2024 अनुसार आयोजना सम्बन्धी तपसिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावित मध्यमर्स्याङ्दी सौर्य विद्युत आयोजनाको निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र विद्युत विकास विभाग, सानो गौचरन, काठमाडौँ वा उक्त कम्पनीको तल उल्लिखित कार्यालय समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू :**

१. श्री नेपाल विद्युत प्राधिकरण, नेपाल विद्युत प्राधिकरण ऐन , २०४१ अनुसार गठन भएको निकाय हो।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ।
अक्षांश: उत्तर २८° ११' २८" N देखि दक्षिण २८° ११' १६" N सम्म
देशान्तर: पूर्व ८४° २५' ३५" E देखि पश्चिम ८४° २५' ०७" E सम्म
३. मध्यमर्स्याङ्दी सौर्य विद्युत आयोजनाको जडित क्षमता १.६ मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर ३.३४३ गिगावाट घण्टा विद्युत उत्पादन हुनेछ।
४. आयोजनाको मुख्य संरचनाहरू लमजुङ जिल्लाको बेसीशहर नगरपालिका वडा नं. ११ मा करिब १.८२१ हेक्टर जग्गामा प्रस्ताव गरिएको छ।
५. आयोजनाका सोलार फोटोभोल्टाइक प्यानलहरूबाट DC विद्युत निकाली सोलाई २०० किलोवाट क्षमताका ८ वटा स्ट्रिङ इन्भर्टर मार्फत १.६ मे.वा. विद्युत उत्पादन गरिनेछ। यसरी उत्पादित विद्युतलाई ३३ के.भी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको उदिपुर सब-स्टेसनमा जोडिने छ।
६. यो आयोजना २०८३ भदौभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लिखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार गर्न लगाइने छ।

**यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।**

| प्रवर्द्धक: | सरकारी निकाय: |
|---|---|
| श्री नेपाल विद्युत प्राधिकरण<br>प्रधान कार्यालय , दरबार मार्ग, काठमाडौँ।<br>सम्पर्क नं. : ०१-४१५३००७ , ०१-४१५३१९३<br>इमेल : neamd@nea.org.np | विद्युत विकास विभाग<br>सानो गौचरन, काठमाडौँ , फोन नं. : ०१–४५१९५०१<br>पो.ब.नं.: २५०७ , फ्याक्स नं. : ०१-५२४४२५७<br>इमेल : info@doed.gov.np/nabinrajch@gmail.com |

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
विद्युत विकास विभाग
सानो गौचरन, काठमाडौँ, नेपाल

**झुप्रा सौर्य विद्युत आयोजना (२ मेगावाट) सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१५)

कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्ला लेखबेसी नगरपालिकामा २ मेगावाट क्षमताको झुप्रा सौर्य विद्युत आयोजनाको निर्माण गर्न प्रवर्द्धक श्री नेपाल विद्युत प्राधिकरणले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मिति २०८०/१०/२२ मा स्वीकृत यस आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination, IEE), आयोजनाको Detailed Project Report for 2.4 MWp Solar Project at Surkhet, May 2022 अनुसार आयोजना सम्बन्धी तपसिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावित झुप्रा सौर्य विद्युत आयोजनाको निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र विद्युत विकास विभाग, सानो गौचरन, काठमाडौँ वा उक्त कम्पनीको तल उल्लिखित कार्यालय समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू :**

१. श्री नेपाल विद्युत प्राधिकरण, नेपाल विद्युत प्राधिकरण ऐन , २०४१ अनुसार गठन भएको निकाय हो।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ।
अक्षांश: उत्तर २८° ३६' ०७" N देखि दक्षिण २८° ३५' ५२" N सम्म
देशान्तर: पूर्व ८१° ४०' ४१" E देखि पश्चिम ८१° ४०' २३" E सम्म
३. झुप्रा सौर्य विद्युत आयोजनाको जडित क्षमता २ मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर ३.८१८ गिगावाट घण्टा विद्युत उत्पादन हुनेछ।
४. आयोजनाको मुख्य संरचनाहरू सुर्खेत जिल्लाको लेकवेशी नगरपालिका वडा नं. १० मा करिब ४.६९ हेक्टर जग्गामा प्रस्ताव गरिएको छ।
५. आयोजनाका सोलार फोटोभोल्टाइक प्यानलहरूबाट DC विद्युत निकाली सोलाई २०० किलोवाट क्षमताका १० वटा स्ट्रिङ इन्भर्टर मार्फत २ मे.वा. विद्युत उत्पादन गरिनेछ। यसरी उत्पादित विद्युतलाई ११ के.भी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको वीरेन्द्रनगर सब-स्टेसनमा जोडिनेछ।
६. यो आयोजना २०८२ चैतभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लिखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार गर्न लगाइनेछ।

**यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।**

| प्रवर्द्धक: | सरकारी निकाय: |
|---|---|
| श्री नेपाल विद्युत प्राधिकरण<br>प्रधान कार्यालय , दरबार मार्ग, काठमाडौँ।<br>सम्पर्क नं. : ०१-४१५३००७ , ०१-४१५३१९३<br>इमेल : neamd@nea.org.np | विद्युत विकास विभाग<br>सानो गौचरन, काठमाडौँ , फोन नं. : ०१–४५१९५०१<br>पो.ब.नं.: २५०७ , फ्याक्स नं. : ०१-५२४४२५७<br>इमेल : info@doed.gov.np/nabinrajch@gmail.com |

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, धुलिखेल (१०४)

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१।१२।१५)

सिन्धुपलाञ्चोक जिल्ला, सुनकोशी गाउँपालिका वडा ६ थुम्पाखर बस्ने मिन बहादुर बस्नेतको मिति २०८०।०३।२६ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा नाता पर्ने सिन्धुपलाञ्चोक जिल्ला, सुनकोशी गाउँपालिका वडा ६ बस्ने मान बहादुर बस्नेत, यज्ञ बहादुर बस्नेत र तोपेन्द्र बहादुर बस्नेतले यस बैंकमा मिति २०८१।११।२८ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ–आफ्नो सबुद प्रमाण सहित यस बैंक शाखा कार्यालय धुलिखेलमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

युवामञ्च खोजी खोजी पढौँ।

# हिउँ छिचोलेर लिमी फर्किंदै स्थानीय

**हुम्ला समाचारदाता**
*हुम्ला, चैत १४ गते*

जिल्लाको उत्तरी नाम्खा गाउँपालिका–५ को चार हजार ६७० मिटर अग्लो नारा लेकमा जमेको चार फिट हिउँ छिचोलेर स्थानीय बासिन्दा लिमी पुग्नुपर्ने बाध्यता आइलागेको छ। काम विशेषले लिमीको हल्जी गाउँका स्थानीय गाउँ फिर्ता हुनका लागि नाराको हिउँ छिचोलेर जानु परेको हो।

नाराको हिउँ छिचोलेर हिल्सा हुँदै लिमी पुग्नुभएका सुनखानी आधारभूत विद्यालयका शिक्षक विकल तामाङले निकै कष्टका साथ हिउँ छिचोल्नु परेको बताउनुभयो। काम विशेषले गाउँपालिका केन्द्र आएका बेला हिउँ परेर नारा लेकको हिल्सा र लिमी जाने बाटो बन्द भएपछि याल्वाङमै रोकिनुभएका उहाँले तीन जना साथी मिलेर नारा लेकमा जमेको हिउँ छिचोल्दै जानु परेको जनाउनुभयो। नारा लेकदेखि चोर लाग्नासम्मको सात किलोमिटर सडकमा तीनदेखि चार फिट हिउँ जमेको छ। बाक्लो हिउँ जमेको उक्त दुरी पार गर्न उहाँहरूलाई पाँच घण्टा समय लागेको थियो।

हिउँमा हिँड्दा खुट्टाका औँलासमेत हिउँले असर गरेका कारण हिँड्नसमेत समस्या भएको उहाँको भनाइ छ। विद्यालय सञ्चालनमा रहेकाले एक्लै जान नसकिने तर पछि दुई जना अन्य लिमीकै युवा भेट भएपछि हिउँ छिचोलेर जाने आँट गरिएको जानकारी उहाँले दिनुभयो। गत माघ र फागुनको महिनामा हिउँ छिचोल्दै लिमीबाट ४३ जनाको टोली नारा लेक काटेर सदरमुकाम सिमकोट आइपुगेको थियो। त्यसपछि पनि पटक पटक हिउँ परिरहेको छ। बाक्लो हिउँ छिचोल्दै लिमीका तीन जना युवा हिल्सा आइपुगेको प्रहरी चौकी हिल्साका प्रहरी सहायक निरीक्षक ललितबहादुर रावतले बताउनुभयो।

अहिले पनि सडकमा बाक्लो हिउँ जमेका कारण जोखिम मोलेर पैदल यात्रा नगर्न सर्वसाधारणलाई प्रहरीले आग्रह गरेको छ। यसअघि फागुन अन्तिम साता सात जना पैदल यात्रुलाई सशस्त्र प्रहरी र नेपाल प्रहरी मिलेर लेकको हिउँमा फसेको अवस्थामा उद्धार गरेको थियो। यातायातका साधन सञ्चाल हुन भने समय लाग्ने देखिएको छ।



*तस्बिर सौजन्य : विकल तामाङ*

**नारा लेकमा जमेको हिउँ छिचोलेर हिँड्दै लिमीका युवा।**

# कर्णालीमा 'फोरजी' सेवा विस्तार

**बुलबुले समाचारदाता**
*सुर्खेत, चैत १४ गते*

कर्णालीका ७२ पालिकामा नेपाल टेलिकमले फोरजी सेवा विस्तार गरेको छ। ७९ वटा स्थानीय तह रहेको प्रदेशका अधिकांश पालिकामा फोरजी सेवा पुगिसकेको छ। अब सात वटा पालिका बाँकी छन्। डोल्पा र हुम्ला जिल्लाका गरी सात वटा पालिकामा फोरजी सेवा पुग्न बाँकी छ।

नेपालमै पहिलो पटक २०७३ सालमा काठमाडौँ र पोखराबाट फोरजी सेवा सुरु गरेको सरकारी स्वामित्वको कम्पनीले कर्णालीका ७२ पालिकामा सेवा विस्तार गरेको हो। सेवा क्षेत्र विस्तारको काम धमाधम भइरहेको नेपाल टेलिकमको प्रादेशिक निर्देशनालय सुर्खेतले जनाएको छ। प्रदेशका १० वटै जिल्लामा सरकारी स्वामित्वको फोरजी सेवा पुगेको छ। सुर्खेत क्षेत्रभरि ७० ठाउँमा मोबाइल सेवाका लागि फोरजी सेवाका टावर निर्माण गरिएको प्रादेशिक कार्यालयका प्राविधिक प्रमुख मधुसुदन दाहालले बताउनुभयो।

दैलेखमा ३०, डोल्पामा १०, हुम्लामा छ, जाजरकोट र जुम्लामा २१/२१ कालीकोटमा २२, रुकुमपश्चिममा १९, सल्यानमा ४० ठाउँमा फोरजी सेवाका लागि टावर निर्माण गरिएको छ। जिल्ला जिल्लाको जनसङ्ख्याका आधारमा फोरजी सेवा विस्तार गरिएको दाहालले जानकारी दिनुभयो। अब बाँकी रहेका सात वटा पालिकामा फोरजीका सय वटा टावर निर्माण गरिने उहाँले बताउनुभयो। विकास र उत्पादनमा प्रविधिको प्रयोगका रूपमा फोरजी सेवालाई विस्तार गर्न लागिएको जनाइएको छ। प्रयोगकर्ता बढेसँगै फोरजी सेवा विस्तारको काम तीव्र गतिमा अघि बढेको हो।

नेपाल टेलिकम प्रादेशिक निर्देशनालयका प्रमुख कमल लामिछानेले सेवा सुधारका लागि बजेट र कार्यक्रमको व्यवस्थापन भइरहेको जानकारी दिनुभयो। डिजिटल कर्णाली निर्माण गर्ने गरी काम अघि बढाइएको उहाँको भनाइ छ। एडिएसएल, इभिडिओ, थ्रिजी डाटा, वाइम्याक्स, फाइबर इन्टरनेट, डिएसएल इन्टरनेट, स्काइडाटा, जिपिआरएस, डाइअफ इन्टरनेटलगायत सेवा उपलब्ध गराउँदै आएको टेलिकमले आगामी दिनमा यी सबै सेवालाई थप गुणस्तरीय बनाउँदै प्रदेशभर विस्तार गर्ने योजना बनाएको छ। कर्णालीका अधिकांश स्थानमा अहिले पनि टेलिफोनले काम गर्दैन। नेटवर्कको सिग्नल भ एपनि फोनले काम नगर्ने गरेको गुनासो बढिरहेको छ। सेवा विस्तारसँगै सबै क्षेत्रसँग छलफल गरेर सेवालाई प्रभावकारी बनाउन लागिएको निर्देशनालयले जनाएको छ।

# जनचेतनाको कमीले बालविवाह



*तस्बिर : राजु लामिछाने*

**यौन तथा प्रजनन स्वास्थ्य अधिकार र बालविवाहका विषयमा भएको छलफल कार्यक्रम।**

**मुसीकोट समाचारदाता**
*रुकुमपश्चिम, चैत १४ गते*

रुकुमपश्चिममा बालविवाह बढ्नुको कारण जनचेतनाको कमी नै मुख्य कारण रहेको सरोकारवालाले जनाएका छन्। बुधबार खलङ्गामा समता फाउन्डेसनले आयोजना गरेको यौन तथा प्रजनन स्वास्थ्य अधिकार र बालविवाहका सवालमा सरोकारवालासँगको छलफल कार्यक्रममा बालविवाह बढ्नुको कारण जनचेतनाको कमी रहेको बताइएको छ। अभिभावकको सही निगरानी नहुँदा पनि बालविवाह बढेको बताइएको छ।

कार्यक्रममा जिल्ला सरकारी वकिल कार्यालयका न्यायाधिवक्ता चन्द्रबहादुर सिँजालीले बालविवाह न्यूनीकरणका लागि राज्यको ठुलो लगानी हुँदाहुँदै पनि असफल भइरहेको बताउनुभयो। उहाँले गाउँ समाजमा थुप्रै बालविवाह हुने गरे पनि सम्बन्धित निकायमा जानकारी नहुने जनाउनुभयो। बालविवाह न्यूनीकरण गर्न स्वयम् आफूबाट सुरुवात गर्नुपर्ने उहाँको भनाइ छ। बालविवाह गर्नेलाई कानुनी दायरामा ल्याउनुपर्ने र ग्रामीणस्तरमा कानुनी सचेतना फैलाउनुपर्ने जिल्ला न्यायाधिवक्ता सिँजालीले उल्लेख गर्नुभयो।

सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीले जनचेतनाको कमीले गर्दा नै जिल्लामा बालविवाह हुने गरेको बताउनुभयो। उहाँले २० वर्ष नपुगेका महिला बच्चासहित नागरिकता बनाउन आउने गरेको उल्लेख गर्दै बालविवाह रोक्न समुदायस्तरबाटै लाग्नुपर्नेमा जोड दिनुभयो। बालविवाहका घटना जिल्ला प्रहरी कार्यालयमा न्यून मात्रामा दर्ता हुने गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ऋषि पाठकले जानकारी दिनुभयो। उहाँका अनुसार गत आर्थिक वर्षमा आठ वटा बालविवाहका घटना दर्ता भएका थिए भने चालु वर्षमा सात वटा बालविवाहका घटना दर्ता भएका छन्। जनचेतनाको कमी, छोराछोरीप्रति अभिभावकको निगरानी नहुँदा पनि बालविवाह बढेको उहाँको भनाइ छ। बालविवाहको खास कारण पत्ता लगाएर न्यूनीकरणतर्फ जोड दिनुपर्ने उहाँले बताउनुभयो।

बार एसोसिएसनका जिल्ला उपाध्यक्ष मनीषा रोकाय भण्डारीले बालविवाह न्यूनीकरण गर्न अभिभावकसँगै स्थानीय तहले सचेतना अपनाउनुपर्ने बताउनुभयो। पहिले सहमतिमै विवाह गर्ने पछि गएर कुरा नमिल्दा जबरजस्ती करणीको मुद्दा दर्ता गर्ने प्रवृत्ति बढेको उल्लेख गर्नुहुँदै उहाँले बालबालिकालाई पनि कानुनी विषयमा पनि जानकारी दिन आवश्यक रहेको उल्लेख गर्नुभयो।

२०७८ सालको जनगणना अनुसार कर्णालीका १० जिल्लामध्ये बालविवाह बढी हुने दोस्रो जिल्ला रुकुमपश्चिम रहेको छ। कार्यक्रममा समता फाउन्डेसनका अध्यक्ष मदनप्रकाश परियारले बालविवाह न्यूनीकरण गर्ने उद्देश्यका साथ कर्णालीका सबै जिल्लामा सहकार्य गरेर अगाडि बढ्ने बताउनुभयो। दुईबर्से कर्णाली सचेतना परियोजनामार्फत बालविवाहको दर तीव्र रूपमा घटाउने, स्थानीय तहमा महिनावारी सेवा केन्द्र विकास गर्ने र दलित किशोरीको सम्मानजनक जीवनयापन गर्ने वातावरण सिर्जना गरिने जानकारी उहाँले दिनुभयो।

**वर्गीकृत डिस्प्ले**

**मोटरसाइकल हरायो**

मिति २०८१।१२।११ गते बा.प्र. ०२ ०४६ प ५९३७ नं. को सेतो रङको Bajaj Pulsar 200 NS FI CC मोटरसाइकल बसुन्धाराबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९८६११०१९१६ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
**नाम** : राजिव श्रेष्ठ
**ठेगाना:** गोरखा न.पा. २
**इन्जिन नं.:** JLXCPE65220
**च्यासिस नं.:** MD2A36FXOPCE91288

## बोलपत्र आह्वानको सूचना

**(सार्वजनिक प्रसारण सेवा नेपाल टेलिभिजन, सिंहदरबार)**

**स्टेसनरी, छपाइ तथा कार्यालय सामान खरिदका लागि बोलपत्र आह्वानको सूचना।**

(प्रकाशित मिति : २०८१/१२/१५)

**ठेक्का नं.** NTV 081/82-03

१. आर्थिक वर्ष २०८१/८२ का लागि सार्वजनिक प्रसारण सेवा नेपाल टेलिभिजन सिंहदरबारका लागि आवश्यक स्टेसनरी, छपाइ तथा कार्यालय सामान राष्ट्रिय स्तरको बोलपत्र मार्फत खरिद गर्नुपर्ने भएकोले यो बोलपत्र आह्वान गरिएको छ।
२. सार्वजनिक प्रसारण सेवा नेपाल टेलिभिजन योग्य बोलपत्र दाताहरूबाट, राष्ट्रिय स्तरको खुला बोलपत्र प्रक्रिया अन्तर्गत सामान खरिद गर्नका लागि यो बोलपत्र आह्वान गर्दछ।
३. योग्य बोलपत्र दाताहरूले यस सम्बन्धी थप जानकारीका लागि वा बोलपत्र सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, https://www.bolpatra.gov.np/egp बाट हेर्न वा नेपाल टेलिभिजन, सिंहदरबारस्थित सामान्य सेवा शाखाको फोन नम्बर : ०१४२००३४८ एक्स्टेन्सन नं. ११०, १०२ मा सम्पर्क गर्न सकिनेछ।
४. योग्य बोलपत्र दाताले बोलपत्र सम्बन्धी कागजातको दस्तुर बापत ३,०००।– (फिर्ता नहुने) नेपाल टेलिभिजनको नाममा रहेको ग्लोबल आइएमइ बैंक लि.को धरौटी खाता 015900100615524 मा नगद जम्मा गरेको रसिद संलग्न गरी https://www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्नुपर्नेछ।
६. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरू उपस्थित हुन चाहेका बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा नेपाल टेलिभिजनको सिंहदरबारस्थित केन्द्रीय कार्यालयमा मिति २०८२/०१/१६ गते दिउँसो २:०० बजे खोलिनेछ। बोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तीमा ९० दिन सम्मका लागि बोलपत्र मान्य हुनेछ। बोलपत्रको साथ रु. ६०,०००।– बराबरको (क) वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र, खोलिने मितिदेखि कम्तीमा १२० दिन म्याद भएको बोलपत्र जमानत वा नेपाल टेलिभिजनको नाममा रहेको ग्लोबल आइएमइ बैक लि.को धरौटी खाता 015900100615524 मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।
७. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिनेछ।

नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय

## विद्युत विकास विभाग

सानो गौचरण, काठमाडौं, नेपाल

**अर्गा सौर्य विद्युत आयोजना, अर्घाखाँची(१० मेगावाट)**

**(प्रथम पटक प्रकाशित मिति २०८१/१२/१४)**
**(दोस्रो पटक प्रकाशित मिति २०८१/१२/१५)**

लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्लाको सन्धिखर्क नगरपालिका मा १० मेगावाट क्षमताको अर्गा सौर्य विद्युत आयोजना, अर्घाखाँची निर्माण गर्न प्रवर्द्धक श्री अर्गा भगवती भेन्चर्स प्रा.लि. ले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाचँ बुझ गरी नियम १६ को प्रयोजनको लागि नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०८१/०८/२७ मा स्वीकृत यस आयोजनाको प्रारम्भिक वातवरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination, IEE), आयोजनाको Detailed Project Report(DPR) for Arga Solar Power Project, Feb 2025 अनुसार आयोजना सम्बन्धी तपशिलका विवरणहरु खोली यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित अर्गा सौर्य विद्युत आयोजना, अर्घाखाँची को निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्र विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौं वा उक्त कम्पनीको तल उल्लिखित कार्यालय समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरु :**

१. श्री अर्गा भगवती भेन्चर्स प्रा.लि., कम्पनी ऐन, २०६३ अनुसार (दर्ता नं.३०६११४/०७९/०८०) वि.सं. २०७९ मा प्रा. लि को रुपमा दर्ता भएको संस्था हो।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ।
अक्षांश: उत्तर २७० ५७' ४७" N देखि दक्षिण २७० ५८' १२" N सम्म
देशान्तर: पूर्व ८३० ०८' २४" E देखि पश्चिम ८३० ०८' ४८" E सम्म
३. अर्गा सौर्य विद्युत आयोजना, अर्घाखाँची को जडित क्षमता १० मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर १९.९५ गिगा वाट घण्टा विद्युत उत्पादन हुनेछ।
४. आयोजनाको मुख्य संरचनाहरु लुम्बिनी प्रदेशको अर्गाखाँची जिल्लाको सन्धिखर्क नगरपालिकाको वडा नं ३ मा करिब १२ हेक्टर जग्गामा प्रस्ताव गरिएको छ।
५. आयोजनाका सोलार फोटोभोल्टाइक प्यानलहरुबाट DC विद्युत निकाली सो लाई ५०० किलोवाट क्षमताका २० वटा स्ट्रींङ इन्भर्टर मार्फत १० मे.वा. विद्युत उत्पादन गरिनेछ। यसरी उत्पादित विद्युतलाई ३३ के.भी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको अर्गा सब-स्टेशनमा जोडिने छ।
६. यो आयोजना २०८३ असोज भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायु प्रदुषण आदिद्वारा वातावरणमा उल्लेखित प्रतिकुल असर नपर्ने गरी आयोजनाको स्वीकृत प्रारम्भिक वातवरणीय परीक्षण प्रतिवेदन (IEE) अनुसार गर्न लगाइने छ।

**यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीको लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।**

| **प्रवर्द्धक:** | **सरकारी निकाय:** |
|---|---|
| श्री अर्गा भगवती भेन्चर्स प्रा.लि.,<br>बोहोराटार, काठमाडौं ।<br>सम्पर्क नं. : ९८५७०३९०१८<br>ईमेल: bhagwatiarga2079@gmail.com | विद्युत विकास विभाग<br>सानो गौचरण, काठमाडौं , फोन नं.: ०१-४५१९५०१<br>पो.ब.नं.:२५०७, फ्याक्स नं: ०१-५२४४२५७<br>इमेल : info@doed.gov.np / nabinrajch@gmail.com |

## Kathmandu Upatyaka KhanepaniLimited

**Mahankalchaur Branch Office**
**Chabahil Mahankal**

**Invitations of Bids (Sealed Quotation)**

**Notice Publication Date :** 2081-12-15

Kathmandu Upatyaka Khanepani Limited Mahankalchaur Branch invites e-bid from eligible bidders under sealed Quotation Bidding procedures as mentioned below.

| S. N. | IFB Name/Description | Bid submission Deadline | Bid opening Date | Remarks |
|---|---|---|---|---|
| 1 | Supply of 15mm dia. AMR compatible water meter volumetric type including fittings & accessories. | 2081/12/31<br>Time 12:00 | 2081/12/31<br>Time: 14:00 | Bid security<br>Rs 48000.00 |

**Nepal of Government**

## Ministry of Youth and Sports,

**Singhdurbar, Kathmandu**

**Notice of Invitation for Bids**

**First Date of publication:-** 2081/12/15 BS. (2025/03/28 AD.)

1. Ministry of Youth and Sports, intends to apply part of the funds to cover eligible payments under the Contract for below bids. Bidding is open to all eligible Bidders/Suppliers.
2. The Ministry of Youth and Sports, Singhdurbar, Kathmandu invites electronic bids only from eligible bidders for the following particulars under sealed quotation and National competitive bidding-Single Stage Single Envelope procedures.

| S. N. | Sealed/NCB no | Description of works | Cost of tender document fee | Bid security | Last date of Bid submision | Estimated amount (without VAT) |
|---|---|---|---|---|---|---|
| 1 | MOYS/SQ/ WORKS/ 2081/ 82-03 | maintenance and coloring work at the Ministry of youth and Sports | 1000 | 22000 | 2025-04-13 ( 2081/12/31) | 871,306.30 |
| 2 | MOYS/NCB/ GOODS/ 04/2081/082 | The Procurement of Office's Furniture | 3000 | 9000 | 2025-04-28 ( 2082/01/15) | |
| 3 | MOYS/NCB/ GOODS/ 05/2081/082 | The Procurement of Carpet and Laminates Work at Ministry of Youth and Sports | 3000 | 25000 | 2025-04-28 ( 2082/01/15) | |

3. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
4. Other mandatory information as per PPA and PPR.

## नेपाल विद्युत प्राधिकरण

**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**गण्डकी प्रादेशिक कार्यालय**

**सिलबन्दी दरभाउपत्र आह्वान/स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति :** २०८१/१२/१५

१. बागलुङ वितरण केन्द्र (फोन नं. ०६८–५२२४७७, इमेल: baglung@nea.org.np)

| सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण | लागत अनूमान ज्याला रकम |
|---|---|---|
| NEA-BDC-2081/ 082-03(SQ) | Construction and Comissioning works of HT Line from Maldhunga to Balewa of Baglung DC | 6,26,228.37 |

| सिलबन्दी दरभाउपत्र नं. | कार्य विवरण | छनोट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम मु.अ.क.सहित (ने.रू.) |
|---|---|---|---|
| NEA-BDC-2081/ 082-02(SQ) | Supply and Delivery of electrical tools, equipment and line materials for Baglung DC | पाथीभरा सपलायर्स, बत्तीसपुतली, काठमाडौँ | 14,50,513.20 |

२.मनाङ वितरण केन्द्र फोन नं. ९८५६०३७०३९ इमेल: manang@nea.org.np

| सिलबन्दी दरभाउपत्र नं. | कामको विवरण | छनौट भएको सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| NEA-MDC-2081/ 082-03RESQ | Supply and delivery of Solar Pannel equipment with installation at different area of Nisyang Rural Muncipality | Deep Light Energy Pvt. Ltd. Samakhusi Kathmandu | रु.३,८९,८५०।०० |

For details please visit ***www.bolpatra.gov.np/egp*** & For further information please contact respective office.

## Nepal Electricity Authority

**Transmission Directorate**
**Grid Operation Department**

**Date of Publication :** 2081/12/15

**१) बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

| S. N. | Description | बोलपत्र/सिलबन्दी दरभाउपत्र नं. | Related office for more information |
|---|---|---|---|
| 1 | Supply and Delivery of 33 kV Current Transformer and Capacitor Unit | RE/SQ/BGD/ 2081/082-05 | Official website of PPMO (www. bolpatra.gov.np/ egp) and Nepal Electricity Authority, Butwal Grid Division, Butwal, Phone no 071- 437302/437003 |
| 2 | Tower Protection Works T.No.205 of 220 kV Tr.Line, T.No.406 at Butwal-Kawasoti Sector and T.No.53 at Butwal-Mainahiya sector of 132 kV Tr.Line | SQ/BGD/ 2081/082-06 | |
| 3 | Construction of Boundry Wall at Kawasoti S/S | SQ/BGD/ 2081/082-07 | |
| 4 | Tower Protection Works T.No.10 at Motipur-Sandhikharka and T.No.194 at Chandrauta-Lamahi Sector of 132 Tr.Line | SQ/BGD/ 2081/082-08 | |
| 5 | Tower Protection Works T.No.215, 252, 389, 391 at Chandrauta-Emiliya sector and T.No.19 at Lamahi-Ghorahi Sector of 132 Tr.Line | SQ/BGD/ 2081/082-09 | |
| 6 | Aggregate filling work on the 33kV switchyard area of Attariya Substation. | Re-AGD/ 2081/082-9(SQ) | Official website of PPMO (www. bolpatra.gov. np/egp) and Nepal Electricity Authority, Attaria Grid Division, Attaria, Phone no 091- 550003/550743 |
| 7 | Gabion laying work below TN222 and surrounding TN 220 by crash barrier of Chameliya-Attariya 132KV Transmission Line at Dadeldhura District. | Re-AGD/ 2081/082- 10(SQ) | |
| 8 | Earthwork excavation work for maintaining clearance between ground and 132 kV transmission line conductor at Chameliya-Attariya 132 kV TL between TN204 and TN205 of Dadeldhura District. | Re-AGD/ 2081/082- 11(SQ) | |

**२) सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

| सि. नं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (VAT) सहित रू. | कार्यालय |
|---|---|---|---|---|---|
| 1 | SQ/BGD/ 2081/ 082-04 | Loading, Unloading and Transportation of 132/33 kV 63 MVA Power Transformer and its Accessories from Butwal S/S to Central Workshop, Hetauda | M/s Mahalaxmi Engineering Workshop Pvt. Ltd, Hetauda-10, Makawanpur | 11,75,200.00 | Nepal Electricity Authority, Butwal Grid Division, Butwal Phone no 071- 437302/437003 |

मन्त्रीपरिषद् बैठक

# प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत

**भैरहवा समाचारदाता**
*भैरहवा, चैत १४ गते*

लुम्बिनी प्रदेश सरकार मन्त्रीपरिषद्को बिहीबारको बैठकले प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत गर्ने निर्णय गरेको छ।

यस योजनाले प्रदेशको विकासको मार्गचित्र तय गर्ने अपेक्षा गरिएको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले प्रदेशको दोस्रो आवधिक योजना स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीले जानकारी दिनुभयो।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रस्ताव अनुसार २०८२ सालका लागि प्रदेशभित्रका सार्वजनिक बिदा स्वीकृत गरिएको छ। नेपाल सरकारले वर्षभरि दिने सार्वजनिक बिदाका अतिरिक्त प्रदेशका सरकारी कार्यालयमा बढीमा छ दिन अतिरिक्त सार्वजनिक बिदा दिन सकिने व्यवस्था छ। जस अन्तर्गत लुम्बिनी प्रदेशले पाँच दिन सार्वजनिक बिदा दिने प्रस्ताव स्वीकृत गरेको हो। सामाजिक विकास मन्त्रालयले अघि सारेको दलित अधिकारसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्राप्त गरेको छ। बैठकले लुम्बिनी प्रदेश मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरेको छ।

### आवधिक योजनामा के छ ?

प्रदेश सरकारले स्वीकृत गरेको दोस्रो आवधिक योजनाले प्रदेशको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय विशेषतालाई ध्यानमा राखी विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। आवश्यक वित्तीय स्रोत परिचालनका लागि १४ खर्ब ९९ अर्बको अनुमानित लगानीको क्षेत्र पहिचान गरिएको छ।

योजनाको अन्त्यमा कुल गार्हस्थ उत्पादन ११ खर्ब ४९ अर्ब पुग्ने, कुल गार्हस्थ उत्पादनको वृद्धिदर (औसत) अनुमान ७.६ प्रतिशत पुग्ने अनुमान गरिएको छ। योजनाले समृद्ध लुम्बिनी निर्माणका लागि विभिन्न रणनीति अघि सारेको छ। कृषि आधुनिकीकरणमार्फत उत्पादन वृद्धि गर्ने, पर्यटन प्रवर्धन गरी रोजगारी सिर्जना गर्ने, औद्योगिकीकरणमार्फत आर्थिक गतिशीलता बढाउने, गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षा प्रवर्धन गर्ने, व्यावसायिक सिप अभिवृद्धि गर्ने, पूर्वाधार विकासमा लगानी वृद्धि गर्नेलगायतका रणनीतिक योजना छन्। आवधिक योजनाको दीर्घकालीन सोच समृद्ध लुम्बिनी, खुसी नागरिक रहेको छ।

दोस्रो आवधिक योजना सामाजिक न्यायसहितको दिगो आर्थिक विकास, सुशासन र पूर्वाधार प्रवर्धनमा केन्द्रित रहेको प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले जानकारी दिनुभयो।

प्रदेश सरकारले पछिल्लो समय तीव्र रूपमा वृद्धि भइरहेको मानसिक स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न मानसिक स्वास्थ्य रणनीतिक योजना स्वीकृत गरेको छ। यो योजना मानसिक स्वास्थ्य सेवा विस्तार, रोकथाम, उपचार र पुनर्स्थापनाका लागि मार्गदर्शन गर्ने उद्देश्यले तयार गरिएको छ। लुम्बिनी प्रदेशमा १३ देखि १७ वर्ष उमेर समूहका ६.१ प्रतिशत किशोरकिशोरी मानसिक स्वास्थ्य समस्याबाट ग्रस्त छन्। त्यसै गरी १८ वर्षमाथिका १३ प्रतिशत व्यक्तिले जीवनमा एक पटक मानसिक स्वास्थ्य समस्या भोग्ने सम्भावना रहेको अध्ययनले देखाएका छन्।

प्रयोगविहीन सवारीसाधन

# भयो विवरण सङ्कलन, भएन व्यवस्थापन

**तम्घास समाचारदाता**
*तम्घास, चैत १४ गते*



गुल्मीमा लामो समयदेखि प्रयोगविहीन रहेका सवारीको विवरण सङ्कलन भए पनि त्यसको व्यवस्थापन गर्ने काम भने अगाडि बढ्न सकेको छैन। २०८० वैशाखमा जिल्ला प्रशासनमा प्रयोगविहीन सवारीसाधनको विवरण सङ्कलन गर्न शिक्षा विकास तथा समन्वय एकाइ गुल्मीका तत्कालीन प्रमुख लोकनाथ मरासिनीको संयोजकत्वमा सात सदस्य रहेको एक समिति बन्यो। उक्त समितिले जिल्ला प्रशासनमा प्रतिवेदनसमेत बुझायो।

समितिले बुझाएको प्रतिवेदन अनुसार चार वटा गाडी र ३८ वटा मोटरसाइकल प्रयोगविहीन रहेका छन्। चार वटा गाडीमध्ये दुई वटा जिल्ला समन्वय समितिको र गुल्मी अस्पतालमा दुई वटा एम्बुलेन्स गरी चार वटा गाडी छन्। जिल्ला समन्वय समिति गुल्मीको परिसरमा रहेका चार वटा गाडीमध्ये दुई वटा गाडीको कार्यालयमा अभिलेख पाइन्छ भने दुई वटा गाडी कार्यालय परिसरमा भए पनि अभिलेखमा नभएको कार्यालयले जनाएको छ।

चार वटा ल्यान्ड रोभर कम्पनीका गाडीमध्ये बा. १ झ ६६८० र ६६८१ नम्बरका गाडी मात्रै कार्यालयको अभिलेखमा छ। अभिलेखमा रहेका दुई गाडीको पनि लामो समयदेखि नवीकरण भएको पाइँदैन। अन्य दुई गाडीमध्ये एउटा गाडीको नम्बर प्लेट नै छैन भने अर्कोको राम्रोसँग बुझ्न सकिँदैन। यस्तै जिल्ला दूरसञ्चार कार्यालयको भवनअगाडि एउटा डोजरको भग्नावशेष छ।

गुल्मीमा दूरसञ्चार कार्यालय स्थापनाकालदेखि नै उक्त डोजर उही अवस्थामा छ। हालसम्म पनि कुनै कम्पनी वा व्यक्तिले डोजरको दाबी गर्न आएका छैनन्। उक्त डोजर आफूहरूलाई निल्नु न उकेल्नु भएको कार्यालयले जनाएको छ।

गुल्मी जिल्लाका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले प्रयोगविहीन रहेका सवारीको व्यवस्थापन गर्नका लागि कठिन भएको बताउनुभयो। कुनै गाडी लामो समयदेखि नवीकरण नभएको र कुनैको अभिलेख नै नभएका कारण लिलाम बिक्रीमा समेत जान नसकिएको उहाँको भनाइ छ। नवीकरण गर्नका लागि पनि लामो समयको भएकाले सम्बन्धित कार्यालयसँग बजेट नहुने हुँदा समस्या भएको गौतमले बताउनुभयो।

# ‘प्रत्यक्ष निर्वाचित कार्यकारी आवश्यक’

**घोराही समाचारदाता**
*घोराही, चैत १४ गते*

पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का अध्यक्ष डा. बाबुराम भट्टराईले देशमा देखिएको वर्तमान सङ्कट समाधानका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख हुने व्यवस्था आवश्यक रहेको बताउनुभएको छ।

रिपोर्टर्स क्लब नेपाल दाङले बिहीबार घोराहीमा आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै पूर्वप्रधानमन्त्री भट्टराईले प्रत्यक्ष निर्वाचित कार्यकारी हुने व्यवस्था भएमा सरकार स्थिर रहने र देशमा आर्थिक विकास संस्थागत हुने बताउनुभएको हो। अहिलेकै व्यवस्थामा राजनीतिक स्थायित्व नहुने र देश झन् आर्थिक सङ्कटमा फस्ने अवस्था देखिएकाले राष्ट्रिय सहमति कायम गरेर केन्द्रमा प्रत्यक्ष राष्ट्रपति र प्रदेशमा मुख्यमन्त्री हुने व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो। छिटो सहमति जुटाएर प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणाली कायम गर्न सकेमा समस्या समाधान हुने बताउनुभयो।

पूर्वप्रधानमन्त्री भट्टराईले अगाडि भन्नुभयो, “प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्थामा जान नसक्ने र डराउने हो भने अझै १५/२० वर्ष देशको हालत यस्तै हुन्छ। कुनै परिवर्तन हुँदैन।” उहाँले गम्भीर अवस्थामा फसेको अर्थतन्त्रलाई जोगाउनका लागि त्यसतर्फ जानुपर्ने आवश्यकता रहेको बताउनुभयो। राष्ट्रिय सहमति जुटाएर निर्वाचन प्रणाली सुधार गरेर अघि बढ्नु अहिलेको आवश्यकता रहेको बताउँदै उहाँले प्रत्यक्ष निर्वाचित राष्ट्रपति, प्रदेश मुख्यमन्त्रीका साथै प्रत्यक्ष निर्वाचित सङ्घीय र प्रदेश सांसदको व्यवस्था गर्नुपर्ने बताउनुभयो। त्यसै गरी उहाँले विषय विज्ञबाट मन्त्री चयन गरेर सरकार चलाउन सके सुशासन र गतिशीलता ल्याउन सकिने बताउनुभयो।

भट्टराईले भुत भइसकेको राजतन्त्र फेरि फर्किएर आउन सक्ने सम्भावना नभएकाले राजतन्त्रका बारेमा अनावश्यक बहस आवश्यक नभएको बताउनुभयो। राजनीतिक व्यवस्थामा असफल भइसकेर केही भाडाका मानिस ल्याएर सडकमा उत्रिँदैमा लामो त्याग, तपस्या र बलिदानीबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र नढल्ने उहाँले बताउनुभयो।

वर्तमान संविधानले राजतन्त्रको परिकल्पना नगरेको भन्दै उहाँले ल्याउने नै भए आगामी निर्वाचनमा दुई तिहाइ बहुमत प्राप्त गर्दै संविधान संशोधन गरेर राजतन्त्र ल्याउन राप्रपालाई आग्रह गर्नुभएको थियो। उहाँले भन्नुभयो, “अहिलेको व्यवस्थामा राजतन्त्र आउन सक्ने अवस्था छैन। राजतन्त्र ल्याउँछौँ भनेर उफ्रिनु मसानघाटमा पुगेको मृत शरीर फर्काउँछौँ भन्नु जस्तै हो, त्यो सम्भव नै छैन।”


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं ।

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रकाशित मितिः २०८१/१२/१५

Road Upgradation Work (Section: Aletar-Bancharedada-Bhandarthumka dhokabhanjyang Road and Mahalaxmithan-magaltol Road) DUDBC-BDSLFSCPIU/WORKS/NCB/05/081/082 निर्माण कार्य सम्बन्धी प्राविधिक प्रस्तावहरू मूल्यांकन गर्दा सारभूत रूपमा प्रभावग्राही रहेका बोलपत्रदाताहरूको विवरण यस विभागको website www.dudbc.gov.np मा प्रकाशन गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।



नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परीक्षणसँग सम्बन्धित सूचना**

*सूचना प्रकाशित मिति : २०८१/१२/१५*

वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्यजन्य जोखिम र दुर्घटना न्युनिकरण गर्न स्वास्थ्य परीक्षणलाई थप व्यवस्थित, मर्यादित र गुणस्तरीय बनाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ को दफा ७९ वमोजिमको समितिको मिति २०७८।११।२२ को सिफारिस, वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण कार्यको सुधारका लागि गठित अध्ययन कार्यदलको प्रतिवेदन, २०८१ र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६ वमोजिमको विशेषज्ञ समितिको मिति २०८१।१०।०२ को सिफारिस समेतको आधारमा नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०८१।१२।०८ को निर्णयानुसार स्वास्थ्य परीक्षण सूची पुनरावलोकन गरिएको हुँदा सम्बन्धित सबै सूचिकृत स्वास्थ्य संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यसरी पुनरावलोकन भएका स्वास्थ्य सेवा परिक्षणको परीक्षण गर्न सूचिकृत स्वास्थ्य संस्थालाई आवश्यक पूर्वाधार थप गर्न सूचना प्रकाशन भएको मितिले दुई महिनाको समयअवधि दिइएको व्यहोरा जानकारी गराइन्छ ।



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
बबरमहल, काठमाण्डौ

**सम्झौता गर्न आउने बारेको सूचना**

प्रथम पटक सूचना प्रकाशन मिति : २०८१/१२/१५

यस सचिवालयको RFP No.: FEBS-081-082-4.1 (1-15), RFP No.: FEBS-081-082-4.2 (1-9) र RFP No.: FEBS-081-082-4.3 (1-7) बाट तालिम सञ्चालन गर्न परामर्श सेवा खरिदका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ (३) एवं नियमावली २०६४ को नियम ८१ (क) बमोजिम मिति २०८१/१२/१४ को निर्णयानुसार सम्झौताका लागि स्वीकृत भएका सम्बन्धित प्रस्तावदाताहरूलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सम्झौताका लागि सचिवालयमा उपस्थित हुन सूचना प्रकाशन गरिएको छ । प्रस्तावदाताहरूको विस्तृत विवरण यस सचिवालयको आधिकारिक वेवसाईट www.feb.gov.np मा हेर्न सकिनेछ ।



**नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोग**
कमलादी, काठमाडौँ

**प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता सम्बन्धी सूचना**

मिति : २०८१/१२/१५

नेपाल प्रज्ञा–प्रतिष्ठानमा रिक्त रहेको प्रशासन सेवा, विविध समूहको नायब सुब्बा (कम्प्युटर) (रा.प.अनं. प्रथम श्रेणी सरह) पद सङ्ख्या–२ (दुई) मध्ये खुला–१ (एक) र समावेशीतर्फ महिला–१ (एक) खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्न मिति २०८१।०८।१७ र १८ गते लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा खुलातर्फ ५ (पाँच) जना र महिलातर्फ २ (दुई) जना उम्मेदवारहरू छनोट भएकाले ती उम्मेदवारहरूको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता देहाय अनुसार सञ्चालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**विज्ञापन नं. ४।०७९–८० (खुला र महिला)** **पद : नायब सुब्बा (कम्प्युटर)**
**श्रेणी/तह : रा.प.अनं. प्रथम श्रेणी सरह** **सेवा/समूह : प्रशासन/विविध**

- **प्रयोगात्मक परीक्षा हुने मिति र समय** : २०८२।०१।०४ गते बिहीबार बिहान ८:०० बजे ।
- **स्थान** : लोक सेवा आयोग, अनामनगर भवन, काठमाडौँ ।
- **प्रयोगात्मक परीक्षामा उत्तीर्ण उम्मेदवारहरूको अन्तर्वार्ता हुने मिति र समय** : २०८२।०१।०८ गते सोमबार बिहान ८:०० बजे ।
- **स्थान** : नेपाल प्रज्ञा–प्रतिष्ठान सेवा आयोगको कार्यालय, कमलादी, काठमाडौँ ।

**द्रष्टव्य :**

१. लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारहरूले प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामा उपस्थित हुँदा प्रवेश पत्र र दरखास्त फाराम बुझाउँदा संलग्न गरिएका सबै प्रमाण पत्रका सक्कल प्रतिहरू अनिवार्य रूपमा साथमा ल्याउनुपर्नेछ ।
२. उम्मेदवारहरू प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताका लागि निर्धारित समयभन्दा १ (एक) घण्टा अगाडि नै आइपुग्नुपर्नेछ ।
३. प्रयोगात्मक परीक्षामा उत्तीर्ण उम्मेदवारहरू मात्र अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछन् ।

**सदस्य सचिव**



**बढुवा समितिको सचिवालय**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सूचना**

(प्रकाशित मिति २०८१/१२/१५ गते)

लोक सेवा आयोगको देहायको बढुवा सूचना नं., सेवा, समूह र श्रेणीको रिक्त पदमा जेष्ठता र कार्यसम्पादनको आधारमा हुने बढुवाका लागि बढुवा समितिको मिति २०८१/१२/१४ को निर्णयानुसार देहाय बमोजिमको योग्यताक्रमका उम्मेदवारहरुलाई बढुवाको लागि सिफारिश गर्ने निर्णय भएकोले निजामती सेवा ऐन, २०४९ को दफा २४च.को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ।

ब. सू. नं. १३१-०८१/८२, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, राजपत्राङ्कित तृतीय श्रेणी, तथ्याङ्क अधिकृत

| यो.क्र.नं. | क.सं.नं. | उम्मेदवारको नाम थर |
|---|---|---|
| १ | १५५६२५ | नागेन्द्र प्रसाद यादव |
| २ | १४९४४० | रेणु कुमारी घिमिरे |
| ३ | १४९४३९ | इन्द्र विलास कोईराला |
| ४ | १४६८०० | वसन्त रजैंरे |

ब. सू. नं. १५६-०८१/८२, नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणी, कम्प्यूटर अधिकृत

| यो.क्र.नं. | क.सं.नं. | उम्मेदवारको नाम थर |
|---|---|---|
| १ | १९०१५८ | नारायण प्रसाद न्यौपाने |
| २ | १९२४५४ | उपेन्द्र प्रसाद चौधरी |
| ३ | १९१०२१ | टीकाराम सुवेदी |
| ४ | १७१९०० | अनन्त सुवेदी |



नेपाल सरकार
शहरी विकास मन्त्रालय
**सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय**
सानोगौचरन, काठमाडौं

**चमेना गृह सञ्चालनका लागि सिलवन्दी प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

प्रकाशन मितिः २०८१।१२।१५ (28th March, 2025)

यस कार्यालय अन्तर्गत सिंहदरबार परिसरभित्र केन्द्रीय सर्भिस सेन्टर भवनको भुई तल्लामा रहेको चेमना गृह (Food Court) लाई व्यवस्थित रुपमा सञ्चालन गरी गुणस्तरीय खाजा तथा खानाको व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम चमेना गृह सञ्चालन गर्न इच्छुक फर्म वा कम्पनीबाट यस कार्यालयबाट तयार गरिएको मेनु अनुसार खाना तथा खाजाका विभिन्न परिकार एवं चिया लगायत निर्धारित पेय पदार्थहरुको मूल्य सूचीको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा रु.१,०००।- मात्र फिर्ता नहुने गरी यस कार्यालयको राजश्व खाता नम्बर ३४७०१३५०७, राजश्व शीर्षक नम्बर १४२२९ र कार्यालय कोड ३४७०१३५०७ मा नगद जम्मा गरेको भौचर र जमानत वापतको रकम रु.१,००,०००।- नेपाल राष्ट्र बैंकमा रहेको खाता नम्बर १२०१२००००१००२५२४ र कार्यालय कोड ३४७०१३५०७ मा जम्मा गरी सोको भौचर वा फाराम बुझाउँने अन्तिम मितिले कम्तिमा ७५ दिन म्याद (२०८२ जेठ २७ सम्म) कायम रहने गरी वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको शर्त रहितको बैंक ग्यारेण्टी संलग्न गरी प्रस्तावमा उल्लेख गरिए बमोजिम रीतपूर्वक सिलवन्दी प्रस्ताव मिति २०८१ चैत ३१ गते मध्यान्ह १२:०० बजे भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव सम्बन्धी कागजात यस कार्यालयको खरिद इकाईबाट प्राप्त गर्न र खरिद इकाईमा दाखिला गर्न सकिनेछ । सिलवन्दी प्रस्ताव सोही दिन (२०८१ चैत ३१ गत) दिनको १४:०० बजे यस कार्यालयको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै यस सम्बन्धी अन्य जानकारी सोही कागजातबाट प्राप्त हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सुपरिन्टेन्डेन्ट ईन्जिनियर**



**Citizen Investment Trust (CIT)**
New Baneshwor, Kathmandu, Nepal

**Request for Expression of Interest**

***for the Consulting Service on customization, upgrade, enhancement and support of a NLK Web Based Software (NLK-WBS) System for NLK***

*EOI No. NLK/CS/NLK-WBS/QCBS-01*

Publication Date: March 28, 2025 (2081/12/15)

1. Citizen Investment Trust, New Baneshwor, Kathmandu has allocated fund ***toward the cost of Consulting Service on customization, upgrade, enhancement and support of a NLK Web Based Software (NLK-WBS) System for NLK*** and intends to apply a portion of this ***fund*** to eligible payments under the Contract for which this Expression of Interest is invited.
2. The Citizen Investment Trust, New Baneshwor, Kathmandu now invites Expression of Interest (EOI) from eligible consulting firms (“consultant”) to provide the following consulting services: Consulting services ***on Customization, Upgrade, Enhancement and Support of a NLK Web Based Software (NLK-WBS).***
3. Interested eligible consultants may obtain further information and EOI document free of cost at the address Citizen Investment Trust, New Baneshwor, Kathmandu during office hours on or before 12:00 PM, April 13, 2025 (2081/12/31) or visit e-GP system www.bolpatra.gov.np/egp or visit www.nlk.org.np.
4. Consultants may associate with other consultants to enhance their qualifications.
5. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp *to the address* on or before 1:00 PM, April 13, 2025 (2081/12/31)
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on ***Qualification and Experience of Key Experts 30%, Experience of the Firm 50%, and Capacity of the Firm 20%*** of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
8. Minimum score to pass the EOI is 70.



नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**वाताबरण विभाग**
बवरमहल, काठमाडौँ
सूचना प्रकाशन मिति २०८१/१२/१५

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी (दोस्रो पटक) सूचना**

यस विभागको विभिन्न स्थानमा वायु गुणस्तर मापन केन्द्रहरूको घेराबार, PPC लगायत भौतिक निर्माण गर्नुपर्ने भएकोले इच्छुक फर्म, संस्था, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र E–Bidding मार्फत सिलबन्दी दरभाउपत्र खरिद गरी १६ औँ दिन मध्यान्नको १२:०० बजे सम्म पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। दरभाउपत्र पाइने स्थान, दस्तुर, विडवण्ड, पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस विभागको website: www.doenv.gov.np र सूचना पाटीमा समेत राखिएको व्यहोरा जानकारीको लागि अनुरोध छ। दरभाउपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र फाराम दस्तुर | लागत अनुमान (कन्टिजेन्सी र मू.अ.कर बाहेक) | जमानत वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | DoEnv-SQ-01-2081/82Re | Construction of Fencing, PCC, Physical Infrastructure in Air Quality Monitoring Station | रु.१,०००।- | रु.११,३९,३५७।७८ | रु.३३,०००।- | |



**सर्वोच्च अदालत**
रामशाहपथ, काठमाडौँ

**सूचना प्रविधि सम्बन्धी उपकरण खरिद गर्ने पुनः सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना**

(दोस्रो पटक प्रकाशित मिति : २०८१/१२/१५)

सर्वोच्च अदालतमा आ.व. २०८१/०८२ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सूचना प्रविधि सम्बन्धी उपकरण सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने भएकोले सोको सूचना प्रकाशन गरिएको छ। सिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत सूचना यस अदालतको वेबसाइटमा राखिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपसिल :**

| Bid No. | Description | Minimum Bid Security | Last Date of Purchase & Time | Bid Opening Date & Time | Bidding Process |
|---|---|---|---|---|---|
| RE-SCN/M/204000114/2081/082/03 | Supply and Delivery of UPS | NRs. 47,000.00 | 2081/12/29 During office hours | 2081/12/31 1:00 PM | Hard Copy Only |
| Account No. for Bid Document Purchase Fee: | Name of Bank: Rastriya Banijya Bank, Singhdurbar, Kathmandu, Nepal<br>Name of Office: Supreme Court of Nepal, Ramshah Path, Kathmandu<br>Office Code no.: 204003501<br>Revenue Account no.: 100010020001000<br>Revenue Head no.: 14229<br>Bid Document Fee (Non-refundable): NRs. 1,000.00 | | | | |

# 'कोरला नाका सहज बनाउनुपर्ने'



नेचुङ भन्सारको मुस्ताङतर्फ देखिएको भिडभाड ।

**हरिकृष्ण शर्मा**
*मुस्ताङ, चैत १४ गते*

गत वर्ष चीनको (नेचुङ–लिजी) खुलेसँगै धार्मिक पर्यटनका लागिसमेत नाका प्रयोग गर्न पाइने भन्दै लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्ट निकै उत्साहित हुनुहुन्थ्यो। यद्दपि २०८० साल कात्तिक १४ गते नाकाबाट आवतजावत गर्ने उपल्लो मुस्ताङवासीले आर्थिक कारोबारसँगै हिन्दु, बौद्ध, जैनलगायत विभिन्न समुदायका धर्मावलम्बीको अति पवित्र तीर्थस्थल कैलाश तथा मानसरोवरको दर्शनका लागिसमेत धार्मिक पर्यटकको ओइरो लागेको हेर्ने सपना उहाँको अहिलेसम्म पूरा हुन सकेको छैन।

नेपालबाट चीनको तिब्बतमा अवस्थित कैलाश मानसरोवरमा सडक सञ्जालबाट जान सबैभन्दा सजिलो र कम खर्चिलो यही बाटो मानिएको छ। मुस्ताङमा रहेको चीनसँगको कोरला नाकाबाट निकै छोटो र सजिलै पुग्न सकिने लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष विष्ट बताउनुहुन्छ। अध्यक्ष विष्टले भन्नुभयो, "कोरला नाकाबाट नेपालका अन्य नाकाबाटभन्दा सहज, छोटो अवधिमै कैलाश मानसरोवर पुग्न सकिन्छ, हामीले यस क्षेत्रको नाकालाई सहज बनाउन सकेमा धार्मिक पर्यटकको चाप बढ्छ।" आर्थिक कारोबार र धार्मिक पर्यटकका लागि कोरला नाकालाई मुख्य बाटो बनाउन सकिने भए पनि नेपाल सरकारबाट नाकामा आवश्यक पर्ने संरचनासहित जनशक्ति व्यवस्थापनमा चासो नपुगेको अध्यक्ष विष्टको भनाइ छ। पोखरा र काठमाडौँबाट हवाईमार्ग र सडक सञ्जालबाट सहजै उपल्लो मुस्ताङ आएर कोरला नाका हुँदै सवारीसाधनको प्रयोग गरी कैलाश मानसरोवरसम्म जान सकिन्छ।

उपल्लो मुस्ताङमा आउने चिनियाँ अधिकारीले आर्थिक कारोबारसँगै कैलाश मानसरोवरसम्म जानका लागि सकारात्मक सन्देश दिने गरेको स्थानीय जनप्रतिनिधिको भनाइ छ। आर्थिक कारोबारका लागि नाका सञ्चालनमा ल्याइए पनि नेपाली पक्षबाट भौतिक पूर्वाधारसहित अन्य आवश्यक पहल कमजोर हुँदा समस्या भइरहेको छ। चीनको तिब्बतमा पर्ने कैलाश मानसरोवर क्षेत्रमा बर्सेनि हजारौँ नेपाली पर्यटकले भ्रमण गर्ने गरेका छन्।

मुस्ताङको बाटो हुँदै कैलाश मानसरोवर जान काठमाडौँबाट २५ मिनेटको हवाई उडानबाट पोखरा पुग्न सकिने र पोखराबाट म्याग्दी बेनी हुँदै मुस्ताङको कोरला बोर्डर पुग्न सकिन्छ। हवाईमार्गबाट मुस्ताङको जोमसोम पुगेकाहरू ल्होमन्थाङ हुँदै करिब साढे चार घण्टामा नेचुङ पुग्न सकिन्छ।

नेचुङ–लिजी भन्सारबाट करिब ५८ किलोमिटरमा चीनको सिगात्से प्रान्तको झोम्वासेनमा पुगिन्छ भने त्यहाँबाट ५८० किलोमिटरको यात्रापछि छ घण्टामा कैलाश मानसरोवरमा पुग्न सकिन्छ। तिब्बती क्षेत्रको सडक सञ्जाल र सवारीसाधनसमेत आधुनिक भएकाले यात्रा निकै सहज हुने बताइएको छ।

जोमसोमबाट उपल्लो मुस्ताङको कोरला नाकासम्म सडक सञ्जालमा पुगेकाहरू एक रात ल्होमन्थाङमा बिताएर अर्कोदिन बिहानै करिब आधा घण्टाको यात्रापछि मुस्ताङ र तिब्बतको नाकामा पुग्न सक्छन्। तिब्बत क्षेत्रमा यातायात र खाना बस्ने महँगो छैन। नेपाली भारतीय मार्ग हुँदै जाँदा एउटा व्यक्तिले दुई लाख रुपियाँभन्दा बढी खर्च गर्नुपर्ने अवस्थामा कोरला नाकाबाट सहज आवतजावत भएमा निकै कम खर्चमा कैलाश मानसरोवरको भ्रमण गर्न सकिने भएकाले सङ्घीय सरकारमार्फत पहल भइरहेको मुस्ताङका प्रतिनिधि सभा सदस्य योगेश गौचनले बताउनुभयो।

प्रतिनिधि सभा सदस्य गौचनले भन्नुभयो, "कैलाश मानसरोवरसम्मका लागि नेचुङ खोल्न सकेमा निकै सहज हुने देखिन्छ। नाकामा संरचना बनाउन निरन्तर दबाब दिइरहेका छौँ।"

दैनिक ४० जना मुस्ताङी व्यापारीले नेचुङमा पुगेर व्यापार गरी फर्किने गरेको प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले बताउनुभयो। उहाँले मुस्ताङवासीबाहेक अहिले अन्य जिल्लाबाट आउने पर्यटकलाई कोरला नाकापारि चिनियाँ भूभागमा आवतजावत गर्ने अनुमति नभएको बताउनुभयो।

## नदीमा डुबेर मृत्यु

**सुलीकोट समाचारदाता**
*सुलीकोट, चैत १४ गते*

गोरखाको बुढीगण्डकी नदीमा पौडी खेल्ने क्रममा डुबेर एक बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा आरुघाट गाउँपालिका–१ का १६ वर्षीय युनिश गुरुङ भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक ईन्द्रप्रसाद सुवेदीले जानकारी दिनुभयो।

उहाँका अनुसार आरुघाट गाउँपालिका–४ स्थित थुमीमा एसइई परीक्षा दिएर आएका ती बालक बुढीगण्डकी नदीमा पौडी खेल्न गएका थिए। बुढीगण्डकी नदीमा पौडी खेल्ने क्रममा बुढीगण्डकीले बगाएको थियो। खोजतलासको क्रममा स्थानीय र प्रहरीको संयुक्त टोलीले बगाएको स्थानदेखि करिब एक किलोमिटर तल गुरुङ मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

त्यसै गरी गोरखामा मनासलु पदमार्ग हिँडेका ट्रेकिङ गाइडको मृत्यु भएको छ। जिल्लाको धार्चे गाउँपालिका–३, खोर्लाबिँसीस्थित खोला किनारमा सोलुखोम्बु जिल्लाको सोताङ गाउँपालिका–४ का ५४ वर्षीय सार्की शेर्पाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक सुवेदीले जानकारी दिनुभयो।

## क्षयरोगबाट सात जनाको मृत्यु

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, चैत १४ गते*

स्याङ्जामा फागुन मसान्तसम्म क्षयरोगका कारण सात जनाको मृत्यु भएको छ। यहाँको पुतलीबजार नगरपालिकामा चार, वालिङ र गल्याङ नगरपालिकामा एक/एक जना र आँधीखोला गाउँपालिकामा एक जनाको मृत्यु भएको छ। क्षयरोगका कारण मृत्यु हुनेको मृत्युदर बढ्दो देखिएको प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख केशव चापागाईंले बताउनुभयो। गत आवमा सात जनाको मृत्यु भएकोमा यो आवको आठ महिनामा सो बराबर मृत्यु भएको उहाँले बताउनुभयो।

## दुई वटा झोलुङ्गे पुल बन्दै

**स्याङ्जा समाचारदाता**
*स्याङ्जा, चैत १४ गते*

आँधीखोला गाउँपालिकामा एकै चोटी दुई वटा झोलुङ्गे पुल बन्ने भएका छन्। वर्षौंसम्म पुलको आवश्यकता ठानी तत्कालीन जिल्ला विकास समितिसमेत धाउने गरेका यहाँका बासिन्दाले स्थानीय सरकार आएको झन्डै आठ वर्षपछि आँधीखोला गाउँपालिकाको वडा नं. २ र ५ को सिमानामा पुल बन्ने भएका हुन्। आँधीखोलाका स्थानीयले पुलको आवश्यकता रहेको भन्दै सामूहिक रूपमा निवेदन दिएपछि आँधीखोला गाउँपालिकाका अध्यक्ष विश्व पौडेलले बोहिया झोलुङ्गे पुल र सम्धीखोला झोलुङ्गे पुल निर्माण सुरु गरिएको छ।

बोहियामा १२० मिटर झोलुङ्गे पुल निर्माण गर्न प्रदेश सरकारको दस लाख र आँधीखोला गाउँपालिकाको साठी लाखको लागत साझेदारीमा पुल निर्माण हुन थालेको हो। त्यसै गरी सम्धीखोलामा पनि १२० मिटर लम्बाइको ३३ लाख ९१ हजार ४४५ रुपियाँ छयासी पैसामा पुल बन्न लागेको हो।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**
**प्रधान कार्यालय, काठमाडौं ।**

**स्याण्ड स्नेक तथा फ्युमिगेशन सिट खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति : २०८१।१२।१५**

यस कम्पनीको विभिन्न कार्यालयका लागि स्याण्ड स्नेक तथा फ्युमिगेशन सिट खरिद सम्बन्धी कार्य गर्नुपर्ने भएकाले मिति २०८१/१२/१५ गते यस कम्पनीको वेबसाइट **www.fmtc.org.np** तथा PPMO को E-GP site **bolpatra.gov.np/egp** मा उल्लेख भएका सर्तहरूको अधीनमा रहने गरी PAN/VAT मा दर्ता भएका इच्छुक इजाजत प्राप्त फर्म कम्पनी वा संस्थाहरूलाई विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । साथै सो सम्बन्धी विस्तृत विवरण यस कम्पनीको वेबसाइट, सूचना पाटी तथा PPMO को E-GP site: bolpatra.gov.np/egp मा हेर्न सकिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई), भद्रकाली प्लाजा, काठमाडौँ फोन नं. ०१५३६०८४४,**
**e–mail : procurement@fmtc.org.np**

**नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोग**
**कमलादी, काठमाडौँ**

**बढुवा सम्बन्धी सूचना**

**मिति : २०८१/१२/१५**

नेपाल प्रज्ञा–प्रतिष्ठानको स्वीकृत दरबन्दी अन्तर्गत रिक्त पदमा स्थायी पदपूर्ति गर्ने सन्दर्भमा सम्मानित उच्च अदालत, पाटनबाट रिट नं. ०८१–WO–०६१४ को मुद्दामा भएको आदेश र लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम कार्यक्षमताको मूल्याङ्कनका आधारमा हुने बढुवाद्वारा पूर्ति गर्न देहाय अनुसार योग्यता पुगेका उम्मेदवारहरूबाट रीतपूर्वक दरखास्त आह्वान गरिएको छ । रीत पूरा नभएको तथा म्याद नाघी आएको दरखास्त फाराम स्वीकृत गरिनेछैन ।

| विज्ञापन नं. | पद तथा श्रेणी | सेवा/समूह | रिक्त पद सङ्ख्या | बढुवाको किसिम |
|---|---|---|---|---|
| ३/०७९/०८० | नायब सुब्बा (रा.प. अनं. प्रथम श्रेणी सरह) | प्रशासन/ प्रशासन | १ (एक) | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा |

**आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि** : नेपाल प्रज्ञा–प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवा सम्बन्धी (पाँचौं संशोधन) नियमावली–२०७७ को परिच्छेद ३ को नियम ८ को उपनियम (२) अनुसार मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा कम्तीमा G.P.A. २ प्राप्त गरेको वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको र ऐ. नियम २४ को उपनियम (४)(क) अनुसार न्यूनतम सेवा अवधि ३ (तीन) आर्थिक वर्ष पूरा भएको हुनुपर्ने तर समावेशी समूह अन्तर्गत पर्ने समूहका उम्मेदवारहरूका हकमा तोकिएको सेवा अवधि १ (एक) आर्थिक वर्ष कम भए पनि बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

**द्रष्टव्य :**

१. दरखास्त दस्तुर रु. ६००।– (छ सय) लाग्नेछ ।
२. **दरखास्त फाराम बुझाउने अन्तिम मिति** : यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र र उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बुझाउन सकिने छ ।
३. **दरखास्त फाराम बुझाउने स्थान** : नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रशासन शाखा, कमलादी, काठमाडौं ।
४. दरखास्त फारामका साथ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि तथा मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाल प्रज्ञा–प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवा सम्बन्धी (पाँचौं संशोधन) नियमावली–२०७७ को परिच्छेद ३ को नियम ८ को उपनियम (२) अनुसार मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. मा कम्तीमा G.P.A. २ प्राप्त गरेको वा एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताका प्रमाण पत्रहरू र तालिम प्राप्त गरेको भए सोका प्रमाणपत्रहरूको प्रतिलिपिहरू एवं प्रज्ञा–प्रतिष्ठानको आर्थिक प्रशासन शाखामा दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ । प्रत्येक प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्नेछ ।
५. विदेशी शिक्षण संस्थाबाट शैक्षिक उपाधि प्राप्त गरेका उम्मेदवारहरूले नेपालका सम्बन्धित निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि दरखास्त साथ पेस गर्नुपर्नेछ ।
६. दरखास्त फाराम पेस गर्न नेपाल प्रज्ञा–प्रतिष्ठान कलाकार तथा कर्मचारी सेवा सम्बन्धी (पाँचौं संशोधन) नियमावली–२०७७ को परिच्छेद ६ को नियम २४ को उपनियम (४)(क) अनुसार न्यूनतम सेवा अवधि ३ (तीन) आर्थिक वर्ष पूरा भएको हुनुपर्ने तर समावेशी समूह अन्तर्गत पर्ने समूहका उम्मेदवारहरूका हकमा तोकिएको सेवा अवधि १ (एक) आर्थिक वर्ष कम भए पनि हुनेछ ।
७. दरखास्त फाराम यस प्रज्ञा–प्रतिष्ठानको वेबसाइट www.nepalacademy.gov.np मा गई download गरी लिन सकिनेछ ।

**सदस्य सचिव**

**मालपोत कार्यालय, टोखा सरस्वती काठमाडौँबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

का.म.न.पा. वडा नं. २४ बस्ने हिरा काजी शाक्यको नाममा सर्भे नापीको समयमा नापनक्सा भई दर्ता स्रेस्ता कायम भई दर्ता बाँकी रहेको का.जि., खड्का भद्रकाली गा.वि.स. वडा नं. ७क कि.नं. १७० क्षे.फ. १–१५–२–० जग्गाको लगत काठमाडौँ महाराजगञ्ज हा.नं. ११११ रत्नकाजी शाक्यको नामबाट लगत भिडाई निवेदक शान्ती देवी शाक्य समेतले ससुरा बाजे हिराकाजी शाक्य र ससुरा रत्नकाजी शाक्यको नामबाट आफ्नो नाममा छुट जग्गा दर्ता ना.सा. माग भएको हुँदा उक्त जग्गा सरकारी सार्वजनिक, गुठी, ऐलानी, पर्ती वा अन्य कसैको हक लाग्ने हो/होइन ? वा माग बमोजिम दर्ता हुनु नपर्ने भए वा निवेदक बाहेक अरू हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जानेछ । सेस्तामा २०७४।०३।०९ शाक्य बिहारबाट रोक्का देखिन्छ । **फिल्डबुकको व्यहोरा तपसिल**

| क्र.सं. | गा.वि.स/न.पा. | वडा नं. | कित्ता नं. | मोहीको नाम | क्षे.फ. | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | खड्का भद्रकाली | ७क | १७० | जीत बहादुर खत्री का.ई. जीसौबारी | १–१५–२–० | यो जग्गा का.ई. वटुटोल, भुजीबहाल टेबाल बस्ने हिराकाजी शाक्यलाई कुत बुझाई जोती खाएको । |

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि., भ.न.पा. वडा नं. ११ को हाल परिवर्तित वडा नं. ५ बस्ने रन्जन कर्माचार्य र राजन कर्माचार्य समेतले हामीहरूको जुजुबाजे नाताका लाल वहादुर कर्माचार्यका नाममा नाप नक्सा भई दर्ता बाँकी रहेको तपसिल बमोजिमको कित्ता जग्गा साविक लगत १७ नं. सखाल मौंजा रै. प. तर्फको सि.नं. २७४ न.नं. २५२, २४२ रो. १॥ जुजुबाजे लाल वहादुर–१, बाजे पूर्ण वहादुर–१, जुजुबाजे दुर्गा लाल कर्माचार्य–१ समेत जना ३ का नाउँबाट भिडी दर्ता हुने जग्गा भएकोमा, साविक दर्तावाला लाल वहादुरको मिति २००५ सालमा अविवाहित अवस्थामा परलोक भएको त्यस्तै माईला कर्माचार्यको १९८० सालमा, निजकी पत्नी नाम थाहा नभएको १९८० मा मृत्यु भई हक खाने हकदारमा दुई छोरा राजवीर कर्माचार्य, राजमान कर्माचार्य भएकोमा, राजवीरको १९९५, नाम थाहा नभएको १९९८ मा मृत्यु भई निजका छोरा जुजुबाजे राजबर २००८ सालमा अविवाहित अवस्थामा, ज.ध. लाल ब. २००५ सालमा अविवाहित अवस्थामा मृत्यु भएको, राज मानको मिति १९९१ सालमा मृत्यु भई निजहरूको हक खाने हकदारहरू निरन्जन, राजन र रञ्जन कर्माचार्य समेत जना ३ भए तापनि, निरन्जन कर्माचार्यको मिति २०६७।०४।२३ मा अविवाहित अवस्थामा मृत्यु भएको र श्री पुनरावेदन अदालत पाटनबाट मिति २०६५ कात्तिक १२ गते मिलापत्र बमोजिम पछि पत्ता लगाएमा वादीहरूको मात्र एकलौटी गरी दा.खा. दर्ता/ना.सा. समेत गरी लिन पाउने गरी मिलापत्र भएको हुँदा सोही मिला पत्र बमोजिम तपसिलका कित्ता जग्गा हामी निवेदक रन्जन कर्माचार्य र राजन कर्माचार्य समेत जना २ का नाउँमा संयुक्त दर्ता/ना.सा./दा.खा. गरिपाऊँ भनी माग निवेदन गरेको, १ नं. मोही लगत पेश गरेको, ७ नं. फाँटवारी रेकर्डबाट फेला नपरेको भनी भू.सु. फाँट भक्तपुरबाट लेखिआएको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनु नपर्ने कुनै मनासिव कारण भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए वा सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| दुवाकोट | २/ग | ३३५ | १–०–०–० | गोविन्द वहादुर खड्का क्षेत्री भ.पु. दुवाकोट । | भ.पु. तोलाछे टोल बस्ने लाल वहादुरलाई तिरो तिरी कमाई खाई आएको । |

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

काठमाडौँ जिल्ला, शंखरापुर न.पा. वडा नं. १ (सावकि नाङ्लेभारे–७) बस्ने नेत्रप्रसाद नेपाल समेतका बाबु तिललोचन नेपालको नाममा नाप नक्सा भई निजकै नाममा हालसम्मै दर्ता बाँकी स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गाका नापीवाला तिललोचन नेपालको मिति २०५५।७।२८ सालमा र निजकी पत्नी भक्त कुमारी नेपालको मिति २०७८।३।१० सालमा मृत्यु भई हकदारमा छोराहरू हरिप्रसाद नेपाल–१, नेत्रप्रसाद नेपाल–१, चुडामुनी नेपाल–१ र रोहिणी नेपाल–१ समेत–४ जना भएकोमा हकदार मध्येका छोरा हरिप्रसाद नेपालको मिति २०७१।३।९ मा र निजकी पत्नी रम्भादेवी नेपालको मिति २०७६।९।२५ मा मृत्यु भई हकदारमा छोरा राजेन्द्र नेपाल भएको, अर्को छोरा चुडामुनी नेपालको मिति २०८०।१०।२७ मा मृत्यु भई हकदारमा निजकी पत्नी मेनुका पुडासैनी नेपाल–१, छोरा रमेश नेपाल जना–१ समेत जना २ भई तपसिलको जग्गा साविक नाङ्गले मौजा रै.नं. १७५ तिललोचन नेपालका नाममा लगत भिडी हामी हक्दारहरूको नाममा दर्ता/नामसारी गरिपाऊँ भनी माग निवेदन गरेकोमा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला । तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भइजानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ । **फिल्डबुकको व्यहोरा**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| नाङ्गलेभारे | ५/ग | ६८ | ३–०–०–० | तिलोचन नेपाल ७ नं. वडा का.ई. नाङ्ग गाउँ बस्ने | यो जग्गा मेरा बाबु गजाधरको दर्ता अंशबाट लिई खाएको । |

**गुठी संस्थान शाखा कार्यालय काभ्रेपलाञ्चोकबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

ज.ध. गु.सं. पलाञ्चोक भगवती गुठी साबिक पलाञ्चोक वडा नं. ५ कि.नं. २३८, २४०, २४१, २८५, २८७ समेत जग्गा मोहीमहलमा जो.खा. प्रमाण सङ्केत महलमा मो.कृष्ण बहादुर खरेल ति.रु. ।५० उल्लेख भएको, संलग्न कागजात अनुसार निज मोहीको मिति २०७३।१०।२५ मा निजकी एक मात्र श्रीमती विष्णु लक्ष्मी खरेलको मिति २०३१।०१।२६ मा परलोक भएको निजहरूको सन्तान ५ जना छोरी विवाहित, ३ छोरा मध्ये किशोर बहादुर खरेल र प्रेम बहादुर खरेलले मोही ना.सा.का लागि मञ्जुरीनामा समेत दिइसकेकोले एकलौटी नाममा जो. मोही ना.सा. गरिपाऊँ भनी सुर्य बहादुर खरेलको निवेदन माग भई आएको, यसमा पाँचखाल न.पा. वडा नं. ११ को पत्रानुसार निज मोहीका हकदारहरूले नै जोतभोग गरिरहेकाले निजहरूकै नाममा मोही ना.सा. गरिदिनुहुन सिफारिस भएकोले उक्त कि.नं. जग्गा कोही कसैको हक लाग्ने भए वा कोही कसैको हक हनन् हुने भए वा हक स्वामित्वमा असर पर्न जाने भए अथवा कुनै सरकारी, सार्वजनिक, ऐलानी, पर्ती, जग्गा पर्ने भए वा अन्य कसैले कहीँकतै दर्ता सम्बन्धी कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफूसँग भएको स–प्रमाण लिई हकदाबी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

भ.पु.जि., सिरुटार–४ को हाल परिवर्तित सू.न.पा. वडा नं. १ बस्ने मैया राउतले मेरो बूढा ससुरा स्व. नर वहादुर राउत र निजकी पत्नी स्व. मोहन कुमारी राउतको कोखबाट जायजन्म भएका छोराहरू जेठो पहल मान राउत, माहिला राम वहादुर राउत र कान्छा गुञ्ज वहादुर राउत समेत जना ३ भएकोमा, मेरो जेठा ससुरा नाताका पहल मान राउत र कान्छा ससुरा नाताका गुञ्ज वहादुर राउतका नाममा सगोलमा दर्ता प्रमाणित रहेको भ.पु.जि., सिरुटार गा.वि.स. वडा नं. ४ कि.नं. ८६ को क्षे.फ. १–२–०–० जग्गा भएकोमा, दर्तावाला पहल मान राउतको मिति २००८।०३।०२ मा र गुञ्ज वहादुर राउतको मिति २०५८।०७।२८ मा अविवाहित अवस्थामा मृत्यु भई निजको हक खाने भाइ तथा दाजु नाताका म निवेदिकाको ससुरा राम वहादुर राउतको मिति २०४९।०९।१२ मा, निजकी पत्नी मैया राउतको मिति २०१५।०६।१२ मा मृत्यु भई हक खाने १ मात्र छोरा मेरा पति मदन वहादुर राउतको मिति २०७४।११।०३ मा मृत्यु भई हक खाने १ मात्र पत्नी म निवेदिका मैया राउत, छोराहरू चिरन्चीवी, किरण, मिरन र विजय कुमार राउत भएकोमा, छोराहरूको मन्जुरीले मेरा नाउँमा एकलौटी ना.सा. गरिपाऊँ भनी माग निवेदन गरेको, सक्कल पुर्जा पेश भएको, तीनपुस्ते, ना.प्र.नं., ठेगाना स्रेस्ता पुर्जामा उल्लेख नभएको देखिँदा यसमा निवेदक बाहेक अन्य कसैको हक लाग्ने भए वा अन्यत्र कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**मालपोत कार्यालय साँखुबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

काठमाडौँ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ४ (साबिक डाँछी–५) बस्ने मैया नगरकोटी समेतले ससुरा सुकुचा पुतुवारको नाममा नाप नक्सा भई निज नापीवालाकै नाममा हालसम्मै दर्ता बाँकी स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा दर्ता नहुँदै नापीवाला सुकुचा पुतुवारको मिति २०४७।५।४ मा र निजकी पत्नी चिनीमाया पुतुवारको मिति २०३२ सालमा मृत्यु भई हकदारमा छोराहरू हारन्चा नगरकोटी–१, रामचा पुतुवार–१ र प्रेम पुतुवार–१ समेत जना ३ भएकोमा हकदार मध्येका छोरा हारन्चा नगरकोटीको मिति २०६२।११।१२ मा मृत्यु भई हकदारमा निजकी पत्नी मैया नगरकोटी–१, छोराहरू बुद्धि बहादुर नगरकोटी–१, राजेश नगरकोटी–१ र सन्त बहादुर नगरकोटी –१ समेत जना ३ भएकोमा राजेश नगरकोटीको मिति २०८०।७।२१ मा मृत्यु भई हकदारमा निजकी पत्नी गीता नगरकोटी–१, छोरी अनु नगरकोटी –१ र अनोज नगरकोटी–१ समेत जना ३ भएको तथा अर्को छोरा रामचा पुतुवारको मिति २०५१।१२।१५ मा मृत्यु भई हकदारहरूमा निजकी पत्नी नारन देवी नगरकोटी–१, छोराहरू श्याम नगरकोटी–१, विरे पुतुवार–१ र छोरी सुनिता नगरकोटी–१ समेत जना ५ भई हामी हकदारहरूमा प्रेम पुतुवार–१, मैया नगरकोटी–१ र नारन देवी नगरकोटी–१ समेत जना ३ भएको हुँदा तपसिल बमोजिमको जग्गा साबिक मौजा चाँगु रै.नं. २४२२ सुषुचा पुतुवारको नामबाट भिडी हामी हकदारहरूको नाउँमा दर्ता/नामसारी गरिपाऊँ भनी माग निवेदन गरेको, साथै उक्त जग्गामा अन्य हकदार कोही भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए वा सरकारी, ऐलानी, पर्ती, बिर्ता, गुठी अधीनस्थ इत्यादि कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारबाही चलाएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतीस) दिनभित्र आफूसँग भएको प्रमाण सहित मालपोत कार्यालय साँखुमा स–प्रमाण दाबी गर्न/सूचना गर्न आउनुहोला। तोकिएको म्यादभित्र कोही कसैको दाबी विरोध नपरे निवेदकको माग दाबीलाई स्वीकार गरेको मानी कानून बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ र यस विषयमा पछि कसैको दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **फिल्डबुकको व्यहोरा तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | जग्गाधनीको व्यहोरा | किसानको व्यहोरा |
|---|---|---|---|---|---|---|
| डाँछी | ५ | ३७७ | ०–३–०–० | सुकु पुतुवार का.ई. नयाँ गाउँ | सुकुचा पुतुवार का.ई. डाछी नयाँगाउँ | मेरै नाउँको दर्ता जोती आएको। |

**पुनश्च**: डाँछी ५ कि.नं. ३७७ को मोठ तथा कम्प्युटर फाँटबाट ज.ध. सुकुचा नगरकोटीको नाममा स्रेस्ता फेला नपरेको भनी लेखिआएको।

**भूमिसुधार तथा मालपोत कार्यालय, ललितपुरबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।**

आमा तथा बज्यै सासू जगतकुमारी प्रधानको नाममा फिल्डबुकमा ज.ध. जनिई नाप नक्सा भएको ललितपुर जि., ललितपुर नगर वडा नं. २२ रहेको तपसिल अनुसारको जग्गा रहेको, ज.ध. जगत कुमारी प्रधानको मिति २०४६।७।२१ मा र जनकलाल प्रधानको मिति २०३६।१।१२ मा आ–आफ्नै कालगतिले परलोक भइसकेको, निज मृतकहरूको हक खाने हकदारहरूमा दुई मात्र छोरा माणिक लाल प्रधान र उत्तम लाल प्रधान रहेकोमा माणिक लाल प्रधानको मिति २०५९।४।१८ मा र निज मृतककी पत्नी ज्यान बाबा प्रधानको मिति २०६८।८।१४ आ–आफ्नै कालगतिले परलोक भइसकेको, निज मृतकहरूको ५ जना हकदार छोराहरू महेन्द्रलाल प्रधान–१, भुपेन्द्र लाल प्रधान–१, गजेन्द्र लाल प्रधान, नरेन्द्र लाल प्रधान र दिपकलाल प्रधान रहेकोमा महेन्द्र लाल प्रधानको मिति २०६९।८।२ मा परलोक भइसकेको, निज मृतकको हकदारहरूमा पत्नी उर्मिला प्रधान र छोरा अनुप प्रधान समेत २ जवान रहेको, भुपेन्द्र लाल प्रधानको मिति २०७७।८।६ मा परलोक भइसकेको र निजका हकदारहरूमा पत्नी उषा प्रधान र छोरा दिपेन्द्र प्रधान भएको र नरेन्द्र लाल प्रधानको मिति २०७३।१०।२५ मा परलोक भइसकेको र निज मृतकको हक खाने हकदारहरूमा पत्नी सजनी श्रेष्ठ प्रधान र छोरा निकेश प्रधान रहेको, निवेदकहरू उर्मिला प्रधान, उषा प्रधान, गजेन्द्र लाल प्रधान, सजनी श्रेष्ठ प्रधान र दिपक लाल प्रधान समेत पाँच जवान रहेको हुँदा मृतक माणिक लाल प्रधानको हक हिस्सा मात्र जग्गा दर्ता नामसारी गर्न मिति २०८१।१।२३ गते यस का.म.पा. वडा नं. २७ (साविक ३०) कार्यालयमा सिफारिस माग निवेदन प्राप्त भएको र मिति २०८१।२।१४ मा दिपक लाल प्रधानकी पत्नी रोहिणी श्रेष्ठ प्रधानले माणिक लाल प्रधानकी पत्नी तथा सासू ज्यान बाबा प्रधानले निजको स्याहार सुसार, हेरविचार, पालनपोषण औषधी उपचार समेत गरी रिझाई आएको र शेषपछि चल अचल सम्पत्ति तथा अष्टलोह श्री सम्पत्ति समेत मिति २०६८।३।१० मा शे.व. भएकोले उक्त दर्ता नामसारीमा निजको पनि नाम समावेश गरी उक्त जग्गा दर्ता, दा.खा. तथा नामसारी गरिपाऊँ भनी यस वडा कार्यालयमा निवेदन दिनुभएको हुँदा तहाँ कार्यालयको नियमानुसार गरिदिनुहुन भनी सिफारिस गरिन्छ भनी काठमाडौँ महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं. ५७ मिति २०८१।४।१५ गतेको सिफारिस सहित साविक पाटन मौजा रैप १/२९ख/२५५ (२९०) जनकलाल प्रधानका नामको लगत भिडाई संयुक्त जग्गा दर्ता नामसारी गरिपाऊँ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा द.नं. १८०१ मिति २०८१।४।२७ मा उषा प्रधान समेतको नाममा संयुक्त दर्ता नामसारी गरिपाऊँ भनी निवेदन मागदाबी रहेकोमा सो जग्गामा निज निवेदकको हक भोग रहेको छ/छैन, उक्त कित्ता जग्गा दर्ता नामसारी गर्न यी निवेदक बाहेक अन्य हकदार छन्, छैनन् ? उक्त जग्गामा यी निवेदक बाहेक अरु कसैको हकदाबी छ, छैन ? निवेदकको माग बमोजिम दर्ता नामसारी गरिदिँदा अन्य कसैको हक भोग स्वामित्वमा असर पर्न जाने हो वा होइन ? कसैले उल्लिखित कित्ता जग्गाको हकमा दर्ता नामसारीका लागि यस पूर्व मिसिल भिडाई दर्ता प्रक्रियामा रहेको/भएको भए तथा अन्य कसैको हकदाबी भए वा निजहरूका नाममा दर्ता नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए सो समेत सम्पूर्ण व्यहोरा खुल्ने गरी हकदाबी सम्बन्धी गोरखापत्र राष्ट्रिय दैनिकमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी उक्त म्यादभित्र कोही कसैको दाबी उजुरी परेमा सो निवेदन मिसिल संलग्न गरी र दाबी उजुरी नपरेमा उल्लिखित सम्पूर्ण व्यहोरा खुल्ने गरी निवेदकहरूले दर्ता नामसारी माग गरेको जग्गा भएको स्थान/जग्गा/घर ठेगानामा गई निवेदकको उपस्थिति र स्थानीय निकायको प्रतिनिधिको रोहबरमा नियमानुसार स्थलगत सर्जमिन गरी मुचुल्का पेश गर्नू ।

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | किसानको व्यहोरा |
|---|---|---|---|---|---|
| नगर | २२ | ७१३ | ०–६–१–१ | कृष्ण माया महर्जन ल.पु.न.पं.२२चोबुननी पती हारा ससुरा हारा | यो जग्गा पु.पर्खालिमा (S) समावेश छ । |
| | | ७१० | ०–४–२–३ | हनुमानचा महर्जन ल.पु.न.पं.वडा नं. २२ चोबुननी बाबु मान कृष्ण बाजे हाराचा | |
| | | ७११ | ०–२–१–० | सुकुचा महर्जन ल.पु.न.पं. वडा नं.२२ चोबुनानी बाबु हाराचा बाजे मान कृष्ण | |
| | | ७०४ | ०–२–१–२ | | |
| | | ७०६ | ०–८–०–३ | | |

# कागजमा सरकारी विद्यालय, बिजुलीको पोलमा साइनबोर्ड

**विनय कर्ण**
*कल्याणपुर (सप्तरी), चैत १४ गते*

सप्तरीको रूपनी गाउँपालिका–४ स्थित पम्प नहरको डिलमा रहेको एउटा बिजुलीको पोलमा 'श्री राष्ट्रिय प्राथमिक विद्यालय, विष्णुपुर गाउँपालिका १ खुर हुरिया (उत्तर टोल), स्थापना २०६७' अङ्कित साइनबोर्ड झुन्ड्याइएको छ। साइनबोर्ड झुन्ड्याइएको पोलदेखि करिब सय मिटर दक्षिणतर्फ वस्तुगोठ जस्तै देखिने इँटाको पर्खाल र जस्तापाताले छाएको चारकोठे टहरो भेटियो। उक्त टहरोमा भने कुनै साइनबोर्ड थिएन। न विद्यार्थी थिए, न त शिक्षक र कर्मचारी नै। वास्तविकतामा त्यही नै 'श्री राष्ट्रिय प्राथमिक विद्यालय' थियो।

विद्यालय अवलोकनका क्रममा प्रधानाध्यापकलाई फोन गर्दा उहाँको फोन उठेन। त्यहाँ भेटिएका एक स्थानीयले विद्यालय त्यही नै भएको बताए। सप्तरीको विष्णुपुर गाउँपालिका–१ स्थित उक्त विद्यालय भवनको अवस्था हेर्दा विद्यालय भन्नै मिल्दैन। एउटा पनि कोठामा ढोका छैनन्। खानेपानी, शौचालयलगायतका पूर्वाधार केही पनि देखिएनन्। डेस्क बेन्च त दुर्लभै भयो। कागजमा भने विसं २०६७ देखि नै सञ्चालनमा रहेको सरकारी विद्यालय हो।

कक्षा ३ सम्म सञ्चालित विद्यालयमा दुई शिक्षक कार्यरत रहेका गाउँपालिकाका शिक्षा संयोजक रामेन्द्र यादवले जानकारी दिनुभयो। उहाँले राहत कोटाबाट प्रधानाध्यापकमा नरेशकुमार यादव र स्वयंसेवक शिक्षक सन्तकुमार यादव कार्यरत रहेका बताउनुभयो। "३०/४० जना विद्यार्थी पनि अध्ययनरत छन्," संयोजक यादवले भन्नुभयो।

## न शिक्षक, न विद्यार्थी

कहिलेकाहीँ मात्र शिक्षक आउने गरेको विद्यालयवरपरका स्थानीयवासीले जानकारी दिए। उनीहरूले आफूहरू १० बजेको समयमा नियमित विद्यार्थी र शिक्षक आएर विद्यालय सञ्चालन भएको कहिल्यै नदेखेको सुनाउनुभयो। "१०/१५ दिनमा एक चोटि नरेश सर आउनुहुन्छ," स्थानीयको भनाइ छ। यता विद्यालयका प्रधानाध्यापक यादवले भने आफू नियमित विद्यालय आउने गरेको दाबी गर्नुभयो तर विद्यालय सञ्चालनको समयमा भने उहाँ विद्यालयमा भेटिनुहुन्न। भवनलगायतका पूर्वाधार नभएपछि विद्यालय सञ्चालनमा अप्ठ्यारो भएकाले भवन निर्माणसम्बन्धी कामका लागि बिहीबार गाउँपालिका जानुपर्ने भएपछि विद्यालय नगएको उहाँको भनाइ छ। "म त्यो विद्यालयमा पुस महिनामा आएँ, नयाँ छु। ६२/६३ जना विद्यार्थी विद्यालयको रेकर्डमा छन्। हिजो बुधबार परीक्षा सञ्चालन गरेँ, १५/१६ जना विद्यार्थी आएका थिए," उहाँले भन्नुभयो।

पालिकादेखि विद्यालयका प्रधानाध्यापकसम्मले यकिनसाथ एउटै तथ्याङ्कसम्म दिन नसक्नुले विद्यालय कागजमा मात्रै सञ्चालनमा रहेको र शिक्षक, कर्मचारीले कागजकै भरमा तलबभत्ता लिने गरेको हुन सक्ने स्थानीयले बताएका छन्।

गाउँपालिकाका अध्यक्ष उमेशप्रसाद यादवले विद्यालय अहिलेसम्म कागजमै सीमित रहेको स्वीकार गर्नुभयो। उहाँले म पालिका अध्यक्षमा निर्वाचित भएर आएपछि विद्यालयको अवस्था बुझ्दै जाँदा सो विद्यालयमा कुनै पूर्वाधार नै नभएर कागजमै सीमित भएको देखेपछि जीवन्त बनाउन दुई शिक्षक पठाउनुका साथै यस वर्ष पालिकाबाट भवन निर्माणका लागि १० लाख रुपियाँ विनियोजन गरिएको जानकारी उहाँले दिनुभयो। "यो विद्यालय कागजमै मात्र छ। भवन, खानेपानी, शौचालयलगायतका भौतिक पूर्वाधार नै छैन। एक दिन अनुगमन गर्न जाँदा १७/१८ जना विद्यार्थी भेटिए। दयनीय अवस्थामा रहेको विद्यालयलाई व्यवस्थित गर्न यसै वर्ष भवन निर्माण कार्य थालिने छ," उहाँले भन्नुभयो।

उहाँले शिक्षक विद्यालयमा नआएरै तलब खाने गरेकोबारे आफू गम्भीर रहेको र यस विषयमा कडाइसाथ प्रस्तुत हुने बताउनुभयो। निर्वाचित भएदेखि नै अध्यक्ष यादवले गाउँपालिकास्थित सरकारी विद्यालयको अवस्थामा सुधार ल्याउन नियमित अनुगमन गर्नुका साथै पूर्वाधार विकासका लागि उल्लेखनीय काम गर्दै आएको जानकारी दिनुभयो।

---

नेपाल सरकार
गृह मन्त्रालय

## नेपाल प्रहरी प्रधान कार्यालय

**(मानवश्रोत विकास विभाग, वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा)**
नक्साल, काठमाडौँ।

## नयाँ भर्ना सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/१५ गते।**

नेपाल प्रहरीमा **प्राविधिक** प्रहरी समूह अन्तर्गत विभिन्न **उपसमूह**तर्फ रिक्त रहेका निम्न बमोजिमका पदहरूमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरूबाट Online दरखास्त आह्वान गरिन्छ। दरखास्त दिने उम्मेदवारहरूले नेपाल प्रहरीको Online Recruitment Management System (ORMS) मार्फत Online दरखास्त दिनुपर्नेछ। Online बाट दरखास्त फाराम भर्न नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* को Careerभित्र Online Application वा *https://careers.nepalpolice.gov.np* बाट भर्न सकिनेछ।

**१. आवश्यक माग पद सङ्ख्याः-**

| क्र. सं. | विज्ञापन नं. | पद/उपसमूह | खुला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा माग पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | |
| **सूचना प्रविधि निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १ | ०६ (०८१/८२) | प्रा.प्र.नि. (सूचना प्रविधि/कम्प्युटर) | १ | - | १ | - | - | - | - | २ |
| २ | ०७ (०८१/८२) | प्रा.प्र.स.नि. (सूचना प्रविधि/कम्प्युटर) | ३ | - | १ | १ | - | | - | ५ |
| **सञ्चार निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १ | ०८ (०८१/८२) | प्रा.प्र.नि. (सञ्चार) | ३ | - | १ | १ | २ | - | - | ७ |
| २ | ०९ (०८१/८२) | प्रा.प्र.स.नि. (सञ्चार) | २१ | १ | ४ | ६ | ५ | २ | १ | ४० |
| **भौतिक पूर्वाधार निर्देशनालयतर्फ (उपसमूहः इन्जिनियरिङ)** | | | | | | | | | | |
| १ | १० (०८१/८२) | प्रा.प्र.नि. (सिभिल इन्जिनियर) | १ | - | - | - | - | १ | - | २ |
| **नेपाल प्रहरी केनाईन कार्यालयतर्फ (उपसमूहः केनाईन)** | | | | | | | | | | |
| १ | ११ (०८१/८२) | प्रा.प्र.नि. (भेटेरिनरी) | - | - | - | १ | - | - | - | १ |
| २ | १२ (०८१/८२) | प्रा.प्र.स.नि. (भेटेरिनरी) | १ | - | - | - | - | - | - | १ |
| **हातहतियार मर्मत शाखातर्फ (उपसमूहः हातहतियार)** | | | | | | | | | | |
| १ | १३ (०८१/८२) | प्रा.प्र.नि. (जनरल मेकानिकल इन्जिनियर) | - | - | - | १ | - | - | - | १ |
| **नेपाल प्रहरी अस्पतालतर्फ (उपसमूहः स्वास्थ्य)** | | | | | | | | | | |
| १ | १४ (०८१/८२) | प्रा.प्र.नि. (मेडिकल अफिसर एम.बि.बि.एस.) | ११ | - | २ | ३ | ३ | १ | - | २० |
| २ | १५ (०८१/८२) | प्रा.प्र.नि. (जनस्वास्थ्य अधिकृत) | १ | - | - | - | - | - | - | १ |
| ३ | १६ (०८१/८२) | प्रा.प्र.नि. (Optometrist) | १ | - | - | - | - | - | - | १ |
| ४ | १७ (०८१/८२) | प्रा.प्र.ना.नि. (स्टाफ नर्स) | ७ | १ | १ | २ | २ | १ | १ | १५ |
| ५ | १८ (०८१/८२) | प्रा.प्र.स.नि. (सि.एम.ए.) | ३ | - | १ | १ | १ | - | - | ६ |
| ६ | १९ (०८१/८२) | प्रा.प्र.स.नि. (डेन्टल हाईजिनिष्ट) | २ | - | - | - | - | - | - | २ |

**२. दरखास्त दर्ता मितिः-** २०८१/१२/१८ गतेदेखि २०८२/०१/१६ गतेसम्म।

**३. Online दरखास्त सङ्कलन तथा दर्ता हुने स्थानहरूः-**

| क्र.सं. | पद/उपसमूह | दरखास्त सङ्कलन तथा दर्ता हुने स्थान | |
|---|---|---|---|
| १ | **इन्जिनियरिङ** उपसमूहतर्फ **सूचना प्रविधि निर्देशनालय** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय**, नक्साल, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. ३५६) | • कोशी प्रदेश प्रहरी कार्यालय, **विराटनगर** (सम्पर्क नम्बरः ०२१-४३७००१, ९८५२०९०१९९)<br>• मधेश प्रदेश प्रहरी कार्यालय, **जनकपुर** (सम्पर्क नम्बरः ०४१-५९००११, ९८५४०२९७४२, ९८५४०२९७४१)<br>• बागमती प्रदेश प्रहरी कार्यालय, **हेटौंडा** (सम्पर्क नम्बरः ०५७-५२१४९९, ९८५५०९००००)<br>• गण्डकी प्रदेश प्रहरी कार्यालय, **पोखरा** (सम्पर्क नम्बरः ०६१-४२२५००, ९८५६०२८४३३)<br>• लुम्बिनी प्रदेश प्रहरी कार्यालय, **दाङ** (सम्पर्क नम्बरः ०८२-५२३४१०, ९८५७८२५४१०)<br>• कर्णाली प्रदेश प्रहरी कार्यालय, **सुर्खेत** (सम्पर्क नम्बरः ०८३-५२०८११, ९८५८०४७०४४)<br>• सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, **धनगढी** (सम्पर्क नम्बरः ०९१-५२४९९८, ९८५८४२००५८) |
| २ | **इन्जिनियरिङ** उपसमूहतर्फ **सञ्चार निर्देशनालय** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी प्रधान कार्यालय, सञ्चार निर्देशनालय**, नक्साल काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९८९९) | |
| ३ | **इन्जिनियरिङ** उपसमूहतर्फ **भौतिक पूर्वाधार निर्देशनालय** अन्तर्गतका पद | **नेपाल प्रहरी प्रधान कार्यालय, भौतिक पूर्वाधार निर्देशनालय**, नक्साल काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. २८३) | |
| ४ | **केनाईन** उपसमूहतर्फ **नेपाल प्रहरी केनाईन कार्यालय** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी केनाईन कार्यालय**, सामाखुशी, काठमाडौँ। (सम्पर्क नम्बरः ०१-४५१७०२२) | |
| ५ | **हातहतियार (आरमर)** उपसमूहतर्फ **हातहतियार मर्मत शाखा** अन्तर्गतका पद | **नेपाल प्रहरी प्रधान कार्यालय, हातहतियार मर्मत शाखा**, नक्साल काठमाडौँ। (सम्पर्क नम्बरः ०१-५७१९९०० Ext. ४५७) | |
| ६ | **स्वास्थ्य** उपसमूहतर्फ **नेपाल प्रहरी अस्पताल** अन्तर्गतका पदहरू | **नेपाल प्रहरी अस्पताल**, महाराजगञ्ज काठमाडौँ। (सम्पर्क नम्बरः ०१-४००२६०१, ४५१२५३०) | |

**४. दरखास्त दस्तुरः-**

| क्र.सं. | पद | दस्तुर |
|---|---|---|
| १ | प्राविधिक प्रहरी निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.१२००।- (एक हजार दुई सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.२४०।-) का दरले थप दस्तुर लाग्नेछ। |
| २ | प्राविधिक प्रहरी नायव निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.७००।- (सात सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.१४०।-) का दरले थप दस्तुर लाग्नेछ। |
| ३ | प्राविधिक प्रहरी सहायक निरीक्षक | Online मार्फत दरखास्त पेश गर्दा दस्तुर राजस्व बापत रु.५००।- (पाँच सय) बुझाउनुपर्नेछ। साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहका लागि २० प्रतिशत (रु.१००।-) का दरले थप दस्तुर लाग्नेछ। |

**५. उमेर हदः-**

| क्र.सं. | पद | उमेर हद |
|---|---|---|
| १ | प्राविधिक प्रहरी निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म २० वर्ष उमेर पूरा भई ३२ वर्ष ननाघेको। |
| २ | प्राविधिक प्रहरी नायव निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ३० वर्ष ननाघेको। |
| ३ | प्राविधिक प्रहरी सहायक निरीक्षक | दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई २८ वर्ष ननाघेको। |

**पुनश्चः** प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक पदमा खुला प्रतियोगितामा भाग लिने प्रहरी सेवाको राजपत्र अनंकित प्रहरी कर्मचारीको हकमा ३५ वर्ष ननाघेको र आधारभूत तालिम लिएको हुनुपर्नेछ।

**६. आवश्यक न्यूनतम योग्यताः-**

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| १ | प्राविधिक प्रहरी निरीक्षक, प्राविधिक प्रहरी नायव निरीक्षक र प्राविधिक प्रहरी सहायक निरीक्षक | (क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,<br>(ख) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,<br>(ग) राजनीतिक दलको सदस्य नरहेको,<br>(घ) आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,<br>(ङ) उचाई, छाती र तौलः<br>• **पुरुष**-उचाइ घटीमा ५ फिट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>• **महिला**-उचाई घटीमा ५ फिट, तौल कम्तीमा ४२ के.जी<br>(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,<br>(छ) नेपाल प्रहरी प्रधान कार्यालयबाट तोकिएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको (परीक्षा सञ्चालनको क्रममा हुने),<br>(ज) नेपाली नागरिक। |
| **सूचना प्रविधि निर्देशनालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा इन्जिनियरिङ (Bachelor of Computer Engineering वा Software Engineering वा IT Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको वा सम्बन्धित विषयमा कम्तीमा स्नातक (BSC, CSIT वा BIT वा BCA) वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ६ महिना सर्टिफाइड तालिम प्राप्त गरेको। |
| २ | प्राविधिक प्रहरी सहायक निरीक्षक (सूचना प्रविधि/कम्प्युटर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रमाण पत्र तह उत्तीर्ण गरेको र सम्बन्धित विषयमा मान्यता प्राप्त संस्थाबाट ३ महिनाको तालिम प्राप्त गरेको। |
| **सञ्चार निर्देशनालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्वन्धित विषय (Electronics and Communication Engineering वा Telecommunication/ Radio Communication/ Electronics/Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित इन्जिनियरिङ परिषद्मा दर्ता भएको। |
| २ | प्राविधिक प्रहरी सहायक निरीक्षक (सञ्चार) | मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC/SEE उत्तीर्ण गरी सम्बन्धित विषय (Electronics and Communication Engineering वा Telecommunication/Radio Communication/Electronics/Electrical & Electronics/Electrical & Communication Engineering वा सो सरह) मा कम्तीमा १८ (अठार) महिना कोर्ष पूरा गरेको वा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित विषयमा (इलेक्ट्रोनिक्स/मोबाइल फोन/सञ्चार उपकरण मर्मत वा सो सरह) मान्यता प्राप्त संस्थाबाट ३ (तीन) महिनाको तालिम प्राप्त गरेको वा सो सरहको उपाधि हासिल गरेको। |

| क्र.सं. | पद | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|
| **भौतिक पूर्वाधार निर्देशनालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (सिभिल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट B.E. in Civil Engineering वा सो सरहको योग्यता भएको र सम्बन्धित इन्जिनियरिङ परिषदमा दर्ता भएको। |
| **नेपाल प्रहरी केनाईन कार्यालयतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (भेटेरिनरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा भेटेरिनरी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी नेपाल पशु-चिकित्सा परिषदमा दर्ता भएको। |
| २ | प्राविधिक प्रहरी सहायक निरीक्षक (भेटेरिनरी) | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा भेटेरिनरी विषयमा जे.टी.ए. (JTA) वा सो सरह उत्तीर्ण गरेको। |
| **हातहतियार मर्मत शाखातर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (जनरल मेकानिकल इन्जिनियर) | मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ विषयमा स्नातक तह उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| **नेपाल प्रहरी अस्पतालतर्फ** | | |
| १ | प्राविधिक प्रहरी निरीक्षक (मेडिकल अफिसर एम.बी.बी.एस.) | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरहको उपाधि हासिल गरी नेपाल मेडिकल परिषदमा दर्ता भएको। |
| २ | प्राविधिक प्रहरी निरीक्षक (जनस्वास्थ्य अधिकृत) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित परिषद्मा दर्ता भएको। |
| ३ | प्राविधिक प्रहरी निरीक्षक (Optometrist) | मान्यता प्राप्त शिक्षण संस्थाबाट Optometrist विषयमा स्नातक तह उपाधि हासिल गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ४ | प्राविधिक प्रहरी नायव निरीक्षक (स्टार्फ नर्स) | त्रि.वि.वि. वा मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा न्यूनतम प्रमाण पत्र तह (PCL) उत्तीर्ण गरी नर्सिङ्ग परिषद्मा दर्ता भएको। |
| ५ | प्राविधिक प्रहरी सहायक निरीक्षक (सी.एम.ए.) | SLC/SEE उत्तीर्ण पश्चात् मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ (पन्ध्र) महिना सी.एम.ए. उत्तीर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको। |
| ६ | प्राविधिक प्रहरी सहायक निरीक्षक (डेन्टल हाइजिनिष्ट) | SLC/SEE उत्तीर्ण पश्चात मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १५ (पन्ध्र) महिना सम्बन्धित विषयमा तालिम लिई सम्बन्धित परिषद्मा दर्ता भएको। |

**७. दरखास्त साथ समावेश गर्नुपर्ने कागजातहरूः-**

(क) नेपाली नागरिकताको प्रमाण पत्र।
(ख) हालसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत) प्रष्ट देखिने ORMS को आवश्यकता अनुसारको रेजुलेसन तथा साइज अनुरूपको फोटो (पुरूषको हकमा दाही र कपाल काटेको)।
(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्र (प्रत्येक तहको चारित्रिक, स्थायी वा प्रोभिजनल प्रमाणपत्र र ट्रान्सक्रिप्ट/मार्कशिट तथा नेपाल बाहिर अध्ययन गरेको हकमा उच्च माध्यमिक शिक्षा परिषद्/त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाण पत्र (Equivalent Certificate)।
(घ) **अमर/अशक्त प्रहरी परिवारका** लागि अमर/अशक्त प्रहरी परिवार भएको कुरा पुष्टि हुने कागज पत्र र नाता प्रमाणित कागज पत्र।
(ङ) **आदिवासी/जनजातिका** हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
(च) **मधेसीका** हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्र।
(छ) **दलितका** हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित निकायबाट सूचीकृत भएका जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
(ज) **पिछडिएको क्षेत्रका** लागि (**अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिस हुनुपर्ने। स्थायी बसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु परेको कारण उल्लेख भएको पत्र।

**नोटः-** दरखास्त दिने उम्मेदवारले विज्ञापनमा तोकिए बमोजिमका आवश्यक कागजातहरूको सक्कलै प्रति Scan गरी ORMS प्रणालीमा तोके अनुसारको PDF Format मा अपलोड गर्नुपर्नेछ। साथै, उम्मेदवारले आफ्नो फोटो, दस्तखत, औंठा छाप (दाँया/बाँया) र नागरिकताको प्रमाणपत्रको अगाडि/पछाडिको भाग JPG Format मा अपलोड गर्नुपर्नेछ।

**८. दरखास्त दर्ता तथा दस्तुर बुझाउने विधिः-**

(क) नेपाल प्रहरीको अनलाईन दरखास्त पोर्टल *https://careers.nepalpolice.gov.np* मा गई Registration प्रक्रिया पूरा गरी प्राप्त Username र Password द्वारा Login गरेर आवश्यक सम्पूर्ण विवरण भरी आवश्यक कागजातहरूको सक्कलै प्रति स्पष्ट देखिने Scan Copy Upload गरी Profile १००% पूर्ण भए पश्चात् मात्र आवेदन Submit गर्नुपर्नेछ।
(ख) Online दरखास्त फाराम Submit गरे पछि प्राप्त हुने Application Id अनुरूप बुझाउनुपर्ने दरखास्त दस्तुर Online प्रणालीबाट महालेखाको Portal मा गई Connect IPS, e-Sewa, Khalti वा IME Pay मार्फत बुझाउन सकिनेछ। Offline प्रणालीबाट भुक्तानी गर्दा कारोबार सङ्केत (EBP Code) सहितको भौचर download गरी दरखास्त सङ्कलन केन्द्रहरू अनुसारको राजस्व खाता भएको सम्बन्धित बैंकमा गई दाखिला गर्न सकिनेछ।

**९. परीक्षा विधिः-**

(क) प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण,
(ख) लिखित परीक्षा (**लोक सेवा आयोगबाट सञ्चालन हुने हुँदा आयोगद्वारा तोकेको परीक्षा केन्द्रहरूमा सञ्चालन हुने**),
- वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको गलत उत्तर बापत २०% अङ्क कट्टा गरिने व्यहोरा जानकारी गराइन्छ।
- वस्तुगत बहुउत्तर प्रश्नको उत्तर लेख्दा अङ्ग्रेजी ठूलो अक्षर (Capital Letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइनेछ।

(ग) विशेष स्वास्थ्य परीक्षण,
(घ) प्रयोगात्मक परीक्षा (पाठ्यक्रममा उल्लेख भएका पदहरूको मात्र हुने),
(ङ) अन्तर्वार्ता।

**१०. परीक्षा सञ्चालन हुने स्थानः-**

(क) प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण र विशेष स्वास्थ्य परीक्षण नेपाल प्रहरी अस्पताल, महाराजगञ्ज काठमाडौँमा र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँमा सञ्चालन हुने।

**११. सम्पर्क मिति तथा स्थानः-**

- **प्रारम्भिक तथा विस्तृत स्वास्थ्य परीक्षण तालिका** सम्बन्धी सूचना मिति २०८२/०१/३० गते नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा प्रकाशन गरिने।

**१२. विज्ञापन सम्बन्धी विशेष सूचनाः-** सम्मानित सर्वोच्च अदालतबाट नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौँ समेत विपक्षी रहेको रिट नम्बर ०७८-WO-०६६२ समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानूनी प्रबन्ध मिलाए पछि कायम हुन आउने कूल पदहरू मध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसावबाट आ.व.२०७९/८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटि हुन गएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी हाललाई प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने गरी यो सूचना प्रकाशन गरिएको छ।

**पुनश्चः**

१. Online दरखास्त पेश गर्दा आवश्यक प्रमाणपत्रहरूको सक्कलै Scan Copy अनिवार्य रूपमा अपलोड गर्नुपर्नेछ। साथै पेश भएका प्रमाणपत्रहरूको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ।
२. तोकिएको म्यादभित्र दाखिला नभएका वा शर्त पूरा नभएका वा रीत नपुगी भरिएका वा दरखास्त दस्तुर नबुझाइएका दरखास्त जुनसुकै समयमा रद्द गर्न सकिनेछ।
३. तोकिएको शर्त पूरा नभई दरखास्त स्वीकृत नभएमा दरखास्त दस्तुर फिर्ता हुनेछैन।
४. दरखास्त अवधिभित्र ORMS प्रणाली मार्फत आवेदन दिएका उम्मेदवारहरू मध्ये आवश्यक विवरण तथा कागजातहरू अपुग भएका उम्मेदवारहरूको अभिलेख अद्यावधिक गर्न नेपाल प्रहरीको वेबसाइटमा सूचना प्रकाशन गरिनेछ। उक्त सूचनामा तोकिएको समयभित्र अपुग कागजातहरू अद्यावधिक नगर्ने उम्मेदवारहरूको दरखास्त फाराम स्वतः रद्द हुनेछ।
५. हरेक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गराइनेछ।
६. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी तर्फको एउटै परीक्षा सञ्चालन गरिनेछ र निजहरूले प्राप्त गरेको अङ्कको आधारमा समावेशी तर्फका उम्मेदवारहरू बीच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।
७. अन्तर्वार्ता दिन आउँदा उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने भनी उल्लेख गरिएका आवश्यक प्रमाणपत्र तथा कागजातहरूको सक्कल सहित स्वयंले '**सक्कल बमोजिम नक्कल ठीक छ**' भनी प्रमाणित गरेको प्रतिलिपि समेत अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ।
८. प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १३ को उपनियम (५) बमोजिम पदपूर्ति समितिबाट विज्ञापन प्रकाशन भएपछि दरबन्दी थप वा खाली भई पद रिक्त भएमा लिखित परीक्षाको नतिजा प्रकाशन हुनुभन्दा अगाडि सो पदपूर्ति समितिले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी सोही विज्ञापनमा सो सङ्ख्या समेत थप गर्नसक्नेछ।
९. यस विज्ञापन सम्बन्धी सूचना तथा विभिन्न चरणमा लिइने परीक्षाहरूको पाठ्यक्रम नेपाल प्रहरीको वेबसाइट *www.nepalpolice.gov.np* मा समेत प्राप्त गर्न सकिनेछ।
१०. Online दरखास्त दिने सम्बन्धी जानकारी मूलक Tutorial Video नेपाल प्रहरीको आधिकारिक YouTube Channel मा हेर्न सकिनेछ।
११. Online दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा कार्यालय समयभित्र यसै विज्ञापनको प्रकरण नं. ३ मा उल्लेख भएका सम्बन्धित दर्ता केन्द्रहरूको सम्पर्क नम्बर वा नेपाल प्रहरी प्रधान कार्यालय, भर्ना छनौट शाखाको टेलिफोन नं.०१-५७१९९२७ मा सम्पर्क गरी वा *ormscareer@nepalpolice.gov.np* मा ईमेल पठाई बुझ्न सकिनेछ।

**मितिः- २०८१/१२/१५ गते।**

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा, भर्ना छनौट शाखा
नक्साल, काठमाडौँ।

# एक वर्षमा बन्ने पुल चार वर्षदेखि अलपत्र

**धरान समाचारदाता**
*धरान, चैत १४ गते*

धरान उपमहानगरपालिका–५ स्थित देवीगाउँको सिरानमा रहेको लेदुवाखोलामा निर्माणाधीन पुल चार वर्षदेखि अलपत्र परेको छ। पुल अलपत्र परेपछि सम्बन्धित मन्त्रालयले चासो देखाउँदै अनुगमन गरिएको छ। कोशी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राई, कोशी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अशोककुमार साह, कोशी प्रदेशका सांसद रमेशकुमार बस्नेत, धरान–५ का वडाध्यक्ष मनप्रसाद लिम्बूलगायतले स्थलगत अनुगमन गर्नुभएको हो।

धरान–५, लेदुवाखोलामा बन्दै गरेको १६ मिटरको पुलले ५ नं. वडावासीलाई सहज हुनुका साथै वडा नं. ४ लाई पनि जोड्ने गर्दछ। उक्त पुल नबनेका कारण स्वास्थ्य, शिक्षा, कृषिलगायतमा वडा नं. ४ र ५ का स्थानीयले सास्ती खेप्नु परेको वडाध्यक्ष लिम्बूले बताउनुभयो।

धरान पूर्वको चर्चित सहरका रूपमा परिचित भए पनि वडा नम्बर ४, ५ दुर्गम क्षेत्रमा पर्दछ। वडा नं. ५ को जनसङ्ख्या १५ हजार आठ सय र घरधुरी तीन हजार पाँच सय रहेको वडाध्यक्ष लिम्बूले बताउनुभयो। यहाँका कतिपय स्थानीयवासीलाई स्वास्थ्य, शिक्षा वडाको कामलगायतमा बर्खायाममा जोखिम मोलेर आउजाउ गर्नुपर्ने बाध्यता छ। ठेकेदारले समयमै काम नसक्दा झनै समस्या भएको वडाध्यक्ष लिम्बूले बताउनुभयो। उक्त पुल निर्माणका लागि कोशी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयको बजेटमा एक वर्षमा पुल निर्माण सम्पन्न गर्ने गरी २०७७ साउन १३ गते एक करोड २१ लख ८६ हजार ८१३ रुपियाँमा वर्ल्ड ट्रेड कन्स्ट्रक्सन कम्पनीसँग सम्झौता गरेको थियो। हालसम्म ८९ लाख ५० हजार १७३ रुपियाँ रकम निर्माण कम्पनीले भुक्तानी लिइसकेको छ।


पुल अनुगमनको क्रममा मन्त्री भूपेन्द्र राईसहितको टोली।

ठेकेदार कम्पनीले चार वर्ष बितिसक्दा पनि पुल अलपत्र बनाएको वडाध्यक्ष लिम्बूले बताउनुभयो। पुल निर्माणका लागि दुई पटक म्याद थप गरिएको छ। प्रथम पटक मिति २०८० साल असार ३० गते र पुनः २०८१ साल असार ३० गते दोस्रो पटक म्याद थप गरेको थियो। दोस्रो पटक म्याद थप गर्दासमेत पुल निर्माणमा नियमित नभएका कारण मन्त्री राईले स्थलगत अनुगमन गर्नुभएको थियो। अनुगमनपश्चात् वर्ल्ड ट्रेड कन्स्ट्रक्सन कम्पनीका ठेकेदार पशुपति बरालले यही चैत २६ गतेबाट काम सुरु गरी आगामी २०८२ जेठ मसान्तभित्र सम्पन्न गर्ने बताएको छ।

उक्त खोलाका कारण धरान–५ को जरेआहाल, मुक्तिला, निसानडाँडाका स्थानीयले उत्पादन गरेको सागसब्जी, दुधलगायत धरान बजारसम्म ल्याउन नसक्ने स्थानीय राजकुमार राईले बताउनुभयो। यस खोलाको असर धरान–४ का केही क्षेत्रका बासिन्दामा परे पनि प्रत्यक्ष मार भने धरान–५ का स्थानीयलाई बढी पर्ने गरेको छ । विद्यालय जाने विद्यार्थी, दुःखबिमार हुँदा अस्पताल लैजाँदासमेत ज्यानै जोखिममा राखेर खोला तार्नुपर्ने बाध्यतासमेत रहेको स्थानीयवासी नरबहादुर मगरले बताउनुभयो। साथै पानी पर्दा, बाढी आउँदा धेरै दिनसम्म घरमै बन्दी झैँ भएर बस्नुपर्ने बाध्यता पनि रहेको उहाँले बताउनुभयो।

# सहयोगका लागि आग्रह

**पाख्रीबास समाचारदाता**
*पाख्रीबास, चैत १४ गते*

धनकुटा नगरपालिका–८ स्थित लुकुवा टोलका २५ वर्षीय बिसन राई घरको आर्थिक अवस्था कमजोर भएकै कारण रोजगारीका सिलसिलामा मलेसिया पुग्नुभएको थियो। मलेसिया पुगेको एक वर्षपछि राईलाई अचानक एपेन्डिसाइटिस भएर अस्पताल भर्ना हुनुभयो।

पैसा कमाउने सपना बोकेर रोजगारीका लागि बिदेसिएका उहाँ चैत १० गते आफ्नो शरीरमा आलो घाउ बोकेर रित्तो हात नेपाल फर्किनुभएको छ । गत वर्ष कात्तिकमा आफन्त र साहुबाट चर्को ब्याजदरमा साढे तीन लाख रुपियाँभन्दा बढी ऋण सापटी लिएर रोजगारीका लागि मलेसिया पुगेका बिसमलाई अहिले साहु, आफन्तको ऋण र स्वास्थ्य अवस्थाले पिरोलिरहेको छ ।

अस्पतालमा एपेन्डिसाइटिसको शल्यक्रिया गरेर करिब एक महिनापछि काममा फर्किएका उहाँ केही दिन काममा गएपछि धेरै गर्मीका कारण घाउ पाकेर टाँका खुस्कियो। पुनः उपचारका लागि अस्पताल पुगेको र डाक्टरले भनेको शुल्क तिर्न नसकेपछि आफू नेपाल फर्किएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "डाक्टरले फेरि मेरो घाउ सिलाउन मानेन्। जति पैसा मागेका थिए त्यति पैसाले त नेपाल फर्किन पुग्ने भएकाले म उपचार गर्न घर आएको हुँ।"

अहिले उपचार खर्चको अभाव भएर उहाँले खर्च जुटाउन सबैलाई हारगुहार गरिरहनुभएको छ। पहिला पनि साथीको सहयोगमा उपचार गरे, थप उपचार गर्ने पैसा नभएको र कम्पनीमा लिने बिदासमेत सकिएकोले जीवन बचाउन नेपाल फर्किएको उहाँ बताउनुहुन्छ। मलेसियामा आफ्नो जीवन बचाउन नसक्ने अवस्था भएपछि नेपालमै उपचार गरेर बाँच्ने आशामा चैत १० गते घर आइपुगेका राईले उपचारका लागि आर्थिक सहयोगको आग्रह गर्नुभएको छ।

घरको आर्थिक अवस्था कमजोर भएकै कारण शरीरको आलो घाउ बोकेर कष्टपूर्ण दैनिकी बिताइरहनुभएको छ। उपचारका लागि धनकुटा अस्पताल आउनुभएका राईलाई डाक्टरले सुविधासम्पन्न अस्पतालमा जान भनेपछि समस्या झन् थपिएको छ। पैसा नहुँदा पेटमा चिरिएर पाकिरहेको घाउ बोकी लाचार भएर बस्नु परेको उहाँले दुःखेसो गर्नुभयो। आर्थिक अवस्था कमजोर भएका बिसनलाई सहयोग जीवन रक्षा गरिदिन आग्रह गरेको धनकुटा–८ का वडाध्यक्ष रसबहादुर राईले बताउनुभयो।

## डढेलोले क्षति

**धनकुटा** (गोरखापत्र), चैत १४ गते । धनकुटाको चौबिसे गाउँपालिका–४ मा दुई घर जलेर नष्ट भएका छन्। बाजथलाका रामबहादुर पाख्रीन र हिरेन्द्र निरौलाको घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ। आगलागीबाट पाख्रीनको घरमा रहेको अन्न, फर्निचर, लत्ताकपडा, काठपात र गरी छ लाख रुपियाँ बराबरको क्षति भएको छ भने हरेन्द्रको दुईतले कच्ची घर र गोठ जल्दा एक लाख रुपियाँ बराबरको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ। चौबिसे गाउँपालिका–२ स्थित देउराली सामुदायिक वनमा लागेको डढेलो बस्तीमा सल्किँदा उक्त घर जलेर नष्ट भएको स्थानीयको भनाइ छ। उक्त आगो बिहीबार बिहान मात्रै नियन्त्रणमा आएको छ।

## एसइईमा चार जना मात्र विद्यार्थी

**खोटाङ** (गोरखापत्र), चैत १४ गते। माध्यमिक शिक्षा परीक्षा (एसइई) दिने खोटाङको एउटा विद्यालयबाट चार जना विद्यार्थी मात्र रहेका छन्। विद्यार्थी सङ्ख्या निरन्तर घट्दै गएपछि केपीलासगढी गाउँपालिका–६, दिप्सुङस्थित रेनुका माविबाट यो वर्ष चार जनाले एसइई दिएका हुन्।

रेनुका माविसँगै जिल्लाका अन्य १३ वटा विद्यालयमा पनि एसइई दिने विद्यार्थी १० जनाभन्दा कम भएको पाइएको छ। ऐँसेलुखर्क गाउँपालिका–६, ज्यामिरेस्थित शान्तोदय माविबाट पाँच जना विद्यार्थी एसइईमा सहभागी भएका छन्। शान्तोदयबाट अघिल्लो वर्ष चार जना विद्यार्थीले एसइई दिएका थिए।

यस्तै शान्ति निकेतन मीनाकर्ण मावि छोरम्बु र याङशोला मावि छोरम्बुबाट छ/छ जना विद्यार्थी एसइईमा सहभागी छन्। शुक्रजित मावि खार्ताम्छाबाट सात जना, जनता मावि सल्ले, हिमालय मावि सोल्मा र साकेला मावि रतन्छाबाट आठ/आठ जना विद्यार्थी परीक्षामा सहभागी छन्। पञ्चकौशिका मावि भण्डारेघाट, शिक्षा निकेतन मावि देवीस्थान र जनजागृति मावि सोल्माबाट नौ/नौ जना विद्यार्थी रहेका छन्। यस्तै शान्ति मावि टेम्मा र मनकामना जनकल्याण मावि निर्मलीडाँडाबाट १०/१० जना विद्यार्थी एसइईमा सहभागी भएको शिक्षा विकास तथा समन्वय एकाइ खोटाङले जनाएको छ। १० देखि २० जना विद्यार्थी हुने विद्यालय पनि धेरै छन्। जिल्लाको सबैभन्दा धेरै २२१ जना विद्यार्थी दिक्तेलस्थित सरस्वती माविबाट एसइईमा सहभागी छन्। खोटाङ जिल्लामा हाल ९८ वटा सामुदायिक र छ वटा निजी गरी १०४ वटा मावि सञ्चालनमा रहेका छन्। सामुदायिक विद्यालयमा निरन्तर विद्यार्थी सङ्ख्या घट्दै गएको छ। कतिपय विद्यालय मर्ज गरेर विद्यार्थीको आवश्यकताका आधारमा आवासीय मावि सञ्चालन गर्नुपर्ने आवाज पनि उठ्न थालेको छ।

## हाइड्रोसिल र हर्नियाको निःशुल्क शल्यक्रिया

**उर्लाबारी** (गोरखापत्र), चैत १४ गते । मोरङको रङ्गेली अस्पतालले चैत ३ गतेदेखि हाइड्रोसिल र हर्नियाको निःशुल्क शल्यक्रिया सेवा प्रदान गरिरहेको छ। प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य कार्यालय मोरङको आयोजना र रङ्गेली अस्पतालको सहकार्यमा चैत ३ गतेदेखि सुरु गरेको सेवाबाट हालसम्म ८० जनाले सेवा लिइसकेका छन्। २० वर्षदेखि ६७ वर्षसम्मका बिरामीको उपचार गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय मोरङका स्वास्थ्यकर्मी अनिल देवले बताउनुभयो। रङ्गेली–५ का शिवा मण्डलले निःशुल्क रूपमा उपचार पाउँदा खुसी प्रकट गर्नुभयो।

## Nepal Electricity Authority
**Nijgadh Harnaiya 400 KV Transmission Line project**

**Notice of opening of financial bids opening for the IFB No. NEA/NH/NCB/2081/82-01**

According to ITB Clause 25.7 of IFB No. NEA/NH/NCB/2081/82-01 "Construction of Boundary wall at Harnaiya 400KV Substation" is to notify all bidders that the technical bids of the following Bidders have been considered substantially responsive and are informed to attend the financial bid opening scheduled as mentioned below:

**Substantially responsive bids:**

| S.N. | Bidder's Name | Location |
|---|---|---|
| 1. | M/s Panchakanya Engineering Solutions Pvt. Ltd. | Kupondole 1- Lalitpur |
| 2. | M/s Bajrabarahi Nirman Sewa Pvt. Ltd. | Hetauda-05 |
| 3. | M/s Muktinath Builders Pvt Ltd. | Dhanusha, Nepal |
| 4 | M/s Ganapati Baba Nirman Sewa Pvt. Ltd. | Dhulikhel, Kavre |
| 5. | M/s Sahayogi-Samrat JV | Nagarjun-3, Kathmandu |
| 6. | M/s Lama-RS-JV | Motigyada, 7- Triyuga, Udayapur |

Price Bid Opening date and time: 2025/04/04 (AD) 12:30 PM (Friday)
Location: Office of Nijgadh Harnaiya 400 KV Transmission Line project, Piluwa, Bara
For further details e-mail us at **nh400kvtlp@gmail.com**

## Kathmandu Upatyaka Khanepani Limited
**Bhaktapur Branch**
**Dudhpati, Bhaktapur**

**Re Invitations of Bids (Sealed Quotation)**

**Second Notice Publication Date: 2081/12/15**

According to Public Procurement Rules 2064(2007) section 84 sub section 3(a), only two bidder submitted bid pursuant to notice for the first notice where minimum of 3 responsive bidders are required. So, Kathmandu Upatyaka Khanepani Limited, Bhaktapur, Branch invites re-bid from eligible bidders under Sealed Quotation Bidding procedures as mentioned below.

| S. N. | IFB Name/Description | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|
| 1 | Leakage Control Work at different places of Bhaktapur. (IFB No: KUKL/BHAKTAPUR/SQ/WORKS/01/081-82) | 2081/12/29 (Time: 12:00) | 2081/12/29 (Time: 14:00) |

For details, please visit **http://www.bolpatra.gov.np** or contact at Tel. No 01-6610235, 01-6610979

## Kalaiya Sub Metropolitan City
**Office of Municipal Executive**
**Kalaiya, Bara, Madhesh Province, Nepal**

**Invitation for Online Bids**

Second Time Date of Publication: 2081/12/15 (28th Mar, 2025)

1. Kalaiya Sub Metropolitan City, Kalaiya, Bara invites electronic bids from eligible Nepalese bidders for the following works and consultancy:

| S. N. | Contract No. | Name of Contract | Cost of Bidding Documents NRs (Not refundable) | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|
| 1 | KSMC/ EOI/1- 2081/82 | Integrated Solid Waste Processing and Management in Kalaiya Sub Metropolitan City | - | - |

2. For Further Details bidders are requested to visit our website www.kalaiyamun.gov.np or visit PPMO eGP System www.bolpatra.gov.np/egp.
3. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

*Chief Administrative Officer*

## Bhimphedi Rural Municipality
**Office of Rural Municipal Executive**
**Bhimphedi, Makwanpur, Bagmati Province, Nepal.**

**Invitation Of Re-Tender Electronic Bids**

**Date of Second Publication : (2081-12-15) 28-03-2025**

1. Bhimphedi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of Intake structure,pipe canal-transmission line (HDPE pipe, and GI pipe), Protection Works, Rcc Structure Reservoir tank 200m3), and other works mentioned as BOQ. under National Competitive Bidding procedures.
2. Eligible Bidder may obtain further information about Bidding Documents from PPMO e-GP system **www.bolpatra.gov.np/epg**, shall submit a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
   - **Name of the Bank:** NIC Asia Bank Ltd., Bhimphedi Branch
   - **Name of Office:** Bhimphedi Rural Municipality Office
   - **Internal Revenue (Rajaswa) Account no.:** 167CA5750-3077001 (For purchasing Bid Documents Only)
   - **Security Deposit (Dharauti) Account Number:** G7CA503072524001 (For Bid Security Only)
3. Bids must be valid for 90 days after opening and must be accompanied by a bid security or a scanned copy of the bid security in .pdf format in the case of an e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.

| S. N. | Description of works | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Non-refundable fee for Bidding Document | Last date of bid submission |
|---|---|---|---|---|---|
| 1. | Construction Of Kogate Ipa Brihat Sichai Yojana Bhimphedi-7,8 (BRMMK/ NCB/CKIBS/08/2081.082) | NRs. 1,57,37,733.65 | NRs. 5,41,000.00 | NRs. 3,000.00 | 2081/12/31 (13-04-2025) 12:00PM |

4. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Please read, understand, and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be by prevailing laws.

**Chief Administrative Officer**

## मालपोत कार्यालय, टोखा सरस्वती, काठमाडौँबाट जारी भएको छुट जग्गा दर्ता हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

का.जि., तारकेश्वर न.पा. वडा नं. १ बस्ने मेयर सिंह लामाको नाति शेरमान लामाको छोरा कृष्ण बहादुर लामाले बाबु शेरमान लामा भन्ने सेर बहादुर लामाको नाममा नाप–नक्सा भएको तपसिलमा उल्लिखित जग्गा सेर बहादुर लामाको नामको साङ्ला मौजा रै.नं. ६५५ सेर्मा तर्फको साविक दर्ता लगत भिडाई बाबु शेरमान लामा भन्ने सेर बहादुर लामाको मिति २०३२ मा, आमा पार्वति लामाको मिति २०२५ मा परलोक हुनु भई निजको शेषपछि हक खाने हकदारमा कृष्ण बहादुर लामा–१ भएको हुँदा मेरो नाममा एकलौटी नामसारी गरिपाऊँ भनी द.नं. ३८७४ मिति २०८१।१०।२ को निवेदनबाट माग दाबी गरेकोमा माग बमोजिम निवेदकका नाममा दर्ता/ना.सा. गर्न नमिल्ने कुनै कारण भए वा सरकारी सार्वजनिक सम्पत्तिको नोक्सानी हुने भए, साविक दर्तावाल सेर बहादुर लामाको अन्य हकवाला कोही रहेको भए, फिल्डबुकमा उल्लिखित ज.ध. सेर बहादुर लामा र शेरमान लामा एकै व्यक्ति नभई फरक फरक व्यक्ति रहेको भए, निवेदक बाहेक उक्त जग्गामा अन्य कोही कसैको हक लाग्ने भएमा, यसअघि कोही कसैले जग्गा दर्ता नामसारीका लागि मिसिल भिडाएको भए वा तपसिलमा उल्लिखित जग्गा निवेदकका नाममा दर्ता हुँदा अन्य कोही कसैको हक भोगमा असर पर्ने भए ठोस प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी उजुर गर्न आउनुहोला। सूचना गर्नुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षे.फ. | मोही | जग्गावालाको | विरह | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| साङ्ला | २क | ७३ | १–७–२–० | तेज नारान लामा का.ई. साङला कुञ्चीप्वाकल | | | का.ई. साङला कुञ्चीप्वाकल बस्ने सेर बहादुर लामालाई। ५ मा. धा. तिरी खाएको छु। | |

## भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

भ.पु.जि. नंखेल वडा नं. ५ को हाल सु.न.पा.–९ स्थायी बस्ने रामप्यारी खत्री समेत ५ जनाले हाम्रो ससुरा/बाजे/बाजेससुरा खर्ग बहादुर खत्री भनिने खड्ग बहादुर खत्री जग्गाधनी र मोही टुल्कु लामा नाममा २०२१ सालमा नापी हुँदा नापनक्सा भई दर्ता बाँकी स्रेस्ता कायम रहेको साविक लगत खर्ग बहादुर खत्रीको नाममा २१ नं. नंखेल असुलीतर्फ सि.नं. १०५२/४९/१५२ ४२३ रो–५ऽ मध्येबाट भिडी दर्ता हुने जग्गा भएकोमा साविक लगतवाला बाजे खर्ग बहादुर खत्री भनिने खड्ग बहादुर खत्रीको मिति २०२२ सालमा, निजको हक खाने एक मात्र श्रीमती माईली खत्रीको मिति २०४१।०९।०३ गते परलोक भई निजहरूबाट जायजन्म भएको सन्तानहरूमा जेठो छोरा लाल बहादुर खत्री, कान्छो कुमार खत्री भएकोमा लाल बहादुर खत्रीको मिति २०६५।०९।२७ मा, निजकी एक मात्र श्रीमती मैया खत्रीको मिति २०६७।०९।१२ मा मृत्यु भई निजहरूको हक खाने हकदारहरूमा जेठो छोरा उदयराज खत्री–१, माइलो रामेश्वर खत्री–१, साहिलो हरिशरण के.सी.–१ र कान्छो सुरेन्द्र के.सी. समेत ४ जना रहेकोमा कान्छो छोरा सुरेन्द्र के.सी. विगत २० वर्षदेखि बेपत्ता भएको र निजको हक खाने दुई पत्नी जेठी सानु के.सी., कान्छी पत्नी भवानी के.सी भएकोमा, जेठी पत्नी सानु के.सी.को तर्फबाट छोराहरूको जायजन्म नभएको, छोरीहरू सुधा के.सी., सोनु के.सी. भएकोमा निजहरूले श्री भक्तपुर जिल्ला अदालतमा अंशचलन मुद्दा दर्ता गरी सो जिल्ला अदालतको मिति २०६३।०७।२७ मा अंश पाउने फैसला भई सो जिल्ला अदालतको मिति २०६४।०३।०५ को बण्डा मुचुल्का बमोजिम निजहरूले आफ्नो अंशभाग लिइसकेको, निज सानु के.सी.ले सम्बन्ध विच्छेदको मुद्दा गरी सम्बन्ध विच्छेद समेत भइसकेको, त्यस्तै कान्छी श्रीमती भवानी के.सी.को तर्फबाट जायजन्म भएको १ मात्र छोरा निकेश के.सी., छोरी निकिता के.सी. भएको, निजहरूले पनि श्री भक्तपुर जिल्ला अदालतमा अंशचलन मुद्दा दर्ता गरी सो जिल्ला अदालतको मिति २०६९।०७।०६ मा अंश पाउने फैसला भएको, त्यस्तै दर्तावाला खड्ग बहादुर खत्रीको कान्छो छोरा कुमार खत्रीको मिति २०६५।१२।१५ सालमा मृत्यु भई निजको हक खाने हकदार एक मात्र श्रीमती रामप्यारी खत्री–१, छोराहरू कपिल राज खत्री–१, कवि राज खत्री समेत जना–३ भई हामी हकदार जना–७ भए तापनि मुलुकी देवानी संहिता ऐन २०७४ को दफा २३९ बमोजिम निज खड्ग बहादुर खत्रीको नजिकको हकदार हामी निवेदकहरू मात्र भएकोले हामी निवेदकहरूको नाउँमा संयुक्त दर्ता/नामसारी गरिपाऊँ माग निवेदन गरेको, दर्तावालाको खड्ग बहादुर खत्रीको नाम, थर कतै खर्ग बहादुर खत्री, कतै खड्ग बहादुर खत्री भई फरक परेकोमा यी नाम, थर गरेको व्यक्ति अलग अलग नभई एकै व्यक्ति खड्ग बहादुर खत्री नै हो भनी सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएको, साथै १ नं. लगत २ नं. अनुसूची भिडेको, ७ नं. फाँटबारी रेकर्डबाट फेला नपरेको भनी भूमिसुधार फाँटबाट लेखिआएको, ज.ध. नेपाल सरकार मोही टुल्कु लामा मिति २०४६।०३।०१ को निर्णय बमोजिम नंखेल गा.वि.स. वडा नं. १ देखि ९ सम्मको कित्ता सङ्ख्याहरू नेपाल सरकार कायम भन्ने व्यहोरा कम्प्युटरमा देखिन्छ भनी कम्प्युटर फाँटबाट लेखिआएको, द.नं. १२९३२ मिति २०८१।१२।१३ को निवेदनबाट उक्त भूलबाट कम्प्युटरमा ज.ध. नेपाल सरकार ईन्ट्र भएको हो हुनुपर्ने नंखेल वडा नं. ४/क कि.नं. ९२ क्षे.फ. ०–१३–२ कित्ता जग्गा नेपाल सरकार ईन्ट्र हुनुपर्ने भनी पूरक निवेदन पेश गरेको देखिँदा यसमा निवेदकहरू बाहेक अन्य कसैको हक लाग्ने भए वा माग बमोजिम हुनुनपर्ने कुनै मनासिब कारण भए वा अन्यत्र कसैले कारबाही चलाएको भए वा सरकारी वा सार्वजनिक सामुदायिक गुठी व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकूल असर पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण हकदाबी गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **फिल्डबुकको व्यहोरा**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसान व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| भक्तपुर | नंखेल | ४/क | १२ | २–३–२–० | टुल्कु लामा भ.पु.ई. काक्राबारी वडा नं. ४। | खडग बहादुर खत्रीको हकमा सही गर्ने भाइ पदम ध्वज खत्री भ.पु. नलिचोक | यो जग्गा पाता गाउँ बस्ने खर्ग बहादुर खत्रीको हो मैले जोती खाई आएको। | सिपारे मध्य माथील्ल काक्रारबारी काता दार पहल मान तामाङकोरसीबाट बिजन ।.।३ को तिरो ।४५ को बाट भिडाई दर्ता गर्ने हकमा पद्दम ध्वज। |

## Nepal Tourism Board

**Notice for Participation for Tourism Fairs in South Korea**

| S. N. | Fair/Mart | Program Date | Participation Fee (NPR) | Deadline for Submission of Application | Maximum No. of Companies | Contact E-mail |
|---|---|---|---|---|---|---|
| 1 | Seoul International Travel Fair (SITF) 2025 | 5-8 June, 2025 | Rs. 1,00,000/- | 3 April, 2025 | 8 | skbaral@ntb.org.np |

***Note:** . 1. Application starts from office hour
2. All necessary travel arrangements (Transportation, Hotel Accommodation, Visa, etc.) shall have to be made and the cost for the same shall be borne by the participants themselves.

Applications are invited from eligible and interested tourism companies for participation as per the following:

1. Interested companies must register their application online via https://tenders.ntb.gov.np. within the above-mentioned deadline along with the following necessary documents:
   - Company Registration Certificate
   - VAT/PAN Registration Certificate
   - Latest Tax Clearance Certificate
   - License Issued by the Concerned Authority
2. Selection of qualified applicants shall be done on FIRST-COME-FIRST-SERVED basis as per the submission of application.
3. Once the eligible applicants are shortlisted NTB shall inform/send an e-mail to all selected participants requesting for immediate deposit of participation fee. All selected companies shall have to submit the bank deposit voucher along with duly signed and stamped Contract/Code of Conduct for International Participation in their company profile in https://tenders.ntb.gov.np. Details for deposit of contribution amount will be sent to the selected participant along with the email.
4. In case of the cancellation of participation by NTB or cancellation /postponement of the above-mentioned Travel Trade Fair by the Organizer due to any unforeseen circumstances, Nepal Tourism Board shall take necessary decisions regarding the refund of the contribution amount. Nepal Tourism Board shall not be held liable for any other inconvenience or loss caused by the cancellation of participation by NTB or cancellation/ postponement of the abovementioned Travel Trade Fair due to any other unforeseen beyond-the-control circumstances.

**For more information, please contact:**

**Nepal Tourism Board**
**Tourist Service Center**
**Bhrikutimandap, Kathmandu, Nepal**

**Phone: +977-1-5356909**
**Website: www.ntb.gov.np**

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | १७४८०० ▲ |
| चाँदी | : | २०२० ▲ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २६६३.३० (+४१.४३) ▲ |
| कारोबार रकम | : | ५,२२३,०८३,३४० ▲ |
| कारोबार भएका सेयर | : | ९,७७२,९१६ |
| कारोबार सङ्ख्या | : | ५५,४४२ |
| कारोबार भएका कम्पनी | : | ३०९ |

## सुधारतर्फ अर्थतन्त्र वृद्धिदर ५.१ प्रतिशत

### सबै औद्योगिक क्षेत्रमा धनात्मक वृद्धि

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*



चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो त्रैमासिक (कात्तिक–पुस) मा मुलुकको आर्थिक वृद्धिदर ५.१ प्रतिशत पुग्ने अनुमान गरिएको छ। कुल गार्हस्थ उत्पादन मापनमा प्रयोग गरिने १८ वटै औद्योगिक क्षेत्रमा देखिएको सुधारका कारण मुलुकको अर्थतन्त्र गत आवको सोही अवधिको तुलनामा ५.१ प्रतिशतले विस्तार हुने राष्ट्रिय तथ्याङ्क कार्यालयले अनुमान गरेको हो । दोस्रो त्रैमासिकमा यातायात, निर्माण, कृषि उत्पादन, विद्युत् उत्पादन तथा वितरणमा भएको वृद्धि नै अर्थतन्त्र विस्तारको मुख्य कारण बनेको कार्यालयले जनाएको छ। अर्थतन्त्र वृद्धिदरको यो अनुमान मौसमी प्रभाव समायोजन नगरिएको अवस्थाको हो।

**यातायातको वृद्धिदर अगाडि**

कार्यालयका अनुसार गत आवको दोस्रो त्रैमासिकको तुलनामा चालु आवको सोही अवधिमा यातायात तथा भण्डारण क्षेत्रसँग सम्बन्धित क्रियाकलापको कुल मूल्य अभिवृद्धि दर सबैभन्दा धेरै अर्थात् १४.२ प्रतिशत रहेको छ।

त्यस्तै खानी तथा उत्खनन क्षेत्र ९.५ प्रतिशतले वृद्धि हुँदा विद्युत् तथा ग्यास क्षेत्रले ९.२ प्रतिशतले वृद्धिदर हासिल गर्ने अनुमान गरिएको छ।

निर्माण क्षेत्रमा पनि स्पष्ट सुधार देखिएको छ । विगत दुई वर्षदेखि ऋणात्मक वृद्धिदर सामना गरेको यस क्षेत्रको वृद्धिदर ९.१ प्रतिशत रहने अनुमान छ। निर्माण सामग्रीको आयात तथा घरेलु उत्पादनको वृद्धिका कारण यस क्षेत्रको वृद्धिदर देखिने कार्यालयले जनाएको छ।

उत्पादनमूलक उद्योगको वृद्धिदर पनि ७.४ प्रतिशत हुने अनुमान छ । औद्योगिक वस्तुको उत्पादनमा क्रमिक सुधार आउँदा उत्पादनमूलक उद्योगको विस्तार हुने देखिएको हो।

निक्षेप तथा कर्जामा भएको वृद्धिसँगै वित्तीय तथा बिमा क्षेत्रमा मूल्य अभिवृद्धि दर ६.६ प्रतिशत हुने कार्यालयले अनुमान गरेको छ। व्यापार क्षेत्रको वृद्धिदर ६.१ प्रतिशत रहँदा सूचना तथा प्रविधि क्षेत्रको वृद्धिदर ४.९ प्रतिशत हुने अनुमान छ।

अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा कृषि क्षेत्रको वृद्धिदर भने सामान्य मात्र हुने प्रक्षेपण गरिएको छ। धानको उत्पादनमा भएको वृद्धि साथै तरकारी, अमिलो जातका फलफूल तथा हिउँदे फलफूल र पशुपन्छीजन्य उत्पादनमा भएको वृद्धिले यस क्षेत्रको वृद्धिदर ३.२ प्रतिशत हुने अनुमान कार्यालयले गरेको छ।

कृषि तथा व्यापारजन्य वस्तुको स्वदेशी उत्पादनमा आएको वृद्धि तथा प्रमुख व्यापारजन्य वस्तुको आयातमा भएको वृद्धिका कारण थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धि थप विस्तार हुने अनुमान गरिएको छ।

मौसमी प्रभावको अवस्थालाई समेत समायोजित गर्दा भने चालु आवको पहिलो त्रैमासिकको तुलनामा दोस्रो त्रैमासिकमा आर्थिक वृद्धिदर २.२ प्रतिशत पुग्ने कार्यालयको अनुमान छ।

## बजेटमा अङ्कभन्दा नीतिगत फड्कोलाई प्राथमिकता दिन आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*



अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ बजेट निर्माण सम्बन्धमा १६ वटा मन्त्रालयसँग छलफल सम्पन्न गरेको छ। यसै क्रममा आज संस्कृति, पर्यटन तथा उड्डयन पर्यटन मन्त्रालयसँग छलफल भएको छ।

मन्त्रालयसँगको छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बजेटको अङ्कभन्दा नीतिगत सिफ्टलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभएको छ।

उहाँले सङ्घीयताको मूल मर्म र भावना, सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका, प्रदेश र स्थानीय तहको भूमिका अनुसार सङ्घमा रहेका कार्यक्रम तथा आयोजनाको हस्तान्तरण, तीन तहका सरकारबिचको समन्वय र साझेदारीलाई जोड दिनुभएको अर्थमन्त्रीको सचिवालयले जनाएको छ। प्रदेश र स्थानीय तहले गर्ने काम सङ्घले गर्दा सङ्घीयता बलियो नहुने उहाँको भनाइ छ।

अर्थमन्त्री पौडेलले विगतका सबै कार्यक्रम र योजनाको समीक्षा गरी सङ्घीय योजनामा केन्द्रित हुन, कार्यक्रम तथा योजना रोक्न, घटाउन, समायोजन गर्न, अत्यावशक कार्यक्रमलाई निरन्तरता दिन र परिवर्तित समय अनुसार जनतासँग जोडिने स्मार्ट कार्यक्रम तथा योजना समावेश गर्न आग्रह गर्नुभएको छ। उहाँले तीन करोड रुपियाँभन्दा कमका आयोजना समावेश नगर्न पनि अनुरोध गर्नुभएको छ।

यसै गरी अर्थमन्त्री पौडेल अध्ययन र कार्यान्वयनमा जाने योजना तथा कार्यक्रमलाई प्राथमिकीकरण गर्न पनि जोड दिनुभएको छ। कार्यक्रम तथा योजना पेस गर्दा रकमान्तर र शोधान्तर गर्नु नपर्ने गरी यथार्थपरक प्रस्ताव पेस गर्न पनि आग्रह गर्नुभएको छ।

उपलब्ध स्रोतसाधनलाई ख्याल गर्दै जनताका आङ्काक्षा र राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्ने गरी अनुशासित र यथार्थपरक बजेट आउने अर्थमन्त्रीको भनाइ छ। दुई दिनअघि अर्थ मन्त्रालयले विषयगत मन्त्रालयहरूसँग छलफल गरी बजेट विनियोजन साथै पुँजीगत खर्चमा पनि विशेष ध्यान दिन आग्रह गरेको थियो।

अर्थ मन्त्रालयले राष्ट्रिय योजना आयोगसहित सम्बन्धित मन्त्रालयसँग छुट्टाछुट्टै छलफल गर्दै आएको छ। तीन पक्षबिचको समन्वयमा कार्यक्रम र बजेट आउँदा कार्यान्वयनमा अपनत्व बढ्ने र उचित परिणाम आउने अर्थ मन्त्रालयले जनाएको छ।

अर्थ मन्त्रालयले यसअघि भौतिक, सहरी विकास, सञ्चार, शिक्षा, रक्षा, गृह, खेलकुद, भूमि सुधार, कृषि, खानेपानी, सङ्घीय मामिला, उद्योग, स्वास्थ्य, ऊर्जा, महिला तथा बालबालिका मन्त्रालयसँग छलफल गरेको थियो। आगामी बजेटबारे बाँकी मन्त्रालयसँग पनि छलफल गर्ने अर्थ मन्त्रालयको कार्यक्रम रहेको जनाइएको छ।

## नेपालको जलविद्युत्मा लगानी गर्न भारतीय ठुला कम्पनी तयार



**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, चैत १४ गते*

लगानी र प्रतिफल सुनिश्चित भएमा भारतीय व्यापारिक घरानाले नेपालको ऊर्जा क्षेत्रमा लगानी गर्न आफूहरू तयार रहेको बताएका छन्।

भारतस्थित नेपालको राजदूतावास र भारतीय हरित ऊर्जा महासङ्घको संयुक्त आयोजना तथा स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) को संस्थागत सहभागितामा नयाँ दिल्लीमा आयोजित नेपाल–भारत इनर्जी समिटमा सहभागी भारतका व्यावसायिक घरानाले नेपालमा भारतीय लगानीको नीतिगत सुरक्षा हुनुपर्नेमा जोड दिए।

उनीहरूले लगानी गरेपछि प्रतिफलको सुनिश्चित, सहज रूपमा लगानी फिर्ता लिन पाउनुपर्नेलगायत जलविद्युत् आयोजनाले सामना गर्नु परेका समस्या समाधानमा सरकारले सहजीकरण गर्नुपर्ने बताएका हुन्।

नेपालमा ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको भारतीय कम्पनी सतलज जलविद्युत् निगम (एसजेभिएन) का आयोजना निर्देशक सुशील शर्माले नेपालमा काम गर्न वन, जग्गा प्राप्ति, भन्सार र सडकको समस्या रहेकाले ती समस्या समाधानमा सरकारले सहजीकरण गरिरहेको उल्लेख गर्नुभयो।

एसजेभिएनले २१७ किलोमिटर लामो प्रसारण लाइन निर्माण गरिरहेको र सरकारको सहयोग रहेकाले ९०० मेगावाटको आयोजना तीन वर्षमै ८४ प्रतिशत सम्पन्न भएको उहाँको भनाइ छ।

अरुण–३ मा ३४ हजार करोड भारतीय रुपियाँ लगानी गरेर २५ वर्षपछि सरकारलाई हस्तान्तरण गरिने भएकाले यसले नेपालको अर्थतन्त्रमा ठुलो सहयोग पुग्ने उहाँको दाबी थियो । यो आयोजनाले भारतीय लगानीकर्तालाई नेपालमा आकर्षित गर्ने शर्माले बताउनुभयो।

अडानी ग्रुपका उपाध्यक्ष जयरमन पुनिधानले नेपालको जलविद्युत् क्षेत्रमा लगानी गर्न कम्पनीले राम्रा आयोजनाको खोजी गरिरहेको बताउनुभयो। विश्वभर २७ हजार ३०० मेगावाट विद्युत् उत्पादनका लागि अडानी ग्रुपले एमओयु गरेको जानकारी दिँदै उहाँले अडानीको प्राथमिकतामा छिमेकी मुलुक र क्षेत्रीय ऊर्जा बजार रहेको उल्लेख गर्नुभयो।

भारतको ऊर्जा मन्त्रालयका अतिरिक्त सचिव आकाश त्रिपाठीले नेपाल र भारतबिच एक हजार मेगावाट विद्युत् आदान प्रदानको संरचना तयार भइसकेको र आठ हजार मेगावाट विद्युत् आदानप्रदान गर्ने क्षमताका चार वटा प्रसारण लाइन निर्माणाधीन भएकाले नेपालमा उत्पादित विद्युत् भारत निर्यातका लागि समस्या नहुने बताउनुभयो।

उत्तर भारत हाइड्रोपावर कम्पनीका कार्यकारी निर्देशक नरेश गोयलले नेपाल सरकारले प्रशासनिक अवरोध हटाएर लगानीको वातावरण बनाइदिएमा भारतीय लगानीकर्ता नेपालमा लगानी गर्न तयार रहेको बताउनुभयो।

भारतका लागि नेपालका राजदूत डा. शङ्कर शर्माले नेपाल सरकारले अघि सारेको सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादनको लक्ष्य प्राप्तिका लागि दूतावासले सम्मेलन आयोजना गरेको बताउनुभयो।

उहाँले भारतीय लगानीकर्ताले नेपालमा आयोजनाको स्वामित्व किनेर वा संयुक्त लगानीमा पनि काम गर्न सक्ने जानकारी दिनुभयो।

## सूचीकृत हुन आग्रह

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले योगादनमा आधारित सामाजिक सुरक्षा कोषमा सूचीकृत नभएका रोजगारदाता प्रतिष्ठान र श्रमिकलाई कोषको योजनामा सूचीकृत हुन आग्रह गरेको छ। विभागले सूचनामार्फत कोषको योजनामा सूचीकृत छुटेका सबै रोजगारदाता र श्रमिकलाई सक्दो छिटो सूचीकृत हुन आग्रह गरेको हो।

कोषको योजनामा सूचीकृत भएर पनि योगदान नगरेकालाई समेत नियमित योगदान गर्न आग्रह गरेको छ। कोषमा मासिक रूपमा नियमित रकम जम्मा गर्नुपर्ने व्यवस्था भए पनि कतिपयले योगदान नगरेको पाइएको विभागले जनाएको छ। नेपालमा औपचारिक क्षेत्रका साना, मझौला र ठुला गरी करिब नौ लाख रोजगारदाता प्रतिष्ठान रहेको बताइन्छ तर हालसम्म कोषको योजनामा २० हजार ३०२ वटा रोजगारदाता प्रतिष्ठान मात्रै सूचीकृत भएका छन् भने ती प्रतिष्ठानमा कार्यरत पाँच हजार ७१ हजार ९३७ जना आबद्ध भएका छन्। कोषका अनुसार यो सङ्ख्या २०७५ मङ्सिर ११ देखि हालसम्मको हो।

कोषमा हाल २१ लाख १२ हजार ९५७ जना योगदानकर्ता श्रमिक सूचीकृत भएका छन्। जसमा सबैभन्दा धेरै वैदेशिक रोजगारीमा जाने १५ लाख ४० हजार २४९ र अनौपचारिकतर्फका ४५१ जना र स्वरोजगारतर्फका ३२० रहेका छन्।

विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले हाल रोजगारदाता प्रतिष्ठानको आधिकारिक तथ्याङ्क नभए पनि विगतमा नौ लाख रोजगारदाता प्रतिष्ठान भन्ने गरिएकाले छ वर्षको बिचमा २० हजार मात्रै कोषको योजनामा आबद्ध हुनु असाध्यै थोरै भएको बताउनुभयो।

श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा छ। सामाजिक सुरक्षा कोषमा श्रमिकले ११ प्रतिशत र रोजगारदाताले २० प्रतिशत गरी कुल ३१ प्रतिशत रकम जम्मा गर्नुपर्ने व्यवस्था छ।




**Request for Proposal (RFP)**

**Procurement of Consultancy Services for Conduction of Feasibility Study of Potential Projects in Industrial Infrastructure**

**(First Date of Publication: March 28, 2025)**

The Nepal Infrastructure Bank Limited (NIFRA), first and only 'National Level Infrastructure Development Bank' intends to engage experienced consultants (individual/firms/companies) to conduct the **'Feasibility Study of Potential Projects'** in Industrial Infrastructure.

For the same, NIFRA is seeking proposals from qualified Nepalese individuals/firms/companies ('The Consultants') having strong foothold in understanding of different sub-sectors of manufacturing industries *(like: Construction Material, Medical and Surgical Equipment, Pharmaceuticals, Agro-based, Textile, Garment, Herbal/Ayurvedic, etc. having good potential to promote exports and/or to substitute imports,* SEZ/Industrial Parks, Infrastructure of Industries to be setup/build in SEZ/Industrial Parks) to conduct the feasibility study of projects on **success-fee basis.**

The Consultants undertaken a minimum of 5 (five) assignments in feasibility study/detailed project report/transaction advisory/similar studies for infrastructure projects in different sub-sectors of industrial infrastructure in Nepal with at least two projects having project cost NPR 500 Million each or above and obtained minimum two jobs in last 3 (three) financial years are encouraged to submit their technical and financial proposal inline with scope of work, terms of eligibility and deliverables as detailed in RFP document uploaded at www.nifrabank.com/downloads.

**The proposal can be submitted no later than office hour (5:30 PM NST) of April 17, 2025 either in hard copy addressing the department or in soft copy through email as detailed in RFP.**

NIFRA
Nepal Infrastructure Bank Ltd.
समृद्ध नेपालको लागि
नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त पूर्वाधार विकास बैंक)

Krishna Tower, Baneshwor, 10
Kathmandu, Nepal
Tel: 977-01-4796402/4796598
Ext.: 141/143
www.nifrabank.com
Email: procurement@nifrabank.com

# नेप्से साढे छब्बिस सयभन्दा माथि

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

बुधबार दोहोरो अङ्कले उकालो लागेको सेयर बजार साताको अन्तिम पनि उच्च अङ्कले सुधारिएर बन्द भएको छ । अन्तिम दिनको सुधारले बजार साढे २६ सयको विन्दुमाथि लागेको छ भने कारोबार रकम पनि पाँच अर्बमाथि लागेको छ ।बिहीबार नेप्से ४१.४३ बढेर परिसूचक २६६३.३० को विन्दुमा पुगेर रोकिएको छ । सेन्सेटिभ इन्डेक्स पनि ५.६० अङ्कले उकालो लागेर ४४६.२९ को विन्दुमा पुगेको छ। समग्रमा साताको अन्तिम दिनको नेप्से १.५८ प्रतिशतले उकालो लागेको छ भने सेन्सेटिभ इन्डेक्स १.२७ प्रतिशतले चढेको छ।

बिहीबार ३०९ कम्पनीको ९७ लाख ७२ हजार १९६ कित्ता सेयर ५५ हजार ४४२ पटक खरिदबिक्री हुँदा पाँच अर्ब २२ करोड ३० लाख ८३ हजार ३४० रुपियाँ बराबरको सेयर कारोबार भएको छ ।साताको अन्तिम दिन ५१ करोड १८ लाख १७ हजार ७१४ रुपियाँ बराबरको सेयर कारोबार भएर हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडको सर्वाधिक सेयर कारोबार भएको छ।

बिहीबार कारोबारमा आएका १३ वटै उपसमूहको परिसूचक उकालो लागेको छ।

# ‘कार्बन बिक्रीबापतको रकम विपन्नको हितमा लगाउनु पर्छ’

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, चैत १४ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले कार्बन बिक्रीबापत प्राप्त भएको रकम गरिब र विपन्न वर्गका नागरिकको हितमा परिचालन गर्नुपर्ने बताउनुभएको छ।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले बिहीबार यहाँ आयोजना गरेको ऊर्जा आयोजनामा कार्बन वित्त, लगानीका अवसर विषयक गोष्ठीमा उहाँले कार्बन बिक्रीबापतको रकम गरिब, आर्थिक अवस्था कमजोर भएका, पिछडिएका वर्गका नागरिकको हितमा परिचालन गर्नुपर्नेमा जोड दिनुभयो। कार्बन उत्सर्जन न्यूनीकरणमा साझा प्रयासको खाँचो रहेकामा उहाँले जोड दिनुभयो।

उहाँले नेपाल जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको पक्ष राष्ट्र भएको जनाउँदै नेपालले सन् २०४५ सम्ममा खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिलसम्बन्धी दीर्णकालीन रणनीति लिएको सन्दर्भमा स्वच्छ ऊर्जा रूपान्तरणका माध्यमबाट उक्त लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षताले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

ऊर्जामन्त्री खड्काले सरकारले आफ्ना नीति, रणनीति, योजना तथा लक्ष्यमार्फत नवीकरणीय ऊर्जाको विस्तार तथा ऊर्जा दक्षताको अवलम्बनमार्फत हरितगृह उत्सर्जन न्यूनीकरणसम्बन्धी कार्यलाई विशेष प्राथमिकता




दिँदै आएको उल्लेख गर्नुभयो । सरकारले हालै स्वीकृत गरेको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१ मा नेपालले अघि सारेका स्वच्छ ऊर्जा र जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्यमा नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ ऊर्जा रूपान्तरणलाई उच्च प्राथमिकता दिइएको उहाँले बताउनुभयो। मार्गचित्रले लिएका लक्ष्य सन् २०४५ सम्म खुद शून्य कार्बन उत्सर्जनसम्बन्धी दीर्घकालीन लक्ष्य, दोस्रो राष्ट्रिय निर्धारित योगदान, १६ औँ योजनालगायत राष्ट्रिय लक्ष्य एवं अन्तर र्राष्ट्रिय प्रतिबद्धतासँग सम्बन्धित रहेका उहाँले जानकारी दिनुभयो।

मन्त्री खड्काले कार्बन वित्त परिचालनमा सम्पूर्ण सरोकार भएका संस्थाबिच प्रभावकारी र परिणाममुखी सहकार्य आवश्यक रहेकामा जोड दिनुभयो।

राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छाले कार्बन व्यापारमार्फत नेपालले धेरैभन्दा धेरै फाइदा लिने गरी काम गर्नुपर्ने बताउनुभयो। उहाँले सबैको स्वामित्व हुने गरी कार्बन बिक्रीका लागि संरचना बनाएर नेपालले अधिक फाइदा लिन लाग्नुपर्नेमा जोड दिनुभयो।

प्राडा विच्छाले कार्बन व्यापारमा निजी क्षेत्रलाई समेट्न सके नेपालले अधिकतम फाइदा लिन सक्ने धारणा राख्नुभयो। पेरिस सम्झौतालाई कार्यान्वयन गर्न वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले गरेको कामप्रति उहाँले प्रशंसा गर्नुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यले गोष्ठीले ऊर्जा आयोजनामा कार्बन वित्त लगानीको आवश्यकता, अवसर र चुनौतीको पहिचान गर्ने, लगानीयोग्य कार्बन वित्त आयोजनाको प्राथमिकीकरण, स्वच्छ ऊर्जा रूपान्तरणका लागि लगानीका सम्भावना र स्रोत परिचालनका अवसर सिर्जना गर्ने बताउनुभयो।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले नेपालले हालसम्म कार्बन बिक्रीबाट रु. चार अर्ब ८३ करोड आम्दानी गरिसकेको जानकारी दिनुभयो । उहाँले आगामी मे १६ देखि १८ सम्म जलवायु न्यायको पैरवीका लागि हुन लागेको सगरमाथा संवादलाई यो गोष्ठीले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

## Kathmandu Metropolitan City
### काठमाडौं महानगरपालिका
### Office of the Municipal Executive
Kathmandu Plaza, Kamaladi, Kathmandu

**Notice for Opening of Financial Proposal**

Date of Publication : 2081-12-15 (नेपाल संवत् ११४५ चिल्लागा चःहे)

This is to notify all the qualified bidder for the opening of financial proposal as per schedule mention below:

| IFB No. | Description of work | Financial Proposal Opening Date and Time | Qualified Bidders |
|---|---|---|---|
| 13-20-081-82-NCBG-KMC | Supply and Delivery of Traffic Cones at KMC to use in different roads and chowks within KMC | 2081-12-22 14:00 hour 2025-04-04 | 1. Sayon Enterprises 2. Nepal Sintex Industries Pvt.Ltd. 3. Raj and Riwaj Suppliers Pvt.Ltd. 4. RIPL-HOOL JV |

**Procurement Unit**

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८१ चैत १५ गते ।)

यस निर्देशनालयका लागि Optical Distribution Network Installation, Testing and Handover Works for FTTH सम्बन्धी सेवा खरिद गर्नका लागि गोरखापत्र राष्ट्रिय दैनिकमा मिति २०८१ फागुन २६ गते आह्वान भएका निम्नानुसारका दरभाउपत्रहरूको प्राप्त भएका प्रस्तावहरूमध्ये नेपाल टेलिकमको आर्थिक विनियमावली २०७१ बमोजिम सारभूत रूपमा प्रभावग्राही तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कित प्रस्तावको दरभाउपत्र स्वीकृतिका लागि छनोट भएकोले सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| सिलबन्दी दरभाउपत्र नं. | छनोट भएको दरभाउपत्र दाताको नाम र ठेगाना | जम्मा कबोल रकम (मू.अ.क. समेत) |
|---|---|---|
| NDCL/PD-BHW/SQ-05/081-82 for Optical Distribution Network Installation, Testing and Handover Works for FTTH in Rupandehi and Kapilbastu District | श्री Infotech Services Pvt.Ltd., Lalitpur | 45,30,371.05 |
| NDCL/PD-BHW/SQ-06/081-82 for Optical Distribution Network Installation, Testing and Handover Works for FTTH in Dang District | श्री Infotech Services Pvt.Ltd., Lalitpur | 46,05,405.30 |

**नेपाल दूरसञ्चार कम्पनी लिमिटेड**
**(नेपाल टेलिकम)**
**प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेश**
**फोन नं. ०७१५०००३०, ०७१५०००००**

# औद्योगिक प्रदर्शनी सुरु

**नारायणगढ समाचारदाता**
*नारायणगढ, चैत १४ गते*

चितवन उद्योग सङ्घको आयोजनामा भरतपुरमा अन्तर्राष्ट्रिय औद्योगिक प्रदर्शनी तथा जुत्ताचप्पल मेला सुरु भएको छ । भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले मेलाको उद्घाटन गर्नुभयो । त्यस अवसरमा प्रमुख दाहालले औद्योगिक प्रदर्शनीले अर्थतन्त्रलाई चलायमान बनाउन टेवा पुग्ने विश्वास गनुभयो । “आर्थिक मन्दीले समस्या परिरहेका बेला यस्ता आर्थिक गतिविधिले अर्थतन्त्र चलायमान गराउन सहयोग पुग्छ,” उहाँले भन्नुभयो।




दिगो आर्थिक विकासका लागि औद्योगिक प्रर्वधन भन्ने नारासाथ सुरु भएको सो प्रदर्शनी चैत १८ सम्म र जुत्ताचप्पल मेला भने वैशाख ८ सम्म चल्ने छ। प्रदर्शनीमा स्वदेशी तथा विदेशी हस्तकला, प्रविधि तथा जुत्ताचप्पल राखिएका छन्। प्रदर्शनी आयोजक समितिका संयोजक तथा उद्योग सङ्घ चितवनका कार्यवाहक अध्यक्ष मदन घिमिरेले अर्थतन्त्रलाई चलायमान गराउन प्रदर्शनी आयोजना गरिएको जानकारी दिनुभयो।

## बोलपत्र आव्हानको सूचना
श्री स्वदेश उपशाखा, सैनिक सामग्री प्राप्ती निर्देशनालय, संभारस्थी विभाग, जंगी अड्डा

**नेपाली सेनाको लागि आवश्यक विभिन्न सामग्रीहरु खरिदको बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८१/१२/१५ गते)

१. नेपाली सेनाको लागि आ.व. ०८१/८२ मा आवश्यक पर्ने निम्न अनुसारको सामानहरु **e–GP System** बाट खरिद गरिने हुंदा ईच्छुक योग्य बोलपत्रदाताहरुको लागि यसै सूचनाद्वारा यो बोलपत्र आव्हान गरिएको छ ।

| ठेक्का नं. | सामानको विवरण | परिमाण | बैक जमानत गर्नुपर्ने ने. रु. | बोलपत्र दस्तुर ने. रु. | प्रि-बिड मिटिङ्ग मिति र समय | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कै. |
|---|---|---|---|---|---|---|---|---|
| पहिलो पटक सूचना प्रकाशन | | | | | | | | |
| 559 | License Renewal for IT | विभिन्न | १,९८,०००।- | ३,०००।- | २०८१।१२।२४ गतेको १४०० बजे | २०८२।०१।१४ गतेको १२०० बजे | २०८२।०१।१४ गतेको १३०० बजे | |

२. बोलपत्रदाताहरुले **www.bolpatra.gov.np/egp** सिष्टम मार्फत विड गर्नु हुन र उक्त सिष्टममा अपलोड भएको बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको राजश्व/धरौटी खाताहरुमा रकम जम्मा गरी सो को भौचर पेश गर्नु हुन । साथै, सो सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको फोन नं.०१-५९७९१२६ मा सम्पर्क गर्नु हुन समेत जानकारी गराईन्छ ।

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)
प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं

**कम्पनीको विक्री कक्ष मर्मतको लागि विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रकाशित मिति : २०८१/१२/१५ गते)

यस कम्पनीको रामशाहपथ स्थित विक्री कक्ष मर्मत गर्नुपर्ने भएकोले PAN/VAT मा दर्ता भएका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाबाट मिति २०८१/१२/१५ गते यस कम्पनीको वेबसाइट र सूचना पाटिमा टाँस गरिएको सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहने गरी विद्युतीय माध्यमबाट शिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । साथै, सो सम्बन्धि विस्तृत विवरण यस कम्पनीको वेबसाइट www.fmtc.org.np, तथा PPMO को E–gp site www.bolpatra.gov.np/egp कम्पनीको सूचना पाटीमा टाँस गरिएको व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**प्रधान कार्यालय, खरिद विभाग (खरिद एकाई), भद्रकाली प्लाजा, काठमाडौं**
**फोन नं. ०१-५३६०८४४, Email: procurement@fmtc.org.np**

## नेपाल स्वास्थ्य अनुसन्धान परिषद्द्वारा
**प्रदान गरिने पुरस्कारहरू (Awards) का लागि दरखास्त आव्हान गरिएको सूचना ।**

(सूचना प्रकाशित मिति : २०८१।१२।१५)

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को स्थापना दिवसको अवसरमा हुन गइरहेको 11th **National Summit of Health and Population Scientists in Nepal 10-12 April 2025** सम्मेलनमा विगतका वर्षहरूमा जस्तै यो वर्ष पनि विभिन्न विधामा दिइंदै आएका पुरस्कारहरू (Awards) लाई निरन्तरता दिँदै यस वर्ष पनि Award का लागि नेपाली वैज्ञानिकहरूबाट यो सूचना प्रकाशित भएको मिति २०८१ -१२-१५ ले सात (७) दिनभित्र दरखास्त आव्हान गरिन्छ ।

**१. Health Research Award**

**योग्यता**
- अनुसन्धानकर्ता नेपाली नागरिक हुनुपर्नेछ ।
- नेपालमा अध्ययन भएको हुनुपर्नेछ ।
- PubMed मा Index भएका Biomedical Journal मा विगत ५ वर्ष (January 2020-December 2024) भित्र प्रकाशित कृतिहरू समावेश गरी पेश गर्नु पर्नेछ ।

**२. Young Health Researcher Award**

**योग्यता**
- ४० वर्ष मुनीको नेपाली नागरिक हुनुपर्नेछ ।
- नेपालमा अध्ययन भएको हुनुपर्नेछ ।
- PubMed मा Index भएको Biomedical Journal मा विगत ५ वर्ष (January 2020-December 2024) भित्र प्रकाशित कृतिहरू समावेश गरी पेश गर्नु पर्नेछ ।

**३. Mrigendra Samjhana Medical Trust Young Health Research Award (Medical Doctor Category)**

**योग्यता**
- ४० वर्ष मुनिको नेपाली नागरिक हुनुपर्नेछ ।
- चिकित्सक हुनुपर्नेछ ।
- नेपालमा अध्ययन भएको हुनुपर्नेछ ।
- PubMed मा Index भएको Biomedical Journal मा विगत ५ वर्ष (January 2020-December 2024) भित्र प्रकाशित कृतिहरू समावेश गरी पेश गर्नु पर्नेछ ।

**४. Mrigendra Samjhana Medical Trust Young Health Research Award (NHRC Staff Category)**

**योग्यता**
- NHRC मा कम्तीमा १ वर्षदेखि निरन्तर कार्यरत रहेको नेपाली नागरिक हुनुपर्नेछ ।
- नेपालमा अध्ययन भएको हुनुपर्नेछ ।
- PubMed मा Index भएको Biomedical Journal मा विगत ५ वर्ष (January 2020-December 2024) भित्र प्रकाशित कृतिहरू समावेश गरी पेश गर्नु पर्नेछ ।

**५. Health Journalist Award**

**योग्यता**
- पत्रकार नेपाली नागरिक हुनुपर्नेछ ।
- स्वास्थ्यसँग सम्बन्धित लेख रचना तथा वैज्ञानिक कृति प्रकाशन गरेको हुनुपर्नेछ ।
- विगत पाँच वर्षदेखि यस क्षेत्रमा निरन्तर कार्य गरेको हुनु पर्नेछ ।
- विगत पाँच वर्ष (January 2020-December 2024) भित्र प्रकाशित / प्रसारित पूर्ण सामग्रीहरू समावेश गरी पेश गर्नु पर्नेछ ।

**६. Gopal Prasad Acharya Research Award**

**योग्यता**
- अनुसन्धानकर्ता स्वास्थ्यसँग सम्बन्धित विषयमा हुनुपर्नेछ ।
- २५ वर्ष ननागेको हुनुपर्नेछ ।
- अनुसन्धानकर्ता नेपाली नागरिक हुनुपर्नेछ ।
- अध्ययन नेपालमा भएको हुनुपर्नेछ ।
- स्नातक तह अध्ययनरत वा स्नातक तह अध्यन पश्चात एक वर्ष ननागेको हुनुपर्नेछ ।
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग सम्बन्धितलाई समावेश गरिने छैन ।
- PubMed मा Index भएका Biomedical Journal मा विगत १ वर्ष (January 2024-December 2024) भित्र प्रकाशित कृतिहरू समावेश गरी पेश गर्नु पर्नेछ ।

**पेश गर्नुपर्ने कागजातहरू**

१. नेपाली नागरिकताको प्रतिलिपि ।
२. व्यक्तिगत विवरण (c.v) ।
३. प्रकाशित पूर्ण कृतिहरू– (Full Paper with PubMed ID/Link)
४. नेपालको कुनै कानूनले अयोग्य नठहरिएको हुनुपर्नेछ ।
- माथि उल्लिखित कागजातहरू निम्न लिखित Email मार्फत पठाउनु पर्नेछ ।

**Email : award@nhrc.gov.np**

**थप जानकारीका लागि फोन : ०१–५३५४२२०**

**सदस्य–सचिव**
**(कार्यकारी प्रमुख)**

## Guhyeshwori Balshiksha Secondary School
**Thapathali, KMC-11, Kathmandu**
**Publication Date : 2081-12-15 BS**

**Invitation for Bid (IFB)**

Guhyeshwori Balshiksha Secondary School, Thapathali, KMC-11, Kathmandu invites only electronic bids for the following works under Specified Bidding procedure.

| S. N. | Contract No. /(IFB No.) | Name of the Project | Estimate amount including VAT and PS | Price of bid document | Last date of bid submission | Bid validity period | Bid Security/ Bid Bond (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | 01-01-081-082-NCBW-GBSS | Maintenance and upgradation works of School's Toilets and Buildings of Guhyeshwori Balshiksha Secondary School | NRs. 81,41,690.99 | 3,000.00 | 2082-01-15 BS at 12:00 hours | 90 days | NRs. 2,05,000.00 |

Eligible bidders may obtain further information from Guhyeshwori Balshiksha Secondary School, Thapathali during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.
Tel no.: 01-5357688, Email: gmavischool@gmail.com

**Principal, Guhyeshwori Balshiksha Secondary School**

## NEPAL ELECTRICITY AUTHORITY
**Distribution and Consumer Services Directorate**
**Nepal Distribution System Upgrade and Expansion Project**

**Notice of Intent to Award the Contract**

**Date of Publication: March 28, 2025**

This is to notify all the concerned that it is our intension to award the contract to the following bidder selected as the lowest evaluated substantially responsive bid with respect to the following bid. This notice is being published for the provision of Clause 27(2) of Public Procurement Act, 2063 of Nepal.

| Contract Identification No. | Selected Bidder's Name and Address | Evaluated Bid Price (Including VAT) |
|---|---|---|
| NCB-NEA-DCSD-AIIB-2081/082-MP-01 (Supply Manpower/ Sewa Karar) | M/s Sagarmata Human Resource Service Pvt. Ltd | NRs. 3,593,232.035 |

**Phone No.: 01-4153145 Email: dsuepaiib@gmail.com**

## शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र
बाँसबारी, काठमाडौं

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८१।१२।१५ गते)

यस केन्द्रका लागि आवश्यक निम्नबमोजिम प्रस्ताव आह्वान भएअनुसार प्राप्त प्रस्तावहरूमध्ये तपसिलमा उल्लेखित प्रस्ताव न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकाले स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | प्रस्ताव नं. | प्रस्तावको विवरण | लट नं./आइटम नं. | छनौट भएको प्रस्तावदाताको नाम, ठेगाना | कुल कबोल रकम रु. | नेपाली रुपियाँमा (ने.रु.) |
|---|---|---|---|---|---|---|
| 1. | SGNHC/ ICB/ 081/82/38 | Supply and Delivery of Device Closure | Lot No. 4 (Item No. 6 & 7 ) | Samyak Trading Company Pvt.Ltd. Thapathali 11, Kathmandu | USD 27,720.00 | 3,848,090.40 |
| | | | Lot No. 4 (Item No. 1, 2 & 5), Lot No. 6, Lot No. 7 (Item No. 2,3,4) | Mandap Enterprises Pvt.Ltd. Tapathali 11, Kathmandu | USD 135,625.00 | 18,827,462.50 |
| | | | Lot No. 1 (Item No.1, 2, 3, 4, 5, 9 & 10), Lot No. 2 & 3 | Health Link Nepal Pvt.Ltd. Thapathali, Kathmandu | USD 488,895.00 | 67,868,403.90 |

## पोखरामा अन्तर्राष्ट्रियस्तरको भलिबल हुने

**माछापुच्छ्रे** (कास्की), (गोरखापत्र), चैत १४ गते। पोखरामा वैशाख तेस्रो साता अन्तर्राष्ट्रियस्तरको पुरुष भलिबल प्रतियोगिता हुने भएको छ। राष्ट्रिय खेल भलिबललाई प्रवर्धन गर्ने उद्देश्यले लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ एम नेपालले वैशाख १८ गतेदेखि २२ गतेसम्म लायन्स कप भलिबल प्रतियोगिता आयोजना गर्न लागेको हो।

विश्वमा लायन्स क्लब स्थापनाको १०७ वर्ष र नेपालमा ५४ वर्ष पुगेको अवसरमा आयोजना हुने प्रतियोगितामा दुई विदेशीसहित छ टिमको सहभागिता रहने लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ एमका गभर्नर चण्डीप्रसाद अर्यालले बिहीबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। लायन्स कप भलिबलमा पाकिस्तान भलिबल क्लब, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल एपिएफ क्लब, गण्डकी प्रदेश भलिबल सङ्घ, भारत र इरानमध्येबाट एक टिम प्रतियोगितामा सहभागी हुने आयोजक संस्थाका क्याबिनेट सचिव शिवराज आचार्यले जानकारी दिनुभयो।

प्रतियोगताको विजेतालाई चार लाख ४४ हजार ४४४ रुपियाँ र उपविजेतालाई दुई लाख ४४ हजार ४४४ रुपियाँ प्रदान गरिने छ। भलिबल खेलको प्रवर्धनका साथै युवा खेलाडीलाई अन्तर ष्ट्रियस्तरका भलिबल खेलाडीसँग प्रतिस्पर्धाको अवसर प्रदान गर्नु, पोखरालाई खेल पर्यटनको केन्द्रका रूपमा स्थापित गर्ने, खेलकुदमार्फत अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न पनि प्रतियोगिता आयोजना गरिएको अर्यालले बताउनुभयो।

## वीरगन्ज र श्री भगवतीको बराबरी

**काठमाडौँ** (गोरखापत्र), चैत १४ गते। वीरगन्ज युनाइटेड क्लब र श्री भगवती क्लब १-१ गोलले बराबरीमा रोकिएका छन्। सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा बिहीबार भएको सहिद स्मारक 'बी' डिभिजन लिगमा श्री भगवतीले ३१ औँ मिनेटमा गोल गरी अग्रता लिएको थियो। प्रत्युत्तरमा वीरगन्जले अतिरिक्त समयमा गोल गर्दै खेल बराबरीमा ल्याएको थियो।

श्री भगवतीका लागि विक्रान्तनरसिंह रानाले गोल गर्नुभएको थियो। दोस्रो हाफमा दुवै टिमले गोल गर्न सकेनन्। निर्धारित ९० मिनेटसम्म श्री भगवती १-० को अग्रता रहेको थियो तर अतिरिक्त समयको दोस्रो मिनेटमा वीरगन्जका कृपाकान्त महतो थारूले गोल गरेपछि वीरगन्ज हारबाट जोगियो। प्रतियोगितमा श्री भगवतीले तीन खेलबाट ७ अङ्क र वीरगन्जले तीन खेलबाट पाँच अङ्क जोडेको छ।

प्रधानमन्त्री कप क्रिकेट

# पुलिसलाई पराजित गर्दै आर्मी फाइनलमा



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले बिहीबार नेपाल पुलिस क्लबलाई चार विकेटले हराएर फाइनलमा स्थान बनाएको छ। आर्मी क्लबले शनिबार पुलिससँग नै उपाधि भिडन्त गर्ने छ। चालु प्रतियोगितामा पुलिसको यो पहिलो हार हो। प्रधानमन्त्री कपमा पुलिस क्लब १९ औँ खेलमा पराजित भएको हो। गत वर्ष नेपाल पुलिस क्लबले समूह चरणमा अपराजित रहने क्रममा नौ खेल जितेर फाइनलमा स्थान बनाएको थियो। पुलिसले फाइनलमा आर्मीलाई नै छ विकेटले हराएर च्याम्पियन बनेको थियो। सन् २०२२ मा भएको प्रधानमन्त्री कपको सेमिफाइनलमा आर्मीसँग दुई विकेटले पराजित भएपछि पुलिस अपराजित यात्रामा थियो।

रुपन्देहीको भैरहवास्थित एक्स्ट्रा टेक्ट ओभलमा भएको खेलमा आर्मीका कप्तान विनोद भण्डारीले टस जितेर पुलिसलाई ब्याटिङको निमन्त्रणा दिनुभएको थियो। स्पिनर सहाब आलमको बलिङमा तहसनहस भएको पुलिसले ४१.४ ओभरमा १४८ रन मात्र बनाउन सक्यो। आर्मीले सामान्य लक्ष्य ४१ ओभरमा छ विकेटको क्षतिमा १४९ रन बनाएर हासिल गर्‍यो। विवेककुमार यादवले ४५ बलमा पाँच चौका र एक छक्कासहित सर्वाधिक ४१ रनको अविजित पालि खेलेपछि आर्मी जितबाट वञ्चित हुनु परेन। विवेकले कप्तान विनोदसँग मिलेर सातौँ मिनेटका लागि अविजित ५७ रनको साझेदारी गरी पुलिसलाई लामो समयपछि हारको स्वाद चखाउनुभयो। विनोद १३ रनमा अविजित रहनुभयो।

यसै गरी तृतराज दासले २५, भीम सार्कीले २३ तथा सन्तोष कार्कीले २२ रनको उपयोगी पालि खेल्नुभयो। स्पिनर ललित राजवंशीले चार विकेट लिएर पुलिसलाई खेलमा फर्काउने भरमग्दुर प्रयास गर्नुभएको थियो। चालु प्रतियोगिताका सर्वाधिक विकेटकर्ता ललितले नौ खेलमा ४० विकेट लिनुभएको छ।

आर्मीका लागि चार विकेट लिएर म्यान अफ दी म्याच बन्ने अर्का स्पिनर आलम कुल २८ विकेटसहित सर्वाधिक विकेटकर्ताको सूचीमा दोस्रो स्थानमा हुनुहुन्छ। आलमले १० ओभरमा ३१ रन खर्ची अर्जुन साउद (१३ रन), आरिफ शेख (२२ रन), दीलिप नाथ (०) र करण केसी (०) लाई आउट गरी पुलिसको पालि कमजोर पार्नुभएको हो। पुलिसको सामान्य पालिमा कप्तान दीपेन्द्रसिंह ऐरीले विस्फोटक अर्धशतक बनाउनुभएको थियो। दीपेन्द्र ३७ बलमा तीन चौका र दुई छक्कासहित ५० रन बनाएपछि नरेन साउदको बलिङमा आउट हुनुभयो। नरेनले गुल्सन झा (१७ रन) र रसिद खान (३ रन) को पनि विकेट लिनुभएको थियो।

**मधेशको जित**

ईशान पाण्डेको शतक हुँदाहुँदै बागमती प्रदेश बिहीबार मधेश प्रदेशसँग चार विकेटले पराजित भएको छ।

सिद्धार्थनगरस्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा पहिले ब्याटिङ गरेको बागमतीले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २५९ रन बनाएको थियो। प्रारम्भिक ब्याट्सम्यान ईशानले १२७ बलमा १४ चौकासहित ११४ रन बनाउनुभयो। यसै गरी रिजन ढकाल र विवेक मगरले ३०/३० तथा विपिन आचार्यले १९ बलमा २७ रनको पालि खेल्नुभयो। मधेशका लागि हरिशङ्कर साह, पवन सर्राफ र कप्तान अनिल साहले दुई दुई तथा रूपेश सिंह र विशाल पटेलले एक एक विकेट लिनुभयो। कप्तान अनिलले मध्यक्रममा आएर ५३ बलमा सात चौका र दुई छक्कासहित ७० रन बनाएपछि मधेशको जित पक्का भयो। अलराउन्ड प्रदर्शनपछि उहाँ नै म्यान अफ दी म्याच बन्नुभयो। बागमतीका लागि सूर्य तामाङले दुई तथा रिजन, गौतम केसी, विपिन र ईशानले एक एक विकेट लिनुभयो।

बागमती पराजित भए पनि चौथो स्थानमा रहन सफल भयो। बागमती, कर्णाली, लुम्बिनी र मधेश प्रदेशले नौ खेलबाट समान आठ अङ्क बनाएका थिए। रनरेटका आधारमा बागमतीपछि कर्णाली, लुम्बिनी र मधेश रहे। एपिएफ तेस्रो स्थानमा रह्यो। यसै गरी सुदूरपश्चिम आठौँ, गण्डकी नवौँ र कोशी पुछारमा रहेर प्रतियोगिता सकाए।

## नेपाल र उज्बेकिस्तान एउटै समूहमा

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

एएफसी महिला एसियन कप-२०२६ छनोटमा नेपाल समूह 'एफ' मा परेको छ। मलेसियाको क्वालालम्पुरस्थित एसियाली फुटबल महासङ्घको कार्यालयमा बिहीबार भएको ड्र अनुसार नेपालको समूहमा आयोजक उज्बेकिस्तान, लाओस र श्रीलङ्का रहेका छन्। समूह 'एफ' का खेल उज्बेकिस्तानमा जुन २३ देखि जुलाई ५ सम्म हुने छ।

एसियाका ३४ टोलीलाई आठ समूहमा पाँच पटमा विभाजन गरी ड्र गरिएको हो। समूह 'ए' र 'बी' मा पाँच पाँच र बाँकी छ समूहमा चार चार टिम रहेका छन्। हरेक समूहको विजेता सन् २०२६ मा एसिया वुमन्स कपमा चयन हुने छन्। आगामी एसिया कपका लागि आयोजक अस्ट्रेलियासहित गत विजेता चीन, उपविजेता दक्षिण कोरिया र तेस्रो भएको जापान सिधै चयन भइसकेका छन्।

नेपाललाई एसिया कपमा छनोट हुन उज्बेकिस्तान तगारो बन्ने सम्भावना छ। नेपालले उज्बेकिस्तानसँग अहिलेसम्म खेलेका तिनै खेलमा हार बेहोरेको छ। श्रीलङ्कासँग भने नेपालले अहिलेसम्म खेलेका आठै खेल जितेको छ। नेपालले अहिलेसम्म लाओसको सामना गरेको छैन। फिफा वरीयतामा उज्बेकिस्तान ५०, नेपाल ९९, लाओस १०७ र श्रीलङ्का १५८ औँ स्थानमा रहेका छन्।

## यु-१९ क्रिकेटलाई शृङ्खला



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

नेपाली यु-१९ क्रिकेट टोलीले बिहीबार भारतको दिल्ली यु-१९ लाई दोस्रो एकदिवसीय अभ्यास खेलमा १०२ रनले हराएको छ। यस नतिजासँगै नेपालको युवा टिमले तीन खेलको शृङ्खला अन्तिम खेलअघि नै हात पार्‍यो। घरेलु टिमले पहिलो एकदिवसीय खेल पाँच विकेटले जितेको थियो। तेस्रो तथा अन्तिम खेल शनिबार हुने छ। पर्सास्थित पर्सामा रहेको टिबी साह क्रिकेट मैदानमा भएको खेलमा टस हारेर पहिले ब्याटिङका लागि निम्त्याइएको नेपालले निर्धारित ५० ओभरमा नौ विकेटको क्षतिमा १९२ रन बनाएको थियो। दिल्लीको युवा टिम जवाफमा ३०.४ ओभरमा ९० रनमा अलआउट भयो।

नेपालका लागि आठौँ क्रमका ब्याटर अभिषेक तिवारी र कप्तान नरेन भट्टले अर्धशतकीय पालि खेल्नुभयो। अभिषेकले ८२ बलमा पाँच चौका र तीन छक्कासहित सर्वाधिक ६० रन बनाएपछि नेपालले सङ्घर्ष गर्न मिल्ने स्कोर तयार पारेको थियो। नरेनले ५२ रन बनाउनुभयो। उहाँले १२५ बलको सामना गर्दै छ चौका प्रहार गर्नुभएको थियो। यी दुईबाहेक प्रारम्भिक ब्याटर सोहेल कुँवर (११ रन) र नवौँ क्रमका ब्याटर अशोक धामी (१९ रन) ले मात्र दोहोरो अङ्कमा रन बनाउन सक्नुभयो। दिल्लीका लागि शुभम दुबेले तीन तथा आदित्य भण्डारी, अमन चौधरी र कप्तान रौनक वागेलाले दुई दुई विकेट लिनुभयो।

यसै गरी दिल्लीको पालि धराशायी पार्ने काम अपराजित पौडेलले गर्नुभयो। उहाँले पाँच विकेट लिएपछि दिल्लीको पालि कमजोर बन्यो। अपराजितले पहिलो खेलमा पनि तीन विकेट लिनुभएको थियो। यसै गरी नीतेश पौडेलले दुई तथा विपिन शर्मा, नरेन र अशोकले एक एक ब्याट्सम्यानलाई आउट गर्नुभयो। दिल्लीका लाग शान्तनु यादवले सर्वाधिक ३० रन बनाउनुभयो।

कला / साहित्य

## कुबेरको 'मेरो जीवन तिमी'

**काठमाडौँ** (गोरखापत्र), चैत १४ गते। गायक कुबेर तामाङको गीत 'मेरो जीवन तिमी' सार्वजनिक गरिएको छ। गायक तामाङको निर्देशनमा म्युजिक भिडियो तयार पारिएको छ। गीतमा तामाङकै शब्द र स्वर रहेको छ। रक-पप शैलीको गीतमा कल्याण सिंहको सङ्गीत रहेको छ।

गीतमा पुष्कर सुनुवारले सङ्गीत संयोजन गर्नुभएको छ। गीतको म्युजिक भिडियोको छायाङ्कन र सम्पादन मोहन सुनुवारले गर्नुभएको छ। म्युजिक भिडियोमा सञ्जित भण्डारी र नतिजा लुइटेलले अभिनय गर्नुभएको छ। गायक तथा निर्देशक तामाङले भन्नुभयो, "म खुसी छु। गीत दर्शकको माया जित्न सफल भएको छ। दर्शकको प्रेरणा नै मेरो ऊर्जा हो।"

## स्रष्टा सम्मानित

**काठमाडौँ** (गोरखापत्र), चैत १४ गते। वासुशशी स्मृति परिषद्द्वारा आयोजित कार्यक्रममा तीन स्रष्टालाई पुरस्कार तथा सम्मान प्रदान गरिएको छ।

वरिष्ठ कवि एवं नाटककार वासुशशीको ८९ औँ स्मृति दिवसका अवसरमा आयोजित कार्यक्रममा स्रष्टात्रयलाई वरिष्ठ साहित्यकार एवं चलचित्र निर्देशक यादव खरेलले पुरस्कार प्रदान गर्नुभयो। वरिष्ठ नाटककार मनबहादुर मुखियालाई 'वासुशशी साहित्य सम्मान २०८१', साहित्यकार विमल वैद्यलाई 'वासुशशी साहित्य पुरस्कार २०८१' र साहित्यकार सन्ध्या पहाडीलाई 'कृष्ण-सरस्वती साहित्य पुरस्कार २०८१' प्रदान गरिएको हो। सम्मान तथा पुरस्कारमा सम्मानपत्रका साथै जनही २५ हजार रुपियाँ प्रदान गरिएको थियो। पुरस्कृत तथा सम्मानित व्यक्तित्वका साथै दिवङ्गत स्रष्टा वासुशशी र कृष्ण जोशीको बारेमा साहित्यकार तथा चलचित्र निर्देशक प्रकाश सायमिले बोल्नुभएको थियो।

## पुरस्कार घोषणा

**काठमाडौँ** (गोरखापत्र), चैत १४ गते। वनीता साहित्यिक पत्रिकाले साहित्य, सङ्गीत, रङ्गमञ्च र सञ्चारका क्षेत्रमा दिइने विभिन्न पुरस्कारको घोषणा गरेको छ। पत्रिकाद्वारा जारी विज्ञप्तिमा आगामी वैशाख ५ गते पुरस्कार प्रदान गर्ने जनाइएको छ।

पत्रिकाका अनुसार वनीता श्रीरत्न सम्बुद्ध गोपालप्रसाद रिमालबाट नाट्यकर्मी अशेष मल्ल, वनीता विशेष रञ्जुश्रीबाट नियात्राकार चन्द्रप्रसाद भट्टराई, वनीता श्री देवकुमारी थापा बालसाहित्य सम्मानबाट बालसाहित्यकारद्वय डा. देवी नेपाल र ललिता दोषीलाई पुरस्कृत गरिने छ। यसै गरी वनीता श्री डा. नरेन्द्र चापागाईं, समालोचना शिरोवर्ती सम्मानबाट समालोचक ज्ञानु अधिकारी र डा. शैलजा पोखरेल, वनीता देवकुमारी थापा कथा विशिष्ट सम्मानबाट कथाकार गोविन्द गिरी प्रेरणा र सीता पाण्डेलाई पुरस्कृत गरिने पत्रिकाले जनाएको छ। वनीता श्री व्यथित काव्य सम्मान कवि कृष्ण बजगाईं र पद्युम्न जोशी, वनीता रञ्जुश्री दामोदर नियात्रा पुरस्कार नियात्राकार श्रीओम श्रेष्ठ रोदन र जय छाङ्छा तथा वनीता श्री पुरुषोत्तमराज पाण्डेय विशेष सम्मान पत्रकार शरदराज सुवेदीलाई प्रदान गरिने भएको छ।

# भ्रूण-समाधि यात्रा बुझाउने नाटक



**फडिन्द्र अधिकारी**
*लेखनाथ, चैत १४ गते*

संसारका सबै सजीवको जीवन भ्रूणबाट सुरु हुन्छ, मृत्युमा पुगेर टुङ्गिन्छ। यी दुई परिघटनाबिचको अवधि नै जीवन हो। जीवनलाई बुझ्ने, बुझाउने अनेक शास्त्र, कला, विधा छन्। तीमध्ये रङ्गमञ्च लोकप्रिय र चर्चित माध्यम हो। पर्यटकीय राजधानी पोखरामा भएको नाटक महोत्सवमा मञ्चित छ नाटकले नै जीवनका विशेष पक्ष चित्रण गरेका थिए। तीमध्ये सबैभन्दा पृथक् र जीवन बोल्ने नाटक थियो, इम्ब्रिओनिक अर्थात् भ्रूण।

पोखराका युवा रङ्गकर्मी केदारनाथ पौडेलले तीन वर्षअघि यो नाटक तयार गर्नुभएको थियो। नाटकको कार्यक्रममा इटाली पुगेर फर्किँदै गर्दा जहाजमै नाटकको अवधारणा आएको पौडेल स्मरण गर्नुहुन्छ। नेदरल्यान्डको आकाशमाथि उडिरहँदा उहाँलाई जमिनका मान्छे भ्रूण जस्तै साना लागे। ती भ्रूणबाट विकसित हुँदै सजीवको जीवनयात्रा कल्पिँदै उहाँ नेपाल आइपुग्नुभयो। सन् २०२२ मा इटालीको पिसामा पहिलो पटक मञ्चन गरिएको यो नाटक अहिलेसम्म नेपालसहित जापान र भारतका विभिन्न ठाउँमा प्रदर्शन भइसकेका छन्।

नाटक महोत्सवमा नाटककार पौडेलसहित अनिल तिमिल्सिना, रामहरि अधिकारी, कपिल शर्माले भ्रूणलाई मञ्चन गर्नुभयो। आँखा बन्द गरिएका ससाना भ्रूणको सङ्घर्षदेखि जन्म, बाल्यकाल, किशोरावस्था, प्रौढावस्था र वृद्धावस्थासमेत नाटकमा देखाइएको छ। करिब ४० मिनेटको नाटकले मान्छेको पूरै जीवनयात्रा प्रतीकात्मक रूपमा देखाएको छ। संवाद र भौतिक द्वन्द्वबिनाको यो नाटक दर्शकलाई अनौठो लाग्छ।

गोप्य अङ्गबाहेक शरीर नाङ्गै भएका र सेतो रङ पोतिएका पात्रहरू वैज्ञानिकहरूले आममान्छेलाई बुझाउन देखाउने भ्रूणका प्रतीकात्मक चित्र जस्तै लाग्छन्। नाटककार आफैँले निर्देशन गरेको यो नाटकमा सङ्गीतको लयमा मान्छे बन्न र संसारमा आएपछि जीवन चलाउन गरिएको सङ्घर्ष चित्रित छ। रङ, प्रकाश र हाउभाउले मात्र जीवनको कथा रङ्गमञ्चमा चलिरहँदा दर्शक भने मौन हुन्छन्।

यहीबिचमा प्लास्टिकभित्र संसार नियाल्न आएको मानवको दर्दनाक आवाजले दर्शकको ध्यान भङ्ग गराइदिन्छ। नाटकको अन्तिमतिर सङ्गीतको धुन कारुणिक र अप्रिय बन्दै जान्छ। वृद्धावस्थामा कमजोर बन्ने सजीवको शरीर जस्तै मलिन सङ्गीत मानव अस्तित्व ढलेपछि बन्द हुन्छ। नाटक सकिएपछि दर्शकको मस्तिष्कमा भने जीवनयात्राबारे अनेक तर्कना चल्न थाल्छन्। 'पर्फर्मेन्स' कला जस्तो लाग्ने यो भ्रूणलाई नाटक मान्ने कि पर्फर्मेन्स आर्ट ? यसको जवाफ नाटककार पौडेल दर्शकबाट सुन्न चाहनुहुन्छ। उहाँकै नेतृत्वमा रहेको इन्द्रेणी थिएटरले नाटक तयार गरेको हो। नेपाली नाटकमा विद्यावारिधि गर्नुभएका प्राडा रामचन्द्र पोखरेल 'भ्रूण' नाटकले नेपाली नाटकमा नयाँ आयाम थप्दै नवीन पहिचान दिएको उल्लेख गर्नुहुन्छ।

# आज पाँहाचह्रे पर्व मनाइँदै

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

स्थानीय नेवार समुदायको दसैँपछिको ठुलो पर्व पाँहाचह्रे शुक्रबार (आज) मनाइँदै छ।

हरेक वर्ष घोडेजात्राको अघिल्लो दिनदेखि तीन दिनसम्म काठमाडौँ उपत्यकावासीले यो पर्व मनाउने गर्छन्। कसैले यसलाई पासाचह्रे पनि भन्ने गर्छन्। नेवार भाषामा पाहाँको अर्थ पाहुना र पासाको अर्थ साथी हो। चन्द्रमासको क्यालेन्डर अनुसार चौथो दिनलाई चह्रे भनिन्छ।

यो चाडमा खाइने वस्तुमध्ये लसुन मुख्य भएकाले यस चाडलाई 'लसुने चाड' पनि भन्ने गरिने संस्कृतिविद् पुरुषोत्तमलोचन श्रेष्ठले बताउनुभयो।

उहाँले यो चाडलाई काठमाडौँमा नेवार समुदायले दसैँ र तिहार झैँ मनाउँदै आएको बताउनुभयो। यस पर्वमा बिहान भद्रकाली, रक्तकाली, श्वेतकाली, कङ्केश्वरीलगायत



शक्तिपीठमा गएर देवीको पूजाआजा गरिन्छ। बेलुका भने भष्मासुरको डरले लुकेर बसेका महादेवको पूजा गरिन्छ। उहाँले भन्नुभयो, "लुकु महाद्यः भन्दै महादेवको एउटा आकृतिलाई जमिनमुनि लुकाएर पूजा गर्ने परम्परा छ। घर घरमा खाल्डोमा राखिएका महादेवलाई लसुन राखेर पूजा गरिन्छ।"

स्थानीय पुजारी राजन महर्जन भन्नुहुन्छ, "विभिन्न स्थानमा अन्य देवीदेवताको खट जात्रा गरी पाँहाचह्रे पर्व मनाउने चलन छ।" उहाँले कङ्केश्वरीदेवीलगायतका विभिन्न देवताका मूर्तिको खटजात्रा गर्ने परम्परा रहिआएको बताउनुभयो। पाँहाचह्रे पर्वको दोस्रो दिन अर्थात् घोडेजात्रामा दुई वर्षसम्मका बालबालिकालाई मरःजा खुवाउने गरिन्छ। ८४ व्यञ्जनसहितको उक्त परिकार खुवाउँदा बालबालिका निरोगी हुने र भूतप्रेतले नसताउने जनविश्वास छ।

पाँहाचह्रेको अन्तिम दिन दिउँसो असनमा देवीको खट जुधाउने जात्रा गरिन्छ।

## सङ्ग्रहालयलाई तोपगोला हस्तान्तरण

**तानसेन समाचारदाता**
*तानसेन, चैत १४ गते*

दुई वर्षअघि पाल्पाको सिल्खानटोलमा फेला परेको ऐतिहासिक तोपगोला पाल्पा दरबार सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको छ। नेपाली सेनाको अधीनमा रहेको जग्गा खन्ने क्रममा २०७९ पुस ३ गते फेला परेको दुई सयभन्दा बढी तोपगोलामध्ये केही तोपका गोला पाल्पा दरबार सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको हो।

दरबार सङ्ग्रहालयभित्र राखेर पर्यटकलाई जानकारी दिने उद्देश्यले तोपगोला हस्तान्तरण गरिएको नेपाली सेनाले जनाएको छ। दुई वर्षअघि तानसेन-४ स्थित सिल्खानटोलमा राणाकालीन समयमा प्रयोग भएका दुई सय बढी तोपगोला फेला परेको थियो। सो समयमा फेला परेको राणाकालीन समयमा प्रयोग भएका ऐतिहासिक तोपगोला नेपाली सेनाले सुरक्षित रूपमा राखेको थियो।

दरबार सङ्ग्रहालयमा सुरक्षित रूपमा रहने गरी नेपाली सेनाले तयार पारेका र विभिन्न समयमा फेला परेका ९० वटा तोपका गोलाहरू सङ्ग्रहालयलाई हस्तान्तरण गरिएको हो। मध्यपश्चिम पृतनापति उपरथी प्रेमबहादुर पुनले 'महिन्द्रकाली तोप' सङ्ग्रहालयका प्रमुख श्यामकुमार पौडेललाई हस्तान्तरण गर्नुभयो। नेपाली सेनाले विभिन्न समयमा प्रयोग गरेका तोपका गोला सङ्ग्रहालयमा प्रदर्शनका लागि हस्तान्तरण गरिएको उपरथी पुनले जानकारी दिनुभयो।

तोपका गोला राखेपछि सङ्ग्रहालयमा पर्यटकको आगमनमा वृद्धि हुने अपेक्षा गरिएको थियो। पाल्पा दरबार सङ्ग्रहालयमा नेपाली सेनाले तयार गरेको छुट्टै युद्ध कक्षसमेत स्थापना गरिएको छ।

### नेपाल राष्ट्र बैङ्क

केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभाग

**नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दर**

२०८१ साल चैत १५ गते (मार्च २८, २०२५) शुक्रबारको विनिमय दर

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपियाँ | १०० को | रु १६०।०० | रु १६०।१५ |

खुला बजार विनिमय दर (नेपाल राष्ट्र बैङ्कको प्रयोजनका लागि)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| अमेरिकी डलर | १ को रु. | १३६।९६ | १३७।५६ |
| युरो | १ को रु. | १४७।७० | १४८।३५ |
| पाउन्ड स्टर्लिङ | १ को रु. | १७७।१८ | १७७।९५ |
| स्विस फ्रैङ्क | १ को रु. | १५४।९८ | १५५।६६ |
| अस्ट्रेलियन डलर | १ को रु. | ८६।४६ | ८६।८३ |
| क्यानेडियन डलर | १ को रु. | ९५।८८ | ९६।३० |
| सिङ्गापुर डलर | १ को रु. | १०२।२६ | १०२।७१ |
| जापानी येन | १० को रु. | ९।०८ | ९।१२ |
| चिनियाँ युआन | १ को रु. | १८।८५ | १८।९४ |
| साउदी अरब रियाल | १ को रु. | ३६।५१ | ३६।६७ |
| कतारी रियाल | १ को रु. | ३७।५७ | ३७।७४ |
| थाई भाट | १ को रु. | ४।०५ | ४।०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को रु. | ३७।२९ | ३७।४५ |
| मलेसियन रिङ्गिट | १ को रु. | ३०।९१ | ३१।०४ |
| दक्षिण कोरियन वन | १०० को रु. | ९।३५ | ९।३९ |
| स्विडिस क्रोनर | १ को रु. | १३।६६ | १३।७२ |
| डेनिस क्रोनर | १ को रु. | १९।८० | १९।८९ |
| हङकङ डलर | १ को रु. | १७।६१ | १७।६९ |
| कुवेती दिनार | १ को रु. | ४४४।०६ | ४४६।०० |
| बहराइन दिनार | १ को रु. | ३६३।२७ | ३६४।८६ |
| ओमानी रियाल | १ को रु. | ३५५।७६ | ३५७।३२ |

**नोट**: यो विनिमय दरलाई बैङ्कले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।
* वाणिज्य बैङ्कहरूले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ।
* अद्यावधिक विनिमय दर बैङ्कको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

गोरखापत्र संस्थानका लागि कार्यकारी अध्यक्ष **विष्णुप्रसाद सुवेदी** तथा महाप्रबन्धक **लालबहादुर ऐरी**द्वारा गोरखापत्रको छापाखाना, धर्मपथ, काठमाडौँमा मुद्रित तथा प्रकाशित। पो.ब.नं. २३, काठमाडौँ, नेपाल। द.नं. ०२। गो.हु.का.द.नं. ०९/०८१/०८२। निमित्त प्रधान सम्पादक **शिवकुमार भट्टराई**
सम्पादकीय : फोन नं. ०१-५३२२९२१, रिपोर्टिङ : ०१-५३४४४२९, डेस्क : ०१-५३५६०८४, **E-mail : gcreportin@gmail.com,** विज्ञापन शाखा : फोन नं. ०१-५३२७४९३, ०१-५३२६५२९, **E-mail : mgorkhapatra@gmail.com,** ग्राहक सेवा शाखा : ०१-५३२०६३८, टोल फ्री नं. १६६०-०१-९४४४४

हाम्रो गौरव, राष्ट्रको पत्रिका

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।




विराटनगर संस्करण | विचार | खाँचो निर्मम समीक्षा अनि सङ्कल्प | सुधारतर्फ अर्थतन्त्र वृद्धिदर ५.१ प्रतिशत १८

वर्ष १२४ | अङ्क ३१९ | २०८१ साल चैत १५ गते शुक्रबार | चैत कृष्ण चतुर्दशी | नेपाल संवत् ११४५ चिल्लागा १४ | 2025 March 28 Friday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ

## नेपाली बिर्सन चाहन्छन् द्वन्द्वको घाउ : प्रधानमन्त्री



तस्बिर : रासस

**प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' 'नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रिया तथा द्वन्द्वपीडितहरूको सत्य, न्याय र परिपूरणीय अधिकारसम्बन्धी राष्ट्रिय सम्मेलन' को बिहीबार काठमाडौँमा उद्घाटन गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूले सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी कामलाई यथाशीघ्र सफल बनाउनुपर्नेमा जोड दिनुभएको छ । नेकपा (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन आफूहरू प्रयत्नशील रहेको बताउनुभयो ।

जबाफदेहिता निगरानी समिति र द्वन्द्वपीडित सङ्गठनहरूद्वारा बिहीबार राजधानीमा आयोजित सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उहाँहरूले त्यस्तो बताउनुभएको हो । प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन सरकार प्रयत्नशील रहेको बताउँदै सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका कामलाई सफल बनाउन सरकारका तर्फबाट आवश्यक सबै सहजीकरण हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्री ओलीले जनताको सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेकाले मुलुक पछाडि फर्कन नसक्ने बताउँदै गम्भीर मानव अधिकारको उल्लङ्घन गर्नेलाई कारबाही हुने स्पष्ट पार्नुभयो ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगका काम किन सफल भएनन् भन्ने समीक्षा गरी आगामी दिनका कामलाई सफल बनाउन सबै लाग्नुपर्नेमा जोड दिँदै उहाँले पीडितलाई न्याय र परिपूरण दिन सरकार सक्रिय रहने विश्वाससमेत दिलाउनुभयो ।

उहाँले सङ्क्रमणकालीन न्यायसम्बन्धी काम र सरकारको कुनै निकायको कर्मचारी हटाएको विषय तुलनायोग्य नभएकाले त्यस्ता अनावश्यक विषयलाई जोडेर प्रस्तुत नहुन सम्बन्धित सबैसँग आग्रहसमेत गर्नुभयो । सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग र साथ प्राप्त भइरहनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले यस प्रक्रियालाई मौलिक तरिकाले समाधान निकाल्न नेपालले प्रयास गरिरहेको बताउनुभयो ।

एमाले अध्यक्ष ओलीले भन्नुभयो, "सबै नेपाली जनता द्वन्द्वका घाउलाई बिर्सन चाहन्छन् । हिंसाको बाटो हामीले छोडिसकेका छौँ । अब उप्रान्त त्यस्ता काम नहोऊन्, पीडितलाई न्याय दिन सकौँ । अठार वर्षसम्म शान्ति प्रक्रियाले पूर्णता प्राप्त नगर्दा हामीलाई अन्तर्राष्ट्रियस्तरमा मुख देखाउन लाज लाग्ने स्थिति भएको छ, त्यस कारण अब हामी काम पूरा गर्न गम्भीर हुनु पर्छ ।"

जनयुद्धलाई अहिले पनि उत्सव मनाउने वा सार्वजनिक बिदा दिएर मनाउन खोज्ने कुरा गरिरहन आवश्यक नरहेको धारणा व्यक्त गर्दै उहाँले यस्ता कुराले पीडितलाई झन् पीडित बनाउन सक्ने जिकिर गर्नुभयो ।

» बाँकी पृष्ठ २ मा

### 'नचाहिएको विषयमा विपक्षीको अत्तो'

**गोरखापत्र समाचारदाता**
*ललितपुर, चैत १४ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले नचाहिएको विषयमा अत्तो थापेर विपक्षीबाट सदन अवरुद्ध गरिएको आरोप लगाउनुभएको छ । उहाँले गैरविषयलाई विषय बनाएर एक निकायको कर्मचारी हेरफेरको सवालमा सदन अवरुद्ध गर्न नहुने स्पष्ट पार्नुभयो ।

महिला उद्यमी महासङ्घको आठौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलाको बिहीबार उद्घाटन गर्दै उहाँले यही चैत १८ गतेभित्र अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयक पारित गर्ने स्थितिमा त्यसलाई प्रभावित पार्न सदन अवरुद्ध गरिएकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "बसौँसम्म त्यही निकायमा काम गरेको मान्छेलाई जिम्मेवारी दिइँदा प्रशंसा गर्नुपर्नेमा त्यो नगरी प्रशंसा नगर्नुपर्नेलाई झुटो प्रशंसा गरिएको छ । गाली नगर्नुपर्नेलाई झुटो गाली गरिएको छ ।"

"आन्दोलनका नाममा के के हुँदै छ भनेर आतङ्क सिर्जना गर्न खोजिएको छ । चैत १५ गते काठमाडौँका दुई स्थानमा हुने जुलुस र सभा हुन्छ, सकिन्छ, हुने त्यत्ति हो । तिललाई पहाड बनाउनुपर्ने केही छैन," उहाँले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले औपनिवेशिक र सामन्तवादी स्थितिले सिङ्गै नेपाली समाज पछाडि परेको र त्यसमा पनि महिलाहरूलाई झन् पछाडि पारिएको स्थितिमा सङ्घर्ष र बलिदानको परिणामबाट समाज परिवर्तन र विकासको यात्रामा अघि बढेको बताउनुभयो । उहाँले पञ्चायतकालमा निकै पछाडि परेको मुलुक अहिले चौतर्फी विकासको क्रममा अघि बढेको र खास गरी आफूले सरकारको नेतृत्व गरेका समयमा ठुला र रणनीतिक महत्त्वका आयोजना अघि बढेकाले निराश हुनुपर्ने अवस्था नरहेको स्पष्ट गर्नुभयो ।

कार्यक्रममा वरिष्ठ समाजसेवी अनुराधा कोइरालालगायतलाई प्रधानमन्त्रीबाट सम्मान गरिएको थियो । बिहीबारदेखि यही चैत १८ गतेसम्म चल्ने मेलामा महिला उद्यमीद्वारा उत्पादित नेपाली वस्तुहरूको प्रदर्शन गरिएको छ ।

### सङ्घीय निजामती विधेयक
## बिउँतिँदै अतिरिक्त सचिवको व्यवस्था

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*



दुई दशकपछि अतिरिक्त सचिवको व्यवस्था बिउँताउने गरी राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले प्रतिवेदन तयार पारेको हो ।

अतिरिक्त सचिवको दरबन्दी रहने गरी सङ्घीय निजामती सेवासम्बन्धी विधेयक प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको उपसमितिले तयार पारेको छ । फागुन १२ गतेदेखिको गोप्य छलफलपछि उपसमितिले विधेयकको प्रतिवेदन समितिमा पेस गरेको हो । कुलिङ परियड, ट्रेड युनियनको व्यवस्थालगायतका केही विषयमा थप छलफल गर्ने गरी उपसमितिले प्रतिवेदन समितिमा बुझाएको छ ।

मुलुक सङ्घीय संरचनामा गएको झन्डै दशकपछि सङ्घीय संरचना अनुकूल कर्मचारी कानुन संसदीय उपसमितिमा सहमति भएको हो । दुवै सदनबाट पारित भएपछि कानुन कार्यान्वयनमा आउने छ । प्रतिनिधि सभाको २०७४-०७९ को कार्यकालमा समितिले प्रतिवेदन पारित गरिसकेको अवस्थामा विधेयक फिर्ता भएको थियो ।

उपसमितिले अतिरिक्त सचिवमा सहमति गरे पनि दरबन्दी सङ्ख्या यकिन गरेको छैन । २०५९ पछि पुनः अतिरिक्त सचिवको व्यवस्था बिउँत्याइएको हो । पटक पटक परीक्षण भई खारेज गरिएको व्यवस्था पुनः लागु गर्न लागिएको हो । सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा तीन महिनामा सङ्ख्या यकिन गर्ने सैद्धान्तिक सहमति भने उपसमितिले गरेको छ ।

उपसमिति संयोजक दिलेन्द्रप्रसाद बडूले तीन महिनामा सङ्ख्यालगायतका अन्य व्यवस्थापकीय विषयमा गृहकार्य हुने गरी सैद्धान्तिक समझदारी बनेको बताउनुभयो । बडूले भन्नुभयो, "अतिरिक्त सचिव रहने सहमति भएको छ । हामीले केही कार्यालय र विभागमा अतिरिक्त सचिव राख्ने सहमति गरेका छौँ तर कति र कहाँ भन्ने विषय सर्वेक्षणबाटै टुङ्गो लाग्ने छ ।"

बडूका अनुसार तथ्याङ्क कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल ट्रस्ट, जल तथा ऊर्जा आयोगको सचिवालय जस्ता कार्यालय तथा निकायमा अतिरिक्त सचिव रहने छन् । यस्तै सङ्घीय सरकारका विभिन्न विभागमा पनि अतिरिक्त सचिव रहने छन् ।

अतिरिक्त सचिव प्रदेशमा पठाउने वा नपठाउने विषय भने उपसमितिले समितिमा थप छलफल गर्ने गरी प्रतिवेदन बुझाएको छ । उक्त विषयमा नेकपा (एकीकृत समाजवादी) का राजेन्द्र पाण्डे र सङ्घीय समाजवादी पार्टीका प्रकाश अधिकारीको फरक मत छ । प्रदेशमा मन्त्रालयको सङ्ख्या फेरबदल भइरहने भएकाले अतिरिक्त सचिव प्रदेश पठाउन उपयुक्त नहुने तर्क अन्य दलहरूको छ । सरकारले प्रस्ताव गरेको मूल विधेयकमा भने अतिरिक्त सचिवको व्यवस्था राखिएको थिएन ।

यस्तै प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित सेवाकै हुने छन् तर पदपूर्तिलगायतका व्यवस्था नहुँदासम्म दस वर्षका लागि सङ्घबाटै कर्मचारी खटिन सक्ने व्यवस्था उपसमितिले गरेको छ । प्रदेश लोक सेवा आयोगका अध्यक्षको दबाबपछि उपसमितिले उक्त व्यवस्थामा सहमति गरेको हो । सङ्घीय लोक सेवा आयोगले भने प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सङ्घकै हुनुपर्ने सुझाव दिएको थियो ।

#### कुलिङ पिरियडको निर्णय समितिबाटै

अवकाश प्राप्त कर्मचारी सरकार तथा गैरसरकारी सेवामा जानका लागि न्यूनतम समयसीमा तोक्नुपर्ने उपसमितिमा सहमति भएको छ तर फरक फरक राय प्राप्त भएको भन्दै उपसमितिले उक्त विषयलाई थप छलफलका लागि समितिमा पठाएको छ ।

उपसमितिले संवैधानिक आयोगलगायतका सरकारी नियुक्तिमा एक वर्षको समयसीमा तोक्न प्रस्ताव गरेको छ । विदेशी सङ्घसंस्थाको जागिरको हकमा दुई वर्षको समयसीमा प्रस्तावित छ । यस्तै उपसमितिले सङ्घीय निजामती सेवामा सहसचिवको खुला प्रतिस्पर्धा हटाएको छ ।

» बाँकी पृष्ठ २ मा

### 'लोकतन्त्रको विकल्प निरङ्कुशता हुन सक्दैन'




**गृहमन्त्री रमेश लेखक**

**भैरहवा समाचारदाता**
*भैरहवा, चैत १४ गते*

गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प निरङ्कुशता हुनै नसक्ने बताउनुभएको छ । उहाँले मुलुक निरङ्कुशतातर्फ जान सक्दैन भन्नेमा आफू प्रस्ट रहेको बताउनुभयो । नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ३ रूपन्देहीले बिहीबार भैरहवामा आयोजना गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा गृहमन्त्री लेखकले नेपाली समाज अब पछाडि फर्कन नसक्ने दाबी गर्नुभयो ।

उहाँले भन्नुभयो, "नेपाली जनता लोकतन्त्रमा विश्वास गर्छन्, लोकतन्त्रको मार्गमा अगाडि बढिसकेका छन्, त्यहाँबाट समाज फर्किंदैन । सरकार परिवर्तन हुने कुरा लोकतन्त्रमा हुन्छ तर लोकतान्त्रिक मूल्य र मान्यतामा अभ्यस्त भइसकेको समाज निरङ्कुशतातर्फ जाला भन्ने मलाई लाग्दैन ।"

गृहमन्त्री लेखकले नेपाली राजनीतिमा केही कमीकमजोरीहरू रहेको र जति काम हुनुपर्ने त्यो हुन नसक्दा आमनागरिकमा केही चिन्ता र पीडा रहेको स्वीकार गर्दै त्यो चिन्ता र पीडालाई आक्रोशमा बदलेर व्यवस्थाकै विरुद्धमा प्रयोग गर्ने प्रयत्न भइरहेको बताउनुभयो ।

» बाँकी पृष्ठ २ मा

## कुवाको पानी क्या छ दामी

**कविराज घिमिरे**
*हिले (धनकुटा), चैत १४ गते*



**धनकुटाको सहिदभूमिस्थित एक कुवामा पानी लिन भेला भएका स्थानीय ।**

बजार क्षेत्रका सम्पूर्ण घरमा खानेपानीको धारा पुगेको छ । धारामा पानी पनि आउँछ तर नगर क्षेत्रका अधिकांश बासिन्दा तथा घरभाडामा बस्नेहरू खानेपानीका लागि कुवामै भर पर्ने गरेका छन् ।

धनकुटाको धनकुटा नगरपालिका-६ स्थित आयुर्वेद अस्पतालमुनि एक कुवा छ । अधिकांश समय यो कुवामा पानी लिन आउनेको भिडभाड देख्न सकिन्छ । धनकुटा गौँडाको रूपमा स्थापना भएदेखि हालसम्म खानेपानीको एक स्रोत हो यो कुवा ।

विसं १९८६ मा स्थापित आयुर्वेद औषधालय परिसरमा रहेकाले यसको नाम डाक्टर कुवा रह्यो । यो कुवालाई अहिले पनि भीमनारायण चोक, सरस्वती चोक तथा सिरानका धेरै व्यक्तिले खानेपानीको स्रोतको रूपमा प्रयोग गर्दै आएको स्थानीय नरेश श्रेष्ठ बताउनु हुन्छ । पहिलेदेखि नै खाँदै आएकाले यो पानी स्वादिलो रहेकाले अन्य पानी खान प्रयोग नगरिने श्रेष्ठ बताउनु हुन्छ । धनकुटा नगरपालिकाले सङ्कलन गरेको तथ्याङ्क अनुसार करिब दुई सय परिवार यो कुवामा पिउने पानीका लागि आश्रित छन् । योबाहेक सो क्षेत्रमा कोठाभाडामा बस्नेहरूले पनि यही कुवा प्रयोग गर्ने गरेका छन् ।

धनकुटा नगरपालिकाकै वडा नम्बर ७ स्थित जिरोप्वाइन्टमा रहेको जिरोप्वाइन्ट कुवामा पनि अधिकांश समय पानी लिन आउने स्थानीयको भिडभाड हुन्छ । जिरोप्वाइन्ट, बसपार्क तथा बजारका अन्य क्षेत्रका गरी करिब दैनिक २५० भन्दा बढी परिवारले यो कुवा प्रयोग गर्दै आएका छन् । नजिकै अर्को कुवा पनि छ । सो कुवालाई कपडा धुन तथा अन्य काममा प्रयोग गरिँदै आएको भए पनि यो कुवालाई भने पानी मिठो भएका कारण खान मात्र प्रयोग गरिँदै आएको स्थानीय उर्गेन शाक्य बताउनु हुन्छ । "यहाँ तल्लो र माथिल्लो गरी दुई कुवा छन् । यो कुवाको पानी मिठो छ । बजारका धेरै व्यक्ति यही कुवामा आश्रित छन् । त्यसैले टोल, बस्ती, सङ्गठनले निर्णय नै गरेर यो कुवाको पानी खान मात्र प्रयोग गरिँदै आएको छ," शाक्य भन्नु हुन्छ ।

नगरपालिकाकै वडा नम्बर ४ देब्रेबासमा मात्रै गणेश धारा, जनकल्याण, वाग्ले कुवा गरी तीन वटा कुवा छन् । यी तीन वटै कुवामा पानी लिन आउने स्थानीयको भिडभाड हुन्छ । नगरपालिकाको वडा नम्बर ५ स्थित बिहीबारे हटियामा अर्को कुवा छ । बिहीबारे हटिया तथा कोप्चे आसपासका बासिन्दाको खानेपानीको मुख्य स्रोत यो कुवा हो । धनकुटा बजार क्षेत्रमा मात्रै तीन दर्जनभन्दा बढी कुवा छन् । यी कुवा अहिले पनि पानी खानकै लागि प्रयोग हुँदै आएका छन् ।

धनकुटामा घर घरमा धारा नपुग्दासम्म यी कुवा खानेपानीको मुख्य स्रोतका रूपमा प्रयोग हुँदै आएका थिए तर अहिले अवस्था फेरिएको छ । धनकुटा नगरपालिकाको बजार क्षेत्रका सम्पूर्ण घरमा खानेपानीको धारा पुगेको छ । धारामा पानी पनि आउँछ । पानी प्रशोधनका लागि विभिन्न प्रविधिसमेत प्रयोग हुने गरेको छ तर नगर क्षेत्रका अधिकांश बासिन्दा तथा घरभाडामा बस्नेहरू खानेपानीका लागि यी कुवामै भर पर्ने गरेका छन् ।

धनकुटा नगरपालिकाको तथ्याङ्क अनुसार करिब १० प्रतिशत घरधुरी मात्र खानेपानीका लागि कुवामै भर पर्नुपर्ने र ९० प्रतिशत घरमा धारा पुगेको जनाइएको छ तर ५० प्रतिशतभन्दा बढी धनकुटेलीहरूले पिउने पानीका लागि कुवाको पानी प्रयोग गर्दै आएका छन् । घरको धारामा आउने पानी अन्य कामका लागि प्रयोग हुन्छ । खानका लागि भने कुवाकै पानी प्रयोग गर्ने गरिएको धनकुटा नगरपालिका-४ का स्थानीय विनोद सुवेदी बताउनु हुन्छ । प्रविधि प्रयोग गरी सिर्जित गरिएको पानीभन्दा मूलबाट आएको पानी पिउन स्वास्थ्यवर्धक हुने भएकाले कुवाको पानी प्रयोग गर्दै आएको सुवेदीको भनाइ छ । धनकुटाले कुवालाई संस्कृतिकै रूपमा जोगाइरहेको स्थानीय बताउँछन् ।

#### कुवामा नगरपालिकाको चासो

यो नगर क्षेत्रमा पानीको स्रोत कुल ४१० रहेको नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख विकास अधिकारी बताउनु हुन्छ । पिउने पानीका लागि धनकुटेली कुवामै भर परिरहेको पाएपछि धनकुटा नगरपालिकाले समेत कुवा संरक्षण तथा गुणस्तर मापनमा चासो देखाउँदै आएको छ ।

» बाँकी पृष्ठ २ मा

### उपत्यकाको सुरक्षा व्यवस्था बलियो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

काठमाडौँमा शुक्रबार दुई वटा छुट्टाछुट्टै समूहले आयोजना गर्न लागेको विरोध प्रदर्शनलाई मध्यनजर गरी सुरक्षा व्यवस्था बलियो पारिएको छ ।

गणतन्त्र पक्षधर र विरोधी राजावादी समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन स्थानीय प्रशासनले दुई छुट्टाछुट्टै स्थान तोकी सही अनुसारको सुरक्षा व्यवस्थापन मिलाएको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले गणतन्त्र पक्षधरलाई प्रदर्शनीमार्ग-भृकुटीमण्डप र राजतन्त्र पक्षधर समूहलाई तीनकुनेमा विरोध सभा गर्न अनुमति दिएको छ । दुई प्रदर्शनको सुरक्षा मजबुत बनाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँ, ललितपुर र भक्तपुरले संयुक्त सुरक्षा संयन्त्र तयार पारी आवश्यक सुरक्षा सतर्कतासहितको तयारी गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जानकारी दिनुभयो ।

तिवारीले भन्नुभयो, "दुई फरक समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन आवश्यक सुरक्षाकर्मी परिचालन गरी कार्यक्रम स्थल, ऱ्यालीका लागि प्रयोग गरिने रुट फरक पारी सभास्थलको सुरक्षा व्यवस्था चुस्त पारिएको छ ।"

उहाँले सुरक्षा व्यवस्थालाई मध्यनजर गरी दुवै समूहबिच छुट्टाछुट्टै छलफल र समन्वय भइरहेको र दुवै पक्षको प्रदर्शन शान्तिपूर्ण हुने प्रतिबद्धता व्यक्त गरेको पनि जानकारी दिनुभयो । समाजवादी मोर्चामा आबद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेकपा विप्लव समूहले गणतन्त्रका पक्षमा प्रदर्शन गर्दै छन् । त्यस्तै राजतन्त्रसहितको हिन्दुराज्यको माग राखी राप्रपासहित विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' नामबाट प्रदर्शनको तयारी गरिएको छ ।

» बाँकी पृष्ठ २ मा

**वि.सं. १९५८ देखि**
निरन्तर प्रकाशित,
बहुभाषी राष्ट्रिय दैनिक

हाम्रो गौरव, राष्ट्रको पत्रिका

# गोरखापत्र

gorkhapatraonline.com

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः ।








कोहलपुर संस्करण | विचार | खाँचो निर्मम समीक्षा अनि सङ्कल्प | सुधारतर्फ अर्थतन्त्र वृद्धिदर ५.१ प्रतिशत १८



वर्ष १२४ | अङ्क ३१९ | २०८१ साल चैत १५ गते शुक्रबार | चैत कृष्ण चतुर्दशी | नेपाल संवत् ११४५ चिल्लागा १४ | 2025 March 28 Friday | पृष्ठ : १२+४+४ | मूल्य : दस रुपियाँ


# नेपाली बिर्सन चाहन्छन् द्वन्द्वको घाउ : प्रधानमन्त्री



तस्बिर : रासस

**प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' 'नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रिया तथा द्वन्द्वपीडितहरूको सत्य, न्याय र परिपूरणीय अधिकारसम्बन्धी राष्ट्रिय सम्मेलन' को बिहीबार काठमाडौँमा उद्घाटन गर्नुहुँदै ।**

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूले सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी कामलाई यथाशीघ्र सफल बनाउनुपर्नेमा जोड दिनुभएको छ । नेकपा (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन आफूहरू प्रयत्नशील रहेको बताउनुभयो।

जवाफदेहिता निगरानी समिति र द्वन्द्वपीडित सङ्गठनहरूद्वारा बिहीबार राजधानीमा आयोजित सङ्क्रमणकालीन न्यायसम्बन्धी राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उहाँहरूले त्यस्तो बताउनुभएको हो। प्रधानमन्त्री ओलीले सङ्क्रमणकालीन न्यायसम्बन्धी कामलाई सफल बनाउन सरकार प्रयत्नशील रहेको बताउँदै सङ्क्रमणकालीन न्यायसम्बन्धी दुई आयोगका कामलाई सफल बनाउन सरकारका तर्फबाट आवश्यक सबै सहजीकरण हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रधानमन्त्री ओलीले जनताको सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसकेकाले मुलुक पछाडि फर्कन नसक्ने बताउँदै गम्भीर मानव अधिकारको उल्लङ्घन गर्नेलाई कारबाही हुने स्पष्ट पार्नुभयो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगका काम किन सफल भएनन् भन्ने समीक्षा गरी आगामी दिनका कामलाई सफल बनाउन सबै लाग्नुपर्नेमा जोड दिँदै उहाँले पीडितलाई न्याय र परिपूरण दिन सरकार सक्रिय रहने विश्वाससमेत दिलाउनुभयो।

उहाँले सङ्क्रमणकालीन न्यायसम्बन्धी काम र सरकारको कुनै निकायको कर्मचारी हटाएको विषय तुलनायोग्य नभएकाले त्यस्ता अनावश्यक विषयलाई जोडेर प्रस्तुत नहुन सम्बन्धित सबैसँग आग्रहसमेत गर्नुभयो। सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुर्‍याउन अन्तर्राष्ट्रिय समुदायको सहयोग र साथ प्राप्त भइरहनुपर्नेमा जोड दिँदै प्रधानमन्त्री ओलीले यस प्रक्रियालाई मौलिक तरिकाले समाधान निकाल्न नेपालले प्रयास गरिरहेको बताउनुभयो।

एमाले अध्यक्ष ओलीले भन्नुभयो, "सबै नेपाली जनता द्वन्द्वका घाउलाई बिर्सन चाहन्छन् । हिंसाको बाटो हामीले छोडिसकेका छौँ। अब उप्रान्त त्यस्ता काम नहोऊन्, पीडितलाई न्याय दिन सकौँ। अठार वर्षसम्म शान्ति प्रक्रियाले पूर्णता प्राप्त नगर्दा हामीलाई अन्तर्राष्ट्रियस्तरमा मुख देखाउन लाज लाग्ने स्थिति भएको छ, त्यस कारण अब हामी काम पूरा गर्न गम्भीर हुनु पर्छ।"

जनयुद्धलाई अहिले पनि उत्सव मनाउने वा सार्वजनिक बिदा दिएर मनाउन खोज्ने कुरा गरिरहन आवश्यक नरहेको धारणा व्यक्त गर्दै उहाँले यस्ता कुराले पीडितलाई झन् पीडित बनाउन सक्ने जिकिर गर्नुभयो।

» बाँकी पृष्ठ २ मा

## 'नचाहिएको विषयमा विपक्षीको अत्तो'

**गोरखापत्र समाचारदाता**
*ललितपुर, चैत १४ गते*

प्रधानमन्त्री केपी शर्मा ओलीले नचाहिएको विषयमा अत्तो थापेर विपक्षीबाट सदन अवरुद्ध गरिएको आरोप लगाउनुभएको छ । उहाँले गैरविषयलाई विषय बनाएर एक निकायको कर्मचारी हेरफेरको सवालमा सदन अवरुद्ध गर्न नहुने स्पष्ट पार्नुभयो।

महिला उद्यमी महासङ्घको आठौँ अन्तर्राष्ट्रिय महिला उद्यमी व्यापार मेलाको बिहीबार उद्घाटन गर्दै उहाँले यही चैत १८ गतेभित्र अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयक पारित गर्ने स्थितिमा त्यसलाई प्रभावित पार्न सदन अवरुद्ध गरिएकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "बसौँसम्म त्यही निकायमा काम गरेको मान्छेलाई जिम्मेवारी दिइँदा प्रशंसा गर्नुपर्नेमा त्यो नगरी प्रशंसा नगर्नुपर्नेलाई झुटो प्रशंसा गरिएको छ । गाली नगर्नुपर्नेलाई झुटो गाली गरिएको छ।"

"आन्दोलनका नाममा के के हुँदै छ भनेर आतङ्क सिर्जना गर्न खोजिएको छ। चैत १५ गते काठमाडौँका दुई स्थानमा हुने जुलुस र सभा हुन्छ, सकिन्छ, हुने त्यत्ति हो । तिललाई पहाड बनाउनुपर्ने केही छैन," उहाँले भन्नुभयो।

प्रधानमन्त्री ओलीले औपनिवेशिक र सामन्तवादी स्थितिले सिङ्गै नेपाली समाज पछाडि परेको र त्यसमा पनि महिलाहरूलाई झन् पछाडि पारिएको स्थितिमा सङ्घर्ष र बलिदानको परिणामबाट समाज परिवर्तन र विकासको यात्रामा अघि बढेको बताउनुभयो । उहाँले पञ्चायतकालमा निकै पछाडि परेको मुलुक अहिले चौतर्फी विकासको क्रममा अघि बढेको र खास गरी आफूले सरकारको नेतृत्व गरेका समयमा ठुला र रणनीतिक महत्त्वका आयोजना अघि बढेकाले निराश हुनुपर्ने अवस्था नरहेको स्पष्ट गर्नुभयो।

कार्यक्रममा वरिष्ठ समाजसेवी अनुराधा कोइरालालगायतलाई प्रधानमन्त्रीबाट सम्मान गरिएको थियो । बिहीबारदेखि यही चैत १८ गतेसम्म चल्ने मेलामा महिला उद्यमीद्वारा उत्पादित नेपाली वस्तुहरूको प्रदर्शन गरिएको छ।

### सङ्घीय निजामती विधेयक

# बिउँतिँदै अतिरिक्त सचिवको व्यवस्था

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*



दुई दशकपछि अतिरिक्त सचिवको व्यवस्था बिउँताउने गरी राज्य व्यवस्था तथा सुशासन समिति अन्तर्गतको उपसमितिले प्रतिवेदन तयार पारेको हो ।

अतिरिक्त सचिवको दरबन्दी रहने गरी सङ्घीय निजामती सेवासम्बन्धी विधेयक प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको उपसमितिले तयार पारेको छ। फागुन १२ गतेदेखिको गोप्य छलफलपछि उपसमितिले विधेयकको प्रतिवेदन समितिमा पेस गरेको हो। कुलिङ परियड, ट्रेड युनियनको व्यवस्थालगायतका केही विषयमा थप छलफल गर्ने गरी उपसमितिले प्रतिवेदन समितिमा बुझाएको छ।

मुलुक सङ्घीय संरचनामा गएको झन्डै दशकपछि सङ्घीय संरचना अनुकूल कर्मचारी कानुन संसदीय उपसमितिमा सहमति भएको हो । दुवै सदनबाट पारित भएपछि कानुन कार्यान्वयनमा आउने छ । प्रतिनिधि सभाको २०७४-०७९ को कार्यकालमा समितिले प्रतिवेदन पारित गरिसकेको अवस्थामा विधेयक फिर्ता भएको थियो।

उपसमितिले अतिरिक्त सचिवमा सहमति गरे पनि दरबन्दी सङ्ख्या यकिन गरेको छैन। २०५९ पछि पुनः अतिरिक्त सचिवको व्यवस्था बिउँत्याइएको हो । पटक पटक परीक्षण भई खारेज गरिएको व्यवस्था पुनः लागु गर्न लागिएको हो। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा तीन महिनामा सङ्ख्या यकिन गर्ने सैद्धान्तिक सहमति भने उपसमितिले गरेको छ।

उपसमिति संयोजक दिलेन्द्रप्रसाद बडूले तीन महिनामा सङ्ख्यालगायतका अन्य व्यवस्थापकीय विषयमा गृहकार्य हुने गरी सैद्धान्तिक समझदारी बनेको बताउनुभयो। बडूले भन्नुभयो, "अतिरिक्त सचिव रहने सहमति भएको छ । हामीले केही कार्यालय र विभागमा अतिरिक्त सचिव राख्ने सहमति गरेका छौँ तर कति र कहाँ भन्ने विषय सर्वेक्षणबाटै टुङ्गो लाग्ने छ।"

बडूका अनुसार तथ्याङ्क कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, नेपाल ट्रस्ट, जल तथा ऊर्जा आयोगको सचिवालय जस्ता कार्यालय तथा निकायमा अतिरिक्त सचिव रहने छन् । यस्तै सङ्घीय सरकारका विभिन्न विभागमा पनि अतिरिक्त सचिव रहने छन्।

अतिरिक्त सचिव प्रदेशमा पठाउने वा नपठाउने विषय भने उपसमितिले समितिमा थप छलफल गर्ने गरी प्रतिवेदन बुझाएको छ। उक्त विषयमा नेकपा (एकीकृत समाजवादी) का राजेन्द्र पाण्डे र सङ्घीय समाजवादी पार्टीका प्रकाश अधिकारीको फरक मत छ। प्रदेशमा मन्त्रालयको सङ्ख्या फेरबदल भइरहने भएकाले अतिरिक्त सचिव प्रदेश पठाउन उपयुक्त नहुने तर्क अन्य दलहरूको छ। सरकारले प्रस्ताव गरेको मूल विधेयकमा भने अतिरिक्त सचिवको व्यवस्था राखिएको थिएन।

यस्तै प्रदेश सचिव र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित सेवाकै हुने छन् तर पदपूर्तिलगायतका व्यवस्था नहुँदासम्म दस वर्षका लागि सङ्घबाटै कर्मचारी खटिन सक्ने व्यवस्था उपसमितिले गरेको छ। प्रदेश लोक सेवा आयोगका अध्यक्षको दबाबपछि उपसमितिले उक्त व्यवस्थामा सहमति गरेको हो। सङ्घीय लोक सेवा आयोगले भने प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सङ्घकै हुनुपर्ने सुझाव दिएको थियो।

### कुलिङ पिरियडको निर्णय समितिबाटै

अवकाश प्राप्त कर्मचारी सरकार तथा गैरसरकारी सेवामा जानका लागि न्यूनतम समयसीमा तोक्नुपर्ने उपसमितिमा सहमति भएको छ तर फरक फरक राय प्राप्त भएको भन्दै उपसमितिले उक्त विषयलाई थप छलफलका लागि समितिमा पठाएको छ।

उपसमितिले संवैधानिक आयोगलगायतका सरकारी नियुक्तिमा एक वर्षको समयसीमा तोक्न प्रस्ताव गरेको छ । विदेशी सङ्घसंस्थाको जागिरको हकमा दुई वर्षको समयसीमा प्रस्तावित छ । यस्तै उपसमितिले सङ्घीय निजामती सेवामा सहसचिवको खुला प्रतिस्पर्धा हटाएको छ।

» बाँकी पृष्ठ २ मा

## 'लोकतन्त्रको विकल्प निरङ्कुशता हुन सक्दैन'



**गृहमन्त्री रमेश लेखक**

**भैरहवा समाचारदाता**
*भैरहवा, चैत १४ गते*

गृहमन्त्री रमेश लेखकले लोकतन्त्रको विकल्प निरङ्कुशता हुनै नसक्ने बताउनुभएको छ। उहाँले मुलुक निरङ्कुशतातर्फ जान सक्दैन भन्नेमा आफू प्रस्ट रहेको बताउनुभयो । नेपाली कांग्रेस क्षेत्रीय कार्यसमिति क्षेत्र नम्बर ३ रूपन्देहीले बिहीबार भैरहवामा आयोजना गरेको भेटघाट तथा अन्तर्क्रिया कार्यक्रममा गृहमन्त्री लेखकले नेपाली समाज अब पछाडि फर्कन नसक्ने दाबी गर्नुभयो।

उहाँले भन्नुभयो, "नेपाली जनता लोकतन्त्रमा विश्वास गर्छन्, लोकतन्त्रको मार्गमा अगाडि बढिसकेका छन्, त्यहाँबाट समाज फर्किँदैन । सरकार परिवर्तन हुने कुरा लोकतन्त्रमा हुन्छ तर लोकतान्त्रिक मूल्य र मान्यतामा अभ्यस्त भइसकेको समाज निरङ्कुशतातर्फ जाला भन्ने मलाई लाग्दैन।"

गृहमन्त्री लेखकले नेपाली राजनीतिमा केही कमीकमजोरीहरू रहेको र जति काम हुनुपर्ने त्यो हुन नसक्दा आमनागरिकमा केही चिन्ता र पीडा रहेको स्वीकार गर्दै त्यो चिन्ता र पीडालाई आक्रोशमा बदलेर व्यवस्थाकै विरुद्धमा प्रयोग गर्ने प्रयत्न भइरहेको बताउनुभयो।

» बाँकी पृष्ठ २ मा

# कुवाको पानी क्या छ दामी

**कविराज घिमिरे**
*हिले (धनकुटा), चैत १४ गते*



**धनकुटाको सहिदभूमिस्थित एक कुवामा पानी लिन भेला भएका स्थानीय ।**

बजार क्षेत्रका सम्पूर्ण घरमा खानेपानीको धारा पुगेको छ । धारामा पानी पनि आउँछ तर नगर क्षेत्रका अधिकांश बासिन्दा तथा घरभाडामा बस्नेहरू खानेपानीका लागि कुवामै भर पर्ने गरेका छन् ।

धनकुटाको धनकुटा नगरपालिका-६ स्थित आयुर्वेद अस्पतालमुनि एक कुवा छ। अधिकांश समय यो कुवामा पानी लिन आउनेको भिडभाड देख्न सकिन्छ। धनकुटा गौँडाको रूपमा स्थापना भएदेखि हालसम्म खानेपानीको एक स्रोत हो यो कुवा।

विसं १९८६ मा स्थापित आयुर्वेद औषधालय परिसरमा रहेकाले यसको नाम डाक्टर कुवा रह्यो। यो कुवालाई अहिले पनि भीमनारायण चोक, सरस्वती चोक तथा सिरानका धेरै व्यक्तिले खानेपानीको स्रोतको रूपमा प्रयोग गर्दै आएको स्थानीय नरेश श्रेष्ठ बताउनु हुन्छ। पहिलेदेखि नै खाँदै आएकाले यो पानी स्वादिलो रहेकाले अन्य पानी खान प्रयोग नगरिने श्रेष्ठ बताउनु हुन्छ । धनकुटा नगरपालिकाले सङ्कलन गरेको तथ्याङ्क अनुसार करिब दुई सय परिवार यो कुवामा पिउने पानीका लागि आश्रित छन्। योबाहेक सो क्षेत्रमा कोठाभाडामा बस्नेहरूले पनि यही कुवा प्रयोग गर्ने गरेका छन्।

धनकुटा नगरपालिकाकै वडा नम्बर ७ स्थित जिरोप्वाइन्टमा रहेको जिरोप्वाइन्ट कुवामा पनि अधिकांश समय पानी लिन आउने स्थानीयको भिडभाड हुन्छ । जिरोप्वाइन्ट, बसपार्क तथा बजारका अन्य क्षेत्रका गरी करिब दैनिक २५० भन्दा बढी परिवारले यो कुवा प्रयोग गर्दै आएका छन्। नजिकै अर्को कुवा पनि छ। सो कुवालाई कपडा धुन तथा अन्य काममा प्रयोग गरिँदै आएको भए पनि यो कुवालाई भने पानी मिठो भएका कारण खान मात्र प्रयोग गरिँदै आएको स्थानीय उर्गेन शाक्य बताउनु हुन्छ। "यहाँ तल्लो र माथिल्लो गरी दुई कुवा छन्। यो कुवाको पानी मिठो छ। बजारका धेरै व्यक्ति यही कुवामा आश्रित छन्। त्यसैले टोल, बस्ती, सङ्गठनले निर्णय नै गरेर यो कुवाको पानी खान मात्र प्रयोग गरिँदै आएको छ," शाक्य भन्नु हुन्छ।

नगरपालिकाकै वडा नम्बर ४ देब्रेबासमा मात्रै गणेश धारा, जनकल्याण, वाग्ले कुवा गरी तीन वटा कुवा छन्। यी तीन वटै कुवामा पानी लिन आउने स्थानीयको भिडभाड हुन्छ। नगरपालिकाको वडा नम्बर ५ स्थित बिहीबारे हटियामा अर्को कुवा छ । बिहीबारे हटिया तथा कोप्चे आसपासका बासिन्दाको खानेपानीको मुख्य स्रोत यो कुवा हो। धनकुटा बजार क्षेत्रमा मात्रै तीन दर्जनभन्दा बढी कुवा छन्। यी कुवा अहिले पनि पानी खानकै लागि प्रयोग हुँदै आएका छन् ।

धनकुटामा घर घरमा धारा नपुग्दासम्म यी कुवा खानेपानीको मुख्य स्रोतका रूपमा प्रयोग हुँदै आएका थिए तर अहिले अवस्था फेरिएको छ। धनकुटा नगरपालिकाको बजार क्षेत्रका सम्पूर्ण घरमा खानेपानीको धारा पुगेको छ। धारामा पानी पनि आउँछ। पानी प्रशोधनका लागि विभिन्न प्रविधिसमेत प्रयोग हुने गरेको छ तर नगर क्षेत्रका अधिकांश बासिन्दा तथा घरभाडामा बस्नेहरू खानेपानीका लागि यी कुवामै भर पर्ने गरेका छन्।

धनकुटा नगरपालिकाको तथ्याङ्क अनुसार करिब १० प्रतिशत घरधुरी मात्र खानेपानीका लागि कुवामै भर पर्नुपर्ने र ९० प्रतिशत घरमा धारा पुगेको जनाइएको छ तर ५० प्रतिशतभन्दा बढी धनकुटेलीहरूले पिउने पानीका लागि कुवाको पानी प्रयोग गर्दै आएका छन् । घरको धारामा आउने पानी अन्य कामका लागि प्रयोग हुन्छ । खानका लागि भने कुवाकै पानी प्रयोग गर्ने गरिएको धनकुटा नगरपालिका-४ का स्थानीय विनोद सुवेदी बताउनु हुन्छ। प्रविधि प्रयोग गरी सिर्जित गरिएको पानीभन्दा मूलबाट आएको पानी पिउन स्वास्थ्यवर्धक हुने भएकाले कुवाको पानी प्रयोग गर्दै आएको सुवेदीको भनाइ छ। धनकुटाले कुवालाई संस्कृतिकै रूपमा जोगाइरहेको स्थानीय बताउँछन्।

### कुवामा नगरपालिकाको चासो

यो नगर क्षेत्रमा पानीको स्रोत कुल ४१० रहेको नगरपालिकाका आर्थिक विकास शाखा प्रमुख विकास अधिकारी बताउनु हुन्छ। पिउने पानीका लागि धनकुटेली कुवामै भर परिरहेको पाएपछि धनकुटा नगरपालिकाले समेत कुवा संरक्षण तथा गुणस्तर मापनमा चासो देखाउँदै आएको छ।

» बाँकी पृष्ठ २ मा

## उपत्यकाको सुरक्षा व्यवस्था बलियो

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १४ गते*

काठमाडौँमा शुक्रबार दुई वटा छुट्टाछुट्टै समूहले आयोजना गर्न लागेको विरोध प्रदर्शनलाई मध्यनजर गरी सुरक्षा व्यवस्था बलियो पारिएको छ।

गणतन्त्र पक्षधर र विरोधी राजावादी समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन स्थानीय प्रशासनले दुई छुट्टाछुट्टै स्थान तोकी सही अनुसारको सुरक्षा व्यवस्थापन मिलाएको जनाएको छ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले गणतन्त्र पक्षधरलाई प्रदर्शनीमार्ग-भृकुटीमण्डप र राजतन्त्र पक्षधर समूहलाई तीनकुनेमा विरोध सभा गर्न अनुमति दिएको छ। दुई प्रदर्शनको सुरक्षा मजबुत बनाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँ, ललितपुर र भक्तपुरले संयुक्त सुरक्षा संयन्त्र तयार पारी आवश्यक सुरक्षा सतर्कतासहितको तयारी गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जानकारी दिनुभयो।

तिवारीले भन्नुभयो, "दुई फरक समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन आवश्यक सुरक्षाकर्मी परिचालन गरी कार्यक्रम स्थल, ऱ्यालीका लागि प्रयोग गरिने रुट फरक पारी सभास्थलको सुरक्षा व्यवस्था चुस्त पारिएको छ।"

उहाँले सुरक्षा व्यवस्थालाई मध्यनजर गरी दुवै समूहबिच छुट्टाछुट्टै छलफल र समन्वय भइरहेको र दुवै पक्षको प्रदर्शन शान्तिपूर्ण हुने प्रतिबद्धता व्यक्त गरेको पनि जानकारी दिनुभयो । समाजवादी मोर्चामा आबद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेकपा विप्लव समूहले गणतन्त्रका पक्षमा प्रदर्शन गर्दै छन्। त्यस्तै राजतन्त्रसहितको हिन्दुराज्यको माग राखी राप्रपासहित विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' नामबाट प्रदर्शनको तयारी गरिएको छ।

» बाँकी पृष्ठ २ मा